# परिच्छेद- एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक 'राप्तीका जनयुद्धकालीन कविताकृतिको सर्वेक्षण र विश्लेषण' रहने छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता पूर्तिका लागि हुनेछ ।

## १.३ विषय परिचय

कविता विश्व साहित्यकै प्रमुख, प्रभावकारी र पुरानो विधा हो । नेपाली साहित्यमा लोकप्रिय विधाका रूपमा रहेको कविता बौद्धिक कोमल स्वरूप, तिख्खर र ओजपूर्ण अभिव्यक्ति, सटिक विषयवस्तु, विचार वा दृष्टिकोणको सहज प्रस्तुति, कलात्मक भाषा शैलीले गर्दा सबै सर्जकको सिर्जनाको प्रारम्भिक बिन्दुका साथै आर्कषक विधाको रूपमा स्थापित छ । नेपाली साहित्यमा सबै भन्दा पुरानो विधा भएबाट पनि के प्रस्ट हुन्छ भने कविता सबैको प्रिय विधा हो । कविता प्रारम्भ देखि हालसम्म आइपुग्दा विभिन्न प्रयोगका साथै विभिन्न विषयवस्तुलाई आत्मसात् गर्दै परिष्कृत परिमार्जित हुदैं विशिष्ट वन्दै आएको छ ।

उत्पीडित, उपेक्षित, सर्वहारावर्गको मुक्ति र आमूल परिवर्तका लागि नेंपाल .कम्युनिस्ट पार्टी (माओवादी) ले वि. स. २०५२ फाल्गुण १ गतेदेखि दीर्घकालीन जनयुद्धको घोषणा गऱ्यो । जनयुद्धले सांस्कृतिक,आर्थिक,वैचारिक क्रान्ति मात्र गरेन त्यही युद्ध गर्दा र भोग्दाका अनुभव अनुभूतिलाई सिर्जना मार्फत व्यक्त गर्न पनि सिकायो । साहित्य समाजको ऐना भएकोले साहित्यमा यथार्थ समाज प्रतिबिम्बित हुन्छ । जनयुद्धको उद्‌गम थलो राप्तीमा युद्ध मात्र भएन युद्धलाई प्रतिबिम्बित गरेर कविता पनि सिर्जना भए यस कालमा राप्तीका पाँच जिल्लाका वरिष्ट देखि कनिष्ट सम्मका कवितासङ्ग्रह र खण्डकाव्य प्रकाशित भएको पाइन्छ । कृष्ण सेन 'इच्छुक', मणि थापा, लोकेन्द्र विष्ट मगर, यज्ञबहादुर डाँगी, हीरामणि दुखी, गणेश शाही 'प्रतिक', गुलाफ मगर, लगायत सहित्यकारका क्रमश 'इतिहासको यस घडीमा''बन्दी र चन्द्रागिरि' 'बगिरहेको सुनकोशी' 'रगतका इतिहास' 'तिम्रो हत्यापछि''जून पस्किने यात्रामा'

'सङ्घर्षका डोबहरू'इतिहासको कटघराबाट' लगायतका कृतिहरू प्रकाशित छन् । त्यही युद्धले आक्रान्तकालीन राप्तीका जनयुद्ध कवितासङ्ग्रहहरूको सर्वेक्षण र विश्लेषण गर्ने कार्य यस शोधकार्यमा गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका विद्यार्थीहरूले युद्ध साहित्यको अध्ययन गर्न विदेशी युद्ध साहित्यको अध्ययन गर्नु पर्ने स्थिति थियो । हाम्रो देशले विगत पृथ्वीनारायण शाहको नेपाल एकीकरण, अमरसिंह थापाको अङ्ग्रेजसँगको युद्ध भोगे पनि त्यो इतिहासमा मात्र सिमीत थियो । साहित्य सिर्जनामा प्रयुक्त थिएन । लामो समय पछि देशमा वि. सं. २०५२ फाल्गुण १ गते देखि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्धको शङ्खघोष गरियो । जसमा थप्रै नेपालीहरू सहभागी भए । युद्ध आफैंमा राम्रो चिज त होइन, समाज विकास र आफ्नो अस्तित्व बचाउन, चेतनाको विकास गराउन आवश्यक चिज पनि हो । त्यही युद्धले योद्धा मात्र जन्माएन बरु यसले जनचेतना र सिर्जना पनि जन्मायो । हाल आएर हाम्रो देशमा जनयुद्ध साहित्यको विकास र विस्तार समेत भइरहेको छ, तर जनयुद्ध साहित्यका बारेमा जानकारी नै नभएको स्थितिमा राप्तीका जनयुद्ध कविताकृति र यसको योगदानका बारेमा खोज अनुसन्धान गर्न आवश्यक छ । तसर्थ यस क्षेत्रबाट जनयुद्धकालमा के कति र कस्ता जनयुद्धकालीन कविताकृति प्रकाशित भए भन्ने शोधखोज एवम् सर्वेक्षण, सङ्कलन र विश्लेषण हुन सकेको छैन । यस क्षेत्रमा क्रियाशील कवि र उनका कविता कृतिको पत्रपत्रिका पुस्तकमा सामान्य रूपले कृति परिचय, चर्चा परिचर्चा मात्र भएको छ ।  समग्र जनयुद्ध कविताकृतिको अध्ययन हुन नसकेको स्थितिमा ती सबै पक्षलाई समेटी अध्ययन अनुसन्धान गर्न आवश्यक छ । अतः प्रस्तुत शोधपत्र निम्न समस्यामा केन्द्रित रहेर तयार गरिएको छ :

(क) जनयुद्धकालीन साहित्य भनको के हो ?

(ख) राप्तीमा जनयुद्धकालीन कविताको अवस्थाको के कस्तो छ र कविता कृतिहरू के कस्ता छन् ?

(ग) प्रवृत्तिगत रूपमा जनयुद्धकालीन कविता कृतिहरूको मूल्य के कस्तो छ ?

(घ) उपर्युक्त कविताकृतिहरूको मूल सन्देश के हो ?

माथि उल्लेखित जिज्ञासाहरूको समाधान हालसम्म कसैले नगरेको हुँदा त्यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्न उचित ठानी उक्त समस्याको समाधानको लागि प्रस्तुत शोधकार्य आवश्यक हुन जाने देखिन्छ ।

## १.५. शोधकार्यको उद्देश्य

कुनै पनि कार्यको उद्देश्य हुन्छ । उद्देश्य विहीन कुनै कार्य गरिँदैन । यदि उद्देश्य विहीन कुनै कार्य गरियो भने त्यसको खासै अर्थ र महत्व हुँदैन, तसर्थ यस शोधकार्यको उद्देश्य जनयुद्ध साहित्यको सैद्धान्तिक पक्ष र जनयुद्धका कविताकृतिको विश्लेषण गर्नु हो । अझ भनौ. समस्या कथनमा उठेका प्रश्नको उत्तर खोज्ने काम नै शोधकार्यको उद्देश्य हो जसलाई बँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) जनयुद्धकालीन साहित्य परिचय दिने,

(ख) राप्तीमा जनयुद्धकालीन कविता कृतिको सङ्कलन, सर्वेक्षण, वर्गीकरण र विश्लेषण गर्ने,

(ग) प्रवृत्तिगत रूपमा जनयुद्धकालीन कविता कृतिहरूको मूल्य निरूपण गर्ने,

## १.६. पूर्वकार्यको समीक्षा :

राप्तीका जनयुद्ध कवितामा केन्द्रित रही आजसम्म साङ्गोपाङ्गो अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको पाइँदैन । यस क्षेत्रका युद्ध कवि र कविता कृतिबारे प्रतिनिधि कृतिको भूमिका, पत्रपत्रिका र केही पुस्तकहरूमा सामान्य रूपमा चर्चा टिप्पणी भएतापनि युद्ध साहित्य र राप्ती क्षेत्रका जनयुद्ध कविता कृतिको सर्वेक्षण र विश्लेषण हालसम्म भएको पाइँदैन । यसरी हालसम्म जे जति पूर्वकार्य भएका छन् तिनलाई सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ :

(क) 'कवि इच्छुक : कविता सन्दर्भमा'

सुकुम शर्मा (कवि इच्छुक : कविताका सर्न्दभमा )

इच्छुक प्रगतिवादी कविका रूपमा हामी बिच परिचित छन् ।

(ख) 'जनयुद्ध सिर्जित लालस्रष्टाहरू'

हिरामणि दुःखी (नवचेतना, मासिक वर्ष १२, अङ्क ३, २०६३ मङ्सिर)

'साहित्यका बारेमा राप्ती क्षेत्र उल्लेख प्रभाव छोड्न सफल पुरानो क्षेत्र हो ।'

(ग) 'क्रान्तिका लम्बे यात्रामा जन्मिएका कविताहरू'

डिल्ली मल्ल विवश (जनउभार साप्ताहिक वर्ष १०, अङ्क १५, २०६४, फाल्गुण)

उत्पीडत, उपेक्षित वर्गको मुक्ति स्वतन्त्रता र परिवर्तनको निम्ति थालिएको महान् वर्गसङ्घर्षमा उनी सानै उमेरमा सहभागी भएकी थिइन् । उनी अर्थात् जनमुक्ति सेना भित्रकी कवयत्री कल्पना बुढाथोकी ।

(घ) इच्छुक जस्तै आँखामा राख्दा पनि नबिझाउने बनौ

प्रचण्ड (नौलो बिहानी, वर्ष ११, अङ्क १, २०६५ असार/साउन)

"उहाँको व्यक्तित्व साहित्यकार र कवि नै भएका हुनाले त्यसको बढि चर्चा, परिचर्चा हुनुपर्छ र हुनु स्वभाविक पनि हो ।"

(ङ) कमरेड कृष्ण सेन 'इच्छुक' को व्यक्तित्वका पाटाहरू

किरण (नौलो बिहानी वर्ष ११, अङ्क १, २०६५ असार/साउन)

'उहाँको मूल विशेषता शब्द र कर्ममा एकरूपमा कायम गर्नु हो ।'

(च) प्रगतिवादी कविता र यसको विकास

रमणकुमार शर्मा (जनउभार साप्ताहिक, वर्ष ११, अङ्क २८, २०६६, जेठ १७)

'२०५१ देखि यता पनि महान् जनयुद्धको उचाइँमा पुऱ्याउन प्रगतिवादी कविले महत्वपूर्ण भूमिका साथ विशिष्ट परिवेश र प्रवृत्ति बोकेर आफ्नो अस्तित्व कायम गरेको छ । जसलाई जनयुद्ध साहित्य भनेर नामाकरण गर्न सकिन्छ ।'

## १.७. शोधकार्यको औचित्य

यस अध्ययनले शोध समस्या र शोध उद्देश्यमा उठाएका कुराहरूलाई पूर्वकार्यको समीक्षाले समग्र रूपमा समेट्न नसकेको कुरा पुष्टि गरेको छ । यस सम्बन्धमा जे जति सामग्रीहरू बाहिर आएका छन् । ती सामग्रीहरू कुनै स्रष्टाका जनयुद्ध सम्बद्ध कृतिहरूको भूमिका वा मन्तव्य लेख्ने सन्दर्भमा, समीक्षा गर्ने सन्दर्भमा आंशिक रूपमा मात्र आएका छन् । तर यस अध्ययनमा चयन गरेको शीर्षक र विषयवस्तुका बारेमा हालसम्म कसैले पनि अध्ययन अनुसन्धान नगरेको हुँदा यो शोधकार्यको औचित्य पुष्टि हुन जान्छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

यो शोधकार्य जनयुद्ध साहित्यको परिचय, नेपाली जनयुद्ध साहित्यमा राप्ती क्षेत्रको योगदान, युद्ध कविताको सङ्क्षिप्त परिचय र तिनका कृतिको छोटकरीमा विश्लेषण गरिएको छ । राप्तीका जनयुद्ध कविताका रूपमा वि.सं. २०५२ फाल्गुण देखि हालसम्म प्रकाशित राप्तीका जनयुद्ध सम्बद्ध कविता कृतिलाई यस अध्ययनमा लिइएको छ । पत्रिका सामग्रीका रूपमा प्रकाशित फुटकर राप्तीका जनयुद्ध कविताहरूलाई यो अध्ययनमा समावेश गरिएको छैन ।

### १.९. शोधविधि :

'राप्तीका जनयुद्धकालीन कविता कृतिहरूको सर्वेक्षण र विश्लेषण' शीर्षकमा केन्द्रित यस शोधकार्यलाई सम्पन्न गर्नका लागि सैद्धान्तिक अवधारणाका रूपमा साहित्यमा स्थापित प्रगतिवादलाई आधार मानिएको छ ।

यसका साथै सामग्री सङ्कलन विधि र पुस्तकालयीय अध्ययनलाई पनि उपयोग गरिएकोछ । सामग्री सङ्कलनका क्रममा वि.सं. २०५२ देखि वर्तमान बिन्दुसम्म प्रकाशित राप्ती क्षेत्रका विभिन्न कविहरूका कवितासङ्ग्रहहरू र खण्डकाव्य कृतिहरूको मात्र सङ्कलन सर्वेक्षण र विश्लेषण गरिनएको छ । यस सन्दर्भमा प्रतिनिधि विशेष स्रष्टासँगको कुराकानी तथा प्रतिनिधि कवि नभएको अवस्थामा उनका बारेमा जाने बुझेका निकट व्यक्तिहरूसँगको कुराकानीलाई पनि यस अध्ययनमा समावेश गरिएको छ ।

सङ्कलित सामग्रीलाई कविताका विधागत सिद्धान्त र प्रगतिवादी अवधारणाका आधारमा मूल्याङ्कन गरिएको छ ।

### १.१०. सामग्री सङ्कलन विधि

यस शोधकार्य गर्दा सामग्री सङ्कलनका रूपमा प्राथमिक एवम् द्वितीय दुबै प्रकारका स्रोतहरू उपयोग गरिनेछ । प्राथमिक स्रोतका रूपमा जनयुद्ध कविहरूलाई भेट्ने र उनका बारेमा जानेबुझेका निकट व्यक्तिबाट सामग्री सङ्कलन गरिएको छ । द्वितीय सामग्रीका रूपमा पुस्तक, पत्रपत्रिका र मुख्य गरी पुस्तकालीय अध्ययन विधि अपनाई सामग्री सङ्कलन गरिएको छ । कृतिको विश्लेषणका लागि कृतिपरक समोलोचन प्रणालीको अवलम्बन गरिएको छ ।

### १.११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवम् सुगठित रूपमा प्रस्तुत गर्नका लागि पाँचौ परिच्छेद विभाजित गरिएको छ । आवश्यक अनुसार ती परिच्छेदलाई विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) पहिलो परिच्छेद : शोधपरिचय

(ख) दोस्रो परिच्छेद : प्रगतिवादको सैद्धान्तिक अवधारणा

(ग) तेस्रो परिच्छेद : राप्तीका युद्धकालीन कविता कृतिको सङ्कलन, र वर्गीकरण

(घ) चौथो परिच्छेद : राप्तीका युद्धकालीन कविताकृतिको अध्ययन र विश्लेषण

(ङ) पाँचौ परिच्छेद : उपसंहार

# परिच्छेद- दुई

# प्रगतिवादको सैद्धान्तिक अवधारणा


## २.१ साहित्य र कविता

प्रारम्भमा साहित्यको क्षेत्र विस्तृत र व्यापक थियो । यसले मानव जीवनका सम्पूर्ण ज्ञानराशिलाई बुझाउँथ्यो । आज त्यही विस्तृत र विशाल क्षेत्र ओगटेको साहित्य मानव जीवनका अनुभव, अनुभूति र भावना व्यक्त सिर्जनालाई मात्र बुझाउँछ ।

साहित्यलाई पूर्वीय संस्कृत परम्परामा काव्यका रूपमा लिइन्थ्यो । पछि आएर काव्य शब्द सङ्कुचित भएर कविता विधाको उपविधाका रूपमा विकास भएर कवितालाई मात्र बुझाउने भयो र साहित्यको एउटा विधाको रूप ग्रहण गऱ्यो ।

साहित्य संस्कृत शब्द हो । सहित् आधार पदमा यत् प्रत्यय लागेर बनेको साहित्यले सहभाव अर्थात् हितकारी रचना भन्ने बुझिन्छ । अङ्ग्रेजीको 'लिटेचर' को उत्पत्ति 'लेटर्स' बाट भएको हो । 'लेटर्स' को अर्थ अक्षर हो । सोझो अर्थमा विविध अक्षरहरूको समुदायलाई साहित्य भन्न सकिन्छ ।[1]

मानवीय जीवनका अनुभव, अनुभूति र भाव व्यक्त गर्ने साहित्यका विभिन्न विधा छन् जसलाई सङ्क्षिप्त रूपमै भएपनि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।



१. प्रा.डा. मोहनहिमांशु थापा, साहित्य परिचय, पाँचौ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६, पृष्ठ ४ ।

## २.२ कविता विधाको सैद्धान्तिक पक्ष

### २.२.१ परिचय

साहित्यको सर्वप्राचीन विधा कविताको गरिमा पूर्व र पाश्चिममा व्यापक चर्चा गरिएको पाइन्छ । पूर्वमा काव्य शब्द साहित्यको पर्यावाचीको रूपमा प्रयोग गरेको भएतापनि अचेल कथात्मक गठन र गुम्फन भएको कविता विशेषलाई काव्य भन्ने चलन छ ।[२] 'काव्य' वा 'कविता' शब्द 'कवि' बाट बनेको हो । 'कवि' शब्दमा त (तल) र आ (टाप्) अर्थात कवि+ताबाट भएको हो । कविले रचनाकारलाई तथा 'ता' ले कविको रचनालाई बुझाउँछ । कविताको तात्पर्य कविद्वारा सिर्जित रचना विशेष वा कविको कर्म भन्ने हुन्छ ।[३]

अङ्ग्रेजी 'पोइटी' को सामानार्थी शब्द हो कविता । 'पोइटी'ल्याटिनमा 'पोइटा', ग्रिकमा 'पोइतेस' भनिने 'पोइट' शब्दबाट बनेको हो । 'पोइट' शब्दले कवि र 'पोइट' बाट निर्मित 'पोइट्री' शब्दले कविद्वारा सिर्जित पद्यात्मक रचना वा कवि कर्म भन्ने हुन्छ ।[४]

साहित्यका चार विधा कविता, आख्यान, नाटक, निबन्ध मध्ये सर्वप्राचीन विधा हो कविता । सर्वप्राचीन विधा भएता पनि कविता के हो ? भनेर सर्वमान्य परिभाषा दिएर चिनाउन कठिन छ । समयको परिवर्तनसँगै कविता लेखनमा आउने परिवर्तनले गर्दा कविताको परिभाषा लामो समयसँग रहँदैन । कविता के हो ? भन्ने विषयमा सर्वप्राचीनदेखि पूर्व पश्चिममा कविताको बारे विशद् चर्चा भएको पाइन्छ । कवितालाई समग्र रूपमा बुझ्न पूर्वीय र पाश्चात्य साहित्य चिन्तकले व्यक्त विचारहरूलाई लिनुपर्ने भएकोले कविता सम्बन्धी साहित्य चिन्तक तथा समालोचनाको विचार तल प्रस्तुत गरिन्छ ।

### २.२..२ कविताको परिभाषा

कविताका बारेमा पूर्व र पश्चिमका विद्वानहरूले कसैले भाव, कसैले विचार कसैले कला पक्षलाई जोड दिंदै कवितालाई परिभाषित गर्ने काम गरेका छन् । जुन परिभाषालाई तल प्रस्तुत गरिन्छ :

२. पूर्ववत्, पृष्ठ ३३ ।

३. डा.खगेन्द्रप्रसाद लुइँटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०६६, पृष्ठ १

४. पूर्ववत, पृष्ठ २

**पूर्वीय परिभाषा :**

भामह- शब्द र अर्थले युक्त पदावली काव्य हो । [५]

वामन- गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ काव्य हो ।[६]

मम्मट- दोषरहित गुणयुक्त शब्द र अर्थको समष्टि रूप काव्य हो । [७]

हेमचन्द्र- दोषरहित गुण र अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो ।[८]

जगन्नाथ- रमणीय अर्थप्रतिपादन गर्ने शब्द काव्य हो ।[९]

**पाश्चात्य परिभाषा**

फिलिप सिड्नी- अनुकरणको कला नै कविता हो । [१०]

जोन मिल्टन- कविता कम सुक्ष्म र सुकुमार भए पनि बढी सरल, इन्द्रिय ग्राह्य र भावपूर्ण हुन्छ ।[११]

पि.वि.शेली- कविता कल्पना अभिव्यक्ति हो ।[१२]

एडगर एलेन पो- सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।[१३]

म्याथु अर्नोल्ड- कविता जीवनको आलोचना जस्तै हो । [१४]

कविता मुटु, मस्तिष्क, माटो, जीवनलाई संयोजन गरेर भाषाका माध्यमबाट व्यक्त गरिने कलात्मक विधा हो ।

## २.२.३ कविताका तत्व

कुनै वस्तु वा विधाको आफ्नो छुट्टै पहिचान दिने आफूलाई अरूभन्दा पृथक छुट्याउने आवश्यक वस्तुलाई हामी तत्व भन्दछौं । कविताको पनि आफ्नो छुट्टै अस्तित्व पहिचान गर्न र

---

५. विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र, काठमाडौं :भुँडी प्रकाशन, २०५७, पृष्ठ २७ ।

६. पूर्ववत्, पृष्ठ २८ ।

७. पूर्ववत्, पृष्ठ ३२ ।

८. पूर्ववत्, पृष्ठ ३१ ।

९. पूर्ववत्, पृष्ठ ३२ ।

१०. डा. खगेन्द्रप्रसाद लुइँटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, २०६०, पृष्ठ ९ ।

११. पूर्ववत्, पृष्ठ ९ ।

१२. पूर्ववत्, पृष्ठ १०

१३. पूर्ववत्, पृष्ठ ११ ।

१४. पूर्ववत्, पृष्ठ ११ ।

अन्य विधाबाट पृथक रहन यसका आफ्ना निजी तत्व छन् । कथ्य, विषयवस्तु र भाव आन्तरिक तत्व हुन भने भाषाशैली, लय बिम्ब प्रतीक बाह्य तत्व हुन् । कविताका तत्वलाई सङ्क्षिप्त रूपमा तल चर्चा गरिन्छ :

### २.२.३.१ शीर्षक

कविता विभिन्न संरचनाहरूको योग हो । ती संरचनाहरूको सारलाई, औचित्यपूर्ण प्रतिनिधिमूलक तरिका अपनाइ शीर्षक छनौट गरिन्छ । शीर्षकले आन्तरिक र बाह्य तत्वको प्रतिनिधित्व गर्दछ ।

### २.२.३.२ संरचना

कविता संरचनाको योग हो । कवितामा बाह्य र आन्तरिक संरचना हुने गर्दछ । बाह्य संरचना भाषाशैली बिम्ब/प्रतीक, पाउ, चरण हुन् भने आन्तरिक संरचनामा विषयवस्तु र भाव पर्दछन् जसको योगबाट कविता निर्मित हुन्छ ।

### २.२.३.३ विषयवस्तु

कविता लेखनका लागि छानिएको वस्तु नै कविताको विषयवस्तु हो । यसले कविताको अस्तित्व स्थापना गर्दछ । विषयवस्तु बिना कविताको संरचना हुँदेन । यसको विषयवस्तु ब्रह्माण्ड भित्रका सबै वस्तुहरू पर्दछन् ।

### २.२.३.४ भाव/विचार

कविताको मेरुदण्ड नै भाव हो । विषयवस्तु कविले विचार मिसाएर कविताको सिर्जना गर्छ । कविता सिर्जना गर्दा मानवीय जीवनका अनुभव, अनुभूतिलाई स्वीकृत गरिन्छ । यसमा भाव वा विचारलाई विशिष्ट प्रकारले व्यक्त गरिन्छ ।

### २.२.३.५ लय विधान

कविता गेयात्मक विधा हो । कविताभित्र सङ्गीत वा लय हुन्छ । कविता गद्य र पद्य दुई प्रकारका हुन्छन् । पद्य भन्नाले छन्दले युक्त कविता हो । छन्दमा लय हुन्छ भने गद्य कविता पनि अन्तर्लय प्रधान बनाएर लेखिएको हुन्छ । तसर्थ कवितामा लय अत्यन्त आवश्यक ठानिन्छ ।

### २.२.३.६ कथन पद्धति

कविता त कविले लेख्छ तर कवितामा आफूलाई कुन स्थानमा राखेर कविता लेखेको छ त्यसको निर्क्यौल नै कथनपद्धति हो । जसलाई दृष्टिबिन्दु पनि भनिन्छ । कविले आफ्ना विचारहरू पाठक समक्ष पुऱ्याउने तरिका नै दृष्टिबिन्दु हो । कवितामा विशेष गरेर प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिन्छ ।

### २.२.३.७ बिम्ब, विधान वा अलङ्कार

कविताले भाव सौन्दर्य प्रदान गर्नुपर्ने भएकोले कविले कवितामा बिम्ब वा अलङ्कारको उचित संयोजन गर्दछन् । बिम्ब पदार्थ नभए त्यसको प्रतिकृति वा प्रतिच्छवि हो र यो मूल सृष्टि नभएर पुन : सृष्टि हो । यो कुनै पदार्थका साथ विभिन्न इन्द्रियहरूको प्रत्यक्ष वा परोक्ष सन्निकर्षबाट प्रमाताको चित्तमा उद्‌बुद्ध हुने एक प्रकारको चित्र हो ।[१५]

### २.२.३.८ व्यञ्जना विधान

कविताको भाषा सोझो नभई घुमाउरो हुन्छ । कवितामा प्रयोग हुने भाषा भनेको अभिधा नभए व्यञ्जनायुक्त भाषा हो । कवितामा व्यञ्जनाले बुझाउने वाच्यार्थ, लक्ष्यार्थ पछिको व्यञ्जना अर्थ प्रकट गराउन सक्नु पर्दछ ।

### २.२.३.९ भाषाशैली

भाषा भनेका कवितालाई प्रस्तुत गर्ने माध्यम हो । कविताको भाषा कलात्मक, लयात्मक र रचनात्मक हुनुपर्दछ ।

शैली भनेको कविले कविता भन्ने आफ्नो तौरतरिका हो । शैली, सुक्ष्म, सङ्क्षिप्त कलात्मक हुनुपर्दछ । भाषा र शैलीमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।

यिनै तत्त्वका आधारमा कवितालाई चिन्न र विश्लेषण गर्न सकिन्छ ।

## २.३ नेपाली कविताको विकासक्रम

नेपाल कविताको लेखन वि.सं. १८२६ 'पृथ्वीन्द्रोदय' देखि सुरु भई २४० वर्ष पार गरिसकेको छ । यति लामो कविताको इतिहासलाई एकैपटक अध्ययन गर्न  निकै  गाऱ्हो हुन्छ ।

१५. डा.खगेन्द्रप्रसाद लुइँटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास,काठमाडौं :नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६६, पृष्ठ ११९ ।

कविता इतिहासको समग्रताको अध्ययनलाई सुगम बनाउन काल विभाजन गर्न आवश्यक छ । नेपाली कविताको काल विभाजनमा विद्वानहरूका विभिन्न मतमतान्तहरू देखिन्छन् । तापनि त्रिभुवन विश्वविद्यालय निर्धारण गरे अनुसारको कविताको काल विभाजनलाई आधार मानेर तल नेपाली कविताको काल विभाजन प्रस्तुत गरिन्छ :

**नेपाली कविताको काल विभाजन**

प्राथमिककाल (सुरुदेखि १९४०)

माध्यमिककाल (१९४१-१९७४)

आधुनिककाल (१९७५-हालसम्म)

## २.३.१ प्राथमिक काल

पृथ्वीनारायण शाहको एकीकरणदेखि मोतीराम भट्टको अभ्युदय पूर्व (१९४०) सम्मको समयलाई प्राथमिककाल भनिन्छ । लोकपरम्परा, अभिलेख, ग्रन्थ लेखनबाट कविता लेखनको थालनी गरेको पाइन्छ । पृथ्वीनारायण शाहको एकीकरणसँगै वीर भावका कविता लेखन सुरुवात गरेको यसकालमा १८७२ को सुगौली सन्धिपछि भक्तिधाराले प्रसय पाएको देखिन्छ । यस कालमा वीरताको वर्णन र भक्तिभावको वर्णन गरेको हुँदा यसकाललाई प्रवृत्तिगत रूपमा दुई चरणमा विभाजन गरिन्छ ।

१. पूर्वार्ध : वीरधारा (सुरुदेखि १८७१)

२. उत्तरार्ध : भक्तितधारा (१८७२-१९४०)

### २.३.१.१. पूर्वार्ध : वीरधारा (सुरुदेखि १८७१सम्म)

पृथ्वीनारायण शाहको एकीकरणदेखि सुगौली सन्धि (१८७२) पूर्वको समयावधि नेपाली कविताको वीरधाराकालीन समय हो । यस चरणमा नेपालको एकीकरण समय भएकोले वीर भावका कविता लेखिएको छ । वीरहरूको प्रशस्ति, युद्ध वर्णन, राष्ट्रिय एकताको उच्च भाव, शासकीय स्तुति लेख्ने काम गरिएको छ । यो नेपाली कविता लेखनको अभ्यास चरण हो । यस चरणमा कविता लेख्ने कविहरू निम्न छन् :

सुवासनन्द दास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, यदुनाथ पोखरेल आदि देखापर्दछन् ।

### २.३.१.२ उत्तरार्ध : भक्तिधारा (१९७२- १९४० सम्म)

सुगौली सन्धिदेखि मोतीराम भट्ट (१९४०) को उभ्युदय हुनु पूर्वको समयावधि नै नेपाली कविताको भक्तिधारा हो । अङ्ग्रेजसँगको युद्धमा नेपालले हार भोगेपछि वि.सं. १८७२ मा सुगौली सन्धि भयो र राज्य विस्तार गर्ने कार्य रोकियो । नेपाली जनमानसमा नैराश्य उत्पन्न भयो । भय, सन्त्रासका कारण नेपाली मानसिकता प्राचीनकालदेखि गर्दै आएको धार्मिक कार्यप्रति उन्मुख भयो । पराजित मानसिकता कारण मान्छेहरू ईश्वरीय चिन्तनमा केन्द्रित भए र ईश्वरीय भक्ति भावमा आबद्ध भएर कविता लेखिन थाले ।

यस समयावधिको भक्तिधारा भित्र तीन उपधारा देखापरे राम भक्ति धारा , कृष्ण भक्ति धारा,र सन्तभक्तिधारा । रामलाई मुख्य इष्टदेवता मानेर कविता लेख्ने राम भक्तिधारा अन्तर्गत पर्दछन् । यसमा रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जली गजुऱ्याल देखापर्छन् । यस चरणका भानुभक्तका रामायण (१९१०) भक्तमाला (१९१९)  देखापर्दछन्  । भानुभक्तले रामायण (१९१०) जस्तो कृतिको नेपालीमा भावानुवाद गरेका थिए । जसले उनलाई प्राथामिक कालको विशिष्ट कवि बनायो ।

कृष्णलाई मुख्य इष्टदेव मानेर कविता लेख्ने कविहरू कृष्ण भक्तिधारा अन्तर्गत पर्दछन् । यसमा इन्दिरस, बसन्त शर्मा लुइटेल, वीरशाली पन्त, पतञ्जरी गजुऱ्याल आदि देखापर्दछन् ।

सन्तधारा/निर्गुण भक्ति धाराका कविले ईश्वरलाई निराकार मान्दै ब्रह्मको उपासना गर्छन् । यस धारामा कविता लेख्ने कविहरूमा शशीधर, अगम दिलदास, ज्ञान दिलदास आदि देखिन्छ ।

यो चरण कविता लेखनको प्रारम्भिककाल हो । यस चरण शासकको स्तुति, वीर वन्दना, राष्ट्रभक्तिका कविता लेखिएको छ । वीररस र भक्तिरस युक्त कविता शास्त्रीय र लोक छन्दको प्रयोग गरेको पाइन्छ । पूर्वीय दर्शनमा आधारित यस चरणका कविता सिकारु भएकाले शिल्पगत सचेतताको कमी पाइन्छ  ।

### २.३.२ माध्यमिक काल (१९४१ देखि १९७४)

नेपाली कवितामा मोतीराम भट्टको आगमन (१९४१) देखि 'सूक्तिसिन्धु' (१९७४) सम्मको समयावधिलाई नेपाली कविताको माध्यमिक काल भनिन्छ । नेपाली साहित्यमा मोतीरामको आगमन, मुद्रण र प्रकाशनको सुरुवात, मोतीमण्डलीको गठन, रणोद्धिपको हत्या, राणाकालीन विलासी र मनोरञ्जन वातावरण नै माध्यमिककालको आरम्भका आधार हुन् । राणाकालीन भोगवादी दरवारीया संस्कृतिका कारण नेपाली कविता शृङ्गारिक बन्न पुग्यो भने यस कालको उत्तरार्धमा राणाको विरोध हुन थाल्छ र नेपाली कविता शास्त्रीयतातर्फ ढल्किन्छ ।

मोतीराम भट्टको आगमनदेखि 'सूक्तिसिन्धु' (१९७४) प्रकाशनसम्मको समयावधि नेपाली कविताको शृङ्गारिक धारा हो । राणाकालीन चरम भोगविलास, हिन्दी, उर्दू, फारसी अरबी मूलका थिएटरले गर्दा नेपाली कविता भक्तिधाराबाट शृङ्गारिक धारामा पुगेको थियो । यस चरणमा कविता लेख्ने कविहरूमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्ग्याल, लक्ष्मीदत्त पन्त आदि देखा पर्दछन् । यस चरणका केन्द्रीय प्रतिभाका रूपमा मोतीराम भट्ट देखिन्छन् भने उनको मृत्युपछि शम्भुप्रसाद ढुङ्ग्याल देखापर्दछन् ।

यस चरणमा सामुहिक कविता लेखनको प्रयास गरिएको छ । मुद्रण र प्रकाशनको सुरुवात, शृङ्गारिक भावधाराका कविता लेखन, खण्डकाव्य समकक्षी कविता लेखन, वर्णमात्रिक र मात्रिक छन्दको प्रयोग गरेर कविता लेखन गरेको पाइन्छ ।

### २.३.३ आधुनिककाल (१९७५ देखि हालसम्म)

नेपाली कवितामा आधुनिककालका बारेमा विद्वानहरूको मतमतान्तर छ । कसैले १९९१ देखि, कसैले २००८ देखि, कसैले २०१७ देखि आधुनिक मानेका छन् । लेख्य व्याकरण चासो बढ्नु, हलन्त बहिष्कार आन्दोलन, व्याकरणिक नियम अनुसार कविता लेखन, शृङ्गारप्रति असहमत, बौद्धिक र समाज सचेत कविता लेखनसँगै वि.सं. १९७५ देखि नेपाली कविता लेखनमा आधुनिककाल भित्रिएको हो । आधुनिककालको विकाससँग विभिन्न धाराहरू देखिएका छन् जसलाई तल चर्चा गरिन्छ ।

#### २.३.३.१ शास्त्रीयतावादी धारा (१९७५ देखि प्रारम्भ)

'सूक्तिसिन्धु'को प्रतिबन्ध लागेदेखि स्वच्छन्दतावादको आगमनसम्म नेपाली कविताको शास्त्रीयतावादी धारा मानिन्छ । यस धाराले भाषिक व्याकरणिक परिष्कार सहित बौद्धिक र सामाजिक सचेत अध्यात्म मानवतावादको चित्रण गर्दछ । व्याकरणिक अनुशासन, शिल्पगत सचेतता, वस्तुपरकतामा जोड, भावनालाई बौद्धिकताले नियन्त्रण गर्ने काम शास्त्रीयतावादी कविताहरूले गर्दछन् । यस चरणमा कविता लेख्ने कविहरूमा लेखनाथ पौडयाल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, बालकृष्ण सम आदि देखा पर्दछन् । यस चरणका केन्द्रीय प्रतिभा लेखनाथ पौडयाल हुन् । उनले नै शास्त्रीयतावादको आरम्भ र विकास गरेका हुन् ।

शृङ्गारिकताको परित्याग, बौद्धिकताको अनुशरण, फुटकर, खण्डकाव्यदेखि महाकाव्यसम्मको रचना, सामाजिक, सांस्कृतिक, नैतिक, आध्यात्मिक पुनर्जागरण, पाण्डित्यपूर्ण प्रस्तुति, वस्तुपरक प्रकृतिचित्रणमा झुकाउ, शास्त्रीय, मुक्त र लोकछन्दको प्रयोग पूर्वीय र पाश्चात्य दर्शनको प्रयोग आदि प्रवृत्ति यस चरणमा देखापर्दछ ।

#### २.३.३.२ स्वच्छन्दतावादी प्रगतिवादी धारा (१९९१ देखि प्रारम्भ)

शास्त्रीयवादको विरुद्ध साहित्यमा स्वतन्त्रता, बौद्धिकताका विरुद्ध हार्दिकता, नियमका विरुद्ध स्वतः स्फूर्त लेखन, वस्तुपरकता भन्दा आत्मपरकता, निर्वैयक्तिकताभन्दा वैयक्तिकता, कल्पनाको स्वच्छ उडान, प्रकृति प्रेम, समानता, स्वतन्त्रता र भातृत्वमा आधारित मानवतावाद नै स्वच्छन्दतावादका प्रवृत्ति हुन् । यस धारामा कविता लेख्ने कविहरूमा- लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन आदि देखा पर्दछन् ।

वर्णमात्रिक, मात्रिक, गद्य, लोकलयका कविता लेखन, स्वच्छन्दतावादी प्रगतिवाद, व्यङ्ग्य, विद्रोह, क्रान्तिकारी स्वर, शिल्प भन्दा भावमा जोड, समानता, स्वतन्त्रता र भातृत्वमा जोड यस चरणका कविताको विशेषता हुन् ।

#### २.३.३.३ प्रयोगवादी धारा (२०१७ देखि प्रारम्भ)

रूपरेखा (२०१७) पत्रिकाको प्रकाशनसँगै प्रयोगवादको सुरुवात भएको हो । परम्परित सिर्जना भन्दा कविहरूले भिन्न शैली प्रयोग गरी लेखिएका कवितालाई प्रयोगवादी कविता

भनिन्छ । प्रतीकवाद, बिम्बवाद, विसङ्गतिवाद, अतियथार्थवादी प्रवृत्तिका अनुयायी प्रयोगवादी कवि हुन्छन् । यस धारा कविता  लेख्ने कविहरूमा मोहन कोइराला, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, ईश्वर बल्लभ, वैरागी काइला, तुलसी दिवस आदि देखापर्दछन् । यस चरणको उत्थान, सम्वर्द्धन, विकास र केन्द्रीय प्रतिभाका रूपमा मोहन कोइराला देखापर्दछन् ।

प्रथम विश्वयुद्धपछिको सङ्कटग्रस्थ मानसिक अवस्था, जटिलता, निराशा, कुण्ठा, अकर्मण्यता, अस्तव्यस्तता, अमूर्त चित्रण यस धाराका प्रवृत्ति हुन् ।

### २.३.३.४ समसामयिक धारा (२०३० देखि प्रारम्भ)

हालको नेपाली कविता लेखन समसामयिक धारा हो । समसामयिक भनेको वर्तमान अवस्था हो । यस अवधिमा कल्पना, अतिशय, भावुकता, अमूर्तता त्यागेर वर्तमान मान्छेले भोगिरहेको जीवनलाई वस्तुपरक ढङ्गले यथार्थ चित्रण [१६] गर्दछन् । यस चरणमा कविता लेख्ने कविहरूमा नेत्रलाल पौडेल 'अभागी' विमल निभा, पूर्ण विराम दिनेश अधिकारी, कृष्ण सेन 'इच्छुक', मीनबहादुर विष्ट, कृष्णभूषण बल, सरुभक्त, राजव, गोविन्द गिरी 'प्रेरणा' ईश्वरचन्द्र ज्ञवाली आदि देखापर्दछन् । पछिलो समयका कविहरूमा डा.गोपाल शर्मा अधिकारी,हरि तिमिल्सिना,टीकाराम 'उदासी' हीरामणि दुखी,रमेश 'क्षितिज' मधुसुदन गिरी,जगत 'प्रक्षित' आदि सक्रिय छन् ।

युगीन जीवनको यथार्थ भोगाई, सामाजिक-सांस्कृतिक विकृति, विसङ्गति, महङ्गी, भ्रष्टाचार, अन्याय, अत्याचार, दुराचार, शोषणप्रति आक्रोश, मानवीय मूल्य र अस्तित्वको खोजी, बिम्ब प्रतीकको प्रयोग आदि यस चरणका प्रवृत्ति हुन् ।

## २.४ निष्कर्ष

कविता सर्वप्राचीन विधा भएकोले नेपाली भाषा साहित्यमा पनि कविता लेखन नै पहिलो विधा हुन पुग्यो । २४० वर्षको लामो कविता लेखनमा समयको परिवर्तनसँगै विभिन्न काल, चरण र धाराहरूको विकास हुँदै नेपाली कविता समसामयिक धारा हुँदै अगाडि बढिरहेको छ ।

---

१६. पूर्ववत्, ३३६ ।

आजको युगसम्म आइपुग्दा नेपाली कविताको भण्डार धेरै सम्पन्न भइसकेको छ ।

## २.५ प्रगतिवादी साहित्य सिद्धान्त

### २.५.१ पृष्ठभूमि

प्रगतिवादको मूल आधार मार्क्सवाद हो । मार्क्सको द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादमा आधारित साहित्य सिद्धान्त नै प्रगतिवाद हो । साहित्य-सिद्धान्तमा प्रचलित यथार्थवाद नै प्रगतिवादको मूल पृष्ठभूमिका रूपमा रहँदै आएको छ । मानवको उत्पत्ति देखि नै यथार्थको सिर्जना हुँदै आएता पनि साहित्यका क्षेत्रमा यथार्थप्रतिको आग्रह विशेष गरि पुनर्जागरणकालदेखि हुँदै आएको र रेलवेज, सुखेन्तिज तथा शेक्सपियरका कृतिमा जीवनको बाह्य प्रकृतिका साथै मानवीय प्रवृत्तिको उद्घाटन र युगीन विसङ्गतिप्रतिको प्रयाप्त आलोचना भएको पाइन्छ । तापनि मध्यकालीन प्रवृत्तिका अवशेषहरू उनीहरूका कृतिमा प्रयाप्त पाइएकाले यस युगलाई यथार्थवादको पृष्ठभूमिका रूपमा लिन सकिन्छ ।[१]

सत्रौं शताब्दीमा देकार्त र बेड्कनले यथार्थवादमा नवीन चिन्तन दिएका छन् । अठारौं शताब्दीमा भएको फ्रान्सेली राज्यक्रान्ति (इ..१७८९) ले सामाजिक संरचनामा आमूल परिवर्तनलाई यथार्थवादले नयाँ मोड दिँदै साहित्यमा मूर्त प्रभाव पारेको देखिन्छ । अठारौं शताब्दीमा डेनियल डेफोको 'रविन्सन क्रुसो' उपन्यास प्रकाशित भएपछि यथार्थवाद उपन्यासमा देखियो । उन्नाइसौं शताब्दीमा स्वच्छन्दतावादको विकास धेरै भएतापनि शताब्दीको अन्त्यतिर अर्न्स्टमाखको यथार्थवादी दार्शनिक दृष्टि, हेगेलको आदर्शवादी दार्शनिक दृष्टि र फायरवाखको यान्त्रिक भौतिकवादी यथार्थ दृष्टिले नै यस समयको यथार्थवादी रचनात्मक दृष्टिमा विशेष प्रभाव पारेको देखिन्छ ।[२]

मार्क्सवादको उदय हुनु पूर्व 'प्रगतिवादी चिन्तन परम्परा सुगठित रूपमा विकसित भएको पाइँदैन र व्यक्ति विशिष्ट चिन्तन मननकै रूपमा अघि बढ्न थालेको देखिन्छ ।[३]

---

१. देवीप्रसाद गौतम,, प्रगतिवाद पम्परा र मान्यता, प्रथम संस्करण, श्रीमती मुना गौतम, २०४९ ।

२. पूर्ववत्, पृष्ठ १२ ।

३. ऐजन्, पृष्ठ १५ ।

विस्सारियन गिगेरियेबिच बेलिन्स्की, अलेक्जेन्डर इभानोविच हर्जन, निकालाई ग्राब्रिलोबिच चर्निशेबस्कीले सामन्तवादको तीव्र आलोचना गर्दै मार्क्सपूर्वका प्रगतिवादी चिन्तकका रूपमा देखापरेका छन । जसका चिन्तन, सिर्जनाले प्रगतिवादको स्थापना गर्न विशेष भूमिका निर्वाह गरेको छ ।

### २.५.२ साहित्यमा प्रगतिवाद

प्रगतिवादको मूलआधार मार्क्सवाद हो । मार्क्सवाद भनेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । यही कला साहित्यको सिर्जना र व्याख्या, विश्लेषण गर्ने साहित्यिक सिद्धान्त नै प्रगतिवाद हो । जसरी मार्क्सवादले समाजविकासको एक रेखीय उद्विकासको कुरा गर्छ प्रगतिवादले पनि त्यही अनुरूप व्याख्या विश्लेषण गर्दछ । 'मार्क्सवाद जीवन जगत्को वैज्ञानिक किसिमले व्याख्या गर्ने र जीवन जगत्लाई बदल्न चाहने, जीवन जगत्का परम्परागत स्वरूपलाई बदलेर नयाँ रूप दिन चाहने दर्शन हो ।'[४] त्यसैले मार्क्सवाद समाजको नवीन विश्लेषण गर्ने नयाँ विज्ञानका रूपमा परिचित छ ।

समाज विकासको लागि द्वन्द्वात्मक नियम अनिवार्य नियम हो त्यही द्वन्द्वात्मक नियमलाई कलामार्फत प्रस्तुत गर्ने काम गरिन्छ । यसरी प्रस्तुत गरिएको सिर्जनालाई प्रगतिवाद भन्ने गरिन्छ । मार्क्स र एङ्गेल्सले साहित्य सम्बन्धी खासै चिन्तन गरेको पाइँदैन । समाजको विश्लेषण गर्ने क्रममा यदाकदा साहित्यको टिप्पणीबाहेक उनीहरूको साहित्यबारे स्पष्ट धारण छैन । राजनीतिमा मार्क्सवादको प्रारम्भ पछि मात्र यसलाई साहित्यमा भित्र्याउने काम मार्क्सवादी चिन्तक, सर्जकहरूले गरेको पाइन्छ । नेपाली राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोश अनुसार 'प्रगतिवाद भन्नाले साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, मार्क्सवादबाट प्रभावित साहित्यसिद्धान्त यथार्थवादको प्रकृतवादी शाखादेखि भिन्न अर्को समानान्तर शाखा हो ।'[५]

प्रगतिवादी समालोचक डा. गोपीन्द्र पौडेलका अनुसार- "प्रगतिवादी साहित्यले समाजलाई यथास्थितिको खाडलबाट उठाई संसारलाई बुझ्न र बदल्न अभिप्रेरित गर्छन् भने बुर्जवा सामन्ती साहित्यले पाठकलाई उद्देश्यहीन आनन्दमा बहकाई यथास्थितिमै जकडी राख्न चहान्छ । प्रगतिवादी साहित्यले पाठकमा आनन्दको सञ्चार गराउनुको साथै प्रमुख रूपमा

---

४. पूर्ववत् ।

५. नेपाली बृहत् शब्दकोश (संशोधित-परिवर्द्धित पाँचौ संस्करण), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृष्ठ ८०३ ।

उसलाई आफ्नो कर्तव्यमा प्रवृत्ति गराउन खोज्छ । वस्तुतः समाजमा हुने वर्ग सङ्घर्षका साथै बुर्जुवा साहित्य र प्रगतिवादी साहित्यका बिचको सङ्घर्ष पनि उत्तिकै तीव्र बनेर अगाडि बढ्छ र अन्ततोगत्वा शोषित वर्गको विजयसँग प्रगतिवादी साहित्यले पनि आफ्नो विजयलाई सुनिश्चित गर्छ ।[६]

प्रगतिवादी समालोचक रविलाल अधिकारीका अनुसार- प्रगतिवादको मूल दर्शन मार्क्सवाद र मार्क्सवादका मूल पक्ष द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको जानकारी सर्वप्रथम आवश्यक छ भने कला र साहित्यमा त्यसले व्यक्त गर्ने धारणा व्यवहारिक रूपमा आवश्यक छन् ।[७]

प्रगतिवादी कविताका बारेमा प्रगतिवादी समालोचक डा. ताराकान्त पाण्डेय भन्दछन्- उत्पीडित जनताले स्वर्णीम भविष्य स्थापनाको उद्देश्य बोकेर चलाइरहेको तीब्रतम सङ्घर्ष र त्यस सङ्घर्षमा उसले देखाएको अदम्य साहस र शौर्यको अर्थात समग्रमा क्रान्तिको पक्षपोषण र त्यही प्रतिको निष्ठाभाव नै सायद प्रगतिवादी कविताको पहिलो पहिचान हो ।[८]

प्रगतिवादी समालोचनाका बारेमा सौन्दर्यशास्त्री चैतन्यका अनुसार- प्रगतिवादी समालोचना मार्क्सवादी र समाजवादी यथार्थवादको कलासिद्धान्तमा आधारित रहेको छ ।[९]

समालोचक घनश्याम ढकालमा अनुसार-समाजवादी यथार्थवादी मालेमावाद, सर्वहारावर्गको पार्टी र त्यसको उद्देश्यसँग प्रतिवद्ध हुन्छ ।[१०] प्रगतिवादी समालोचक हेमनाथ पौडेलका अनुसार- समाजमा पुँजी र श्रमका बिचको, धनी र गरिबका बिचको, शोषक र शोषितका बिचको अन्तर्विरोधलाई पहिचानी त्यसको यथार्थ चित्रण गर्दै समाज रूपान्तरणका निम्ति दिशाबोध गराउने साहित्य नै प्रगतिवादी साहित्य हो ।[११]

### २.५.३ प्रगतिवादको सैद्धान्तिक दार्शनिक आधार

प्रगतिवादी साहित्य सिद्धान्तबारे चर्चा गर्दा प्रगतिवादको सैद्धान्तिक आधारका रूपमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद रहेको छ । प्रगतिवादलाई बुझ्नु द्वन्द्वात्मक भौतिकवाद ऐतिहासिक भौतिकवादलाई बुझ्नु आवश्यक छ जसलाई छोटकरीमा चर्चा गरिन्छ ।

---

६. गोपीन्द्र पौडेल, सौन्दर्यबोध र समीक्षा विविध, काठमाडौं : उर्मिला पौडेल, २०५९, पृष्ठ ८ ।

७. रविलाल अधिकारी, प्रगतिवादी नेपाली समालोचना , पोखरा लेकाली प्रकाशन, २०५६, पृष्ठ ६२ ।

८. घनश्याम ढकाल, समकालीन प्रगतिवादी साहित्यका बारेमा रातो झिल्को त्रैमासिक, वर्ष १, अङ्क २, प्रकाशक/सम्पादक मानुषी यमि भट्टराई, पृष्ठ ७२-८५ ।

९. डा. ताराकान्त पाण्डेय, अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध, काठमाडौँ वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि, पृष्ठ ५५ ।

१०. चैतन्य- मार्क्सवादी कलादृष्टि र समीक्षा, काठमाडौं, ऐरावती प्रकाशन प्रा.लि. २०६४, पृष्ठ ५० ।

११. किरण, सङ्घर्षको दर्शन, नेपाल जनदिशा प्रकाशन, २०६३,पृष्ठ १ ।

### २.५.३.१ द्वन्द्वात्मक भौतिकवाद

कुनै पनि वस्तुको अस्तित्व त्यसमा निहित नयाँ र पुरानो जीवनशील र मरणशील दुई विरोधी पक्षबिचको लडाइमा आधारित हुन्छ र यसै लडाइँबाट नयाँ वस्तु जन्मन्छ । वस्तुमा रहेको यसै लडाइँ अर्थात् गति वा अन्तर्विरोधको अध्ययन गर्ने पद्धतिको नाम द्वन्द्वात्मक हो ।[१२]

द्वन्द्ववादको विकास हेगेलले गरेका हुन् । द्वन्द्वको अर्थ दिने 'डाइलग शब्द ग्रिकको', 'डाइलेगो' शब्दबाट लिएको हो । द्वन्द्ववाद हेगेलको आदर्शवादी विचार थियो । उनले यो द्वन्द्ववादलाई निरपेक्ष विचार, परमात्मामा लागु गरे ।  उनले 'परमात्मा वा विचारको विकास भएर वस्तु जगत् बन्दछ र त्यो वस्तु जगत् फेरी विकसित हुँदै त्यही निरपेक्ष विचार वा परमात्मामा पुग्दछ ।[१३] भाववादी दार्शनिक हेगेलले प्रयोग गरेका द्वन्द्वात्मक पद्धतिलाई स्वीकार गरी यो पद्धति चेतनामा नभई पदार्थमा लागु हुन्छ भनेर मार्क्सले द्वन्द्वात्मक पद्धतिको स्वरूप बनाएका हुन् ।[१४] मार्क्सले यसरी टाउकाले टेकेर उभिएको द्वन्द्ववादलाई खुट्टाको भरमा टेकाउने काम [१५] गरेका हुन् ।

भौतिकवादको व्याख्याता फायरबाख हुन् । उनले पदार्थको व्याख्या त गरे तर परिवर्तनशीलताको कुरा गरेनन् । मार्क्सले फायरबाखको भौतिकवादमा रहेको कमजोरी परिवर्तनशीलता र दुनियाँ बदल्ने कुरा थपे ।

मार्क्स, हेगल र फायरवाख दुबैको दर्शनबाट अत्यन्त प्रभावित थिए । उनले हेगल र फायरवाखका सिद्धान्तका कमजोरीहरू हटाउँदै उपयोगी सामग्री लिएर  द्वन्द्वात्मक भौतिकवादको निर्माण गरे ।

द्वन्द्व र गतिशीलताका कारणले पदार्थमा परिवर्तन आइरहन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादको दृष्टिले यसले मूलरूपमा वाद, प्रतिवाद र सम्वादको पद्धतिलाई आधार बनाएको छ । पदार्थमा आउने परिवर्तनका क्रममा यो पद्धति लागु हुँदा दिग र कालको पनि सम्बन्ध रहन्छ भन्ने मान्यता छ [१५] । दिग र काल नै पदार्थको अस्तित्वमा सार्वभौमिक रूप हुन् । यस सम्बन्धमा लेनिनले भन्नु भएको थियो "जगत्मा गतिशील पदार्थहरू बाहेक अरू केही हुँदैन र गतिशील पदार्थहरू दिग र काल बाहेक अरू कुनै पनि किसिमले गतिशील हुन सक्दैनन् ।"[१६]

---

१२. ऐजन्, पृष्ठ २ ।

१३. लेकाली प्रकाशन, २०६३, पृष्ठ २ ।

१४. पूर्ववत्, पृष्ठ १ ।

१५. रविलाल अधिकारी, प्रगतिवादी नेपाली समालोचना, २०५६, पोखरा लेकाली प्रकाशन, पृष्ठ २ ।

१६. भिक्टर आफानास्थेभ (अनु. राजेन्द्र मास्के), दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, दोस्रो संस्करण ,काठमाडौं, सहभागी प्रकाशन, २०५४, पृष्ठ ५७ ।

द्वन्द्ववादले प्रत्येक वस्तुलाई निरन्तर विकास एवम् परिवर्तनका अवस्थामा हेर्दछ । उसका लागि प्रकृतिको कुनै पनि क्रियाकलाप आफैंमा स्वतन्त्र हुँदैन । एउटा घटना आफ्नो पहिलो नै घटिसकेको घटनाको परिणाम हो भने पछि घट्ने घटनाको कारण पनि हो । परिवर्तन विश्वकै रौँ-रौँमा व्याप्त छ । परिस्थिति निरन्तर बदलिरहन्छ र यी परिस्थितिसँग सम्बन्धित मानव स्वभाव, आचार-विचार, विश्वास र धारणा पनि बदलिरहन्छन् ।[१७]

द्वन्द्वात्मक भौतिकवादी दर्शनले प्रकृतिका, समाज, मानव जीवनलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले व्याख्या गर्दछ । प्रकृतिका सबै चिज परिवर्तनशील छन् । यसको मूल आधार द्वन्द्व हो भन्ने मान्दछन् ।

### २.५.३.१.१ द्वन्द्वात्मक नियम

प्रकृतिमा निहित सबै वस्तु परिवर्तनशील छन् । यो के कसरी परिवर्तनशील हुन्छ ? कसरी विकास हुन्छ ? यसको नियम के हो ? द्वन्द्वात्मक जन्मदाता हेगेलले सामान्यरूपमा प्रतिपादन गरे ।

भौतिकवादी द्वन्द्ववादका तिन नियमहरू छन् :

#### २.५.३.१.१.१ विरोधीहरूको बिच एकता र सङ्घर्षको नियम

यस नियमले प्रकृतिका गतिशीलताको रहस्य छर्लङ्ग पारिदिन्छ । गति त्यतिबेला नै उत्पन्न हुन्छ, जब दुई बिरोधी शक्तिहरूको मिलन र सङ्घर्ष हुन्छ । विरोधीहरू जब भेट हुनेछन्, सङ्घर्ष निश्चित रूपले हुने छ र सङ्घर्षले नयाँ गति,नयाँ परिस्थिति अर्थात विकास निश्चित रूपले उत्पन्न गर्नेछ ।"[१८] यसप्रकार विरोधीहरूका बिचको सङ्घर्षको नाम नै गति अथवा विकास हो ।

विरोधीहरू आफ्नो अस्तित्वका लागि कसरी एकरूप हुन्छन् र ती कसरी एक अर्कोमा बदलिन पुग्छन् ? यसबारे स्पष्ट हुनाका लागि एउटा उदाहरण लिऊँ ,पुँजीवादी समाज एउटा वस्तु हो । त्यसमा पुँजीपति र सर्वहारा जस्ता परस्पर अन्तर्विरोधपूर्ण पक्ष छन् । दुबै वर्गका स्वार्थ बेग्लाबेग्लै छन् । तर पनि ती आन्तरिक रूपले आपसमा गाँसिएका छन्, उनीहरू बिच एकता पनि छ । पुँजीपतिलाई माल उत्पादनका लागि श्रमशक्ति किन्नुपर्ने र मजदुरहरूलाई आफ्ना आवश्यकता पूरा गर्नका लागि श्रमशक्ति बेच्नुपर्ने वाध्यता छ । यही नै विपरित तत्वबिचको एकता हो । फेरी उनीहरूबिच तीब्र सङ्घर्ष पनि छ । माल उत्पादन गरिसकेपछि

---

१७. जनेश्वर वर्मा, मार्क्सवादको मूल सिद्धान्त, २०५८, सिर्जनशील प्रकाशन, पृष्ठ २२ ।

१८. जनेश्वर वर्मा, मार्क्सवादको मूल सिद्धान्त, दो.सं., काठमाडौं सिर्जनशील प्रकाशन, २०५८, पृष्ठ २४ ।

पुँजीपतिले मुनाफा बढाउन चाहन्छ भने त्यसको ठिक उल्टो सर्वहाराले मजदुरी बढाउन । मजदुरी नघटाई मुनाफा बढ्दैन, मुनाफा नघटाई, मजदुरी बढ्दैन । मुनाफा र मजदुरी ठिक उल्टा कुरा हुन् । यसरी मुनाफा र मजदुरीको खिचातानीलाई लिएर पुँजीपति र मजदुर वर्गका बिच हुने लडाइँ परम्परा विरोधी पक्षका बिचको सङ्घर्ष हो । यो सङ्घर्ष लगातार अगाडि बढ्दै जान्छ र आखिरमा पुँजीपतिवर्ग शासित रूपमा बदलिन पुग्छ र शासित सर्वहारा चाहिँ शासक वर्गको रूपमा [१९] बदलिन्छ ।

### २.५.३.१.१.२ मात्राको गुणमा परिवर्तन

हामी संसारका प्रत्येक वस्तु परिवर्तनशील छन् भन्ने कुरा स्वीकार गर्दछौँ । यसबाट के सिद्ध हुन्छ भने संसारमा कुनै पनि वस्तु स्थिर र स्थायी छैन । त्यसमा पनि परिस्थिति अनुसार निरन्तर विकास र परिवर्तन भइरहन्छ । एउटा वस्तु कुनै परिस्थितिमा हाम्रा लागि राम्रो र हितकर हुन्छ भने अर्को अवस्थामा त्यही हाम्रा लागि खराब र घातक हुन सक्छ ।[२०]

कुनै वस्तुमा दुई परस्पर विरोधी पहलुहरूबिच सङ्घर्ष चल्दै जाँदा जब कुनै एक पक्षको विजय हुन्छ वा नयाँ तत्वको विकास हुन्छ, त्यसैलाई परिवर्तन भनिन्छ । परिवर्तन दुई प्रकारका हुन्छन् : मात्रात्मक र गुणात्मक ।

कुनै वस्तुमा क्रमिक विकास मात्र हुनु तर त्यसको स्वरूप र गुणमा कुनै फरक नदेखिनु मात्रात्मक परिवर्तन हो । फड्को मारेर त्यसको स्वरूप एवम् गुणमै फरक देखिनु गुणात्मक परिवर्तन हो ।[२१] हेगलद्वारा दिएको विश्व प्रसिद्ध उदाहरण लिऊँ - यदि हामीले पानीलाई तताउँदै जाँदा पानी क्रमशः तातिँदै जान्छ स्थुल दृष्टिले पानीमा कुनै परिवर्तन देखिंदैन । यो मात्रात्मक परिवर्तन हो । पानी तातिँदै जाँदा एउटा यस्तो अवस्था आउँछ पानी उम्लन्छ र बाफमा परिवर्तन हुन्छ । यो गुणात्मक परिवर्तन हो ।

### २.५.३.१.१.३. निषेधको नियम

निषेधको अर्थ पुरानोको  ठाउँमा नयाँ स्थापनाको हो । तर द्वन्द्वात्मक अर्थमा निषेधको तात्पर्य खाली विनाश मात्रै होइन पुरानोमा भएका सकारात्मक तथा बहुमूल्य तत्वको संरक्षण पनि हो । विकासको कुनै खास चरणमा पुगेपछि नयाँले पुरानोलाई हटाउँछ तर त्यसको साथै पुरानोमा भएका सकारात्मक कुरालाई जोगाउने पनि गर्छ । तसर्थ द्वन्द्वात्मक निषेधको अर्थ पुरानोलाई पुरै रूपमा पन्छाउनु कदापि होइन, पुरानोलाई पुरै रूपमा मास्नु होइन बरु पुरानोमा

---

१९. किरण, संघर्षको दर्शन, स.दो.,नेपाल जनदिशा प्रकाशन, पृष्ठ ३ ।

२०. जनेश्वर बर्मा, मार्क्सवादको मूल सिद्धान्त, दो.सं., काठमाडौं सिर्जनशील प्रकाशन, २०५८, पृष्ठ २५/२६ ।

२१. किरण, संघर्षको दर्शन, ऐजन्, पृष्ठ ४ ।

भएका सकारात्मक पक्षलाई नयाँ चरणमा विकसित गर्नु पनि हो । द्वन्द्वात्मक निषेधले एकसाथ दुईटा कुराको अनुमान गरेको हुन्छ- निषेध र संरक्षण, विनास र अरू विकास ।[२२]

द्वन्द्वात्मक भौतिकवाद भनेको विरोधीहरू बिचको सङ्घर्ष हो । यही सङ्घर्षले प्रकृति समाज र मानवलाई गतिशीलता दिन्छ र विकास गर्न सहयोग गर्दछ ।

### २.५.३.२ ऐतिहासिक भौतिकवाद

मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले मानव इतिहासको व्याख्या गरे । मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले प्रकृतिको मात्र व्याख्या गरेनन् । बरु समाज विकासलाई व्याख्या गर्न पनि प्रयोग गरे । मार्क्सपूर्व समाजको विश्लेषण आध्यात्मवादी दृष्टिकोणले भएको थियो भने भौतिकवादीहरूले पनि समाजको विश्लेषण आध्यात्मवादी दृष्टिकोणले गरेका थिए । पछि मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले इतिहासको अध्ययन गरेपछि समाज विकासको अध्ययन वैज्ञानिक भयो । जसलाई हामी मार्क्सवादी समाजशास्त्र भन्ने गर्दछौं । ऐतिहासिक भौतिकवादको खास अर्थ हो  सामाजिक जीवनमा मानवजातिको इतिहासमा द्वन्द्वात्मक भौतिकवादका मूल सिद्धान्तको प्रयोग । ऐतिहासिक भौतिकवादको प्रतिपादनपछि मानवजातिको सम्पूर्ण इतिहासलाई एक नियम शासित प्रक्रियाको रूपमा अध्ययन गर्न सकिने भयो र समाज तथा इतिहास सम्बन्धी धारणाहरू एक व्यवस्थित तथा ससङ्गत वैज्ञानिक सिद्धान्तमा फेरिए ।[२३]

मानव इतिहासको सन्दर्भमा ऐतिहासिक भौतिकवादले ठुलो उथुलपुथुल ल्याइदियो । मार्क्सले इतिहासको अध्ययन गरेर के निष्कर्ष निकाले भने भौतिकवादका जुन नियमहरू अन्तर्गत प्रकृतिका सम्पूर्ण क्रियाकलाप सञ्चालन हुन्छन्, तिनै नियमहरू अन्तर्गत सामाजिक जीवनमा पनि विकास र परिवर्तन घटित हुन्छ । जसरी प्रकृतिको सम्पूर्ण घटनाचक्र कार्यकारणका सुत्रमा बाँधिएर संश्लिष्ट र सुसम्बृद्ध छ, त्यसरी नै इतिहास पनि असम्बृद्ध एक आकस्मिक घटनाहरूको सङ्कलन मात्र नभएर कार्यकारणका सूत्रमा बाँधिएको एउटा सुसम्बृद्ध घटना प्रवाह हो । जसरी प्रकृतिका रहस्यहरू पूर्णतः ज्ञेय छन् त्यसैगरी इतिहासका रहस्यहरू पनि थाहा पाउन सकिन्छ ।[२४]

सामाजिक विकासको प्रमुख र निर्णायक शक्ति नै भौतिक शक्ति भएकाले उत्पादन पद्धति तथा उत्पादन सम्बन्धहरूले कुन किसिमले अरू सबै सामजिक  सम्बन्धहरूको  निरूपण

---

२२. कृष्णदास श्रेष्ठ, मार्क्सवादी चिनारी पुस्तकमाला, चौ.सं., पैरवी प्रकाशन, २०६४, पृष्ठ ५५/५६ ।

२३. कृष्णदास श्रेष्ठ, मार्क्सवाद चिनारी पुस्तकमाला चौ.सं.,पैरवी प्रकाशन, २०६४, पृष्ठ ६२ ।

२४. जनेश्वर वर्मा, मार्क्सवादको मूल सिद्धान्त, ऐजन्, पृष्ठ ४७।

गर्दछन् र सामाजिक सम्बन्धहरूले पनि समाजको आर्थिक विकासमा कसरी प्रभाव पार्दछ भन्ने विषयको ऐतिहासिक भौतिकवादको क्षेत्र भित्र पर्दछ । यसैले यस दृष्टि अनुसार अध्ययन समाजको मूल स्वरूप त्यस समाजको आर्थिक सम्बन्ध वा आधारबाट निर्धारित हुन्छ । सम्पूर्ण सामाजिक विषयहरू त्यसमा अवस्थित हुन्छन् ।[२५]

आधारको यति ठुलो महत्व के हो भने त्यसले यस्तो वास्तविक जगको रूपमा काम गर्दछ जसमाथि आधेय अर्थात् समाजका राजनीतिक, न्यायिक, दार्शनिक, नैतिक, कलात्मक एवम् धार्मिक दृष्टिकोणहरू र तिनकै अनुरूप सम्बन्धहरू, संस्थाहरू एवम् सङ्गठनहरू खडा हुन्छन् । तसर्थ आधार नै उत्पादनपद्धतिको त्यो पक्ष हो जसले प्रत्यक्षतः समाजको रूप, त्यसका विचार र संस्थाहरू निश्चित गर्दछ ।[२६]

ऐतिहासिक भौतिकवादले उत्पादन सम्बन्धलाई आधार र अन्य कुरालाई आधेयको रूपमा लिने गर्दछ । उत्पादन सम्बन्ध सबै चिजमा आधारित हुने भएकोले उत्पादन सम्बन्धमा परिवर्तन हुने बित्तिकै अन्य चिज पनि स्वतः परिवर्तन हुन्छन् । उत्पादन सम्बन्ध र कला साहित्यका बिचको अन्त : सम्बन्धका बारेमा ऐतिहासिक भौतिकवादी दृष्टिकोण के रहेको देखिन्छ भने आधार र आधेयरूप कलासाहित्यको उत्पादन गर्ने हुनाले मात्र नभएर आर्थिक सम्बनधका बिचमा आमूल परिवर्तन आउने बित्तिकै अवश्यम्भावी रूपमा आधेय रूप कलासाहित्यमा पनि परिवर्तन आउने हुँदा आधेयका तुलनामा आधारको निर्णायक भूमिका रहन्छ ।[२७] समाज विकासमा आधेयको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

ऐतिहासिक भौतिकवाद मार्क्सको यस्तो खोज थियो जसले समाजमा युगान्तकारी परिवर्तन ल्याइदियो । आधुनिक समाज अध्ययनमा ठुलो हलचल ल्याइदियो । जसले मार्क्सवादी समाजशास्त्रको स्थापना समेत गऱ्यो । ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शनको अभिन्न अङ्ग हो जसले समाज विकासका नियमहरूको अध्ययन र विश्लेषण गर्दछ ।

प्रगतिवाद मूलआधार मार्क्सवाद हो । मार्क्सवाद भनेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको समग्र रूप हो । यही दृष्टिकोणमा आधारित रहेर सिर्जने सिर्जनाहरूनै प्रगतिवादी सिर्जना हुन् ।

---

२५. देवीप्रसाद गौतम, प्रगतिवाद परम्परा र मान्यता , श्रीमती मुना गौतम, २०४९, पृष्ठ ३३/३४ ।

२६. भिक्टर आफानास्फेभ (अनु. राजेन्द्र मास्के) दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, दो.सं., काठमाडौं सहभागी प्रकाशन, २०५४, पृष्ठ २६४ ।

२७. देवीप्रसाद गौतम, प्रगतिवाद : परम्परा र मान्यता, दो.सं.,श्रीमती मुना गौतम, २०४९,, पृष्ठ ३५ ।

प्रगतिवादी साहित्यको मान्यता नै प्रगतिवादी कविताको पनि त्यही मान्यता हो । कविता विधाका मान्यतासँग प्रगतिवादको कुनै असहमति देखिंदैन । प्रगतिवादी कविताले स्वरलाई प्राथमिकता दिएपनि शीर्षक, गेयात्मकता, सरलता, यथार्थता, बिम्ब, प्रतीकको प्रयोग प्रगतिवादी कविताको अपेक्षा गर्ने कुरा हुन् ।

## २.६ नेपाली प्रगतिवादी कविताको पृष्ठभूमि

नेपाली प्रगतिवादी कविताको आरम्भ, पृष्ठभूमि र विकासका बारेमा प्रगतिवादी समालोचकहरूका भिन्नभिन्नै मतहरू देखिन्छन् । प्रगतिवादी कविताको आरम्भ कोही २००० देखि मान्दछन् भने कोही २००४ देखि भने कोही २००७ देखि प्रारम्भिक बिन्दु मान्दछन् । २००७ साल पूर्व प्रगतिवादी कविताको पृष्ठभूमि तयार भएपनि कम्युनिस्ट पार्टी (२००६) को स्थापना र २००७ सालको जहाँनिया राणा शासनको अन्त्य पछिमात्र प्रगतिवादी कविता लेखनको सुरुवात भएको हो ।

नेपाली प्रगतिवादी कविताको पृष्ठभूमि खोतल्दै जाँदा यसले सामाजिक, राजनीतिक पृष्ठभूमिसँगै आफ्नो पृष्ठभूमि निर्माण गर्दै गएको पाइन्छ । नेपाली कविताको सुरुवात सुवासनन्दको ‘पृथ्वीन्द्रोदय’ (१८२६) बाट भएको हो । नेपालको एकीकरणसँग सुरुवात भएको नेपाली कविता लेखनमा वीर वन्दना, युद्ध वर्णन, राजभक्ति, राष्ट्रप्रेम, राष्ट्रिय एकताले प्रमुखता पाइएका छन् । नेपाल-अङ्ग्रेज युद्ध, सुगौली सन्धि (१८७२), भीमसेन थापाको अन्त्य, कोतपर्व, जङ्गबहादुरको नेपाली राजनीतिमा उदय आदिले नेपाली वीरधाराकालीन कविता भक्तिधारातिर मोडिन पुग्यो । यस धारामा भानुभक्त आचार्य (१८७१-१९२६) का केही फुटकर कविता मार्फत कर्मचारीको ढिलासुस्ती तत्कालीन शासन व्यवस्थाप्रति तिखो व्यङ्ग्यवाण प्रहार गर्दै थोरै भएपनि समाज सुधारको अभिव्यक्ति दिएका छन् । भक्तिधारा भित्रै देखापरेको निर्गुण भक्तिधाराका सन्त ज्ञानदिलदासले तत्कालीन समाजमा व्याप्त धार्मिक अन्धता, कर्मकाण्डीय पद्धति, जातीय ढोङ्गहरू प्रति कडा आक्रोश व्यक्त गर्दै समाज सुधार गर्नुपर्ने अभिव्यक्ति दिएका छन् ।

वि.सं. १९४२ मा राणा प्रधानमन्त्री रणोद्धिपको हत्या गरेर शासन व्यवस्था आफ्नो हातमा लिएको वीरसमसेरको समयमा दरबारमा चरम, भोगविलास, नाचगान, सङ्गीत, नाटकको प्रचलन, जनतामाथि दमनले गर्दा नेपाली कविताले अर्को मोड लियो । शृङ्गारवादी धारामा मोतीराम भट्ट (१९२३-१९५३) र अन्य कविले दरबारलाई रिझाउन भोगविलास र शृङ्गारकै कविता लेखे । यस धारामा कहिकतै झिल्काका रूपमा समाजसुधारका कविताहरू

मात्र देखिए । नेपाली कविताको माध्यमिककाललाई अन्धकारकै युग[२८] भनेर समालोचक अशोक सुवेदीले भनेका छन् ।

पत्रपत्रिकाको प्रकाशन, जनचेतनाको विस्तार, विभिन्न पर्व, घटना आन्दोलनले गर्दा नेपाली कविता लेखनले नयाँ मोड लियो जसलाई हामी परिष्कारवादी धारा भन्ने गर्दछौँ । यस धारामा लेखनाथका कवितामा समाज सुधारका कुरा उठाएपनि धरणीधर कोइरालाले जातीय जागरणको अभिव्यक्ति दिँदै तत्कालीन जहानियाँ राणा शासनको अन्याय, व्यभिचार,दमन,व्यविचारको विरोध कविता मार्फत गरे । महानन्द सापकोटाले भाग्यवाद र अन्धविश्वासको विरोध गर्दै सामाजिक सुधारको जागरण फैलाउने काम कविता मार्फत गरे । मार्क्सवाद र भौतिकवादको अध्ययन गरेका बालकृष्ण सम पूर्णरूपमा भौतिकवादी नभएपनि अध्यात्मवादी विरोध, भौतिकवादको समर्थ गर्दै तत्कालीन समाजमा जनचेतना कविता मार्फत दिने काम गरे ।

राणाकालीन दबदबा, जनताले भोग्नु परेको सास्ती, जनचेतनाको विस्तार, छिमेकी देशको प्रभाव, देशीय विभिन्न राजनैतिक घटना, परिघटना शारदा पत्रिकाको प्रकाशनसँगै नेपाली कविता लेखनले आधुनिकता प्राप्त गर्दै स्वच्छन्दतावादलाई भित्र्याउने काम गऱ्यो । स्वच्छन्दतावादी मुख्य प्रवृत्ति विद्रोहचेत, विकृति, विसङ्गतिप्रति आक्रोश हो । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, गोपालप्रसाद रिमालले तत्कालीन जहानियाँ राणाशासन अन्याय, अत्याचार, शोषण, दमनका विरुद्ध विद्रोहको स्वर उराल्दै स्वतन्त्रताको आह्वान गरेका छन् ।

जहानियाँ राणा शासनको अन्त्य, वि.सं. १९९० सालमा प्रजापरिषद्को स्थापना वि.सं. १९९७ को सहिदकाण्ड, विभिन्न राजनेता, कविहरू, कारावास सजाय, देश निकाला, भारतमा भएको स्वतन्त्रता सङ्ग्राम, कम्युनिस्ट पार्टीको स्थापना जस्ता घटनाक्रमसँगै २००७ सालदेखि प्रगतिवादी कविता लेखनको सुरुवात भएको हो ।

## २.७ नेपाली प्रगतिवादी कविताको चरण विभाजन

प्रगतिवादी लेखनको सुरुवात २००७ देखि सुरु भएपछि २०६७ सम्म ६ दशक लामो समयमा प्रगतिवादी कवितालेखनमा विभिन्न मोडहरू देखापरेका छन् । ६ दशक लामो यात्रामा प्रगतिवादी कविताले धेरै सम्पन्नता कमाइसकेको छ ।

---

२८. अशोक सुवेदी, नेपाली प्रगतिवादी कवितामा विद्रोह चेत शारदा सुवेदी 'वर्षा'/ विकास आचार्य- २०६२, पृष्ठ १३ ।

प्रगतिवादी कविता लेखनको आरम्भदेखि हालसम्म इतिहासको अध्ययन गर्दा प्रगतिवादी कविता लेखनलाई सामाजिक, राजनीतिक परिवेशले अत्यन्त रूपमा प्रभाव पारेको देखिन्छ । यही प्रभावले गर्दा प्रगतिवादी कविता लेखनमा विभिन्न चरणहरू देखापर्दछन् । पृष्ठभूमिका रूपमा रहेको जहानियाँ राणा शासनको अन्त्य, वि.सं. १९९० सालमा प्रजापरिषद्को स्थापना, वि.सं. १९९७ मा सहिद काण्ड, विभिन्न राजनेता, लेखक, सर्वसाधारणलाई पक्राउ, जेलचलन, देश निकाला, सर्वस्वहरण, वि.सं. २००६ मा कम्युनिस्ट पार्टीको स्थापना, वि.सं. २००७ सालमा राणा विरुद्ध क्रान्ति, त्रिपक्षीय दिल्ली सम्झौता, वि.सं. २०१७ सालमा स्व. राजा महेन्द्रले पञ्चायती व्यवस्थाको सुरुवात, २०२८ सालमा झापा विद्रोह, छिन्ताङ, पिस्कर, हत्याकाण्ड, २०३६ सालमा पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोको मृत्युदण्डको विरोधमा विद्यार्थी आन्दोलन, २०३७ सालमा जनमत सङ्ग्रह, २०४२ सालमा बम काण्ड, २०४६ सालमा प्रथम जनआन्दोलन, २०४६ सालको जनआन्दोलनपछि देखिएको सामाजिक, राजनैतिक विकृति, विसङ्गति, टनकपुर सन्धि, महाकाली सन्धि, महङ्गी, भ्रष्टाचार, सांसदको किनबेच आदिजस्ता विसङ्गतिका कारण ने.क.पा. (माओवादी) ले वि.सं. २०५२ फाल्गुण १ गतेदेखि दीर्घकालीन जनयुद्धको सुरुवात, प्रजातान्त्रिक सरकारले विद्रोह नियन्त्रण गर्ने नाउँमा देशव्यापी रूपमा चलाएको दमन, हत्या, बलात्कार, लुटपाट, बेपत्ता, जेल चलन, राजनीतिक अपवित्र चलखेल, वि.सं. २०५८ जेठ १९ गते दरबार हत्याकाण्ड, विद्रोह दबाउने नाममा २०५८ मङ्सिर ११ गतेदेखि लगाएको सङ्कटकाल र सेना परिचालन वि.सं. २०५९ असोज १८ र वि.सं. २०६१ माघ १९ का प्रतिगमनको कदम, २०६३।०६४ को दोस्रो जनआन्दोलन, २०६४ वैशाख १४ गते नेपालमा गणतन्त्रको घोषणा, वि.सं. २०६५ चैत्र २८ गते संविधान सभाको चुनाव प्रतिगमनका विरुद्ध प्रगतिशील लेखक सङ्घ र अन्य साहित्यिक सङ्घ संस्थाहरूले गरेको आन्दोलन, सडक कविता आन्दोलन, कविहरूको गणतान्त्रिक आन्दोलन, लोकतान्त्रिक स्रष्टाहरूको नियमित आन्दोलनले प्रगतिवादी कविता लेखनमा विभिन्न चरणहरू देखापर्दछन् जसलाई तल चर्चा गरिन्छ ।

मार्क्सवादी सौन्दर्यशास्त्री चैतन्यले वस्तुगत यथार्थलाई आधार बनाएर प्रगतिवादी कवितालाई तीन चरणमा विभाजन गर्नुभएको छ- आरम्भदेखि २०१७ सालसम्म प्रथम चरण, २०१७ देखि २०४५ सम्म दोस्रोचरण, २०४६ देखि यताको समयावधिलाई तेस्रोचरण भनेको पाइन्छ ।[२९]

---

२९. चैतन्य, नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति, समकालीन नेपाली कविता, काठमाडौं, आखिल नेपाल जनसांस्कृतिक सङ्घ, २०५८, पृष्ठ २ ।

समालोचक डा. ताराकान्त पाण्डेका अनुसार २००७ देखि ०१६ को पञ्चायत पूर्वको उदारवादी युग, २०१७ देखि २०४५ पञ्चयात निरङकुशता र निषेधको कठोर युग अनि २०४६ को बहुदलीय संरचना प्रदत्त निकासको युग हुँदै यसको यात्रा अघि बढिरहेको देखिन्छ ।[३०]

प्रगतिवादी समालोचक अशोक सुवेदीले नवयथार्थको आलोकलाई हेर्दै प्रगतिवादी कवितालाई पाँच चरणमा विभाजन गरेका छन्-

(क) प्रारम्भिककाल वा पृष्ठभूमिचरण (२००७ सालअघि)

(ख) पहिलो चरण (२००७- २०१६)

(ग) दोस्रो चरण (२०१७-२०४५)

(घ) तेस्रो चरण (२०४६-२०५१)

(ङ) चौथो चरण (२०५२ देखि सुरु)[३१]

सामाजिक राजनीतिक घटना/परिघटनाले प्रगतिवादी कविता लेखनमा विभिन्न मोड वा चरणहरू देखापर्दछन् जसलाई प्रगतिवादी समालोचक मोहन वैद्य 'चैतन्य' कै वस्तुवादी चरण विभाजनलाई आधार मानेर प्रगतिवादी कविताको चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण (प्रारम्भदेखि २०१६)

(ख) दोस्रो चरण (२०१७- २०४५)

(ग) तेस्रो चरण (२०४६-प्रथम चरण यता)

## २.७.१ प्रथम चरण (प्रारम्भदेखि  २०१६)

प्रगतिवादी कविता लेखनको पृष्ठभूमिका रूपमा रहेका धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल पूर्णरूपमा प्रगतिवादी कवि नभएपनि यथास्थितिको विरुद्धमा क्रान्तिको स्वर उराल्ने प्रगतिशील कविको रूपमा परिचित छन् ।

केही समालोचकले यी कविलाई प्रगतिवादी भनेका छन् भने केहीले  उनीहरूका रचना विशुद्ध मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित नभई विद्रोह चेतना, यथास्थितिको तीव्र विरोध, क्रान्तिचेत, प्रगतिशीलोन्मुखता कवितामा  रहेको भनेका छन् ।

---

३०. अशोक सुवेदी, नेपाली प्रगतिवादी कवितामा विद्रोह चेत, शारदा सुवेदी वर्षा/विकास आचार्य, २०६२, पृष्ठ १८ ।

३१. अशोक सुवेदी, नेपाली प्रगतिवादी कवितामा विद्रोह चेत, पूर्ववत्, पृष्ठ १९ ।

लक्ष्मीप्रसाद देवकोटाको 'गरिब' (१९९१) 'मुनामदन' खण्डकाव्य (१९९२) 'भिखारी', 'वन', सिद्धिचरण श्रेष्ठका 'जुनकिरी' (१९९२) 'कुनै असफल दिनको साँझमा' (१९९६) गोपालप्रसाद रिमालका 'आमाको सपना', 'सपनामा', 'जङ्गी निसान हाम्रो' आदि कविता क्रान्ति चेत, यथास्थितिप्रति विद्रोह गर्दै प्रगतिवाद उन्मुख भएको पाइन्छ । यी कविताले प्रगतिवादी कविता लेखनको पृष्ठभूमि निर्माण गरेका छन् ।

जहानियाँ राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनासँगै मार्क्सवादी सौन्दर्यशास्त्रको प्रतिवद्धतासँगै २००७ सालको असफल जनक्रान्तिको सेरोफेरोमा लेखिएका कविताले प्रगतिवादलाई भित्र्याए पनि कृष्णचन्द्र सिंह प्रधानको प्रगतिवादी सैद्धान्तिक घोषणासँगै 'भन्ज्याङनिरै' (२००८) कवितासङ्ग्रह नै पहिलो प्रगतिवादी कवितासङ्ग्रह मानिन्छ ।

यस अघि 'उदय' पत्रिकामा 'सन्देश' (२००२) 'यथार्थवाद नै लिउँ' (२००६) 'यहाँ समाजवाद छ' (२००७) जस्ता कविता प्रकाशन गरेका श्यामप्रसाद शर्मा २००९ मा उनकै नेतृत्वमा 'प्रगतिशील लेखक सङ्घ' को स्थापना भई 'सेवा' पत्रिका प्रकाशित भएपछि प्रगतिवादी कविता लेखनले विशेष गति लिएको देखिन्छ ।

यस चरणमा नेपाली लोकलयलाई आधार बनाएर कविता लेख्ने केवलपुरे किसानका 'बाघ आयो' (२००९), समातेर पछार (२०१२), 'छि : छि '(२०१५) 'सङ्घर्षको ठिक गर' (२०१६) कवितासङ्ग्रह प्रकाशित छन् । त्यस्तै लोकलयलाई आधार बनाएर सरल कविता लेख्ने गोकुलप्रसाद जोशीका 'नेपालको भविष्य' (२०११) 'एसियाको फूलबारी नेपाल' (२०१२), 'डा. के आइ सिंहलाई स्वदेश आउन देऊ' (२०१२), 'नवप्रभात' (२०१२), 'बाँच र बाँच्न देऊ' (२०१४) 'सिमानाको दीप' (२०१५) प्रकाशित छन् ।

यसपछि देखापरेका सशक्त कवि भूपि शेरचन (१९९३-२०४६) हुन् । उनका यस चरणमा 'नयाँ झ्याउरे' (२०१२) र 'निर्झर' (२०१५) प्रकाशित छन् । यस चरणमा भूपिले लोकलयलाई नै आधार बनाएर वैचारिक स्पष्टता दिने काम गरेका छन् ।

यस चरणमा देखापर्ने अर्का कवि हुन् हृदयचन्द्र सिंह प्रधान । उनले 'एउटा गरिब' (२०१२) र 'छोरासित' (२०१६) गरी २ वटा कवितासङ्ग्रह प्रकाशित गरेका छन् ।

वर्गीय पक्षधरता लिई गोविन्द भट्टका 'हिमालय बोल्छ' (२०१५) '९७ साल' (२०१५) 'गुराँस जीवनकै थुम्कोबाट' (२०१६) 'उमर खैयामलाई जवाफ' (२०१६) 'आमा बोलाउँछिन्' (२०१६) प्रकाशित छन् ।

वर्गीय दृष्टिकोणसहित आमूल परिवर्तनको चाहना सहित टी.आर. विश्वकर्माको 'बाँच्ने ठुलो '(२०१६) कवितासङ्ग्रह प्रकाशित छ ।

निम्नवर्गीय जीवनलाई विषयवस्तु बनाएर जनकप्रसाद हुमागाईका 'किसानको गीत' (२०१६) 'एउटै नारा लगाउनुपर्छ' (२०१६) यस चरणमा प्रकाशित छन् ।

यस चरणमा 'दीपक', 'उदय', 'सेवा', 'सन्देश', 'छात्रदूत', 'उजेली', 'सयपत्री' पत्रिकाले प्रगतिवादी कविताको विकासमा ठुलो भूमिका निर्वाह गरेका छन् ।

### २.७.२ दोस्रोचरण (२०१७-२०४५)

नेपाली प्रगतिवादी कविता लेखनको दोस्रो चरणको सुरुवात प्रजातन्त्रको अन्त्य र निरङ्कुश पञ्चायती व्यवस्थाको सुरुवातसँगै भएको हो । २०१७ साल पूर्वको प्रजातन्त्र मौलिक अधिकार माथि प्रतिबन्ध लगाएपछि राजनीतिसँगै प्रगतिवादी कवितामा ठुलो प्रभाव पर्‍यो । कति कविहरू पलायन भए पनि कति कविहरूले बिम्ब प्रतीकको माध्यमबाट तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्दै स्वतन्त्रता र समानताको पक्षमा उभिरहे ।

पञ्चायती व्यवस्थाको घोषणासँगै वामपन्थी शक्तिमा फूट आएपनि २०२२ साल अनेरास्ववियुको स्थापना, २०२८ मा झापा विद्रोह २०३५।३६ को विद्यार्थी आन्दोलन, जनमत सङ्ग्रहले प्रगतिवादी कविता लेखनमा ठुलो प्रभाव पार्‍यो । त्यसबेला विद्रोहका आरोपमा थुप्रै युवाहरू जेल परे, कति विदेसिए, पञ्चायती व्यवस्थाको विरोध गर्दै कविहरूले समतामूलक समाजको निर्माणका लागि  कविता सिर्जना गरे । क्रुर पञ्चायती व्यवस्थाका कारण यस चरणमा पहिलोचरणको तुलनामा सङ्ख्यात्मक र गुणात्मक विकास हुन पर्नेमा त्यति हुन नसकेको देखिन्छ । यस चरणमा देखापरेका कविहरू निम्न छन् :-

मार्क्सवादी सौन्दर्यशास्त्री मोहनविक्रम सिंहका 'इन्कलाब जिन्दावाद' (२०१७) 'तुफानको सङ्गीत' हाइकु मुक्तकसङ्ग्रह (२०१८) 'युग बोल्छ' (२०२९) 'झिमरुक नदी र चिवेचराको कथा' खण्डकाव्य (२०२०) प्रकाशित छन् । यस चरणका सशक्त कविका रूपमा परिचित मोहनविक्रम सिंहले तत्कालीन शासन व्यवस्थाप्रति कडा आक्रोश व्यक्त गर्दै ग्रामीण जनजीवनका दुःखकष्ट, उत्पीडनलाई आफ्ना कविता विषयवस्तु बनाएका छन् ।

पहिलो चरणबाटै लेखन सुरु गरेका जनकप्रसाद हुमागाईका 'कोसेली' (२०१९), 'पसिना' (२०१९) 'दुःखी  गरिबको सवाई' (२०२१ काव्य) प्रकाशित छन् । गोविन्द भट्टको 'शान्ति सन्देश' (२०२४) भवानी घिमिरेको 'स्मृतिका रेखाहरू' (२०२५), खिलबहादुर भावुकको 'समयोद्‌गार' (२०२७) युद्धप्रसाद मिश्र 'बाढी' (२०२९) रविलाल अधिकारीको 'बुकीफूल' प्रकाशित छन् ।

पहिलो चरणमा लेखनी सुरुवात गरेका भूपि शेरचन 'घुम्ने मेचमा अन्धो मान्छे' (२०२५) प्रकाशित छ । यसमा कलात्मक उच्चता भएपनि सबै कविताले प्रगतिवादी प्रतिवद्ध

बोकेका छैनन् । उनका कवितामा युगजीवनका विषमता, यथार्थको अभिव्यक्ति, देशभक्तिको भावना, व्यङ्ग्यात्मकता, विद्रोहात्मकता पाइन्छ ।[३२]

हिक्मत शाहीको 'यहाँ फगत बिहानी हुन्छ' (२०३६) आर.आर. चौलागाईको 'नौलो बिहानी' (२०३६) भूमिनन्दन देवकोटाको 'यहाँ रक्तदान भइसकेको छ' (२०३७) दिल साहनीको 'नौलो मान्छे' (२०३९), राजीव 'कामिनी आमा' (२०३९) उदय शर्माको 'उथलपुथल भित्रका अनुभूतिहरू' (२०४०) कृष्ण पाखिनको 'शताब्दी' (२०४१) केवलपुरे किसानको 'केवलपुरे किसानका गीत र कविताहरू' (२०४५) युद्धप्रसाद मिश्रको 'युद्धप्रसाद मिश्रका कविताहरू' (२०४८), मोदनाथ प्रश्रितको'गोलघरको सन्देश' नेत्रलाल पौडेलको 'सतीसाल मात्र ठिङ्ग उभिन सक्छ' (२०४२) पूर्ण विरामको 'इतिहासका किल्लाहरूमा' (२०४३) रमेश के.सी.को 'युद्ध' (२०४३) अग्निशिखाको'रक्तबीज' (२०४३) श्यामलको 'तपाइँहरूमार्फत' (२०४४) घनश्याम ढकालको 'फैसला हारजीतको' (२०४४), केशव नेपालको 'नयाँ नेपाल बनाउ' (२०४४) आदि प्रकाशित छन् ।

जनआन्दोलन कविता (२०४७) जगदिशचन्द्र भण्डारीको 'मुक्तिक्षेत्रको यात्रामा '(२०४८) केशव नेपालको 'जेलको आवाज' (२०४९) पूर्ण विरामको 'गोविन्दले ठिक भन्यो' (२०५०) पारिजातको 'बैसाँलु वर्तमान' (२०५०) यस चरणमा फुटकर रूपमा लेख्ने कविहरूमा शक्ति लम्साल, ऋषिराज बराल, रुद्र खरेल, देवी पोखेल, गिरिराज शर्मा, अनिल पौडेल, नारायण ढकाल, राजव, इस्माली, गोविन्द वर्तमान, कृष्ण सेन 'इच्छुक' शार्दुल भट्टराई आदि हुन ।

### २.७.३ तेस्रो चरण (२०४६ देखि यता)

प्रगतिवादी कविताको तेस्रो चरण समसामयिक चरण हो । वि.सं. २०४६ सालमा जनआन्दोलनबाट देशमा बहुदलीय शासन व्यवस्थाको स्थापना भयो । राजनेता, कवि, कालकार, सबै सबैले स्वतन्त्र अभिव्यक्तिको उपयोग गर्न पाउने भए । काँग्रेसको सरकारले टनकपुर सन्धि, एमाले काँग्रेसले महाकाली सन्धि गरी राष्ट्रघाती काम गरे, संसदीय गलत खेल, पजेरोकाण्ड, सुत्केरी भत्ता, रातो पासपोर्ट अनेकौं काण्डले संसदीय व्यवस्था उदाङ्गो हुँदै गएको थियो ।

२०४६ सालको आन्दोलनपछि संयुक्त जनमोर्चा नेपालले ४१ सुत्रीय भागहरू राखेर पूरा

---

३२. पूर्ववत्, पृष्ठ २३ ।

गराउन अल्टिमेट दियो । ती भागमा राष्ट्रियता, जनतन्त्र, जनजीविका सम्बन्धित थिए । सरकारले यी माग पुरा गर्नुको साटो दमन, पक्राउ, वारेन्ट काट्ने, रोल्पामा रोमियो अप्रेसन समेत गऱ्यो । २०५१ सालको मद्यावधि चुनाब बहिष्कार, जनअभियान, जनश्रमदान, सिज र साकु अभियान  गर्दै ने.क.पा. (माओवादी) ले दीर्घकालीन जनयुद्धको घोषणा वि.सं. २०५२ फाल्गुण १ गते देखि गऱ्यो ।

जनयुद्धको घोषणासँगै समाज, राजनीतिमा मात्रै नभई प्रगतिवादी कविता लेखनमा पनि नयाँ चरण देखा पऱ्यो । यसलाई प्रगतिवाद कविताको समसामयिक चरण पनि भन्ने गरिन्छ । यस चरणमा राज्यको चरम दमन, हत्या, बलात्कार, पक्राउ, कुटपिट वाक्स्वतन्त्रतामा प्रतिवन्ध, झुटा मुद्दा, घरपकडले गर्दा कविहरू खुलेर कविता खेल्न कठिनाइ आयो । खुलेर कविता लेखन कित भूमिगत जीवन जिउनुपऱ्यो कि त बिम्ब प्रतीकको प्रयोग गरेर कविता लेख्नुपर्ने बाध्यता आयो । यस चरणमा २०५८ मा दरबार हत्याकाण्ड २०६१ माघ १९ गतेको सङ्कटकाल, २०६३।०६४ को जनआन्दोलन दुई, गणतन्त्रको घोषणा, संविधान सभाको चुनावले प्रगतिवादी कविता लेखनलाई ठुलो प्रभाव पारेको छ । यस चरणमा कविता लेख्ने कविहरूमा : रामचन्द्र भट्टराईका 'हृदयका फूलहरू' (२०४६), 'झिंगे माछो' (२०४७), 'सुखानीको रगत' (२०४९), महेश मास्केको 'भोकका कैदीहरूसित' (२०४६) आर.आर. चौलागाईको 'तुवालो भित्र र तुवालो बाहिर' (२०५४)

ईश्वरचन्द्र ज्ञवालीका 'हुरीका स्पन्दनहरू' (२०५२) 'यसरी देश मरिरहेछ' (२०५९) 'हाम्रो रातो यात्रा' (२०६३) 'आगोका शब्द बिम्ब' (२०६३), कृष्ण सेन ईच्छुकका 'इतिहासको यस घडीमा' (२०५४) 'बन्दी र चन्द्रागिरी' (२०५७) पूर्ण विरामको 'ऐ ! मेरा आदरणीय लेकाली फूल' (२०६४) पोषराज पौडेलका 'पागल प्रलाप' (२०५५) 'सहिदगाथा' (२०५७), 'आदर्श कोकिल' (२०६५) अनिल शर्माका 'मनका खालडहरू' (२०६०), 'अग्निपंक्षीका गीतहरू' गणेश भण्डारीको 'आस्थाको निहारिकाबाट' (२०६२) गङ्गा श्रेष्ठका 'म प्रतिध्रुवीय यात्रा' (२०५५) 'जूनको देशबाट'  (२०५७) 'एक्काइसौं शताब्दीका प्रमिथसहरू' (२०६३) हिरामणि दुःखीका 'परिभाषा' (२०६१) 'जून पस्किने यात्रामा' (२०६६) लोकेन्द्र विष्टको 'रगतको इतिहास' (२०६०) मणि थापाको 'बगिरहेको सुनकोशी' (२०५८) अमर गिरीको 'घाम छेक्ने पहाड' आदि हुन् । अन्य कविहरूमा वासुदेव अधिकारी, रामप्रसाद ज्ञवाली, जगत 'प्रक्षित', मधुसूदन गिरी, मित्रलाल पंज्ञानी, देवी नेपाल आदि देखिन्छन् । यस चरणका स्थानीय स्रष्टाहरूमा नन्दराम लम्साल, रेशम 'विरही,' गोपाल शर्मा अधिकारी, हरि तिमिल्सिना, इन्द्र भण्डारी, महेन्द्रप्रसाद गिरी, टीकाराम 'उदासी', नवीन 'विभास'आदि हुन ।

## २.८ निष्कर्ष

वि.सं. २००८ देखि सुरुवात भएको प्रगतिवादी कविता लेखन विभिन्न सामाजिक, राजनैतिक घटना परिघटनासँगै विभिन्न मोड र चरणहरू देखापर्दछन् । यिनै राजनैतिक घटनासँगै प्रगतिवादी कविता लेखनको उद्भव, विकास हुँदै अगाडि बढेको देखिन्छ । प्रथम चरण प्रगतिवादी कविता लेखनको आरम्भ चरण हो भने दोस्रो चरण पञ्चायती क्रुर शासनको अवस्था हो, तेस्रो चरण पञ्चायती शासनको अन्त्य र बहुदलीय शासन व्यवस्थाको चरण हो भने यस चरण समसामयिक तथा जनयुद्धकालीन समय हो । यस चरणका प्रगतिवादी कवितामा युद्धको विभीषिका, सन्त्रास, भय, आतङ्कलाई आत्मसात गर्दै प्रगतिवादी कविता अगाडि बढेको हो ।

मार्क्सवादी सौन्दर्यशास्त्रलाई आफ्नो मूल आधारभूमि बनाएर प्रगतिवादी कविता विभिन्न चरण पार गर्दै अगाडि बढेको छ । हाल आएर प्रगतिवादी कविताले नेपाली साहित्यको भण्डारलाई सम्मृद्ध र सम्पन्न बनाउन सफल भएको पाइन्छ ।

# परिच्छेद- तिन
# राप्तीका जनयुद्धकालीन कविताकृतिको सर्वेक्षण, सङ्कलन र वर्गीकरण

## ३.१ पृष्ठभूमि

मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत राप्ती अञ्चलमा रोल्पा, रुकुम, सल्यान, प्युठान, दाङ गरी पाँच जिल्ला रहेका छन् । प्राकृतिक भूबनोटका दृष्टिले अत्यन्त सुन्दर राप्ती अञ्चल सुरुमा प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारीका नामले नामाकरण भएको भए पनि पछि राप्ती नदीको नामले नामाकरण गरिएको हो ।

राप्ती बहुजाति, बहुभाषी र बहुसांस्कृतिक विविधतापूर्ण अञ्चल हो । उत्तरमध्यकालमा चौबिसे राज्य अन्तर्गत विभिन्न राज्यमा विभाजित राप्ती शैक्षिक चेतनाको अभावले गर्दा लेख्य कविताको सुरुवात वि.सं. १८९९ सालमा अज्ञात कविद्वारा रचित 'सिद्धगादी चरित्र' ...नै राप्ती क्षेत्रको प्रथम कविता हो ।[1] डेढसय वर्ष पार गरिसकेको राप्ती कविता लेखनको पृष्ठभूमि भने राप्ती अञ्चलमा प्रचलित लोकसाहित्य नै हो । राप्ती बहुजाति, बहुभाषीले गर्दा नै राप्ती लोकसाहित्यको धनी छ । यहाँ परापूर्वकालदेखि नै लोकगाथा, लोकनाटक, लोकगीत विभिन्न प्रकारका लोकनृत्य, धामी नाँच, पडेली, प्रचलित हुँदै आएका छन् । गन्धर्व जातिले सारङ्गी बजाउँदै विभिन्न कर्खा रच्दै गाउँदै हिड्ने राप्तीमा लोकगाथा, लोकपद्य, भजन, लोकगीतको पृष्ठभूमि हुँदै लेख्य कविताको विकास भएको पाइन्छ ।

अज्ञात कविबाट कविता लेखनको सुरुवात भएको राप्तीमा स्वर्गद्वारी महाप्रभुका नामबाट प्रसिद्ध रुन्टी (सल्यान) का नारायण क्षेत्री नै [2] पहिलो ज्ञात कवि हुन् । त्यस पछि मात्र ज्ञानको मुख्य केन्द्रका रूपमा परिचित वनारसमा पढ्न गएका राप्तीका विद्यार्थी कवितालेखनमा सक्रिय देखिन्छन् । यसै सिलसिलामा वि.सं. १९९३ सालदेखि वनारसबाट 'उदय' पत्रिका प्रकाशन हुन थाल्यो । यस पत्रिकाका प्रारम्भिक अङ्कदेखि नै राप्ती क्षेत्रका कवि लेखकका रचनाहरू देखापर्न थाल्छन् ।[3] वि.सं. २०१७ सालदेखि पद्मोदय पब्लिक हाइस्कुलको वार्षिक मुखपत्र 'ज्योत्स्ना' पत्रिकाको[4] प्रकाशनसँगै राप्तीमा स्थानीयस्तरबाटै पत्रिका र कवितासङ्ग्रह

---

१. मध्यपश्चिमका कविता- सम्पादन/प्रकाशन, काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, पृष्ठ १४२ ।

२. पूर्ववत्, १४७ ।

३. पूर्ववत्, पृष्ठ १३४ ।

४. पूर्ववत्, पृष्ठ १३६ ।

प्रकाशनको सुरुवात भयो । २०३४ सालमा नारायणप्रसाद शर्माको अध्यक्षतामा 'राप्ती साहित्य परिषद्' को गठनसँगै राप्ती क्षेत्रको साहित्य लेखनले अग्रसरता पाएको देखिन्छ ।

डेढसय वर्ष पार गरि सकेको राप्तीको कविता लेखनले विभिन्न मोडहरू पार गर्दै अगाडि बढिरहेको छ । राप्तीको कविता लेखन परम्परा विद्यार्थी अवस्थामा कविता लेख्ने रुचि धेरैले लिए पनि त्यसलाई सबैले निरन्तरता दिन सकेको पाइँदैन । यसरी राप्तीका कविता लेख्ने कविहरूमा नारायणप्रसाद शर्मा, नेत्रलाल 'अभागी', गिरीराज शर्मा, बलदेव मजगैयाँ, उत्तमकृष्ण मजगैयाँ, शुशील गौतम, गणेश 'विषम', अमर गिरी, कृष्ण सेन 'इच्छुक', डा. गोविन्द आचार्य, सूर्यनाथ सापकोटा, भागवत शर्मा, यज्ञबहादुर डाँगी, शरद देवकोटा, पद्मप्रसाद शर्मा, नेत्र 'एटम', के.एल. 'पीडित',हीरामणि दु; खी,रामप्रसाद जैसी, डा. कृष्णराज डी.सी., दमोदर 'बटुवा', मोतीलाल नेपाली, रमेश 'क्षितिज', समीर शाह, उषा हमाल, पूर्ण भण्डारी 'पङ्कज', टीकाराम 'उदासी', नवीन 'विभास', उदय जि.एम., सुरेन्द्रबहादुर शाह, मोहनविक्रम सिंह, मोहन वैद्य, ठाकुरप्रसाद आचार्य, मीनबहादुर विष्ट, मणि थापा, भावेश भुँवरी, भूपेन्द्र सुवेदी, नरेशजङ्ग राणा, कुलानन्द गिरी, खेमराज शर्मा, दीपक गौतम, नदीराम के.सी., गङ्गा बी.सी., हेमन्तप्रकाश वली आदि देखापर्दछन् ।

प्रारम्भिक चरणमा भक्ति, स्तुतीबाट सुरुवात भएको कविता लेखन स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, समसामयिक हुँदै राप्तीको कविता लेखन अगाडि बढेका पाइन्छ ।

## ३.२ युद्धपूर्वको अवस्था

'सिद्धगादी चरित्र' (१८९९) अज्ञात कविबाट सुरुवात भएको राप्तीका कविता लेखन सुरुमा भक्तिपरक, स्तुतीपरक, स्वच्छन्दतावादी हुँदै प्रगतिवादी कविता लेखनको सुरुवात भएको हो । क्रुर राणा शासनको बेला राप्ती अञ्चलको नजिकको शिक्षा केन्द्रका रूपमा परिचित वनारसका अध्ययन गर्न गएका विद्यार्थीबाट विशेष रूपमा कविता लेखनको क्रमलाई अगाडि बढाएको पाइन्छ । २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना २००७ सालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना कम्युनिस्ट पार्टीको स्थापनापछि त्यसको प्रभाव राप्तीमा पर्नु पी.वि. मल्ल (सल्यान) मोहनविक्रम सिंह जस्ता सक्रिय रूपमा सङ्गठन विस्तारमा लाग्नु २०१७ सालदेखि पञ्चायती व्यवस्थाको स्थापना हुनु, साथै स्थानीयस्तरबाटै पत्रिका र कवितासङ्ग्रहहरू प्रकाशित गर्ने कार्यको सुरुवात गरेको पाइन्छ । सुरुमा मोहनविक्रम सिंहले नै

प्रगतिवादी कविता लेखनको नेतृत्व गरेको पाइन्छ । मोहनविक्रम सिंहका 'इन्कलाब जिन्दावाद' (कवितासङ्ग्रह) 'गङ्गाकावेरी एक्सप्रेस (लामो-कविता) 'आदि विद्रोह' (खण्डकाव्य), 'तुफानको सङ्गीत' (कवितासङ्ग्रह), 'भिmमरुक नदी र चिबेचराको कथा' (खण्डकाव्य), 'युगनृत्य' (कवितासङ्ग्रह) प्रकाशित भएका छन् । त्यसै गरी नारायणप्रसाद शर्माका 'जेलदर्शन' (खण्डकाव्य), 'हिमाली रत्न'(खण्डकाव्य), 'अन्तर्द्वन्द्व तथा टेबिलगफ' (कवितासङ्ग्रह), नेत्रलाल 'अभागी' को 'सतीसाल मात्र ठिङ्ग उभिन सक्छ' (कवितासङ्ग्रह), मोहन वैद्यको 'लाहुरेको रहर' (खण्डकाव्य), गिरिराज शर्माको 'दाउरेनी'  (खण्डकाव्य) कृष्ण सेन 'इच्छुक'को 'शोकाञ्जली' (खण्डकाव्य) आदि जनयुद्ध पूर्वप्रकाशित प्रगतिवादी कविता कृति हुन् ।

वि.सं. २०४६ सालको जनआन्दोलनबाट तीसवर्षे पञ्चायती शासनको अन्त्य भएर देश बहुदलीय व्यवस्थामा प्रवेश गऱ्यो । जनताले वाक् स्वतन्त्रता प्राप्त गरे । कवि, साहित्यकारले स्वतन्त्रपूर्वक कलम चलाउन थाले । यो अवस्था धेरै लामो समयसम्म रहेन । २०४६ को आन्दोलन पछिको चुनावमा काँग्रेसले बहुमत ल्याएर सरकार बन्यो । आफूलाई महान् समाजवादी, राष्ट्रवादी मान्ने काँग्रेसले त्यसबेला राष्ट्रघाती टनकपुर सन्धि गऱ्यो । प्रजातन्त्रको हिमायती ठान्ने काँग्रेसले आफ्ना न्यायपूर्ण माग राखेर आन्दोलनमा उत्रिएका कर्मचारीलाई दमन गऱ्यो र मध्यावति चुनावको घोषणा गऱ्यो । चुनावमा एमालले बहुमत त ल्यायो तर स्पष्ट बहुमत नभएको कारण अल्पमतको सरकार बनायो, एमाले र काँग्रेस मिलेर अर्को राष्ट्रघाती सन्धि गरे महाकाली । महाकाली सन्धि पछि एमालेमा फुट आयो । मुलुक व्याप्त भ्रष्टाचार, कमिसन, खुलेआम तस्करी, सांसदको किनबेच, पजेरो संस्कृति, वामपन्थी सांसदमा देखिएको नैतिक सङ्कट, सुत्केरी भत्ता, रातो पासपोर्ट, महङ्गी अनेकौं काण्डले संसदीय व्यवस्थाको चरित्र स्पष्ट देखिएको थियो । बहुदलीय व्यवस्थाको प्राप्तिपछि सरकारको विभेदपूर्ण व्यवहार र अत्याधिक आशाका कारण जनता आक्रोशित बन्ने ।

तत्कालीन संयुक्त जनमोर्चा नेपालले राष्ट्रियता, जनतन्त्र, जनजीविकासँग सम्वद्ध ४१ सुत्रीय माग राखेर नेपाली काँग्रेसको सरकारलाई पूरा गराउन समय दियो । माग पूरा गर्नको साटो जनमोर्चामा लागेको नाममा दमन गर्न सुरु गऱ्यो । नेता, कार्यकर्ता र जनतालाई वारेन्ट काट्यो मुद्दा लगायो, गिरफ्तार गर्ने, यातना दिने काम देशव्यापी रूपमा भयो । यो क्रम राप्तीमा व्यापक भन्यो । पञ्चायतकालमै पञ्चायती विरोधी क्रियाकलाप गरेको नाममा चरम दमन भोगेको थवाङ र त्यसका आसपासका क्षेत्र बहुदलीय व्यवस्थापछि फेरी दमन, अत्याचार भोग्न विवश भए । यो क्रम राप्तीका रुकुम, सल्यान, दाङ प्युठान सम्म फैलियो ।

गरिबीले आक्रान्त राप्तीका जनताको जीविकोपार्जन गर्ने मुख्य आधार नै कृषि हो । दाङका केही भूभाग बाहेक सबै क्षेत्रका किसानलाई वर्षभरि उब्जाएको बालीले धौ, धौ, छ

महिना खान पुग्छ र छ महिना खानाका लागि यहाँका अधिकांश मान्छे भारत वा अन्यत्र जान बाध्य छन् । यही गरिबीको कारण राप्तीका पहाडी जिल्ला, शिक्षा, स्वास्थ्य, रोजगारको चरममार भोगिरहेका छन् । राज्यले पञ्चायती व्यवस्थाबाटै गरेको सौताको व्यवहार, आर्थिक रूपमा जर्जर अवस्था भोगिरह्यो । यही शोषण, दमन, उत्पीडन, गरिबी, असमानता, अन्याय, अत्याचारबाट मुक्ति, सर्वहारा वर्गको सुदिनका लागि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को जन्म भयो र त्यसैले २०५२ फाल्गुण १ गतेदेखि दीर्घकालीन जनयुद्धको घोषणा गऱ्यो ।

जनयुद्धले गाउँ रहेका छोटे सामन्त, अन्याय, अत्याचारका विरुद्ध मात्र बन्दुक उठाएन, जनयुद्धले जनचेतना पनि जगायो र थुप्रै युद्धमा सहभागी योद्धालाई कलम तिखार्न पनि सिकायो । त्यसैको प्रतिफल कविताकृति मार्फत बाहिर आयो जनयुद्ध । यही जनयुद्धले थुप्रै कवि र कविता कृतिहरू जन्मायो जसलाई मोटोमोटी सर्वेक्षणात्मक रूपमा तल प्रस्तुत गरिन्छ ।

| क.सं. | कवितासङ्ग्रह | कविको नाम/थर | विधा | ठेगाना | जन्म | प्रकाशक | प्रकाशित मिति | जम्मा कविता | पृष्ठ | मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | तिम्रो हत्यापछि | यज्ञबहादुर डाँगी | कविता | घोराही न.पा., सेवार, दाङ | २०१०।११।२७ | थारूवान राज्य समिति अ.ने. लेखक सङ्घ | २०६५ | ३५ | ६६ | २५ |
| २. | इतिहासको यस घडीमा | कृष्ण सेन 'इच्छुक' | कविता | देहरादुन भारत, कर्मथलो- दाङ | २०१३।०७।०३ २०५९।०३।०६ (मृत्यु) | इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं | २०६५ | ३१ | १०१ | १०० |
| ३. | बन्दी आवाज | कृष्ण सेन 'इच्छुक' | कविता | - | - | इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं | २०६५ | ३५ | | १०० |
| ४. | बन्दी र चन्द्रागिरि | कृष्ण सेन 'इच्छुक' | खण्ड काव्य | - | - | इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं | २०५७ दो.सं. २०६४ | ९ खण्ड | ५६ | ६० |
| ५. | विद्रोहको युग | धनेश्वर पोखेल | कविता | खैराङ प्युठान | २०१४।१०।११ | संयुक्त क्रान्तिकारी जनपरिषद् ,प्युठान | २०६३ | ३० वटा | ८० | २० |
| ६. | बगिरहेको सुनकोशी | मणि थापा | कविता | धर्मावती, प्युठान | २०१८ | दो. सं. विवेक सिर्जनशील प्रकाशन प्रा.लि. | २०५८।०६५ दो.सं. | ३० वटा | ८० | ६० |
| ७. | रगतको इतिहास<br>ओ !मेरा लालीगुराँसहरू | लोकेन्द्र विष्ट मगर 'अभ्यास' | कविता | मुरु १, रुकुम | २०२१।०५।२५ | अ.ने.ज.मा. सङ्घ, वाग्मती नारायणी क्षेत्रीय समन्वय समिति काठमाडौं<br>अलिमिया लोक वाङ्मय प्रतिष्ठान पोखरा | २०६०<br>२०६५ | ५५<br>७३ | १०३<br>१३० | ३०<br>५० |
| ८ | जून पस्किने यात्रामा | हीरामणि दुःखी | कविता | राजवास दाङ | २०२५।०३।१४ | एकीकृत अ.ज.मा.के.स. | २०६५ | २४ | ७० | ५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | इतिहासको कटघराबाट | गुलाफ मगर | कविता | जङ्कोट ४, रोल्पा | २०३१।०२।२५ | अ.ने.ज.मा.शाखा, रोल्पा | २०६३ | ४४ | ९२ | ४० |
| १० | जलजलाको नूतन सन्देश | पुरण क्षेत्र | कविता | जङकोट, रोल्पा | २०३७।०३।०८ | अ.ने.ज. सङ्घ, केन्द्रीय आधार इलाका | २०६३ | ५२ | ९४ | ३३ |
| ११ | सङ्घर्षका डोबहरू | गणेश शाही 'प्रतिक' | कविता | कालागाउँ २, सल्यान | २०३९।११।२४ | अ.ने.लेखक सङ्घ थारूवान राज्य समिति | २०६५ | ३९ | ७० | ५० |
| १२ | घाम उदाएको देश | ऋषिराम खड्का 'निर्मान' | कविता | अर्मा ९, रुकुम | २०४३।०८।१३ | दीर्घस्मृति ब्रिगेड जनमुक्ति सेना नेपाल | २०६६ | ३० | ६४ | ५० |
| १३ | क्रान्तिको लम्बे यात्राबाट | कल्पना बुढाथोकी | कविता | कालागाउँ ७ नेटा, सल्यान | २०४३।१०।१० | मित्रमणि बुढाथोकी | | २५ | ३९ | २० |
| १४ | राता फूलहरू | वीरबहादुर के.सी. | कविता | पाखापानी ७, रोल्पा | २०२७।०५।०१ | अ.ने.ज. सङ्घ, राप्ती क्षेत्र | २०६३ | ३१ | ७६ | ३० |
| १५ | आस्थाका पर्खालहरू | जीतमान पुन मगर | कविता | काक्री ४, रुकुम | २०३१ मङ्सीर | | २०६२ | ५२ | ११८ | |
| १६ | आस्थाका पर्खालहरू | बृन्द क्षितिज मगर | कविता | जेलवाङ ४, रोल्पा | २०३५।०९।१५ | | | ५२ | ११८ | |

## ३.३ राप्तीका जनयुद्धकालीन कवि र कविताकृतिको परिचय

### ३.३.१ कवि कृष्ण सेन 'इच्छुक' र उनका कविताकृति

जनयुद्धका महान् कवि कृष्णसेन इच्छुक को जन्म वि.स. २०१३ साल कार्तिक ३ गते बुबा यमबहादुर सेन र आमा भीमकुमारी सेनको कोखमा भारतको देहरादुनमा भएको हो । बुवा यमबहादुर सेन भारतीय सेनामा कार्यरत हुँदा उनको जन्म देहरादुनमा भएको हो । उनको पुर्ख्योली थलो प्युठानको भिङ्ग्री भए पनि स्थायी बसोबास दाङ भालुवाङ बाजारको पूर्व आर्घाखाँची जिल्लाको साताभारा भए पनि उनको कार्य क्षेत्र भने दाङ नै हो । उनले बाल्यकाल दाङ देउखुरी बितेका थिए भने आफू पढने दाङकै लालमटिया स्कुलको साहित्यक वातावरणबाट प्रेरणा प्राप्त गरेर सेन साहित्य तर्फ  आकर्षित भएका थिए । २०३२ सालमा एस.एल.सी उत्तिर्ण गरे पछि दाङ कोइलावासमा रहेको साल्ट ट्रेडिङ कार्यालयमा जागिर सुरु गरेका सेनले भातरको बनारसबाट आई.ए. र महेन्द्र बहुमुखी क्याम्पस दाङबाट बि.ए. पास गरी एम.ए. सम्मको अध्ययन गरेका थिए । २०३९ बैशाख ११ गते क्याम्पस भित्रैबाट पक्राउ परेका सेन शान्ति सुरक्षा ऐन अर्न्तगत हरेक ९–९ महिनामा रिहा गरेको कागज गराउँदै ५ वर्ष तीन महिना दाङको जेलमा बस्न बाध्य भए । जेलबाट २०४४ मा रिहा भए पछि अनेरास्ववियुको केन्द्रीय संयोजक ,२०४७ सालमा राप्ती क्षेत्रको तत्कालीन ने.क.पा (मशाल) को पार्टी सचिव २०४८ को एकता राष्ट्रिय सम्मेलनमा केन्दीय सदस्य बनाउने पार्टीको योजना अस्वीकार गर्ने सेन सहिद हुनु पूर्व ने.क.पा. (माओवादी ) को उपत्यका क्षेत्रीय व्युरो सदस्य थिए ।

'जनादेश' साप्ताहिक 'जनदिशा' दैनिक 'कलम' साहित्यक त्रैमासिकका सम्पादक सेन दाङका नारायणप्रसाद शर्माको विशेष प्रभावले साहित्यतर्फ आकर्षित थिए । उनका 'शोकान्जलि' (लेखन २०४२ जेलमै प्रकाशन २०४८ ) 'इतिहासको यस घडीमा '(२०५६) 'बन्दी र चन्द्रागिरी (२०५८) 'बन्दी आवाज ' (इच्छुक रचनावली भाग २ मा सङ्गृहीत २०६५ ) कवितासङ्ग्रह प्रकाशित छन् ।२०५८ सालमा साहित्य सन्ध्या पुरस्कारबाट सम्मानित सेन वि.स. २०५६ बैशाख ६ गते काठमाडौं उपत्यका नजिक रहेको भट्टेडाँडा प्रहरी चौकीमा माओवादी छापामारले गरेको आक्रमणलाई पत्रिकामा समाचार सम्प्रेषण गरे वापत गैरकानुनी रूपमा बिना पुर्जी भद्रगोल जेलमा राखी पछि षडयन्त्रपूर्वक खरखजाना तथा हातहतियार सम्बन्धि मुद्दालगाई सिराहा जेल सरुवा र २०५७ चैत्र २ गते रिहा पुन २०५९ जेठ ६ गते पक्राउ गरी निर्ममता पूर्वक महेन्द्र पुलिस क्लब भित्र २०५९ जेठ १३ गते हत्या गरिएको मानिन्छ । आफ्ना विचार र आस्थामा कटिबद्ध भएका नाममा सरकारद्धारा सेनलाई निर्ममपूर्वक हत्या गरियो । उनको हत्या पछि ने.क.पा. (माओवादी ) ले उनलाई महान् सांस्कृतिक सहिदका रूपमा सम्मान गरेको छ ।

२०६० भदौ देखि 'कृष्ण सेन अनलाईन ' २०६२ सालमा 'कृष्ण सेन स्मृति ब्रिगेड ' निर्माण गरेको छ । कृष्ण सेन पत्रकार, नेता, र कविको रूपमा परिचित जनयुद्धका महान् कवि र महान् सांस्कृतिक सहिद हुन । ईश्वरचन्द्र ज्ञावलीले भने झैं क्रिस्टोफर कडवेल, राल्फ फक्स, अवतार सिहं, पाश, सफदर हामसी , जुलियस फ्युजिक जस्तै विश्वका उच्च कोटिका स्रष्टा हुन् सेन । उनका कवितामा वर्गसङ्घर्षको कलात्मक अभिव्यक्ति, राष्ट्रिय स्वाधिनता र सम्मान, अन्तर्राष्ट्रवादी वर्गचेतना, सचेत परिष्कार, बाल स्नेह, जनयुद्धमा वीरता,शौर्य र बलिदानप्रति उच्च सम्मान,जेल जीवनका अनुभव अनुभूति आदि कवितागत प्रवृत्ति पाइन्छन् । यस शोधमा 'इच्छक'को 'इतिहासको यस घडीमा','बन्दी र चन्द्रागिरि', र 'बन्दी आवाज' कविताकृतिको विश्लेषण गरिने छ ।

### ३.३.२ कवि मणि थापा र उनका कविताकृति

जनकलाकारका रूपमा जनताको घरदैलोमा गितार, हारमोनियम, मादल बजाउँदै गीत गाउँदै नाच्दै हिड्ने कवि मणि थापाको जन्म वि. सं. २०१८ सालमा प्युठानको धर्मावती–३ गेजवाङमा बाबु रामचन्द्र थापा आमा ज्ञानुमाया थापाको जेठो छोराको रूपमा भएको हो । सानैदेखि अन्याय, अत्याचार, शोषणको विरोध गर्ने थापा सानैदेखि गीत सङ्गीतप्रति पनि आकर्षित थिए । ल क्याम्पस काठमाडौंमा अध्ययन गरिरहेको बेला २०३५ सालदेखि कलाकारिता र विद्यार्थीबाट राजनीति सुरुवात गरेका थापाले कानुनमा स्नातक गरेकाछन् । २०५७ सालदेखि ने. क. पा. (माओवादी) को पोलिट व्युरो सदस्य, २०६० सालमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय अध्यक्ष भएका थापा हाल क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव छन् । फुट नै कम्युनिष्टहरूको विशेषता ठान्ने थापाका 'फोकल्याण्डको टापुबाट' (२०५१) गीतिसङ्ग्रह, 'गङ्गा काबेरी एक्सप्रेसलाई चिठी' (२०४२), 'गङ्गा काबेरी दुई' (२०६१), 'बगिरहेको सुनकोशी', कवितासङ्ग्रह 'गाथा' गीति एल्बम, 'दसगजा', फिल्ममा गीत सङ्गीत गरेका थापाका विभिन्न पत्रपत्रिकामा लेख रचना प्रकाशित गर्ने थापाका जनयुद्धकालीन परिवेशको चित्रण, बलिदानप्रति उच्च सम्मान, आस्थाप्रति निष्ठावान, ग्रामीण समाजको यथार्थ चित्रण नै  उनका कवितागत प्रवृत्ति हुन् । यस शोधमा उनको 'बगिरहेको सुनकोशी' कविताकृतिको मात्र विश्लेण गरिने छ ।

### ३.३.३ कवि लोकेन्द्र विष्ट मगर र उनका कविताकृति

जीवनलाई अत्यन्त सुन्दर देख्ने कवि लोकेन्द्र विष्ट मगर 'अभ्यास ' को जन्म वि. सं. २०२१ भाद्र २५ गते मुरु १, धौलावाङ, रुकुममा भएको हो । एस. एल. सी. समम अध्ययन

गरेका विष्टले कक्षा ७।८ पढ्दादेखि नै कविता लेखनप्रति मोह जागेको पाइन्छ । २०३७ सालमा विद्यार्थी सङ्गठनमा आबद्ध भएपछि मार्क्सवादी दर्शन र राजनीति बुझ्दै जादा राजनीति र साहित्य एक अर्काका पुरक भएको बुझेपछि म्यक्सिम गोर्की, निकोलाई आस्त्रोबस्की, याङ मोकोका कृतिहरू पढेका विष्टले प्रगतिवादी सौनदर्यशास्त्री चैतन्य वरिष्ट कवि कृष्ण सेन 'इच्छुक' गोकुलप्रसाद जोशीका रचनाबाट प्रेरणा र उत्साह प्राप्त गरेका छन् ।

नेपाल र भारतमा गरी करिब १० वर्ष जेल जीवन बिताएका मगरको जेल जीवन नै कविता लेखनको उर्वर समय भयो । मगरले रुकुम जेल बस्दा कवितासङ्ग्रह निकाल्ने कोसिस गरे पनि प्रकाशनलाई पठाएको पैसा र रचना हराएपछि उनको पहिलो कवितासङ्ग्रह वि. सं. २०६० मा 'रगतको इतिहास' र दोस्रो 'ओ ! मेरा सुन्दर लालीगुराँसहरू' वि. सं. २०६५ मा प्रकाशित भए । 'देशको माया हुनेहरू' (२०६५) गीति चक्का सार्वजनिक गरेका विष्टका विभिन्न पत्र पत्रिकामा थुप्रै फुटकर गीत कविता मुक्तक लेखरचनाहरू प्रकाशित छन् ।

२०३७ सालदेखि विद्यार्थी राजनीतिको सुरुवात गरेका विष्टले २०५१ सालदेखि ने. क. पा. (माओवादी) को के. स. स., २०६१ देखि चुनवाङ वैठक सम्म केन्द्रीय समिति पोलिटब्युरो सदस्य, २०६३ माघ देखि २०६५ जेठ १४ गते सम्म अन्तरिम व्यवस्थापिका सदस्य, २०६५ जेठ १५ देखि संविधान सभा सदस्य रहेका विष्टका राजनीति र साहित्य दुई महत्वपूर्ण व्यक्तित्व देखिन्छ । विद्रोहचेत, जेलजीवनका अनुभव अनुभूति, नेपाली जनताको दुःखपीडाको यथार्थ चित्रण, बलिदानप्रति उच्च सम्मान, मानव अधिकार र स्वतन्त्रता आदि नै मगरका कवितागत प्रवृत्ति हुन् । यस शोधमा ‘रगतको इतिहास’ र ‘ओ मेरा सुन्दर लालीगुराँसहरू’ कविताकृतिको विश्लेषण गरिने छ ।

### ३.३.४ कवि जितमान पुन मगर र कवि बृन्द क्षितिज मगर र उनका कविताकृति

जनयुद्धको उद्‌गम थलोको रूपमा परिचित  जिल्ला रुकम काकीमा वि.स.२०३१ मङ्सिरमा जन्मएका कवि जितमान पुन मगर र जेलवाङ ४ रोल्पामा वि.स. २०३५ पुस १५ जन्मिएका बृन्द क्षितिज मगर मूलतः कृषि पेसामा संलग्न व्यक्ति हुन । किसानबाट जनयुद्ध संलग्न द्वय योद्धा कुसल छपामार हुन । जनयुद्धले द्वय योद्धालाई बन्दुक र बारुदसँग मात्र खेल्न सिकाएन कलम र शब्दसँग पनि खेल्न सिकायो । युद्धमा प्रवेशसँगै कविता पढन र लेखन कार्यमा उत्सुक र जिज्ञासु कवि द्वय कृष्ण सेन 'इच्छुक' पूर्ण विराम, गङ्गा श्रेष्ठबाट अत्यन्त प्रभावित छन् ।

युद्धकाल साह्रै निर्मम भएको हुदा कवि द्वय कविता कति डम्पिङमा कुहिए, कति झोलासँग खोसिए र कति प्राविधिक विस्फोटमा जले उनीहरूका कविता जसरी नष्ट भएपनि

उनीहरूको सिर्जना गर्ने क्षमता भने कसैले नष्ट गर्न सकेनन् त्यसको प्रतिफलस्वरूप कविद्वयको कविता सङ्ग्रह प्रकाशित भयो 'आस्थाका पर्खालहरू '। कवि द्वयका विद्रोहचेत, बलिदानप्रति उच्च भावना, सुन्दर भविष्यप्रति मिठो आशा, जातीय उत्पीडन, राष्ट्रप्रेम, वर्ग दुश्मनप्रति घृणा र आक्रोश आदि कवितागत प्रवृत्ति हुन् ।

### ३.३.५ कवि पुरण क्षेत्री र उनका कविताकृति

आधार इलाका रूपमा परिचित जसलाई येनान वस्तीको रूपमा तुलना गरिन्छ त्यही वस्तीमा जन्मिएको कवि हुन पुरण क्षेत्री । वि. सं. २०३७ असाढ ८ गते जङकोट रोल्पामा जन्मिएका क्षेत्री औपचारिक रूपमा सामान्य अध्यापन गरेका भएता पनि वर्गसङघर्षको विश्वविद्यालयमा गहन र उच्च शिक्षा हासिल गरेका छन् ।

जनयुद्धका कुशल छापामार क्षेत्री जो देश, आफ्नो वर्ग, र मानवताका लागि प्रतिवद्ध इमान्दार योद्धा हुन् । उनी आफ्नो देश र जनताको नाममा वलि चढन पनि पछि पर्दैनन् । मार्क्सवादी सिद्धान्तमा आफ्नो जीवन लैस गराउन उद्धत क्षेत्री महासमरको मोर्चामा आफूलाई सम्लग्न बनाउदै उक्त समरका जे भोगे, जे देखे, जे सोचे ती घटनाक्रमलाई दर्ता गर्दै जादा एउटा कवितासङ्ग्रह तयार पारे जुन आज पाठक समक्ष आउन सफल भएको छ । जनयुद्धमा बन्दुक र बारुदसँग मात्र खेलेनन् क्षेत्रीले कलम र शब्दसँग पनि खेले त्यसकै प्रतिफल हुन् उनका कविताहरू र 'जलनलाको नूतन सन्देश' पनि । उनका कवितामा विद्रोहचेत ,बलिदानप्रति उच्च सम्मान, वर्गदुश्मनप्रति घृणा र आक्रोश, राष्ट्र प्रेम, कवितागत प्रवृत्ति पाइन्छन् ।

### ३.३.६ कवि गुलाफ मगर र उनका कविताकृति

जनयुद्धको उद्‌गम थलोको रूपमा परिचत रोल्पामा वि. सं. २०३१ जेष्ठ २५ जङकोट–४ नाङदुङमा बुबा देवीराज घर्ती मगर आमा तृष्णा घर्ती मगरको कोखमा जन्मिएका गुलाफ मगर अर्थात चित्रम घर्ती मगर औपचारिक रूपमा सामान्य अध्ययन गरि वर्गसङ्घर्षको विश्वविद्यालयमा गहन र उच्च शिक्षा लिन सफल व्यक्ति हुन ।

बाल्यकाल देखि कलाकारिता क्षेत्रमा लागेको मगर राम्रा खेलाडी पनि हुन् । जनयुद्धको पूर्वसन्ध्यामा रोल्पा रुकुमका ग्रामीण वस्तीमा जनताका गीत गाउँदै जनताका ढुकुढुकी बन्न सफल संस्कृति कर्मी एवम् कुशल सङ्गठकको रूपमा परिचित गुलाफ मगर जनयुद्धको घोषणसँगै छापामार सदस्य भए । उनी कुशल छापामार हुदै कमण्डार समेत बने । युद्धमोर्चामा कविता कोर्ने, गीत गाउँने, अभिनय गर्ने मात्र नभइ एउटा हातमा बन्दुक र अर्को हातमा

सारङ्गी भिरेर जनता माझ पुग्ने गुलाफ २०५७ को पिमकाटिया जाजरकोट मोर्चामा देब्रेहात गुमाएका थिए । अदम्य शहास र उत्साहले भरिपूर्ण गुलाफ मगर घाइते तथा अपाङ्ग योद्धा सङ्घका केन्द्रीय सदस्य एवम् अखिल नेपाल जनसांस्कृति महासङ्घ राप्ती क्षेत्रका सदस्य पनि छन् । उनका विभिन्न पत्र पत्रिकामा कविताका अलावा लेख संस्मरणहरू प्रकाशित छन् । उनका कवितामा विद्रोहचेत, बलिदानप्रति उच्च सम्मान, देश प्रेम, भविष्यप्रति आशा, साम्राज्यवादप्रति आक्रोश, आदि कवितागत प्रवृत्ति पाइन्छन् ।

### ३.३.७ कवि धनेश्वर पोखेल र उनका कविताकृति

खेरो क्रान्तिकारी व्यक्तित्व भएका धनेश्वर पोखेल कम्युनिस्ट जन्माउने जिल्लाका रूपमा परिचित प्युठान, खैरा- ८ मा वि.सं. २०१४ माघ १० गतेका दिन बाबु बामदेव पोखेल र आमा कलादेवी पोखेलको काखमा भएको थियो । दाजु लीलामणि पोखेलको राजनीतिबाट प्रभावित धनेश्वर सानैदेखि लु-सुन र गोर्कीका रचना पढेर मार्क्सवादतिर आकर्षित भएका थिए । प्रविणता प्रमाणपत्र तहसम्म औपचारिक अध्ययन गरेका पोखेलले वर्गसङ्घर्षको विश्वविद्यालयमा गहन अध्ययन गरेका छन् । २०३१ सालबाट कम्युनिस्ट सदस्यता लिएका पोखेलको २०३३ सालमा पहिलो कविता प्रकाशित भएको थियो । रोल्पा थवाङमा शिक्षण पेसामा संलग्न पोखेल २०३६।०३७ को आन्दोलनसँगै जेल परेका पोखेल कृष्ण सेन 'इच्छुक', मोहन वैद्य 'किरण'बाट प्रभावित छन् ।

२०३७ सालमा जेल परेपछि जेलमै लेखिएको 'जेल सङ्घर्षको सुसेली' कृति छाप्न नपाउँदै हरायो भने २०५४ साल सम्मका रचना डम्पिङमै कुहिएर नष्ट भयो भने २०५८ देखि यताका कविताहरू सङ्गृहीत गरेर प्रकाशित कवितासङ्ग्रह 'विद्रोहको युग' का स्रष्टा धनेश्वर आफूलाई कवि भन्दा राजनीतिकर्मीका रूपमा चिनाउने गर्छन् । पोखलका कवितामा विद्रोहचेत, बलिदानप्रति उच्च भावना, वर्गदुश्मनप्रति घृणा र आक्रोश, जातीय उत्पीडनको विरोध आदि कवितागत प्रवृत्ति पाइन्छन् ।

### ३.३.८ कवि वीरबहादुर के.सी. र उनका कविताकृति

जनयुद्धको उद्गम थलोको रूपमा परिचित रोल्पा जसले थुप्रै बलिदानीको कोटा पूरा गऱ्यो । जनयुद्धले लडाकु, नेता मात्रै नभई क्रान्तिकारी स्रष्टाको पनि जन्म दियो । ती क्रान्ति स्रष्टा हुन वीरबहादुर के.सी. । पाखापानी-७, मुर्चुला रोल्पामा जन्मेर राजनीति शास्त्रमा स्नातक गरेका के.सी.ले वर्ग सङ्घर्षको विश्वविद्यालयबाट गहन अनौपचारिक शिक्षा आर्जन गरेका छन् ।

जनयुद्ध पूर्व झुटा मुद्दा लगाएर क्रान्तिकारी विचार मार्न क्रियाशिल तत्कालीन सरकारले जनयुद्ध भएको बेला के.सी. लाई १२ वर्ष जेल हाल्यो । उनले कति कोर्रा खाए कति मानसिक यातना खाए त्यसको गणना भएन । उनी थुप्रै जेल सरुवा पनि भए । उनीले जेलभित्रै क्रान्ति गरे । जेलभित्रै भएको बेला आफ्नी धर्मपत्नी गुमाए । जेल भित्रै कविता सिर्जना गरे । जेलभित्र  क्रान्तिकारी कविता सिर्जना गर्नु र पटकपटक जेल सरुवा गर्नु साह्है कठीन काम हो । त्यही कठीन कामका बाबजुद पनि उनले कविता खोसीदा, हराउँदा दुःख नमानेर कविता सिर्जना गर्दै गए जसको बाबजुद 'राता फूलहरू' जेल अनुभूति लिएर पाठक सामु आउन सफल भए । उनका कवितामा क्रन्तिचेत,जातीय उत्पीडनको विरोध, बलिदानप्रति उच्च सम्मान, राष्ट्रप्रेम, जेल जीवनका अनुभूति,आदि कवितागत प्रवृत्ति पाइन्छन् ।

### ३.३.९ कवि यज्ञबहादुर डाँगी र उनका कविताकृति

मार्क्सवादी सौन्दर्यशास्त्रका अध्ययता कवि यज्ञबहादुर डाँगी जन्म २०1० फागुन २७ गतेका दिन पिता इन्द्रबहादुर डाँगी आमा टीकाकुमारी डाँगीको कोखमा घोराही नगरपालिका दाङमा भएको थियो । प्रगतिवादी धारमा आफूलाई उभ्याएर समाजको बारेमा सोच्ने र समाजकाबारे लेख्ने कवि डाँगी २०३० सालदेखि निरन्तर देश र  जनताका पक्षमा कलम चलाउँदै क्रन्तिको तीब्र चाहना राख्ने कवि डाँगीले अफ्रिकी कवि डेनिस ब्रुटसको अभिव्यक्तिप्रति सहमति राख्दै "निःसन्देश म राजनीतिक कविता लेख्छु ।" भन्दै मार्क्सवादी कित्तामा उभिएर आफ्नो वर्ग पक्षधातालाई उच्चो राख्न कसरत गरेका छन् ।

जातीय  उत्पीडन, अन्याय, अत्याचार, शोषण, दमनका विरुद्ध स्वस्थ, समुन्नत, समानताको नेपाल निर्माण गर्न घोषित दीर्घकालीन जनयुद्धमा प्रत्यक्ष संलग्न कवि डाँगी आफूले देखेका, भोगेका, जनसमुदायको त्याग, वीरता, बलिदान, उदात्त भव्य र सुन्दर आदर्शलाई कवितामा सिर्जना गर्दै "कविता लेख्नु भनेको जनसमुदायको प्रवक्ता बनेर आफ्नो कलात्मक अभिव्यक्तिलाई जनसमुदायबाट लिएर जनसमुदायलाई दिने विशेष विधि" ठान्ने डाँगी प्रगतिवादी कविता लेखनमा आफ्नो स्थान राष्ट्रिय रूपमा सुरक्षित गर्न सफल भएका छन् । उनका कवितामा विद्रोहचेत बलिदानप्रति उच्च भावना, जातीय उत्पीडनको विरोध,वर्गदुश्मनप्रति घृणा जस्ता कवितागत प्रवृत्ति देखिन्छन् ।

### ३.३.१० कवि गणेश शाही 'प्रतिक र उनका कविताकृति

क्रान्तिको उर्वर भूमिका रूपमा परिचित कालागाउँ २ सल्यानमा वि. सं. २०३९ फाल्गुन २४ गते बाबु नरबहादुर शाही र आमा विष्णुकुमारी शाहीको कोखमा जन्मिएका गणेश

शाही 'प्रतीक' को सानै देखि विद्रोही र क्रान्तिकारी स्वभाव रहेको पाइन्छ । २०५२ फाल्गुण १ गते नेकपा (माओवादी) ले आम शोषित, पीडित, सर्वहारा नेपाली जनताको मुक्तिको लागि दीर्घकालीन जनयुद्धको घोषणा गरेपछि गाउँ, समाज, विद्यालयमा हुने प्रशिक्षण र जनयुद्धका गतिविधिबाट प्रभावित भएर निम्न माध्यमिक तहको अध्ययनकै क्रमबाट विद्यार्थी राजनीति सुरु गरेका गणेश शाही 'प्रतीक' ले लामो समय सम्म विद्यार्थीहरूको हक, हित र अधिकारको विषयलाइ लिएर विद्यार्थी राजनीति गरे । दुई दुईपटक अखिल (क्रान्तिकारी) सल्यान जिल्ला समितिका अध्यक्ष भई जनमुक्ति सेना नेपालको कम्पनी कमिसार समेत भएका गणेश शाही 'प्रतीक' ले वाईसिएल केन्द्रीय सदस्यको रूपमा आफ्नो राजनीतिक गतिविधि अगाडि बढाइरहेका छन् । अखिल नेपाल लेखक सङ्घ जिल्ला समिति दाङका सचिव समेत भई काम गरेका गणेश शाही 'प्रतीक' ले नेपाली जनताले नारकीय जीवनका विरुद्ध सङ्घर्ष गर्नु परेको र यही सङ्घर्ष गर्दा आफूले भोगेका अनुभव र अनुभूतिलाई शब्दका माध्यमबाट कवितामा उतार्ने 'प्रतीक'का कवितामा विद्रोहचेत, राष्ट्रिय स्वाधिनता र राष्ट्रप्रेम, उत्पीडनको विरोध, भविष्यप्रति आशा, बलिदानप्रति उच्च सम्मान जस्ता कविताागत प्रवृत्ति पाइन्छन् ।

### ३.३.११ कवि हिरामणि दुःखी र उनका कविताकृति

कला र क्रान्तिको सौन्दर्यलाई एकीकृत रूपमा सिर्जना गर्ने कवि हीरामणि दुःखी साजवास दाङमा वि.सं. २०२५ असार १४ गते बाबु देवीराम पौडेल र आमा लक्ष्मीदेवी पौडेलको कोखमा जन्मिएका कवि दुःखी २०४१ साल तिरबाटै गीत ,कविता लेखक को फाँटमा देखा परेका हुन ।

कविता र कथा लेखनमा देखापरेका दुःखीले कला साहित्य , सांस्कृतिक लेख राजनीतिक लेखका साथै समालोचना/समीक्षा पनि लेखेका छन् । उनी कवि मात्र नभई कुशल पत्रकार पनि हुन् । उनले 'जनादेश', 'नौलो जनउभार', 'कलम', 'पहल', 'नवचेतना','दायित्वबोध' आदि थुप्रै साप्ताहिक र मासिक पत्रिका को सम्पादन समेत गरेका छन् ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय कोषाध्यक्ष, अखिल नेपाल लेखक सङ्घको केन्द्रीय महासचिव, क्रान्तिकारी पत्रकार सङ्घको केन्द्रीय सचिव, एनेकपा (माओवादी) को मगरात राज्य समिति सचिवालय सदस्य दुःखीले विभिन्न सङ्घ सङ्गठनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । दुःखी का 'परिभाषा' (२०६०) 'जून पस्किने यात्रामा' (२०६५) दुई कवितासङ्ग्रह प्रकाशित छन् ।

जनयुद्धको यथार्थलाई कवितात्मक प्रतिबिम्बन गर्ने दुःखी वर्गीय मुक्ति समानता,स्वतन्त्रता , समुन्नत नयाँ नेपालको लागि जीवन आहूति दिन तयार हुँदै अन्याय, अत्याचार, शोषण, वर्गीय असमानता विभेद, शासकीय उत्पीडनको विरुद्धमा विद्रोहको स्वर दिदैं त्यस विद्रोहको यथार्थ चित्रण गर्ने कवि हुन् । उनका कवितामा विद्रोहचेत, राष्ट्रप्रेम, भविश्यप्रति आशा, समसामयिक यथार्थको चित्रण, बलिदानप्रति उच्च सम्मान,आदि कवितागत प्रवृत्ति पाइन्छन् । यस शोधमा कवि दुःखीको 'जून पस्किने यात्रामा' कविताकृतिको मात्र विश्लेषण गरिने छ ।

### ३.३.१२ कवि ऋषिराम खड्का र उनका कविताकृति

जनयुद्धको उर्वर भूमिका रूपमा परिचित जिल्ला हो रुकुम । यही रुकुमको उर्मा - ९ काँडामा वि.सं.२०४३ मङ्सिर १३ गते बुबा लोकसिंह खड्का आमा इन्द्रकला खड्काको कोखमा जन्मिएका कवि ऋषिराम खड्का 'निर्माण' महान् जनयुद्धका मुक्तियोद्धा हुन् ।

बन्दुक र बारुद खेलाउँदा खेलाउँदै कलम समात्न सिकेका खड्काले जनयुद्ध लड्दाका, भोग्दाका तिता, मिठा अनुभव अनुभूतिलाई कविता मार्फत उतार्ने क्रममा एउटा कवितासङ्ग्रह 'घाम उदाएको देश' दिन सफल भएका छन् । उनले जनयुद्धका लड्दाका अनुभव कवितामा मात्रै व्यक्त गरेका छैनन् उनले युद्धका संस्मरण पनि लेख्ने काम गरेकाछन् जुन प्रकाशोन्मुख छन् र विभिन्न पत्र पत्रिकामा प्रकाशित छन् ।

जनमुक्ति सेनामा कार्यरत खड्का जसले सर्वहाराको मुक्तिको लागि जीवनलाई बाजी लगाएर लडाई पनि लडे, क्रान्तिका गीत गाए र क्रान्तिकारी कविता पनि लेखे । जनयुद्धमा आफूलाई इमान्दार क्रान्तिकारी सिपाइको रूपमा पेश गर्दै देशको माटोप्रति अगाध प्रेम, त्याग र निष्ठा भएको यथार्थ कविताबाट व्यक्त गर्ने काम गरे कवि खड्काले ।

राष्ट्रिय स्वाधिनता र देशभक्तिपूर्ण भावना, क्रान्ति चेत, युद्ध त्रासदीको चित्रण, सुन्दर देश निर्माणप्रति आशा, नारीवादी स्वर  नै खड्काका कवितागत प्रवृत्ति हुन् ।

### ३.३.१३ कवि कल्पना बुढाथोकी र उनका कविताकृति

जनयुद्धले सिर्जना गरेकी कवि हुन् कल्पना बुढाथोकी 'प्रतिज्ञा' । कालागाउँ-७ नेटा सल्यानमा बाबु चुके बुढाथोकी र आमा तिला बुढाथोकीको कोखमा वि.सं. २०४३ साल माघ १० गते जन्मिएकी कल्पनाले औपचारिक शिक्षा दस कक्षा पास गरी वर्ग सङ्घर्षको विश्वविद्यालयबाट गहन अनौपचारिक शिक्षा प्राप्त गरेकी छिन् ।

विद्यार्थीकालबाटै विद्यार्थी राजनीति सुरुवात गरेकी कल्पनाले विद्यार्थी राजनीतिपछि जनमुक्ति सेना नेपालमा काम गर्न पुगिन । हातमा बन्दुक लिएर बारुद खेदाउँदा खेलाउँदै कविता लेख्न सिकेकी कल्पना राप्तीका जनयुद्धकालीन कविता फुटकर रूपमा कलम चलाउने थुप्रै नारी स्रष्टा भएपनि कृतिकार रूपमा आउने पहिलो नारी स्रष्टा हुन् । उनले आफ्नो कवितासङ्ग्रह 'क्रान्तिको लम्बे यात्राबाट' मा दस वर्षकालीन जनयुद्धको सङ्घर्ष, जटिलता, चुनौती, विजय, कष्ट, यातना, दमन, प्रतिरोध जस्ता अनुभव, अनुभूतिलाई समेट्दै व्यक्त गरेकिछिन् ।

विद्रोहचेत, बलिदानप्रति उच्च सम्मान, नयाँ नेपाल निर्माणको चाहना, राष्ट्रिय भावना, आदि कल्पना वुढाथोकीका कवितागत प्रवृत्ति हुन ।

## ३.४ राप्तीका जनयुद्धकालीन कविताको योगदान

राप्ती राजनीतिक, आर्थिक र सामाजिक रूपमा पिछडिएको क्षेत्र हो । वि.स. २०३८ सालको चुनावमा चार वटा मात्र भोट खसेपछि थवाङले राज्यबाट गरेको दुर्व्यवहार र बहुदलीय व्यवस्थाको आगमन पछि पनि राज्यबाट भएको वारेन्ट काट्ने, झुटा मुद्दा लगाउने, गिराफ्तारी गर्ने, कम्युनिस्ट भएको नाममा कर्मचारीलाई दुःख दिने कार्य भइरह्यो भने अर्कोतिर छोटे सामन्तको दबदबाको कारण राप्तीका जनता अत्यन्त शोषित र पीडितहुँदै गए जसको बाबजुद ने.क.पा. (माओवादी) ले दीर्घकालीन जनयुद्धको घोषणा गऱ्यो । जसको उद्गम थलोको रूपमा परिचित राप्तीले युद्धको ठुलो विभीषिका भोग्नुभन्यो । किलो सेरा टु, रोमियो अप्रसन सर्च एन्ड कट जस्ता अप्रेसन भोग्न पऱ्यो जसमा राज्यले सर्वधारण, शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, पत्रकार, मानवअधिकारी केही नभनेर क्रुर दमन गऱ्यो जसले गर्दा राप्ती वासीहरूको आशा र भरोसा नै जनयुद्ध हुन पुग्यो । यही जनयुद्धमा ठुलाठुला हत्या, काण्ड र युद्धहरू भए जसलाई युद्धमा संलग्न योद्धाहरूले सिर्जना मार्फत व्यक्त गर्ने काम गरेका छन् ।

नेपाली साहित्यको अध्ययताले युद्ध साहित्यको अध्ययन गर्न विदेशी युद्ध साहित्यको अध्ययन गर्नुपऱ्यो । हुनत पूर्वीय साहित्यका होस् वा पाश्चात्य साहित्य हुन (पूर्वीय साहित्य रामायन,महाभारत वा पाश्चात्य साहित्यका 'इलियाड', 'ओडेसी' पनि युद्ध साहित्यको वर्णन गरेका कृति हुन्) युद्ध वर्णित कृति भएता पनि ती प्राचीन भएको र आधुनिक युद्ध साहित्यको अध्ययन गर्न साहित्यको विद्यार्थीले, फ्रान्सेली राज्यक्रान्ति, चिनियाँ क्रान्तिका पुस्तकहरू पढ्नु पर्थ्यो । दस वर्ष जनयुद्धपछि नेपाली साहित्यको भण्डार पनि युद्ध साहित्यले सम्बृद्ध बनेको छ । जनयुद्धको उद्गम थलो राप्तीको युद्धमा मात्र नभई साहित्यमा पनि विशेष योगदान रहेको पाइन्छ । कथा, उपन्यास, निबन्ध, संस्मरण, कविता यी विधामा पनि राप्तीमा कविताको विशेष

स्थान रहेको छ । कृष्ण सेनले नेतृत्व गरेको कविता लेखन कार्यलाई साथ दिन राप्तीमा थुप्रै कविहरू जनयुद्धसँगै जन्मिएका छन् जसको चर्चा पछाडि गरिने छ नै ।

राप्ती जनयुद्धले मात्र चर्चित भएको होइन । जनयुद्धसँगै साहित्यको विकास गरेको छ । जो साहित्यले नेपाली युद्ध साहित्यको रूपमा विशेष योगदान पुऱ्याएको छ जसलाई नेपाली साहित्यका अध्ययताले नकार्न सक्दैन ।

# परिच्छेद-चार
# राप्तीका युद्धकालीन कविताको विश्लेषण

## ४.१. कृष्ण सेन 'इच्छुक' को 'इतिहासको यस घडीमा' कवितासङ्ग्रहको विश्लेषण

### ४.१.१ शीर्षक संरचना

जनयुद्धका महान् कवि कृष्ण सेन 'इच्छुक' ले २०३६ देखि कविता लेखन सुरु गरेता पनि 'इतिहासको यस घडीमा' २०३८ देखि २०५८ सम्मका कविता सङ्गृहीत गरिएको छ । यस सङ्ग्रहमा जनयुद्ध पूर्वका २० वटा कविता र जनयुद्ध समयका ११ वटा गरी ३१ वटा कविता यस सङ्ग्रहमा सङ्गृहीत छन् । 'इतिहासको यस घडीमा' सङ्गृहीत कविता शीर्षकले जनयुद्ध पूर्वको देशको अवस्था छोटे सामन्तहरूले सर्वहारामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडन राज्य पक्षबाट भएको आतङ्क नारीहरूको अवस्था र उन्मुक्तिको चाहना र अन्तराष्ट्रिय परिवेश पनि कविताका शीर्षकले समेटेको पाइन्छ भने, जनयुद्धकालीन कविताका शीर्षकमा राज्यआतङ्क, उत्साह, त्याग, बलिदान, जातीय उत्पीडन, विद्रोहलाई नै समेटेको पाइन्छ । यस सङ्ग्रमा 'त्यो प्यारो–प्यारो पहाडी गाउँको नाम थवाङ हो', 'आइती', 'प्रिय कमरेड', 'यो घाम पनि रापिएर तातो–तातो छ आज', 'लाहुरे', 'प्यालेस्टिनी भित्रहरूका नाममा', 'तिमी र तिम्रो पसिना', 'जनताको ढाल या वैरीको अचानो', 'बेन्जामिन मोलाइसको सम्झनामा', 'झुल्के घामका राता किरणहरू', 'कविसँग', 'काठमाडौं देशको राजधानी', 'कान्छी, भट्टी र देश', 'इतिहासको यस घडीमा', 'जेल', 'भाउजू', 'बन्दी सुगा र उन्मुक्तिको चाहना', 'बहिनीको सम्झनामा', 'हात लाग्यो शून्य', बर्मझिया' 'दबोर्टको जङ्गलमा', 'घोमपाल', 'सेतु जैसीको घर', 'तिम्रो युद्ध र बन्दुकहरूका विरुद्ध', 'पुर्खे सुनारकी आमा', 'यक्ष प्रश्न', 'सलाम जेलवाङ', 'गोचाली', 'सिम्ठारो धान', 'बन्दी छोरोको पत्र', 'प्रतिबन्ध', शीर्षकका कविता सङ्गृहीत छन् । कृतिको संरचनात्मक आयाम हेर्दा १०१ पृष्ठ सम्म फैलिएको यस सङ्ग्रहमा सबै भन्दा लामो कविता 'प्यालेस्टिनी मित्रहरूका नाममा' ९४ हरफ र छोटो कविता 'इतिहासको यस घडीमा' र 'दाबोर्टको जङ्गलमा' २५ हरफका कविता संरचित छन् ।

### ४.१.२ विषयवस्तु

प्रतिबद्ध साहित्य लेखमा क्रियाशील कवि कृष्ण सेन 'इच्छुक' जो निरङकुश पञ्चायती व्यवस्था विरुद्ध मात्रै नभई बहुदलीय व्यवस्थाका विरुद्ध वर्ग सङ्घर्षमा लामबद्ध जनताका कवि हुन् । उनले नारी, बालबालिका, दलित, कमैया, लाहुरे, शोषित वर्गको दिनचर्या राष्ट्रियता, वर्गीय मुक्ति राज्यआतङ्क, जनयुद्ध, विश्वबन्धुत्वमा वर्गीय आवाजलाई नै 'इतिहासको यस घडीमा' सङ्गृहीत कविताले मुख्य विषयवस्तु बनाएको पाइन्छ ।

कविले थवाङ, काठमाडौं, बर्मभिmया, दार्बोट, कर्णाली, घोमपाल, स्पार्पु, कमलदह लगायत राष्ट्रिय भूगोल मात्रै नभई प्यालेस्टाइन, दक्षिण अफ्रिकाको भूगोललाई समेत कविताको विषय बनाएको पाइन्छ ।

### ४.१.३. मूलभाव

पञ्चायती, प्रजातन्त्र र जनयुद्धको यथार्थ चित्रण गर्ने कवि कृष्ण सेन 'इच्छुक' ले पञ्चायत विरुद्ध सङ्घर्ष देखि तथाकथित प्रजातन्त्रको कुरूपता समेतको आलोचना र विरोध समेत तथा जनयुद्ध वा सशस्त्र सङ्घर्षको समर्थन गर्दै समझौताहीन आन्दोलन र प्रतिरोध पूर्ण परिवेशलाई समेटने कोसिस समेत गरेका छन् ।[१]

कवि सेनलाई जेलको यातना र पीडाले सफल कवि बनायो । उनले जेल भित्र लामो समय विताए र जेलभित्रै उनले अधिकांश कविता लेखे । जेल नै उनको साहित्यको पाठशाला बन्यो । तसर्थ उनले जेलको क्रुर यातना र पीडा अपराजित क्रान्तिकारी आदर्श र सङ्घर्षशील जीवनलाई कवितामा प्रस्तुत गर्ने काम गरेका छन् ।

किसान, मजदुर, श्रमिक, हली, कमैया, मालिक, जमिनदारवर्ग, गाउँका मुखिया, जिमुवाल, समान्तहरूले गरेको श्रमशोषण, अन्याय, अत्याचार, उपल्लो जातले तल्लो जात माथि गरेको छुवाछुत, जातीय शोषण, उत्पीडना उपेक्षा, अपमान, नारीहरूको पीडा, नारीमाथी हुने शोषण; दमन, अन्याय, घरेलु उत्पीडन, वर्ग सङ्घर्षमा जनताको त्याग, बलिदान, शौर्य, राज्य पक्षबाट हुने हत्या, आतङ्क, त्रासदी, लुटपाट, बलत्कार, दमन राष्ट्रियता, स्वतन्त्रता, स्वाधिनता, देशप्रेम, अन्तर्राष्ट्रिवादी वर्गचेतना, वर्गबोध, बालबालिकाप्रति स्नेहका साथै यस सङ्ग्रहमा मूल भाव भूमि आमुल परिवर्तन भएपनि सङ्ग्रहमा अन्तरनिहित भावका स्वर निम्न रहेका पाइन्छन् ।

---

१. ईश्वरचन्द्र ज्ञवाली, वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य, प्रकाशक : प्रगतिशील अध्ययन केन्द्र, २०६६, पृष्ठ १८४ ।

### ४.१.३.१. नेपाली जनताको  दुःख, पीडा र गरिबीको चित्रण

कवि सेनेले नेपाली जनताको नारकीय जीवनको कलात्मक रूपमा प्रस्तुत गर्ने काम गरेका छन् । गरिब, किसान, कमैया, मजदुर, हली, गोठालाको दुःख कष्ट, पीडा, आभाव, गरिब, भोक तिर्खा, रोग, नाङ्गो शरीर, भोको पेट, झुत्रा कपडा, झुपडीमा लुकामारी खेल्ने अन्धकार, अशिक्षालाई जस्ताको तस्तै उतार्ने काम गरेका छन्, भने उनको परिश्रम, लगानी र सीपमा रमाउने, सुखसयल मोज मस्ती गर्ने, भोग विलास, ऐस आराम गर्ने ठुला बडा, मालिक जमिनदार सामन्त नेताका साथै वर्ग विभेद समाजका हुने पक्षपात, अन्याय पूर्ण न्याय र छलि निसाफप्रति आक्रोस व्यक्त गरेका छन्  :

खोइ के फेरियो र आज गाउँ घरमा
गरिबीले ढाड कुप्रिएकै छ ।
महङ्गीको पहाड चुलिएको छ
अभावको भडखारो गहरिँदैं गएर
टुप्पी टुप्पी सम्म मान्छे परिएको छ
न मन रुन छाड्यो
न जीवन दुख्न छाड्यो
साहूले भाका नाघेको र पुरानो तमासुक फेरी पनि
असामीका गालाहरूमा पहिले झैं रेटिएकै छ ।
(हात लाग्यो शून्य, पृष्ठ : ६७ )

'गोचाली', 'सिग्ठारो धान', 'कान्छी, भट्टी र देश', 'तिमी र तिम्रो  पसिना', 'झुल्के घामको राता किरणहरू' आदिमा यस्तो भाव व्यक्त गरिएको छ ।

### ४.१.३.२. वर्गसङ्घर्षको कलात्मक अभिव्यक्ति

सदियौं पुरानो सामन्तवादले सिर्जन गरेको अन्याय, अत्याचार, शोषण, दमन, लुट, समान्तवादी संस्कृति, जननिर्वाचित प्रतिनिधिले जनतामाथि गरेको धोका, देशघाती सन्धि सम्झौता, विश्वासघात, जातीय उत्पीडनका विरुद्ध ने.क.पा (माओवादी) ले सशस्त्र विद्रोह शङ्खघोष २०५२ फाल्गुन –१गते देखि गऱ्यो । उक्त विद्रोहले देशमा ठुलो कम्पन ल्यायो समान्तवादको लुटको स्वर्ग डगमगायो । देशलाई वर्बाद गर्नेहरू शत्रुको कित्तामा उभिए । जनता हर विद्रोहलाई सफल पार्न त्याग, वीरता, शौर्य, साहस बलिदानको कोटा तिर्न लामबद्ध भए । सामन्तवादी र पुँजीवादीहरू जनताको त्याग, बलिदान र शौर्यलाई देखेर विक्षिप्त बन्दै

गए र जनतालाई घोर दमन, हत्या र आतङ्क, बलात्कार, लुटपाट, धरपकड, झुटा मुद्दा , चौकीहरूमा दिनहुँ तरेक जस्ता त्रासद वातावरणको सिर्जना गर्न अग्रसर भए । कविले वर्गसङ्घर्षको क्रममा जनताको त्याग, बलिदान, वीरता, राज्यआतङ्क, हत्या, दमन, त्रासद वातावरणलाई कवितामा यर्थाथ चित्रण गर्ने काम गरेका छन् :

तिमीसँग पनि मान्छेको मन छ भने
मनभित्र आगो र जलन छ भने
आऊ एकचोटि माथि मेलगैरीमा आऊ
आऊ एकचोटि तिनकै बलिबेदीमा आऊ
र, मेरो छातीमाथि
बर्वरहरूको विभत्स नाङ्गो नाच हेर
हरे, नृशंस जल्लादहरूका टाउका माथि
निर्लज्ज प्रजातन्त्रको ताज हेर

(सेतु जैसीको घर, पृष्ठ : ७६/७७)

कवि इच्छुकले वर्गसङ्घर्षमा जनताले देखाएको त्याग, वीरता, शौर्य र बलिदानलाई पनि यर्थाथ रूपमा चित्रण गरेका छन् :

यो बेला
उत्तरी अभियान को
पहिलो चौतारी जस्तो
लाल भञ्ज्याङमाथि
तिम्रो सिरानमा उभेर
महान् सहिद अभियानको
रातो अभिवादन तिमीलाई
महासमरका ए ,राता सिपाही
नवयुगको यो दोसाँधमा उभेर
अन्तिम जितको रातो सलाम तिमीलाई ।

(सलाम जेलवाङ्, पृष्ठ :९०/९१ )

प्रतिबन्ध', 'पुर्खे सुनारकी आमा', 'यो घाम पनि रापिएर तातो छ आज', 'वर्मझिया' र 'बेन्जामिन मोलाइसको सम्झना' उक्त भाव व्यक्त गरिएको छ । भने 'त्यो प्यारो प्यारो पहाडी गाउँको नाम थवाङ् हो', 'दर्बोट जङ्गलमा', 'बर्मझिया', 'पुर्खे सुनारकी आमा', 'जनताको ढाल

या बैरीको अचानो' आदि कवितामा राज्य पक्षबाट गरेको दमन, हत्या, बलात्कार, आतङ्कको भाव व्यक्त गरिएको छ ।

### ४.१.३.३. राष्ट्रिय स्वाधिनता र सम्मान

कवि 'इच्छुक'ले राष्ट्रियता, राष्ट्रप्रेम, स्वाधिनता, स्वतन्त्रता, स्वाभिमानका भावले ओतप्रोत भएका कविताको सिर्जना पनि गरेका छन् । देश भाडाका सिपाइहरू जन्माउने र विदेश भर्ती केन्द्रमा पठाउने, गरिबका कारण ठुलो जनशक्ति देश छोडेर विदेसिनु पर्ने बाध्यता, पैसाकै लागि नेपाली चेलीबेटी बेचिनुपर्ने र बेश्यवृत्ति गर्नु पर्ने बाध्यताले देशको स्वाभिमानको धज्जी उडाएको कुरा कवि व्यक्त गर्दछन् । कवि नेपाल जस्तो प्राकृतिक रूपमा सुन्दर र सम्पन्न देश उन्नति र विकास गर्न युवाहरूलाई लाहुर नपस्न र युवाहरूलाई विदेश पलायन नहुन पनि आग्रह गर्दछन् । कवि अर्काको देशमा घृणा अपमान सहेर मर्नु, बेपत्ता हुनु, पैसा कमाउनु भन्दा आफ्नै देश लडेर मर्नु कता हो कता राम्रो ठान्दछन् । कवि आफू जन्मेको देशलाई यति सम्मान गर्छन, यति माया गर्छन कि उनी जहाँ मरे पनि देश कै लागि मरु भनेर भन्छन् । शब्द र कर्मका सुन्दर संयोजक 'इच्छुक' जसरी शब्दमा देशको लागि बलिदान दिने कुरा लेखे त्यसै गरी कर्ममा पनि देश र जनताका लागि आफ्नो शरीरलाई बलिदान नै दिए 'इच्छकले' :

तिनै विपनाहरूको अर्चनामा
मेरो रगत देशकै लागि बगोस् आमा
म जहाँ मरुँ देशकै लागि मरुँ
मुक्ति युद्धको हवन–कुण्डमा
मेरो जीवन पवित्र समिधा बनोस
मेरो प्राण प्रज्वलित अग्नि बनोस्
र म जैले मरुँ देशकै निम्ति मरुँ ।

(बन्दी छोरोको पत्र, पृष्ठ : ९८ )

'आइती','लाहुरे', 'प्यालेस्टिनी मित्रको नाममा', 'काठमाडौं मेरो देशको राजधानी' आदि कवितामा यस्तै भाव व्यक्त गरिएको छ ।

### ४.१.३.४. नारीको यर्थाथ जीवनको चित्रण

कवि 'इच्छुक' ले नेपाली नारीले भोग्नु परेको नारकीय जीवनलाई यर्थाथ रूपमा कवितामा उतारेका छन् । उनले पुरुषवादी समाजमा नारीले भोग्नु परेको पीडा, उत्पीडन,

घृणा, अपमान, घरेलु हिंसा, चुलोचौको, मेलापात, घरको जिम्मेवारी, छोरा र छोरीमाथि हुने विभेदकारी सोचलाई कवितामा उतारेका छन् । विभिन्न लेखक साहित्यकारले नारीका विभिन्न रूपमा चित्रण गरेपनि उनलाई श्रमगरेर बाँच्न सक्षमका रूपमा चित्रण गरेको छैनन् । कवि 'इच्छुक'ले जस्तो सुकै भए पनि नारीले श्रम गरेर बाँच्न सक्ने कुराको चित्रण गरेका छन् । कतिपय उनका नारी पात्र मार्क्सवादी दर्शन पाएर देशका लागि जीवन आहूती दिन पनि तयार छन् । कवि 'इच्छुक' ले जस्तो सुकै श्रम गरेर भए पनि बाँच्ने नारी र वर्ग चेतनाले भरिएका नारीको पनि कवितामा चित्रण गरेका छन् :

भट्टीमा भात पाकिरहेछ
भातसँग सँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ
मासुसँग सँगै कान्छीको आँसु पाकिरहेछ
भट्टीमा रक्सी बिकिरहेछ
रक्सीसँग सँगै कान्छीको श्री बिकिरहेछ
नेपाली छोरी ऊ
हिमालकी गोरी ऊ
विदेशका कोठीमा बेचिएकी अबोध चेली झैँ
गहबाट बहेका नदीहरू झरीरहिछ ।
कान्छी भट्टी थापिरहेछ

(कान्छी भट्टी र देश, पृष्ठ : ५१/५२)

'आइती' कवितामा लोग्ने कामको खोजीमा विदेश गएर मरेको र 'आइती' सिउँदोको सिन्दूर पुछेर बाँच्न विवश नारी हो भने 'भाउजू'की भाउजू आफू भित्र अथाह शक्ति भए पनि पुरुष प्रधान समाजकी प्रताडित पात्र हो । कविले विचार अभिव्यक्तिका रूपमा पनि नारी जीवनको चित्रण गरेका छन् । 'बहिनीको सम्झना' कवितामा कविले आफू सानै छँदा जीवन गुमाएकी बहिनीको सम्झना गर्दै नारीले भोगिरहेको दुःख र समाजले नारीप्रति गर्ने विभेदलाई प्रहार गरेका छन । कविले वर्गचेतले भरिएको नारीलाई यसरी चित्रण गरेका छन् :

म विर्खु सुनार्नी, पुर्खे सनारकी आमा
सारा आमाहरूकी प्रतीक हुँ
यतिबेला देश ज्यानमाराहरूको बिर्ता भएको देखेर
जिन्दगी नै सहिदहरूका नाममा बकपत्र लेखेर हिँडिरहेकी

म त क्रुद्ध लाल भरैवी हुँ
म विर्खु सुनार्नी
नयाँ जनसमरकी नयाँ जनगाथा
मेरो थप परिचय भन्नु केही छैन ।
(पुर्खे सुनारकी आमा, पृष्ठ : ८५ )

### ४.१.३.५. जातीय उत्पीडन

कविले वर्षौंदेखि गर्दै आएका जातीय शोषण, दमन, घृणा, अपमान र ती निम्न वर्गका मान्छेका पीडालाई कवितामा उतार्ने काम गरेका छन् । हिन्दू ब्राह्मणवादी समाजमा मान्छे मान्छे बिच विभेद ठुला जातकाले सानो जातिमाथि गरेको शोषण, दमन, लुटपाट, अमानवीय व्यवहारलाई कविले यर्थाथरूपमा चित्रण गरेका छन् । अछुतका रूपमा रहेका दमाई, कामी, सार्की, वादी जस्ता जातिले निर्माण गरेको साधन प्रयोग गर्न मिल्ने तर उनीहरूलाई घर भित्र पस्न, उनीहरूले छुएको खान नहुने जुन अमानवीय व्यवहार छ त्यसलाई कविले यसरी प्रस्तुत गरेका छन् :

धान भएर पनि
सधैं अपहेलित म
हिन्दू भएर पनि
मानौ अछुत जात हुँ
धर्म लेख्ने
अधर्मी हातहरू बताऊ
तिम्रो विभेदको
कर्म शास्त्रमा
कुन नीच कुलको
म कुन कुजात हुँ ?
(सिम्ठारो धान, पृष्ठ : ९६ )

'गोचाली' कवितामा थारू जाति को पसिनाको मूल्य खोज्न आह्वान गरिएको छ भने 'घोमपाल' मा थारूहरू बँधुवा भए मालिकको सेवामा जीवन बिताएको र अब मुक्ति खोज्नु पर्ने सन्देश दिएको छ ।

### ४.१.३.६. अन्तर्राष्ट्रवादी वर्गचेतना

संसारमा सर्वहारहरूको एउटै वर्ग हुन्छ । कविले राष्ट्रिय मुक्ति आन्दोलनलाई समर्थन गर्दै आफ्नो वर्गप्रति सद्भाव, प्रेम व्यक्त गर्दै अन्तरर्राष्ट्रवादी वर्गचेतना प्रस्तुत गरेका छन् । कविले प्यालेस्टिनी भूमिमा भएको बर्बर आक्रमण र रक्तपातको विरोध गर्दै प्यालेस्टिनीको मुक्तिको समर्थ गरेकाछन् भने दक्षिण अफ्रिंकाका अश्वेत कवि मोलाइसलाई अतिवादी वोथा सरकारले फाँसी दिएपछि त्यस्तो अमानवीय व्यवहारको विरोध गर्दै मोलाइसको त्याग र बलिदानको श्रद्वा गरेका छन् :

उज्यालो हुनु अघि
जल्लादहरूले हाम्रै सामुबाट
तिम्रो मुटुको ढुकढुकी खोस्नेछन्
तिम्रो प्राण पखेरु  हावामा उडने छ
जम्मै ताराहरू आकाशमा शोकले रुनेछन्
भोलिको प्रभात
तिम्रो रातो रगतले रङ्गिने छ, मोलाइस
तिम्रो देशको एकपत्र माटो फेरि एकपल्ट रातो हुनेछ
तिम्रो देशको बाँझो पाखो फरि भिजेर रातो हुने छ ।

(बेन्जामिन मोलाइसको सम्झनामा, पृष्ठ : ४१)

कविले ‘प्रिय कामरेड’ मा वर्गचेतना व्यक्त गरेकाछन् । कविले कामरेडलाई जनतासँग सहभागी भएर चेतना र शिक्षा दिएर मुक्तिको बारेमा सरिक गराउने कुरा उल्लेख गरेकाछन् । ‘कविसँग’ कवितामा कविलाई वर्तमान यर्थाथ लेखन आग्रह गर्दै लेख्नको उद्देश्य हुने कुरा गर्दै कवि सेनले कविलाई कुन सिद्वान्तमा कविता लेख्यौ भनेर सोध्दछन् । ‘इतिहासको यस घडीमा’ कविले जनयुद्वलाई सम्वोधन गरेर तरुणहरूलाई जस्तो कठिन अवस्थामा पनि यात्रा रोक्नु हुन भनेकाछन् ।

कवि सेनले चाहना गरेको समाज समानता, स्वतन्त्रता, न्याय, मानवता, शान्ति, प्रगति, विकसित समाज हो । कविले यस सङ्ग्रहमा वर्गीय मुक्ति सहितको आमुल परिवर्तनको भाव धारालाई व्यक्त गरेका छन् ।

### ४.१.३.७. जेल जीवनको अनुभूति र मुक्तिको चाहना

कवि सेन जेलबाटै कविता लेख्न सिके र जीवनको धेरै समय जेल भित्रै विताए । जेल भित्रको पीडा, दुःख, कष्ट, वेदनालाई कवितामा व्यक्त गर्ने काम कविले गरेका छन् । कवि जेलको नरकीय जीवनबाट उन्मुक्ति चाहेको व्यक्त गर्दछन् । कवि जहाँ त्रासद वातावरण, त्रसिद जिन्दगी जहाँ बाचे पनि जेल हुन्छ भनेर यसरी भन्छन् :

म पर्खाल भित्र छु
तिमी पर्खाल बाहिर छौ
म पहरा भित्र छु तिमी पहरा बाहिर छौँ
म यातना गृहमा छु
तिमी खुल्ला शिविरमा छौं
सिकारीले बाँधेको छाद होस्
के फरक पर्‍यो र
भित्र अर्काको मुठ्ठी भित्र पराधीन जिन्दगी
जहाँ काटनु परे पनि त्यो जेल हुन्छ ।

(जेल, पृष्ठ : ५५)

'बन्दी सुगा' र 'उन्मुक्ति' मा कविले बन्दी अवस्था, चिन्तन र उन्मुक्तिलाई कवितामा व्यक्त गरेका छन् ।

### ४.१.४ भाषाशैली

शब्दलाई कुदेर कविता लेख्न सिपालु कालिगड हुन कृष्ण सेन 'इच्छुक' । 'लेख्नु, काट्नु, थपघट गर्नु अनि फेरी लेख्नु सेनको मुख्य पहिचान हो । 'सचेत परिष्कार नै 'इच्छुक'को महत्वपूर्ण वैशिष्ट्य हो ।[२] यसरी शब्दहरू रोज्न , खोज्न, छाँटकाट गर्ने र शब्दहरू खारी रहने हुँदा 'इच्छुक'का कविता खारिएका र माझिएका छन् । 'इच्छुक' स्पष्ट वक्ता भएकोले उनले खरो रूपमा विषयवस्तुलाई कुनै हिचकिचाहट, डर, त्रास बिना प्रस्तुत गर्दछन् । 'उखान, दृष्टान्तका बोझ थुपारेर भ्रम सिर्जन गर्ने भ्रमात्मक भाषा भाषिक कपट, जालजेल, छलछाम, अस्पष्टता उनमा पाइन्न, दुईजिब्रे भाषालाई नै उनले स्थान दिएनन् । साङ्केतिकको नाममा गुलामीको भाषा, भाटगिरी र दास शैलीको पनि प्रयोग गरेका छैनन् । कलात्मक साहित्यकता,

२. डा. गोपीन्द्र पौडेल, इच्छुक : सिर्जनचेत र उन्नत संस्कृतिका त्रिवेणी, नौलो बिहानी (वर्ष ११, अङ्क १, २०६५, असार-साउन), पृष्ठ ११३ ।

सौन्दर्यात्मकताको नाममा जादुगरी भाषा भन्दै जसले जे अर्थ लाए पनि हुने दही चिउरे द्वैत भाषालाई पनि महत्व दिएका छैनन् ।[३] उनीले सरल र सोझो भाषाको प्रयोग गरेकाछन् । सुक्तिमयता सङ्क्षिप्तता र तीव्रताको निर्माण गर्ने सेनले स्थानीय भाषिकाका छेउरीछारा,माघी र कमैया, बुढान, बँधुवा, घोमपाल, सिम्ठारो तथा अभिभूत, उपवन, अट्टाहास, कामुक जस्ता तत्सम हवेली , गुल्जार , फाकिर जस्ता उर्दु  शब्दको प्रयोग गरेका छन् । कवि इच्छुकले यस सङ्ग्रहमा विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । कविले सिम्ठारो धानलाई गरिबको प्रतीकको रूपमा यसरी प्रस्तुत गरेका छन् :

म रक्त-कर्णको
अश्वेत जाति
गोराहरू राज गर्छन्
दास ठानेर म माथि
म दीन/हिन
मलिम र उदास
सिम्ठारो धान ।
(सिम्ठारो धान, पृष्ठ : ९५)

कविले लालभन्ज्याङलाई सहिद बिम्बको रूपमा यसरी प्रस्तुत गर्दछन् :

यो बेला
उत्तरी अभियानको
पहिलो चौतारी जस्तो
लालभन्ज्याङ माथि
तिम्रो सिरानमा उभेर
महान्-सहिद अभियानको
रातो अभिवादन तिमीलाई
(सलाम जेलवाङ, पृष्ठ : ९१)

---

३. ईश्वरचन्द्र ज्ञवाली, वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य, प्रकाशक : प्रगतिशील अध्ययन केन्द्र, २०६६, पृष्ठ १६४ ।

यस सङ्ग्रहमा कवि 'इच्छक'ले'थवाङ, क्रान्तिदूत ''आइती' 'कामरेड ''घाम' 'लाहुरे' 'राता किरण काठमाडौं, कर्णाली, जेल, भाउजू, बन्दी सुगा, बर्मभिmया, दार्बोटको जङ्गल, घोमपाल, सेतु जैसीको घर, पुर्खे सुनारकी आमा, जेलवाङ, गोचाली, सिम्ठारो धान आदि नवीन बिम्ब प्रतीकको प्रयोग गरेका छन् ।

कवि इच्छुक कविता सिर्जना गर्ने आफ्नै शैली छ । वाक्य गठन, शब्द खारेर प्रस्तुत गर्ने शैली, स्थानीय भाषिका, भाषिक विचलन आदि ले गर्दा कविताका कुनै हरफहरू पढे पछि यी हरफहरू सेनका हुन भन्न सकिन्छ । सामान्यकरण र सम्प्रेषणका लागि ससक्त सेनका कविता गद्यलयमा लेखिएका भएता पनि शब्द प्रयोगको निपुणता, परिष्कारवादी शैली, अन्त्यनुप्रास आदिले गर्दा कवितालाई लयात्मक बनाएको पाईन्छ । नवीन बिम्ब प्रतीक सिर्जना गर्न सक्ने कवि सेनले नारा होइन कविता लेखेकाछन् । ठारो गाली र आक्रोश होइन नेपाली यथार्थ समाजको सफल चित्रण गरेकाछन् । शब्द र कर्मका सुन्दर संयोजक सेन जनयुद्ध साहित्यका अग्रनी नेतृत्वदायी कविका रूपमा सबैका सामु स्थापित छन् ।

## ४.२ कृष्ण सेन 'इच्छुक'को 'बन्दी र चन्द्रागिरि' काव्यको विश्लेषण

### ४.२.१. शीर्षक संरचना

कवि कृष्ण सेन इच्छुक वि सं. २०५७ सालमा केन्द्रीय कारागारमा बन्दी भएको बेला सिर्जना गरिएको हो 'बन्दी र चन्द्रागिरि' । प्रस्तुत कृतिलाई कविले काव्य भनेका छन् । इच्छुक रचनावलीमा लामो कविता मानिएको छ । यसमा काव्य भन्ना लायक अख्यानात्मकता छैन न त प्रचलित पात्र नै छन् । यसमा मूलतः कवि, म मात्र अर्थात 'बन्दी र चन्द्रागिरि' दुई पात्र भएपनि कविको चन्द्रागिरिसँग एकलाप प्रस्तुत गर्ने क्रममा देश विदेश भ्रमण गरेकाछन् । 'चन्द्रगिरि म तिमिलाई हेरिरहने गर्छु' पहिलो संरचित शीर्षक हो जसमा जुन मङ्गलाचरणका रूपमा आएको छ जसमा चन्द्रागिरिलाई सम्बोधन गर्दै देशको अवस्था, आफू जेल पर्नुको कारण प्रस्तुत गरेकाछन् । दोश्रो शीर्षक 'छातीभित्र छ मेरो देश' मा कविले देशमा व्याप्त विकृति विसङ्गतिका विरूद्ध आफू विद्रोह गर्ने कुरा गर्दै देशको उच्च महिमागान गरेकाछन् । तेस्रो शीर्षक 'हाँडीगाउँको जात्रा सधैं जात्रा रहने छैन' मा कविले देश सामन्ती विकृतिका विरूद्ध देशमा क्रान्ति सन्चालन भएकोले देशमा सधैं सामन्तको हालीमुहाली रहिनरहने कुरा व्यक्त गरेकाछन् । चौथो शीर्षक 'अटल छ मेरो आस्थाको सगरमाथा' मा कविले देशको

अस्मिता पहिचान गर्दै सगरमाथाको गौरवलाई उच्चताका साथ प्रस्तुत गर्ने काम गरेकाछन् । पाँचौ शीर्षक 'मन देशदेशान्तर घुमिरहन्छ' मा कवि देश विदेशका कुनाकाप्चामा पुग्ने काम गरेकाछन् । छैठौं शीर्षक 'तिम्रो छातीभित्र एउटा रातो गुलाफ राप्नू !' मा कविले सहिदका रगतबाट निर्मित रातो गुलाफ सपूतको क्षतिपूर्ति तिर्नका लागि रोप्नू ! भन्ने सन्देश दिएकाछन् । सातौँ शीर्षक 'सम्झनामा नाचिरहेकाहरूको समझना' मा कविले जनयुद्धमा जीवन उत्सर्ग गरेका योद्धालाई सम्झने काम गरेकाछन् । आठौँ शीर्षक 'ए सिन्धुलीकी महान् आमा' मा कविले सिन्धुलीलाई प्रतिनिधी आमाको रूपमा प्रस्तुत गरेका छन् ।

आयामका दृष्टिले हेर्दा ५६ पृष्ठमा संरचित यस काव्यमा पहिलो शीर्षक १४९ पङ्क्तिमा, दोश्रो शीर्षक १८५ पङ्क्तिमा तेस्रो शीर्षक १८० पङ्क्तिमा, चौथो शीर्षक १५२ पङ्क्तिमा, पाँचौ शीर्षक २५१ पङ्क्तिमा, छैठौ शीर्षक २१३ पङ्क्तिमा, सातौँ शीर्षक १८५ पङ्क्तिमा र आठौँ शीर्षक १८५ पङ्क्तिमा संरचित रहेको पाइन्छ ।

### ४.२.२. **विषयवस्तु**

जेल 'इच्छुक' को सिर्जना थलो हो । उनलाई जेलले नै कवि बन्यो । जेलमै सिर्जना गरे 'शोकाञ्जली' अन्य कविता र 'बन्दी र चन्द्रागिरि' पनि । यसबाट पनि प्रष्ट हुन्छ क्रान्तिकारीका लागि जेल पनि सिर्जना स्थल हुन्छ । 'बन्दी र चन्द्रागिरि' कविको उत्कृष्ट जेल सिर्जना हो । यसमा चन्दागिरि र म अर्थात बन्दी दुई पात्र छन् । कवि अर्थात म पात्र नै यस काव्यका प्रमुख पात्र हुन । उनी वर्गीय मुक्ति लागेको हुदा उनको टाउकाको मुल्य तोकियको  छ । शोषणको विरोधमा, वास्तविक राष्ट्रियताको पक्षमा, सर्वहाराको मुक्तिको पक्षमा, कलम चलायको आरोपमा कविलाई आतङ्ककारी घोषणा गरी जेल हालिएको छ । कवि जेलरूपी कालकोठरीमा भएपनि क्रान्तिको शङ्खघोष गर्ने क्रममा कविले चन्द्रागिरिलाई सम्बोधन  गर्दछन् । नारीको रूपमा प्रतिबिम्बित चन्द्रागिरिलाई कवितामा सम्बोधन गर्दै कविले राष्ट्र प्रेम, वैचारिक निष्ठा, अर्न्तराष्ट्रिय वर्गचेतना, क्रान्तिकारी योद्धाको बलिदान, वीरता शुरता सौर्य र नेपाली क्रान्तिकारीलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् ।

कवि जेलको पर्खाल भित्र थुनिएपनि उनको मन देश र विदेशका कुनाकापचासम्म पुग्दछ । उनले यस काव्यमा विश्व परिवेशलाई समेत समेटन प्रयास गरेको पाइन्छ ।

### ४.२.३. मूलभाव

क्रान्ति र विचारप्रति निष्ठावान् कवि 'इच्छुक' ले आफ्ना कवितामा नेपाली समाज, क्रान्ति र क्रान्तिकारी आशावादलाई प्रस्तुत गर्ने काम गरेका छन् । 'बन्दी र चन्द्रागिरि' मा कविले चन्द्रागिरिलाई सम्वोधन गर्दै नेपाली क्रान्तिलाई प्रस्तुत गर्ने काम गरेकाछन् । म र चन्द्रागिरि रहेको यस काव्यमा कथात्मकताको अभाव देखिन्छ । नौं शीर्षकमा विभाजित यो काव्य चन्द्रागिरिलाई बिचबिचमा गरेको सम्बोधनले एउटै कथासूत्र वा विषयवस्तुमा बाधिन पुगेको देखिन्छ । पूर्वीय खण्डकाव्यको सिद्धान्तमा कसि लगाएर हेर्ने हो भने यो खण्डकाव्य भन्दा लामो कविता नै हुन पुग्छ । यसमा आख्यानात्मक छैन, कविको एकलाप छ यहाँ । मार्क्सवादी सौन्दर्यशास्त्री चैतन्यका अनुसार कालिदास, मेघदूत, र लेखनाथको तरुणतपसीलाई काव्य मानेको स्थितिमा 'बन्दी र चन्द्रागिरि'लाई काव्यका रूपमा ग्रहण गर्नु सही देखिन्छ ।

कविले 'बन्दी र चन्द्रागिरि'मा क्रान्तिलाई प्रस्तुत गर्ने सिलसिलामा उनले राष्ट्रप्रेम, प्रकृतिको मानवीकरण, स्वतन्त्रता र मुक्ति, वैचारिक निष्ठा, अन्तर्राष्ट्रवादी वर्गचेतना, क्रान्तिकारी योद्धाको वीरता, शुरता र शौर्य, क्रान्तिकारी आशावादिता जस्ता कुरालाई मुख्य भावको रूपमा प्रस्तुत गरेको पाइन्छ ।

#### ४.२.३.१ वैचारिक निष्ठा

मार्क्सवादका अनुयायी कवि 'इच्छुक' कुशल सङ्गठक, प्रतिबद्ध नेता, आदर्श सांस्कृतिक कर्मि साथै काव्य सिर्जनामा मार्क्सवादप्रति प्रतिबद्ध कवि हुन् । जेल भित्र वस्दा होस्, पारिवारिक पीडाभित्रहोस्, पार्टी विभाजन हुदाहोस्, या वैचारिक अभावको मरूभूमिहोस् उनी अविचलित नभएर उभिरहन्छ हिमालझैं, चन्द्रागिरि झैं । उनी मार्क्सवादी पन्डा झैं कुरा एउटा र व्यवहार अर्को गर्दैन । मार्क्सवादी पन्डा जो अवसर पाउनासाथ विचारलाई बन्ध्याकरण गरेर बसाइँ सर्दछन् । कवि कहिले पनि आफ्नो विचारलाई बन्ध्याकरण गरेर जस्तो असहज वातावरणमा पनि बसाइँ सरेनन् बरू मृत्युबरण गर्न स्वीकार गरे । कवि जस्तो अवस्थामा पनि आफ्नो आस्था अडिक रहने कुरा गर्दछन् :

प्रिय चन्द्रागिरि !
पीडाले अभिमूत भएपनि म
मेरो आस्थाको कञ्चनजङ्घा अडिग छ
हुरीको भुमरी जस्तै

कहिलेकाँही आशङ्काको कालो बादल
मनभित्र अनायास मडारिइरहे पनि
कहिलेकाँही आस्थाको उज्यालो चन्द्रसूर्यलाई
अविश्वासको कालो बादलले ढाके पनि
मेरो निष्ठा
अमोघ किल्ला जस्तै सुदृढ छ ।
(पृष्ठ : २०)

मार्क्सवादीहरूको कल्पना, सपना, आदर्श जे भने पनि साम्यवाद नै हो । कवि आतङ्ककारी नाममा दर्दनाक जेल जीवन बिताएकाछन् । सामन्तहरूको यस्तो दमन, अत्याचार, शोषणका विरूद्ध देशमा एकदिन पक्कै पनि साम्यवाद आउने दृढ आकाङ्क्षा प्रस्तुत गर्दछन्: :

प्रिय सखे !
मेरो भुलचुकहरूलाई तिमीले क्षमा गरे
लामो अँध्यारो रात पछि
झलमलाउने उज्यालो प्रभात जस्तै
आजको कालो अँध्यारो चिरेर
हाम्रो आस्थाको साम्यवाद
एक न एकदिन जरूर झुल्कने छ ।
(पृष्ठ : ५६)

मनिसलाई स्वार्थ, लाभ र मोहले विगार्छ, जीवनलाई वर्बाद पार्छ । अवसरले विचार र आस्थालाई पनि ढलपल पार्दछ । स्वार्थ, लोभ, मोह, अवसरका बिच विचारलाई जोगाउन कठिन हुन्छ जस्तो आस्थामा पनि आफ्नो विचार, आफ्नो कदम डगमगाउदैन भनेर कवि भनदछन् :

तालीहरू पनि पैसाले किनिने यो बेला
ऱ्यालीहरूपनि भाडामा निसकने यो बेला
छेपारो जस्तै
मैसमसँगै रङ्ग फेर्ने
बेमौसमका असचेत भीडहरू देखेर
मैले मेरा कदमहरू डगमगाउनु हुदैन ।
(पृष्ठ : २२)

**४.२.३.२ स्वतन्त्रता र मुक्तिको चाहना**

कवि सामन्तवाद वा पुँजीवादको दासता पटक्कै स्वीकार्दैनन् । कवि स्वतन्त्र रूपमा बाँच्न, स्वतन्त्रपूर्वक जीवन चलाउन चाहन्छन् । उनी आफू मात्र नभई कोही पनि मालिक र दास भएको देख्न चाहदैनन् । स्वतन्त्र, समान, र मुक्ति प्राप्त समाज देख्ने चाहना कविको छ । राष्ट्र कुनै व्यक्तिको पुर्ख्यौली सम्पति होइन । राष्ट्रलाई व्यक्तिगत सम्पती ठान्ने सामन्तको पन्जाबाट देश स्वतन्त्र राख्नु पर्दछ भन्ने उनको चाहना छ । राष्ट्र भक्तिको गीत गाएको कारण कवि सम्मानको साटो जेलभित्र थुनिएकाछन् । उनी त्यही जेलबाट स्वतन्त्रताको पक्षमा ओकालत गर्दछन्:

मेरो राष्ट्रिय गौरबको यै चेतनावोधले
कञ्चनजङ्घा जस्तै अग्लो
स्वाभिमानको उच्च शिखरमा उभिएर
जब मैले राष्ट्रभक्तिको मिठो गीत गाएँ
दुष्टहरूले मलाई
हतकडी लगाएर बन्द कोठरीमा थुने ।

(पृष्ठ : ७-८)

कविले देशमा चलिरहेको प्रजातन्त्र जहाँ स्वतन्त्र र मुक्तिको साटो जवरजस्ती बाध्यता लादेको प्रति व्यङ्ग्य गर्दै भन्छन् :

विषालु सर्प र नागहरू मध्ये
एउटालाई चुन्नै पर्ने
यो कस्तो प्रजातन्त्र हो ?
हिंस्रक चितुवा र वाघहरूमध्ये
एउटालाई छान्नै पर्ने
यो कस्तो मौलिक अधिकार हो ?

(पृष्ठ : १४)

### ४.२.३.३ राष्ट्रप्रेम

राष्ट्र सबै नागरिकले प्राप्त गरेको सबैभन्दा उत्कृष्ट र सुन्दर नासो हो जसलाई सुरक्षित राख्नु सबैको अहम् कर्तव्य हो । कुनै पनि व्यक्तिका लागि राष्ट्र र राष्ट्रियता सबैभन्दा उच्च र महान् हुन्छ । असमान सन्धि समझौता, विदेशी हस्तक्षेप, विदेशीका अगाडि शिर झुकाउने स्थिति राष्ट्र प्रेमीका लागि सबैभन्दा नीच कार्य हो । कवि आफ्नो राष्ट्र र राष्ट्रियतालाई सबै भन्दा माथि राख्दछन् । असमान सन्धी, सम्झौता, विदेशी हस्तक्षेपको विरूद्ध उभिन्छन् । कवि

राष्ट्रियता महिमागान गर्ने क्रममा आफ्नो स्वतन्त्रता गुमाएर जेल बस्न बाध्य भएकाछन् । उनी राष्ट्रियतासँगै स्वतन्त्रता, मुक्तिको खोजी पनि गर्दछन् । कवि विदेशी हस्तक्षेपका विरूद्ध उभिदै आफ्नो देश प्राण भन्दा प्यारो भएको कुरा गर्दछन् :

मेरो देशको एक डल्ला माटो पनि
कतै लुटिएको सुन्न पर्दा आज
स्वयम् म लुटिएको हुन्छु
यो देशको एक टुक्रा जमिन पनि
कतै कुल्चिएको सुन्नु पर्दा आज
म स्वयम् कुल्चिएको हुन्छु
मलाई मेरो राष्ट्र
मेरो प्राण भन्दा प्यारो छ
मलाई मेरो राष्ट्रियता
मेरो जीवन भन्दा प्यारो छ ।

(पृष्ठ : ७)

कवि राष्ट्रमा भएको असमान सन्धि सम्झौताका कारण राष्ट्रघातको पीडालाई फेर्न खोज्दा आफू जेलमा कोचिनु परेको कुरा यसरी प्रस्तुत गर्दछन् :

जब मैले दुखिरहेको राष्ट्रघातको पीडालाई
देशभक्तिको रण गर्जनमा फेर्न खोजेँ
मलाई बैरीहरूले कारागारको एकान्तवासमा कोचे ।

(पृष्ठ : ७)

भारतीय विस्तारवादका कारण भारतीय ज्यादति वेहोर्नु परिरहेको छ । कालापानी कहालिएको छ, सुस्ता लुटिएको छ, महेशपुर कुल्चिएको छ, सीमा स्तम्भ हराइरहेको बेला अर्को नालापानीको युद्ध पर्खेको कुरा गर्छन् :

अतिक्रमणको पीडा र अपमान सहेर
आज मेरो कालापानी एक्लै कहालिइरहेको छ
घरि सुस्ता लुटिएको छ
घरि महेशपुर कुल्चिएको छ
सुस्ता र महेशपुरसँगै
घरिघरि देशको अस्मिता लुछिएको छ
दसगजबाट हरदिन हराइरहेका सीमा स्तम्भसँगै

घरि टनकपुर दुखेर टन्किरहेको छ
राष्ट्रको महिमामण्डित गौरव खोज्दै
मेरो देशको विखण्डित राष्ट्रियताले आज
फेरि अर्को नालापानीको युद्ध पर्खिरहेको छ ।
(पृष्ठ : ६-७)

### ४.२.३.४ जनयुद्ध र जनयुद्धकालीन यथार्थ परिवेशको चित्रण

'बन्दी र चन्द्रागिरि' काव्यको केन्द्रीय विषय नै जनयुद्ध हो । कविले यस काव्यमा क्रान्तिकारी योद्धाको वीरता, शुरता, शौर्य, बलिदानलाई उच्च सम्मानका साथ चित्रण गरेका छन् । कवि जनयुद्धलाई मात्र चित्रण गरेका छैनन् विजयको अभिलाषालाई पनि यसमा प्रस्तुत गरेकाछन् । कविले काव्यको नौँ वटै शीर्षकमा जनयुद्धलाई यथार्थ रूपमा प्रस्तुत गरेको भएता पनि विशेष गरेर 'तिम्रो छातीभित्र एउटा रातो गुलाफ रोप्नू !', 'सम्भनामा नाचिरहेकाहरूको सम्भना', 'ए सिन्धुलीकी महान् आमा' तिन शीर्षकमा कविले जनयुद्धलाई मूल विषय वस्तु वनाएकाछन् । दिलमाया योञ्जन, कुमारी वुढा, सङ्गीता आकाश, लली रोका, याङ्डी र ज्याङ्मु शेर्पाको सहास र बलिदानको उच्च सम्मान गर्दै कवि आफू पनि क्रान्तिमा जीवन समर्पण गर्न चाहन्छन् । कवि बलिदानको महिमा गान यसरी गर्दछन् :

जसले फूल जस्तो कलिलो छातीमा
बजु जस्तै कठोर
बलिदानको पहिलो गोली थापेर ढलिन
आफू ढलेपनि क्रान्तिको रातो भन्डालाई सम्मानले
भन माथि माथि उठाएर ढलिन
आफू ढलेपनि धर्तीमा वीरताको रक्तिम गाथालाई
अनुपम साहसको शिखरमा पुऱ्याएर ढलिन्

जनयुद्धको बेला राज्यको तर्फबाट डरलाग्दा हत्याकाण्ड भए, बलात्कार, धरपकड, लुटपाट, जस्ता निन्दनीय कार्यहरू भए जुन ठाउँमा जे जस्ता घटनाहरू वेहोर्नु पऱ्यो त्यसको हिसाब किताब राख्नु भन्दै कवि भन्छन् :

ए ! अनेकोट र भावाङका
बर्बर नरसंहारहरू
तिमी हिसाब राख्नू
तिम्रो काखमा बगेका थोपा थोपा रगतको

तिमी हिसाब राख्नू
तिम्रो काखमा घटेका
क्रुरता र नृशंसताहरूको
(पृष्ठ : ३६–३७)

#### ४.२.३.५ अन्तर्राष्ट्रवादी वर्गचेतना

कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी हुन्छन् । उनीहरूमा वर्गीय पक्ष धरता हुने गर्दछ । संसार भरका कम्युनिस्ट आफ्नो वर्गमा एकजुट भई वर्गीय मुक्तिको लागि लडाई लड्ने गर्दछन् । कविले 'बन्दी र चन्द्रागिरि' काव्यमा नेपाली वर्गीय युद्धलाई मात्र चित्रण गरेका छैनन् वरू अन्तर्राष्ट्रिय कम्युनिस्टको पनि चर्चा गरेकाछन् । अन्तर्राष्ट्रवादी वर्गचेत, महान् लेनिन र रुसप्रति कविको गहिरो आस्था सम्मानलाई यसरी प्रस्तुत गर्दछन् :

बर्लिनको पर्खाल
लेनिनको शालिकलाई क्रेनले ढालेपनि
मेरो मनभित्र उम्रेको आस्थाका शालिकलाई
ढाल्न कहिल्यै सक्ने छैनौँ
हजारौँ जित र हारहरूको लामो लडाइँमा
एउटा लडाइँ परास्त गरेर
अन्तिम जितको भ्रममा
त्यो महान् राष्टलाई
हजारौँ भागमा विखण्डन गरेपनि
समाजवादको अखण्ड ज्योतिलाई
नर्कुण्डको चिसो पानी छम्केर
मेरो मनभित्र निभाउन कहिल्यै सक्नेछैनौ
(पृष्ठ : ३०)

भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवादको विरोध, जेल जीवनको अनुभव अनुभूति, क्रान्तिकारी आशावादीता, प्रकृतिलाई मानवीकरण, परिवर्तनको चाहना, लाहुरेको पीडा र बाध्यता, नारीवादीस्वर, कोमल शील्प शैली आदि कविले काव्यमा संलग्न गरेकाछन् ।

### ४.२.४. भाषाशैली

लामो कवितात्मक ढाँचामा लेखिएको 'बन्दी र चन्द्रागिरि' एउटै कथासुत्रमा नबाधिएको भएपनि यसले नेपाली समाज, क्रान्तिलाई आत्मसाथ गरेको पाइन्छ । प्रतीकात्मक र बिम्बात्मक शैली आत्मसाथ गर्दै कविले नवीन यथार्थको सिर्जना गरेकाछन् । यस काव्यको शीर्षक नै प्रतीकात्मक रहेको छ । शीर्षक क्रान्ति र मुक्तिको प्रतीकको रूपमा प्रस्तुत गरेकाछन् कविले । सुन्दर र नवीन बिम्बको प्रयोग गर्ने कविले प्रकृति, पुराण, संस्कृती, र क्रान्तिबाट बिम्बहरू टिप्ने काम गरेकाछन् । चन्द्रागिरिलाई कविले कतै महाभारतको सञ्जयको बिम्ब बनाउछन् भने कतै नारी शक्तिको प्रतीक आमा वा प्रेयसी बिम्बमा उभ्याउछन् । चन्द्रागिरिलाई कतै जनयोद्धाको प्रतीक बनाउछन् भने कतै नवयुगकी नवदुर्गा बनाउछन् । काग र काला नाग अवशकुनका मिथकीय बिम्ब बनाउछन् इच्छुक यसरी :

वरिपरि काला कागहरूको घेरिरहेको
यो कालो यामका विरुद्ध
वरिपरि काला नागहरूले फुङ्कार छोडिरहेको
यो विषालु यामका विरुद्ध
म सिङ्गै पर्वत भएर ठिङ्ग उभिरहेको छु ।

(पृष्ठ : ११)

'सिन्धुलीकी महान् आमा' साझा आमाको प्रतीकका रूपमा यसरी प्रस्तुत गर्दछन् :

तिमी सङ्कल्पमा मुठिहरू कसेर
तिम्रो मुटुलाई कठोर पारिदेऊ मात्र
शताब्दीको अन्तिम सूर्यग्रहण जस्तै
देशको कालो दुर्भाग्य भाग्छ
ए सिन्धुलीको महान् आमा !

(पृष्ठ : ४८)

यस काव्यमा कवि 'इच्छक'ले आगो, गुलाफ, क्रान्ति, रक्तिम लाली, रातो प्रतीक, रक्तकिरण जस्ता क्रान्ति बिम्बको प्रयोग गरेकाछन् । कविताको भाषा काव्यात्मक हुने भएकोले होला कविले विविध बिम्ब प्रतीकको प्रयोग गरेकाछन् ।

गद्यकाव्यत्मक शैली अपनाएका कवि इच्छुकले कही तत्सम शब्दको प्रयोग गरेपनि बुझ्न नसकिने छैनन् । वर्ण, शब्द, पदावलीको आवृत्तिले कवितामा लय सिर्जना गरेको छ । अन्तवस्तु र रूपको कलात्मक संयोजन गर्न सिपालु इच्छुक सरल, सहज, बोधगम्य भाषाशैलीको प्रयोग गरेकाछन् । विचारमा निष्ठा, व्यवहारमा प्रतिबद्ध इच्छुक को 'बन्दी र चन्द्रागिरि' सुन्दर काव्य हो । जनयुद्ध साहित्यको सर्वोत्कृष्ट धरोहरका रूपमा यो काव्य रहेको छ ।

**थापाको 'बगिरहेको सुनकोशी' कवितासङ्ग्रहको विश्लेषण**

**४.३.१ शीर्षक संरचना४.३ कवि मणि**

मणि थापा गीतकार, गायक, सङ्गीतकार, मात्र नभएर कुशल कवि पनि हुन् । जनता गीत लेख्ने, जनताका गीत गाउँने, जनताको घर आँगनमा मादल, गितार, हारमोनियम बजाउदै, नाच्दै हिड्ने व्यक्ति जनयुद्धका सहयात्री पनि हुन् । उनी जनयुद्धका बेला जहाँ पुगे त्यही गीत मात्र लेख्ने, गाउँने गरेनन् कविता पनि सिर्जना गर्दै हिडे त्यसैको प्रतिफल हो 'वगिरहेको सुनकोशी' कवितासङ्ग्रह । कविले यस सङ्ग्रहमा जनयुद्धको बेला जहाँ जहाँ पुगे, जे देखे, जे भोगे त्यही कुरालाई यथार्थ रूपमा चित्रण गरेको पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताको शीर्षकले पनि जनयुद्ध र जनयुद्धको परिवेशलाई प्रतिबिम्बत गरेकोछन् । यस सङ्ग्रह भित्र 'यसपटक गाउँमा', 'छापामारहरू ', 'म तिम्रो नाम पढिरहेको छु', 'ताता गोलीहरूले', 'संसद चलिरहेछ', 'ऊ निवेदन लेख्न बसेकोछ', 'ऊ सपनामा आउँछ', 'रगत बगिरहेको मौसममा', 'कृपया अहिलेलाई', 'गमालीहरू', 'प्रियजनहरू', 'यो त जनयुद्ध हो जनयुद्ध', 'फागुन एक गते र दुई कविता', 'कमरेड', 'एउटा कम्युनिस्टले ', 'युद्ध बन्दीहरू', 'युद्धमा', 'तिम्रो वयान सुन्दा', 'पारिडाँडामा', 'याद गर', 'साङपाङ !ओ साङपाङ', 'कवि मान्छे', 'बगिरहेको सुनकोशीमा', 'कालिकाटे काइँलो ', 'भेरीको तीरैतीर', 'बिम्बका प्रतिबिम्बहरू ' गरि २७ वटा कविता र तिन वटा गीतहरू संरचितछन् ।

दोश्रो संसकरण २०६६ मा प्रकाशित यो सङ्ग्रह ८० पृष्ठमा फैलिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत सबै भन्दा छोटो कविता एउटा 'कम्युनिस्टले ' १९ पङ्क्तिमा संरचित छ

भने सबै भन्दा लामो कविता 'भेरीको तीरैतीर माथि माथि जाँदा' ६७ पङ्क्तिमा संरचित छ । यो सङ्ग्रहमा सङ्गृहीत कविता आयामका दृष्टिले मझौला खालका छन् ।

### ४.३.२ विषयवस्तु

समतामूलक समाज, वर्गीय मुक्ति, जातीय विभेदको अन्त्य, नारी उत्पीडनको अन्त्य गरि सभ्य र सम्पन्न समाजको निर्माणको लागि जनयुद्धमा सहभागी भएका कवि जनताका गीत लेख्दै गाउँदै जाने क्रममा युद्धको बेला जहाँ पुगे, जे देखे, जे भोगे त्यसलाई गीतमा मात्र नउतारि यथार्थ रूपमा कवितामा पनि उतार्ने कोशीस गरे । कवि स्वयम् जनयुद्धका कुशल योद्धा भएकोले जनयुद्धको बेला राज्यको तर्फबाट के कस्तो आतङ्क, दमन, हत्या, बलात्कार, लुटपाट, झुटामुद्दा, लगाएर जनतालाई दुःख दिने काम भयो त्यसको प्रतिकारमा माओवादीले के कसरी युद्धलाई अगाडि बढ्यो यी र यस्तै जनयुद्ध र जनयुद्धकालीन परिवेश नै यो सङ्ग्रहको मुख्य विषय हो । गरिब ग्रामीण समाज, तिनको पीडा, शोषण, दमन, अन्याय अत्याचार त्यसको विरूद्धमा ग्रामीण समाजका जनताहरू जनयुद्धमा लामबद्ध भएको र उनको मुक्तिको दिन वा साम्यवाद अवश्य आउने विषयलाई पनि कविले समेटेकाछन् ।

गाम, लाखरखोला, चुनवाङ् कालिकोट, भेरी, सुनकोशी, साङपाङ पूर्व देखि पश्चिमका भूगोल नदीनाला वर्गयुद्धको तुफानी केन्द्रका रूपमा परिचित ठाउँलाई पनि परिवेशको रूपमा कविले समेटेकाछन् ।

### ४.३.३ मूलभाव

प्रसिद्ध जनकलाकार मणि थापा कलाकार मात्र नभएर कवि पनि हुन् । उनले जनयुद्धलाई जति गीतमा व्यक्त गरेकाछन् त्यसैगरि जनयुद्धलाई कवितामा पनि व्यक्त गरेकाछन् । उनले नेपाली समाज र जनयुद्धलाई मुख्य विषयवस्तु बनाउँदै जनयुद्ध र जनयुद्धको होनहार योद्धा भएकोले जनयुद्ध लड्दा के कस्ता घटना परिघटनाहरू घटे समाजमा र जीवनमा ती घटना, परिघटनाका साथै जनयुद्धमा सहभागी हुदा कस्तो अनुभव अनुभूतिहरू भए ती सबैलाई कवितामा उतार्ने काम कविले गरेकाछन् । वैचारिक प्रतिबद्धता, ग्रामीण समाजमा विद्यमान गरिबी, राज्यको तर्फबाट भएको ज्यादति, जनयुद्ध संलग्न क्रान्तिकारी योद्धाको वीरता, शुरता, शौर्य र बलिदानको उच्च सम्मानलाई कविताको मूलभाव बनाएपनि थापाका कविताले

मुलतः वर्गसङ्घर्षलाई नै मूलभावको रूपमा ग्रहण गरेको पाइन्छ । यस सङ्ग्रहमा देखिएको भावलाई सङ्क्षिप्त रूपमा तल चर्चा गरिन्छ ।

### ४.३.३.१ जनयुद्ध र जनयुद्धकालीन परिवेशको चित्रण

वर्गीय मुक्तिको लागि सन्चालित जनयुद्धमा संलग्न कवि थापाले जनयुद्धमा जे जस्ता घटनाहरू घटे ती घटनालाई यथार्थ रूपमा चित्रण गरेकाछन् । 'बगिरहेको सुनकोशी' मा सङ्गृहीत सबै कविता जनयुद्ध र जनयुद्धकालीन परिवेशलाई नवीन यथार्थका साथ प्रस्तुत गर्ने काम कविले गरेकाछन् । कवि जनयुद्धका वेला राज्य तर्फबाट हुने गरेको विभत्स प्रकारको नरसंहार त्यस नरसंहारले सिर्जना गरेका त्रासद परिवेशलाई यसरी प्रस्तुत गर्दछन् :

यसपटक गाउँमा
मूलपानीको मूलबाट मुहानहरू फुटेनन्
बरू रगतका भेलहरू बगिरहे
गह्रा गह्रामा धानका बालाहरू पनि झुलेनन्
बरू धानका गाँजहरूमा मान्छेका चोक्टाहरू सडिरहे
कोदाका वालाहरू नानीहरूले टाउकामा सिउरेनन्
बरू गाठहरूमा पोतिएका रगतका छिर्का झिङ्गाले चाटिरहे
माडीमा माछा मार्न पनि कोही झरेनन्
बरू खोलाका किनारमा क्षतविक्षत भएका
आफन्तका अनुहारको प्रतिबिम्ब खोजिरहे ।
(यसपटक गाउँमा, पृष्ठ : २१)

जनयुद्धको बेला पुलिसहरूले मात्र पुर्जी टासेनन् माओवादीहरूले पनि पुर्जी टाँसे, वारेन्ट काटे । पुलिस मात्र गोली गठ्ठा भिरेर गाउँमा आतङ्क मच्चाउँदै हिडेन बरू जनसेना पनि बन्दुक बोकेर गाउँ पसे र विरोधीहरू मारे यही नवीन यथार्थलाई कवि यसरी प्रस्तुत गर्दछन्:

यसपटक गाउँमा
वारेन्टका काला पुर्जीहरू

गरिबका गोठहरूमा मात्र टाँसिएनन्
बरू वारेन्टका राता पुर्जीहरू
शोषकका घरमा पनि टाँसिए
बन्दुक र गोली गट्टा पुलिसहरूले मात्र बोकेर गाउँमा आएनन्
बरू रातो तारा लगाएका नयाँ मान्छेहरू पनि
बन्दुक बोकेर गाउँमा आए
सधैं सधैं आफन्तहरू मारिएको खबर सुन्ने मान्छेहरू
यसपटक आफ्ना विरोधीहरू मारिएको खबर पनि सुनिरहे ।
(यसपटक गाउँमा, पृष्ठ : २३)

जनयुद्धमा सयौं योद्धा ढल्दा, मुठभेडमा वैरीले रगत तनतनी पिउँदा, चर्पीमा मान्छेको लासले पुरिदा, छातीमा ड्यांङ्ड्याङ्ती सङ्गीन रोपिँदा पनि कवि निरन्तर लडिरहने कुरा गर्छन् :

छातीमा ड्याङड्याङ्ती सङ्गीन रोपिदा पनि
हामीहरू झस्केका छैनौं
सहिदहरूका शवहरूमा झन्डा ओढाउन बिर्सेका छैनौ
न त युद्धको सङ्गीत गुनगुनाउन छोडेका छौँ
न त बन्दुकका बारूद भर्न रोकेका छौँ
न त वैरीलाई निशाना लाउन भुलेका छौँ
न त रक्तमुछेल बस्तीहरूमा वास वस्न छोडेका छौँ
न त वारूदी सुरूङ्गहरू विछाउन छोडेका छौँ
बाधाका विरूद्ध प्रतिरोध खडा गर्दै
हामी निरन्तर लडिरहेका छौँ । लडिरहेका छौँ ।
(ताता गोलीहरू, पृष्ठ : ३०)

युद्धले क्षतविक्षत अवसथामा जतापनि हत्यै हत्या भएकाछन् । वनजङ्गल, खोला, खोल्सा, नदी छेउछाउ, गाउँ वस्ती जहाँपनि लासै लास भएको बेला कवि बगिरहेको सुनकोशी मा पानि खान पुग्दा पानी हो कि रगत हो छुट्याउन कठिन हुन्छ :

जव म एक अञ्जुली पानी खान बसे
पानीको स्वादमा रगतको स्वाद मिसिए जस्तो

पानीको रङ्गमा मान्छेको रङ्ग साटिए जस्तो
आला आला रगतका फाल्साहरूमा
पानीको थोपा गाँसिए जस्तो
बगिरहेको सुनकोशी सप्तकोशीमा परिणत भए जस्तो
पानी हो कि रगत हो ?
रगत हो कि पानी हो
छुट्याउन गाह्रो भए जस्तो
(बगिरहेको सुनकोशीमा, पृष्ठ : ७०)

### ४.३.३.२ क्रान्तिकारी योद्धाको वीरता, शौर्य र बलिदानको उच्च सम्मान

जनयुद्धमा संलग्न क्रान्तिकारी योद्धा जो वर्गीय मुक्तिको लागि बहादुरका साथ लडे र उनीहरूले देखाएको वीरता शौर्यका साथ युद्धमा आफ्नो ज्यानलाई समेत बलिवेदीमा चढाउने योद्धाप्रति कवि उच्च सम्मानको भाव व्यक्त गर्दछन् । उनी क्रान्तिकारी छापामारलाई यसरी चित्रण गर्दछन्:

छापामाहरू माटो हुन / माटोलाई बम बनाउँछन्
छापामाहरू पानी हुन / पानीमा तरङ्ग जन्माउँछन्
छापामाहरू आगो हुन / अग्निबाण बनाउँछन्
छापामाहरू ढुङगा हुन / ढुङ्गाको हतियार बनाउँछन्
छापामाहरू शृजनाका मुहान हुन / सयौँ छोराहरू जन्माउँछन्
छापामाहरू ती योद्धाहरू हुन / जसले अन्तिमसम्म तिम्रो मेसिनगनका विरूद्ध धावा बोलिरहनेछन्
(छापामारहरू, पृष्ठ :२५)

कवि आफ्नो कमरेड अर्थात् रामवृक्ष यादव जो तराइको होनहार नेता थिए जसको बलिदानमा सिङ्गो देश श्रद्धाञ्जलीमा झुकेको छ भन्छन् :

कमरेड !
तिम्रो मृत्युको खबरले हामी
शोकाकूल भएका छौ

पूर्वको तराई शोकाकूल भएको छ
पूर्वको मात्र होइन पश्चिमको तराइ पनि
शोकाकूल भएको छ
सिङ्गो देश तिम्रो श्रद्धाञ्जलीमा झुकेको छ ।
(कमरेड, पृष्ठ : ५२)

**४.३.३.३ विचार / आस्थाप्रति निष्ठावान**

कवि थापा मार्क्सवादी आदर्शलाई आदर्श बनाउदै जीवनमा लागु गर्ने एक योद्धा हुन् । उनी जसरी विचारमा कटिबद्ध छन् त्यसै गरि कविता लेखनमा पनि त्यत्तिकै प्रतिबद्ध छन् । कविता सिर्जना गर्दा आफ्नो आदर्श प्रति प्रतिबद्ध भएको र भइरहने इच्छा व्यक्त गर्ने कवि मार्क्सवादीहरूको आदर्शका रूपमा रहेको साम्यवाद नआउँदा सम्म सबै लड्नु पर्ने कुरा गर्दछन् :

कि मृत्यु कि मुक्तिको
तक्मालाई छातीमा झुण्डाउँदै
सयौं मर्नलाई लाम लागिरहेछन्
टाउकोमा जिलेटिनका टोकरी बोकेर
उनीहरू मृत्यूलाई जितेर
महान् साम्यवादको निम्ति लडिरहेछन्
(म तिम्रो नाम पढिरहेको छु,, पृष्ठ : २८)

कविले जे जस्तो अवस्थामा पनि आफू आफ्नो विचार वा आस्थाका विरूद्ध जान नसक्ने भन्दै आफ्नो आस्थामा यसरि अडिक हुन्छन्:

मित्रहरू ! म वर्गदुष्मनको लागि उग्रवादी हुन तयार छु
म आदर्शको लागि जडसूत्रवादी हुन तयार छु
म राज्य आतङ्कका विरूद्ध
परिवर्तनका लागि आतङ्ककारी हुन तयार छु
तर मित्रहरू !
म सहिदको रगतको मोलतोल गरेर
कुर्चीको सपना देख्न तयार छैन
भयो कुरूप व्यवस्थासँग सम्झौता गर्न तयार छैन

म यी महान् विचारहरूलाई संशोधन गर्न तयार छैन
म दरबारमा बिन्तीपत्र चढाउने जुलुशमा जान तयार छैन ।
(एउटा कम्युनिस्टले ,पृष्ठ : ५४)

### ४.३.३.४ ग्रामीण समाजको यथार्थ चित्रण

कवि युद्धको बेला कालिकाटे साइलो भेट्छन् । गमालीहरू मात्रै होइन भेरी नदीको तीरैतीर जाँदा नेपाली ग्रामीण समाज र त्यहाँको गरिबीलाई जस्ताको त्यस्तै उतार्ने काम गर्दछन् :

टिम्बुरसँग नुन साट्दा
उसको मन कति दुख्यो
बुझ्ने कोही भेटेन कि ?
दुःखको पहाडलाई छाम्दा छाम्दा
खुट्टा उसका फुटिसके
मनको बह पोख्ने साथी भेटेन कि
जिन्दगी भन्नु भेडी गोठ हो भन्दै
गीतहरू कथेन कि ?
सधैं कुहिरोले ढाक्ने लेकमा
उज्यालो उसले भेटेन कि !
(ऊ निवेदन लेख्न बिसेको छ, पृष्ठ : ३३/३४)

कविले रोल्पाको गाममा वस्ने गमालीले पहिले देखि भोग्दै आएको गरिबीको पीडालाई यसरी व्यक्त गर्दछन् :

पसिनाको गन्धमा
जीवनको गन्ध मिसाएर
जीवनका उकाली ओरालीलाई
टिमुरका दानामा साट्दै
ढुङ्गाका खानीहरूमा टाउको फुटाएर
अर्काको धुरी छाइदिने
आफूले नुनका ढिकासँग ढिंडो निले पनि

दुनियाँका कराहीमा आलुका दाना पकाइदिने
गमालीहरूको कथा
बिरानो बिरानो लनग्थ्यो / पुरानो पुरानो लाग्थ्यो ।
(गमालीहरू, पृष्ठ :४२)

समाजिक विकृति विसङ्गतिको विरोध, सामन्तवादको विरोध, क्रान्तिकारी आशावादिता जस्ता भावलाई पनि कविले यो सङ्ग्रहमा समेटेकाछन् ।

**४.३.४. भाषाशैली**

विकृत पुरानो समाजलाई बदलेर नयाँ समाज निर्माण गर्ने उदेश्यमा लागेका कवि मणि थापाका कविताले नवीन यथार्थको निर्माण गरेका छन् । उनी जनकलाकार मात्र होइनन् जनकविका रूपमा उदाएका छन् । थापाका कवितामा आवेग छ, आक्रोश छ, क्रान्तिकारी निष्ठा छ र सुन्दर भविश्य निर्माणको सपना छ ।

कवितामा तत्सम शब्दको प्रयोग भएपनि अबोधगम्य नभइ बोधगम्य रूपमा प्रस्तुत गरिएको छ , कुर्ची, टिम्बुर जस्ता स्थानीय भाषिका प्रयोग गर्ने थापाले सपनालाई क्रान्ति, बिम्ब, प्रतीकका रूपमा यसरी प्रस्तुत गर्दछन् :

जब म सपना देख्छु
ऊ सपनीमा आउँछ
र सम्झाउँछ
र बन्दुक पड्काउँछ
मलाई ब्यूझाउँछ ।
(ऊ सपनामा आउँछ, पृष्ठ : ३६)

यस सङ्ग्रहमा कवि थापाले सुन्दर बिहानी, लालीगुराँस, नुनका भारी, चुलेसीका साँध, गमालीहरू, सुनकोशी, सानीभेरी, माडिखोला, साङपाङ जस्ता बिम्ब प्रतीक प्रयोग गरेका छन् । ऊनको सरल सहज भाषा शैलीले कविता सुन्दर बनेकाछन् । वर्ण, शब्द, पदावलीको पुनरावृतिले साङ्गीतिकता थपेका छन् ।

गद्य छन्दका कवि थापाको कविता लेखनमा जो आक्रोश र आवेग हो त्यो कताकता कलात्मकताले धान्न नसकेको हो कि जस्तो लाग्छ उनको कविता पढ्दा । युद्धको बेला बन्दुक र बारूदसँग लुकामारी खेल्दै कविता सिर्जना गर्ने कवि मणि थापाको यो सङ्ग्रह जनयुद्ध साहित्यको लागि एउटा ठुलो देन भने अवश्य मान्नु पर्दछ ।

## ४.४ कवि लोकेन्द्र विष्ट मगर ‘अभ्यास’को ‘रगतको इतिहास’ कवितासङ्ग्रहको विश्लेषण

### ४.४.१. शीर्षक संरचना

लोकेन्द्र विष्ट मगर जनयुद्धले सिर्जना गरेको सहित्यिक योद्धा हुन् । जनयुद्धको पूर्व सन्ध्यामै कठोर जेल जीवन सुरुवात गरेका विष्टले जेललाई नै सिर्जनाको उर्वर भूमि बनाए तसर्थ उनका कविता जेल जीवनको अनुभव अनुभूति वर्गसङ्घर्षका उतार चढाव, राज्यतर्फबाट गरेको दमन, आतङ्क, लुटपाट, हत्याहिंसा, त्रासदी, नेपाली जनताको गरिबी, समाजमा भएका विकृति विसङगती, भविष्यप्रति आशा नै उनका कविताका शीर्षकले प्रतिनिधित्व गरेकाछन् । कविताका शीर्षकहरू सोझो अर्थ दिने भन्दा विभिन्न प्रतीकात्मक अर्थ दिने खालकाछन् ।‘रगतको इतिहास’मा निम्न शीर्षकका कविताहरू सङगृहीत गरेका छन् कविले । 'काठमाडौंलाई आह्वान', 'तिम्रो घर' , 'यी साङ्ला र पैजनीहरू उठ', 'अरू हजारौं कुमारी र सुनसराहरू', 'यी हल्लाखोर र चल्लाचोरहरू', 'तिम्रो सुनौलो सपनाहरू', 'आआफ्नो मार्चामा डटौं', 'तिम्रो प्यास मेटिने छ आमा', 'बिन्दु', 'हतियार', 'अजेय राता ध्वजाहरू ', 'सुनिरहेछु नवयुग प्रिय हृदयस्पर्शी ध्वनहरू', 'त्यो सगरमाथा चढेरै छोड्नेछौं', 'रगतको इतिहास ', 'धन्य कमरेहरू धन्य', 'बादलका फुक्का र कुहिरोका सक्काहरू', 'यी वेश्यारू', 'अजेय चैतन्य दीपशीखा', 'दरौदीको दर्द', 'पाहुनाहरू', 'पहरा फोर्ने ज्यामीहरू', 'यो सानो आँखी झ्यालबाट चिहाउदा', 'कसरी पो म हाँसु', 'अग्निज्वालाहरू दन्काउनै पर्ने भो ', 'लालीगुराँस भएर फुल्नु तिमी', 'तेस्रो बसन्ती गर्जन भित्र', 'जङ्गेहरू ', 'पृथ्वी थर्काउदै ब्रम्हाण्ड हल्लिदै छ', 'चुडाल्नै पर्छ फाँसीका फन्दाहरू', 'क. देवी खड्काहरू', 'आगोमा अरू घ्यू थप्दै जाऊ', 'फलामे किल्लामा टाउको ठोक्दैछौ तिमी', 'फेरि कस्तो राष्ट्रिय सहमति', 'भाग्य भुलेकाहरू हो ', 'साथी जारीरहनेछ मेरो कविता यात्रा', 'हिट्लरको ग्याँय च्याम्बर होइन मेरो देश', 'सबैलाई अजस्र सङ्ग्रामी सलाम', 'झन् झन् चुलिदै गइरहेछ शिखरको उचाई यो बेला', 'यहाँ निभ्नेछैन यो दावानल अव', 'अग्निपरीर्थीहरू', 'कन्टेनर', 'बीउ जोगाउन खोज्दा', 'सान लगाउदै जाऊ', 'यतिखेर सगरमाथाको धुरिबाट हेर्दा', 'सचाइको खोजिमा निस्कदा', 'होसियार फेरि सवार हुदैछ मृत्यु', 'यात्री र गन्तव्य', 'यो बन्द

कोठरीभित्र','भूकम्प', 'चुनौती भित्रका चुनौतीहरू', 'मेरा कमरेडहरू', 'दार्जिलिङ', 'हाम्रा लाल योद्धाहरू', 'बन्द संसारवासीहरूले' गरि ५५ शीर्षकका वर्गसङ्घर्षलाई प्रतिनिधित्व गर्ने शीर्षकहरू सङ्गृहीत छन् ।

प्रत्येक कविका कविता सिर्जनामा आआफ्ना संरचना प्रकृयाँ हुनछन् । कवि विष्टका कविता रचनामा आफ्नै संरचना गरेको पाइन्छ । गद्य छन्दमा लेखिएका समग्र कविताको आयाम मझौला खालका छन् । १०३ पृष्ठमा फैलिएको यो कवितासङ्ग्रहमा सबै भन्दा छोटो कविता 'त्यो सगरमाथा चढेर छोड्नेछौं' १६ हरफ देखि सबै भन्दा लामो कविता 'भाग्य भुलेकाहरू' १३९ हरफ सम्मका कविता यस सङ्ग्रह भित्र सङ्गृहीत भएका छन् ।

### ४.४.२ विषयवस्तु

कवि विष्ट मार्क्सवादी अध्यता मात्र नभई स्रष्टा पनि हुन् । उनले सानै देखि मार्क्सवादको अध्ययन सुरुवात गरेका विष्ट मार्क्सवादी लेखकीय प्रतिबद्धतामा उभिएका छन् । कविता सिर्जनाको मूल विषयवस्तु मानवीय समाज र जीवन भोगाइ नै हो । विष्ट सात वर्ष सम्मको असह्य कष्टकर जेल जीवनका तनाव पीडा उद्वेलन कविता सिर्जनाको मुख्य विषय हो । जेल आफैमा कष्टकर र पीडादायीक ठाउँ हो कवि विष्टको जेल यातना सुन्दा र पढ्दा कसको मन नविथोलिएला र ? यस्तो जेल पनि विष्टको लागि उर्वर ठाउँ बन्यो यो कुराले पनि के स्पष्ट पार्छ भने सङ्घर्षशील मान्छेसँग सिर्जनाका लागि धेरै अनुभूतिहरू हुन्छन् ती अनुभूतिलाई त्यत्तिकै हराउन दिनुको साटो कविताको माधयमवाट सबै पाठक सामु 'रगतको इतिहास' मार्फत सार्वजानिक गर्ने कविले राजयस्तरबाट भएको अत्याचार, दमन, हत्या, बलात्कार, लुटपाट, धरपकड, झुटामुद्दा र त्यसको प्रतिकारमा भएको जनयुद्ध र जनयुद्धमा सहभागी क्रान्तिकारी योद्धाको त्याग, वीरता सुरता, शार्य, बलिदान राष्ट्रप्रेम, समाजका विकृति, विसङ्गतीप्रति आक्रोश नेपाली गरिबी जनताको यथार्थ चित्रण भविष्यप्रति आशा नै उनका कविताका मूल विषयवस्तु हुन ।

काठमाडौं देखि सगरमाथासम्म दरौंदी, दार्जिलिङ, सैलुङ, पेरिस, मास्को, पिटसवर्ग, चीङकाङसाङ, येनान्, पेरु, भारत, फिलिपिन्स, टर्की सम्मको भूगोललाई विषयवस्तुको रूपमा कविले समेट्ने काम गरेका छन् ।

### ४.४.३ मूलभाव

कवि लोकेन्द्र विष्ट मगर सानैदेखि सिर्जना क्षेत्रमा रुचि राखेपनि कष्टकर जेल जीवन नै उनको सिर्जनाको लागि उर्वर भूमि हो । उनलाई जेलले नेता मात्र वनाएन एउटा सफल कवि पनि बनायो । उनलाई मार्क्सवादी विचारको अन्त्य गर्न सरकारले रुकुम जेलरूपी कालकोठरीमा सात वर्ष राखेको थियो । त्यही कालकोठरीले विचार मार्नुको साटो विचारलाई धारिलो बनाउँदै जन्मे थुप्रै कविताहरू । जेलभित्र लेखिएको पहिलो कवितासङ्ग्रह हराएपनि विष्ट भित्रको कविता सिर्जना गर्ने खुवी र विचार कहिल्यै हराएन जसको परिणामस्वरूप जन्मियो 'रगतको इतिहास' । कुनैपनि देशको इतिहास रक्त रञ्जित हुन्छ । रगतले नरङगिएको कुनै पनि देशको इतिहास हुदैन इतिहास निर्माण गर्न वीर योद्धाहरूले रगतको बलीबेदी चढाउँन आवश्यक हुन्छ । कवि विष्ट पनि इतिहास निर्माण गर्ने क्रममा जेलको कालकोठरीमा बस्न बाध्य भएका छन् । इतिहास निर्माण गर्ने यात्रामा लामबद्ध विष्ट यस्तो ठाउँमा कष्ट पूर्वक बस्नुपर्दा जेल यातना, पीडा, मानसिक उद्धेलन, मानसिक तरङ्गका प्रतिफल आफ्नो इतिहास निर्माणको खाका कोर्छन कविता मार्फत ।

नयाँ इतिहास निर्माणको खाका कोर्दा नेपाली गरिबी जनताको गथार्थ चित्रण, राज्यको तर्फबाट भएको आतङ्क, दमन, हत्या, बलात्कार, लुटपाट, धरपकड, त्रासदी, झुटामुद्दा, असमान न्याय, सामन्तवाद, शोषण दमन, जिमुवाल मुखियाको दवदवाको विरूद्ध नयाँ इतिहास निर्माणका लागि सन्चालित जनयुद्धमा संलग्न वीर योद्धाको वीरता, शुरता, शौर्य, सहास, बलिदान, समाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेम, भविष्यप्रति आशा जस्ता मूलभाव समेटिएको भएतापनि उनका कवितासङ्ग्रहको मूलभाव वर्गसङ्घर्ष नै हो । उनका कवितामा देखिएक मूलभावलाई तल बुँदागत रूपमा चर्चा गरिन्छ :

### ४.४.३.१ विद्रोहचेत

समाज परिवर्तनका दुई वटा नियम छन् । एउटा उद्विकास अर्को हो विद्रोह वा क्रान्ति यी दुई नियम मध्ये समाज परिवर्तनका लागि विद्रोह अँगालेका कवि विष्टले यही विद्रोह मार्फत नयाँ इतिहास निर्माण गर्ने खाका कोरेका छन् कविता मार्फत । समाजमा लामो समय देखि विद्यमान अन्याय ,अत्याचार, शोषण, दमन, लैङ्गीक विभेद, जातीय उत्पीडन, जिमुवाल, मुखिया, ठालुप्रथा, सामन्तवादका विरूद्ध सानैदेखि विद्रोह गर्दै आएका कवि विष्ट आमूल परिवर्तनको लागि जनयुद्धको सुरुवात अगावै नै सरकारले लगाएको झुटामुद्दामा जेल जीवन विताउन बाध्य भएका थिए । सानेदेखि विद्रोही स्वभावका कवि विष्ट जेलभित्र पनि उनको विद्रोही स्वभाव अन्त्य हुनाका साथै झन् प्रखर हुदै गयो । जसको परिणामस्वरूप उनले

कवितामा विद्रोहको मसाल बाल्ने काम गरेका छन् । जेल भित्र बस्दा होस वा जेल बाहिर जनयुद्धमा लामबद्ध भएको यथार्थ चित्रण उतार्दा होस नयाँ इसिहास निर्माण गर्न विद्रोह गर्ने सन्देश दिदै आफ्ना कवितामा विद्रोहको विगुल यसरी फुक्दछन् :

बसी खाने महाजनहरूको भाग्य च्यात्दै च्यात्दै
गरी खाने श्रमिकहरूको सौभाग्य रच्दै रच्दै
जोड्दै जोड्दै पवित्र आत्माका तालहरू
फोड्दै फोड्दै सारा दुर्गन्धित र फोहोरी आहालहरू
फुलाउँदै खुसीका बगैँचाहरू यत्रतत्र
खुलाउँदै मुक्ति मार्गहरू शीघ्र अनि सर्वत्र
उठौँ भुकमपका धक्कारसँगै
जुटौ ज्वलामुखिका विस्फोटहरूसँगै
मुक्तिगामी योद्धाहरू सारा
आआफ्नो कर्ममा खटौँ
आआफ्नो मोर्चामा डटौँ

(आआफ्नो मोर्चामा डटौँ, पृष्ठ :११)

कवि विष्ट आमूल परिवर्तनका लागि जतासुकै पनि क्रान्ति भएको यसरी देख्छन् :

निहाली निहाली हेर्छु
हेर्छु र फेरि पनि हेर्छु
अनि देख्छु त्यहाँ
असङ्ख्य देशभक्त र क्रान्तिकारीहरू
शौर्यले भरिपूर्ण चाका र खाकाहरू
त्यहाँ पनि उर्लिरहेछन् जुलुसहरू
घन्किरहेछन् नाराहरू
र पड्किरहेछन् तोप र बन्दुकहरू

(यतिखेर सगरमाथाको धुरीबाट हेर्दा, पृष्ठ :८३)

काठमाडौँलाई आह्वान, उठ अरू हजारौँ कुमारी र सुनसराहरू, तिम्रा सुनौला सपनाहरू, तिम्रो प्यास मेटिनेछ आमा, रगतको इतिहास, तेस्रो बासन्ती, गर्जन भित्र, आगोमा

अरू घ्यू थप्दै जाऊ, निभ्ने छैन यो दावानल अब, भूकम्प कवितामा विद्रोह चेत प्रखर रूपमा कविले प्रंस्तुत गरेका छन् ।

### ४.४.३.२ राज्य आतङ्क, अन्याय र अत्याचारप्रति आक्रोश

आमूल परिवर्तनका लागि सञ्चालित जनयुद्धलाई दबाउन तत्कालीन सरकारले जनता माथि गरेको राज्य आतङ्क, दमन, हत्या, बलात्कार, धरपकड, झुटामुद्दा, अन्याय, अत्याचार, त्रासदीप्रति कविले कविता मार्फत कडा आक्रोश ओकलेका छन् । जनयुद्ध दबाउने नाममा राज्यले जनतालाई सेवा, सुविधा, रोजगार, सुरक्षा दिनुको सटा जनतालाई सास्ती दिएको कवि विष्टलाई पटक चित्त बुझ्दैन त्यसको प्रतिकारमा कविले कविता मार्फत आक्रोश व्यक्त गर्न पुग्दछन् । कविले राज्य आतङ्कलाई यसरी प्रस्तुत गर्छन् :

हो, तिम्रा गाउँ वस्तीहरूमा
दिनदहाडै दुष्ट शिकारीहरूले
जिउदै आँखा झिकेर चित्तामा चढाए
त्यसैले पनि नपुगेर
गोली पनि ठोके कुमारी बूढालाई
फेरि पनि तिम्रै बारीमा
दिउँसै रात पऱ्यो
निर्मम यातना बसाउदै
दुई वर्षे नानी छेउमै राखेर
दोजिया आमा सुनसरालाई
गोलीको निशान बनाए जल्लादहरूले

(उठ अरू हजारौं कुमारी र सुनसराहरू, पृष्ठ : ६)

आफूलाई जङ्गेको रूपमा लिएका तानाशाहको अत्याचारलाई कविले यसरी प्रस्तुत गर्छन् :

बोल्नेहरूको जिब्रो थुत्नु छ रे
चियाउनेहरूका आँखा झिक्नु छ रे
सुन्नेहरूका कानका जाली खोस्नु छ रे

छ रे सापाङगका हात खुट्टा भाच्नु
देशभक्त र जनवादी शिरहरू गिड्नु छ रे
उर्वर र उन्नत मगजहरू चोर्नु छ रे
यसर्थ अहिले पनि उस्तै र उत्रै छन् जङ्गेहरू
केवल रूपमात्र फेरिएको छ
आखिर उनै हुन् यी
हिट्लर, जार, र यत्लसिनका सगोत्री जङ्गेहरू
(जङ्गेहरू, पृष्ठ : ४४)

यी साङ्ला र पैजनीहरू, यी हल्लाखोर र चल्लाचोररू, बादलका फुक्का र कुहिरोका सप्काहरू, दरौदीको दर्द, पाहुनाहरू,चुडाल्नै पर्छ फाँसीका फन्दाहरू, यो बेला यहाँ, होसियार फेरि सवार हुँदैछ मृत्यु कवितामा राज्यको आतङ्क, दमन, अन्याय, अत्याचारलाई कविले प्रस्तुत गरेका छन् ।

**४.४.३.३ जेल जीवनका अनुभूति :**

कवि विष्टका लागि जेल भनेको यातना शिविर नभएर उनका लागि सिर्जनाको विश्वविद्यालय भयो । यातना शिविरका रूपमा रहेका जेल विष्टका लागि उर्वर भूमि भयो । जेलले विष्टलाई नेता मात्र होइन एउटा सफल कवि बनायो । विष्टले जेल यातनाको असह्य पीडा, उद्वेलित मन, असिम मनका तरङ्गले विष्टलाई सफल कवि बनायो । ती जेल बस्दाको अनुभव अनुभूतिलाई कवि विष्टले कवितामा यसरी प्रस्तुत गरेका छन् :

मेरा नाक र मुखमा खुर्सानी र सिस्नु पचपची खाँदेर
कुनै नरक कुण्डको गर्तमा नगाडिएको होइन
तर, त्यसले पनि मेरो
घ्रानशक्ति र स्वादानुभूतिमा कुनै कमि ल्याएन
अझै सम्वेदनशील भएका छन् मेरा नाक मुखहरू
(सुनिरहेछु नव युग प्रिय हृदयस्पर्शी धुनहरू, पृष्ठ : २०)

कवि पर्खाल भित्र रहदा वा बाहिर रहदा आफ्नो कविता जारी रहने बाचा यसरि गर्दछन् :

पर्खाल भित्र रहँदा होस या पर्खाल बाहिर

नेल, हत्कडी र जञ्जीरले जकडिदा होस्
या खुल्ला र स्वतन्त्र रहँदा
जहिले पनि र जहाँ पनि
जारी रहने छ मेरो कविता यात्रा
(हो साथी जारीरहने छ मेरो कविता यात्रा, पृष्ठ : ६२)

पाहुनाहरू, यो सानो आँखी झ्यालबाट चियाउँदा, यो बन्द कोठाभित्र, मेरा कमरेडहरू, कवितामा कविले जेल जीवनका अनुभूतिलाई प्रस्तुत गरेका छन् ।

**४.४.३ ४ नेपाली गरिब जनताको दुःख पीडाको यथार्थ चित्रण**

नेपाली समाजमा विद्यमान नेपाली जनताको गरिबीलाई र ती गरिब ज्यामी, किसान, मजदुर, पाले आदि कार्यमा संलग्न नेपाली जनताको यथार्थलाई कविले यथार्थ रूपमा चित्रण गरेका छन् । बिहान देखी साँझ सम्म हाडछाला घोटेर काम गर्ने नेपाली गरिव जनताको दःख पीडालाई कवितामा कविले यथार्थ रूपमा उतार्ने मात्र होइन ती गरिव जनताप्रति सहानुभूति व्यक्त गर्दै आफ्नो पसिनाको सही मूल्य पाउन विद्रोह गर्न पनि आव्हान गर्छन् कवि ।

पाखा पखेरा र गाउँ वस्तीहरूमा
गोठ कटेरा र कुना कन्दराहरूमा
खेत वारी र मेला खलीहानहरूमा
पसिनाका धाराहरू छुटाउँदै
शरीरमा चरा तर्साउने काँटाले पोतिएका
जिङ्ग्रिङ्ग कपाल पालेका
ह्वास्ह्वासी गन्हाउने
जवानीमै बाँदर चाउरी परेका
सारङ्गी जस्तै पेट भएका
सँधैं सँधैं खरङ्तरङ गरिरहने
देख्दै टीठ लाग्दा
को हुन् तिनीहरू ?
(भाग्य भुलेकाहरू, पृष्ठ : ५७)

पहरा फोड्ने ज्यामीहरू, अग्निज्वाला दन्काउनै पर्ने भो कवितामा नेपाली जनताको यथार्थलाई कविले प्रस्तुत गरेका छन् ।

### ४.४.३.५ क्रान्तिकारी योद्धाको बलिदान, वीरता, शौर्य, साहसको प्रस्तुति

आमूल परिवर्तनका लागि सुरुवात भएको जनयुद्धमा थुप्रै नेपालीहरू सहभागी भए । बालबालीका युवायुवती वृद्धवृद्धा सबै संलग्न जनयुद्धमा आफ्नो वर्गीय मुक्तिका लागि सबैले वीरता बहादुरीपन सहास देखाए । कुनै पनि युद्ध रक्तपात बिना हुन नसक्ने र कुनै पनि समाज परिवर्तनका लागि आवश्यक रगतको कोटा तिर्नुपर्ने भएकाले थुप्रै योद्धाहरूले दिएको बलिदानीलाई पनि कविले कवितामा प्रस्तुत गरेका छन् । कविले सहिदले गरेको बलिदान सुन्दर रूपले साकार हुँदैछ भनेर यसरी भन्छन् :

हो आमा, आमाबाबाले चढाएको रगत
दाजु दिदी र भाइ बहिनीले गरेको बलिदान
बूढी आमा सहन गरेका सास्ती र साहदत
हाम्रा गाउँवस्ती र छिमेकै भरी
बासन्ती बहार भएर झुल्दैछन्
लालीगुराँस र लालुपाते भएर ढकमक्क फूल्दैछन्
(तिम्रा सुनौला सपनाहरू, पृष्ठ : ९)

त्यो सगरमाथा चढेर छोड्नेछौं, क. देवी खड्काहरू, अग्नि परीक्षार्थीहरू, उठ अरू हजारौं कुमारी र सुनसराहरू, कवितामा कविले क्रान्तिकारी योद्धाहरूको बलिदान, वीरता, र साहसलाई उतारेका छन् ।

### ४.४.३.६ समाजका विकृति विसङ्गतिप्रति व्यङ्ग्य

कविले आफ्ना कवितामा जनयुद्धको मात्र यथार्थ चित्रण उतारेका छैनन् हाम्रो समाजमा भएका विकृति विसङ्गतिप्रति पनि कडा व्यङ्ग्य वाण हान्ने काम गरेकाछन् । कविले कम्युनिस्ट राजनीति र आचरणमा आएको भेदमा मात्र होइन एउटा सांसद जस्तो राष्ट्रको जिम्मेवारी मान्छे वेश्याको रूपमा विक्री वितरण हुने कार्यप्रति व्यङ्ग्य वाण यसरी हान्छन् :

सत्ता समीकरणका जालहरू खेल्छन्
भत्ता वृद्धिकरणमा मालामाल छन्
कहिले को सित पोइल जान्छन् त कहिले को सित
गनेर अनि भने साध्यै छैन
तुरून्तै विरामी पनि हुने
उतिनै खेर भेडा बाखा झैं बिक्री भइदिने
विचित्रका छन् यी राजनैतिक वेश्याहरू
(यी वेश्याहरू, पृष्ठ : २८)

'धन्य कमरेड धन्य', 'कन्टेनर' कवितामा कविले व्यङ्ग्य वाण हान्ने काम गरेकाछन् ।

भविष्यप्रति आशा, पाश्चात्य नाङ्गो संस्कृतिको विरोध, प्रचार आतङ्कप्रति आक्रोश, नयाँ संसार निर्माण गर्ने कल्पना, विचारलाई प्रधानता, मुक्तिको आवाज, स्वतन्त्रताको चाहना, नवीन यथार्थ, राष्ट्रप्रेम, परिवर्तनको चाहना, विभेदकारी नीतिको विरोध, शान्तिको चाहना आदि स्वर पनि कवितासङ्ग्रह भित्र सङ्गृहीत रहेको पाइन्छ ।

## $=$=$= efiffz}nL

कवि विष्ट पद्यका नभई गद्यका कवि हुन् । उनले नवीन यथार्थ प्रस्तुत गर्ने क्रममा विभिन्न प्रकारका बिम्ब प्रतीकको प्रयोग गरेका छन् । क्रान्ति, बिम्ब, प्रतीकको प्रयोग गर्ने कवि मगरले 'जङ्गेहरू' लाई तानाशाह, अत्याचारीको प्रतीकका रूपमा यसरी प्रस्तुत गर्दछन्

जङ्गेहरू जङ्गल सखाप पार्दैछन्
नदीनाला बच्दैछन् जङ्गेहरू
देश बेच्दैछन् जङ्गेहरू
जनताको जीवन भूट्दैछन् जङ्गेहरू
(जङ्गेहरू ; पृष्ठ : ४४)

'रगतको इतिहास' कवितासङ्ग्रहमा कविले काठमाडौँ, बन्दुक, गोली, बारूद, क्रान्ति, साङ्ला, पैजनी, कुमारी, सुनसरा, लालीगुराँस, लालुपाते, वेश्या, दरौंदी, अग्निज्वाला, रक्तिमफूल देवी खड्का, दावानल, कन्टेनर, सगरमाथा, भूकम्प जस्ता बिम्ब प्रतीकको प्रयोग गरेका पाइन्छ । कवि जनयुद्धका योद्धा भएकाले आक्रोशको भाषा, भाषिक विचलन, तत्सम, आगन्तुक र

स्थानीय भाषिकाको प्रयोग गरेकाछन् । कवितामा शब्द संयोजन र कलात्मकतालाई भन्दा विचार र यथार्थलाई प्रस्तुत गर्ने नाममा कविता कतै भाषण र कतै योद्धाको आक्रोश जस्तै लाग्छ । कविले साहित्य शब्द भन्दा बढी राजनैतिक शब्दको प्रयोगले कविताको रसलाई निरस र असुहाउँदो बनाउँछ । हुन त युद्धको बेला यस्ता कविता सिर्जना गर्नु पनि कठिन कार्य त अवश्य हो नै कवितामा आक्रोश विद्रोह भित्र कोमलता र कलात्मकताको समिश्रण भइदिएको भए कविता अत्यन्त सुन्दर हुने थिए । जेल होस् या युद्धमा जे देखे त्यही यथार्थ रूपमा चित्रण गर्ने शैली कविको देखिन्छ । वाक्य गठन, भाषिक विचलन गर्ने शैलीले कविका कविताले आफ्नै पन स्थापना गर्न सफल भएकाछन् । युद्धको बेला 'रगतको इतिहास' जस्तो सङ्ग्रह आउनु जनयुद्ध साहित्यको लागि ठुलो योगदान भने अवश्य नै हो ।

## ४.५. कवि लोकेन्द्र विष्ट मगरको 'ओ ! मेरा सुन्दर लालीगुराँसहरू' कवितासङ्ग्रहको विश्लेषण

### ४.५.१. शीर्षक संरचना

शीर्षक कुनै पनि कवितामा प्रवेश गर्ने ढोका हो । शीर्षकले कुनै पनि रचनाको समग्र नेतृत्व गरेको हुन्छ । लोकेन्द्र विष्टको 'ओ ! मेरा सुन्दर लालीगुराँसहरू' कवितासङ्ग्रह भित्र रहेका शीर्षक र केन्द्रीय कथ्य बिच आन्तरिक सङगति देखिन्छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताका शीर्षकहरू प्रतीकात्मक छन् भन्ने पुस्तकको नाममै प्रतीकात्मक रूपमा राख्ने काम गरेकाछन् कविले । लालीगुराँस भनेको यहाँ क्रान्तिकारी योद्धा, मुक्ति र सुन्दरताको प्रतीकका रूपमा आएको छ । विष्टका यस सङ्ग्रहमा सङ्गृहीत ७३ वटा कविताका शीर्षकले मुलतः वर्ग सङ्घर्षलाई उजागर गरेको पाइन्छ । वर्गसङ्घर्षका साथै मानवअधिकार, स्वतन्त्रता, राज्य आतङ्क, शान्तिको कामना, जेल जीवनको अनुभूति, क्रान्तिकारी योद्धाको वर्णन, भविष्यप्रति सुन्दर आशालाई प्रतिनिधित्व गरेको पाइन्छ ।

गद्य छन्दमा लेखिएको ७३ शीर्षकमा सङ्गृहीत यो सङ्ग्रह 'रगतको इतिहास' भन्दा केहि मात्रामा ठुलो देखिएपनि यो सङ्ग्रहमा सङ्गृहीत कविता तुलनात्मकरूपमा छोटो कविताहरू संरचित छन् । २०५४ सालदेखि २०६५ सालसम्मका कविता संरचित यस सङ्ग्रहमा आयामका दृष्टिले सबै भन्दा छोटो कविता 'कुन चरीको नाम हो मानव अधिकार ?' नौ हरफमा संरचित छ भने सबै भन्दा लामो कविता 'जारी छ महासमरको यात्रा' ८७ हरफमा संरचित रहेको छ ।

### ४.५.२. विषयवस्तु

कवि नेपाल मात्र नभई भारतीय जेलमा पनि दुई वर्ष समय बिताएकाछन् । यस सङ्ग्रहमा सङ्गृहीत धेरै जसो कविता जेल बसाइमा लेखिएकाछन् । यसले पनि के प्रष्ट पार्छ भने जेल उनको काव्य साधना गर्ने क्षेत्र सावित भएको छ । जेल भित्र बस्दा होस या जेल बाहिर बस्दाहोस् उनका कविताको मूल विपषयवस्तु भने वर्ग सङ्घर्ष नै रहेको छ । वर्ग सङ्घर्षका अलावा मानवअधिकार, स्वतन्त्रता, क्रान्तिकारी योद्धाको वर्णन, जेल जीवनका अनुभव अनुभूति, मार्क्सवादी दर्शनप्रति प्रतिबद्धता, अन्तर्राष्ट्रवादी वर्ग चेतना, शान्तिको चाहना, राष्ट्रप्रेम, राज्य आतङ्क, भविष्यप्रति आशा नै मुख्य विषयवस्तुका रूपमा आएका छन् ।

कालापानी, बालुवाटार, हिरोसिमा, नागासाकी, वासिङटन, थारमारे, सम्मको भूगोललाई विषयवस्तुको रूपमा प्रस्तुत गरेकाछन् ।

### ४.५.३. मूलभाव

कवि लोकेन्द्र विष्ट वर्ग सङ्घर्षका भट्टीबाट सिर्जित कवि हुन् । उनी वर्गसङ्घर्षमा लामबद्ध हुने क्रममा लामो समयसम्म उनले जेल जीवन बिताउन बाध्य भए । यही जेल नै उनको काव्य पाठशाला बन्यो । यही पाठशाला भित्र सिर्जिय थुप्रै कविताहरू । उनी जेल भित्र बस्दा सिर्जियका कविता हुन् या वर्ग सङ्घर्षमा लामबद्ध हुँदा सिर्जियका कविता हुन् ती सबै कविताले वर्गसङ्घर्षलाई नै मूलभावको रूपमा समेटेकाछन् । वर्ग सङ्घर्षको लम्बे यात्रामा सिर्जियका यी कविताले मूलभाव वर्गसङ्घर्षलाई उजागर गरेपनि अन्य भावहरू पनि यस सङ्ग्रह भित्र सङगृहीत छन् । राज्य आतङ्क, मानवअधिकार र स्वतन्त्रता, क्रान्तिकारी योद्धाको वर्णन, जेल जीवनका अनुभूति, मार्क्सवादी सिद्धान्तप्रति प्रतिबद्धता, अन्तर्राष्ट्रवादी वर्गचेतना, राष्ट्रप्रेम, बलिदानप्रति उच्च सम्मान, भविष्यप्रति आशा, शान्तिको चाहना आदि भाव भूमिलाई यस सङ्ग्रहमा कविले समेटेका छन् । जसलाई तल सङक्षेपमा चर्चा गरिन्छ :

#### ४.५.३.१ वर्गसङ्घर्षको यथार्थ चित्रण

कवि लोकेन्द्र विष्ट वर्ग सङ्घर्ष सिर्जित कवि हुन् । वर्ग सङ्घर्षको लम्बेतान यात्रामा संलग्न समर यात्रा गर्दागर्दै कवि विष्ट समर कवि बन्न पुग्छन् । युद्ध सामान्य हुदैन युद्ध त जटिल प्रक्रियाबाट गुज्रिने गर्छ । यही युद्धमा एउटा हातमा बन्दुक र अर्को हातमा कलम

लिएर वर्ग सङ्घर्षको दौडानमा उनी जहाँ पुगे जे देखे जस्तो भोगे त्यही कुरालाई यथार्थ रूपमा कवितामा उतारेका छन् । विद्रोह चेतना, क्रान्ति, आक्रोश, राज्यको चरम दमन, आतङ्क, हत्यालाई यथार्थ रूपमा कवितामा उतार्न सफल छन् कवि विष्ट । उनी जनयुद्धको बेला जताततै बारूदै बारूद भएको यथार्थलाई यसरी प्रस्तुत गर्दछन् :

हावाका झोँकाहरू र
पानीका फोकाहरूमा
बारूदै बारूद गन्हाइरहेछ ।
हुँदा हुँदा त आजकल
मान्छेका हात र आँतहरूमा अनी
मनुजमुनाहरूमा बम र गोली बनि
भोलेको डाँकमा पड्कदै
बारूदै बारूद गन्हाइरहेछ बिहान ।
(बारूदै बारूद गन्हाइरहेछ, पृष्ठ : ४८)

कविले राज्य आतङ्कलाई यसरी चित्रण गरेका छन् :

कति पक्राउ गर्छौ गर, तिम्रो मर्जी
कति पिट्नु छ पिट
तिम्रो हातमा लट्ठी छदैछ क्यार !
कति लगाउछौं लगाऊ झुट्टा मुद्दाहरू
कानुन तिम्रै हातमा छ
(जनयुद्धको चुनौती, पृष्ठ : ८५)

कविका अधिकांश कवितामा वर्ग सङघर्षलाई यसरी नै उतार्ने काम गरेका छन् ।

## ४.५.३.२ मानवअधिकार र स्वतन्त्रता

मान्छेले मान्छेलाई मान्छेकै रूपमा दया, माया र व्यवहार गर्नु पर्ने कुरा उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । कवि मान्छेले जन्मजात रूपमा पाएको अधिकार स्वतन्त्र रूपमा पालन गर्न पाउनु पर्ने कुरा मात्र होइन, स्वतन्त्र रूपमा बाच्न, घुमफिर गर्न, काम गर्न,

स्वतन्त्र पूर्वक बोल्न, लेख्न पाउनुपर्ने कुरा गर्छन् । कविले धर्तीमा मानवअधिकारको पालन भएको नदेख्दा मानवअधिकार कुन चरिको नाम हो भनी प्रश्न गर्छन् :

गाउँदेखि शहरसम्म हिमालदेखि तराईसम्म
बाहिरदेखि भित्रसम्म
सकेजति हेरे, खुब हेरे र हेर्दैछु
तर, कहाँ पाइन्छ र कस्तो हुन्छ
कतै देखिरहेको छैन मैले त्यसलाई
कुन चरीको नाम हो मानवअधिकार ?
(कुन चरीको नाम हो मानवअधिकार ?, पृष्ठ : २३)

कवि विश्वमा स्वतन्त्रता कसले पायो ? महान् मान्छेले पनि स्वतन्त्रता पाउन नसकेको कुरा कवि यसरी उठाउछन् :

युवाहरूलाई 'बरालेको र बिगारेको ' अभियोगमा
दार्शनिक सुकरातले बिषको प्याला उपहार पाए
त्यहाँ स्वतन्त्रताले कानमा तेल हालेर बस्यो !
'पृथ्वी गोलो छ' भनेर मत जाहेर गर्दा
वैज्ञानिक कोपर्निकसले जिउदै चित्ता चढ्नु पर्‍यो
त्यतिखेर स्वतन्त्रताका आँखामा कालो पट्टी थियो ।
(स्वतन्त्रता, पृष्ठ ३४)

मलाई बाँच्ने अधिकार देऊ, मानवअधिकारका आवाजहरू, मेरो राष्ट्रको मानवअधिकार, कसले नाघ्यो लक्ष्मण रेखा कवितामा मानवअधिकार र स्वतन्त्रताप्रति चिन्ता र चासो गरेको पाइन्छ ।

#### ४.५.३.३ जेल जीवनका अनुभूतिहरू

'ओ ! मेरा सुन्दर लालीगुराँसहरू ' कवितासङ्ग्रहमा सङ्गृहीत अधिकांश कविता नेपाल र भारतको जेल बसाइँको सन्दर्भमा लेखेको पाइन्छ । जेल सजाय स्थल नभएर सिर्जनाको कर्म थलोको रूपमा परिचित रहेको पाइन्छ । उनले कवितामा जेल जीवनको पीडा, यातना र त्यहाँका कर्मचारी प्रहरीले गरेको व्यवहारलाई आफ्नो कवितामा प्रस्तुत गर्ने काम कवि विष्टले गरेको पाइन्छ । कवि विभिन्न बाध्यता, समस्या, निराशा आदिले गर्दा जहाँ पनि मानिस कारागार भित्र बन्दक भएको कुरा यसरी प्रस्तुत गर्छन् :

जीवन जीउनको बाध्यात्मक घेरा भित्र कैद भएर

केही कैदीले केही कैदीलाई कारागारमा थुन्छन्
यद्यपि उनीहरूलाई पनि ज्ञात हुनुपर्ने हो
हामी पनि कारागारमा छौँ भनेर

(कारागार र मान्छेहरू, पृष्ठ : ३६)

'बन्दी पुत्रको प्रतीक्षा', 'तिम्रो जागिर', 'मलाई केवल एक मुठी स्वच्छ हावा देऊ' कवितामा जेल अनुभूतिलाई कविले व्यक्त गरेकाछन् ।

### ४.५३.४ क्रान्तिकारी योद्धाको वीरता, सुरता, शौर्य र बलिदानको चित्रण

जनयुद्ध एउटा व्यक्तिको मात्र योगदान होइन । हजारौँ नेपाली नर नारीको पनि ठुलो योगदान रहेको छ । वर्गीय मुक्तिको लागि सन्चालित जनयुद्धमा नर नारीले वीरता, बहादुरी, शौर्यका साथ मात्र युद्ध लडेनन् बरू आफ्नो शरीरलाई बलिवेदीमा चढाएर रक्तकोटा पुरा गर्नेकाम गरे जसलाई कविले अति उच्चका साथ प्रस्तुत गरेकाछन् :

अपराधी असुरहरूले रण नियम उल्लङ्घन गर्दै
कायरता पूर्वक तिम्रो भौतिक अस्तित्व मेटे
तर, उनिहरूले हारे नराम्ररी हारे
तिमीले जित्यौ, अन्ततः हामीले जित्यौं र जित्दै छौँ
हाम्रो आकाश अरू लाल भएर खुल्दैछ
त्यसैले, श्रद्धेय लाला ध्रुवतारा अविरल अभिवादन ।

(श्रद्धेय लाला ध्रुवतारा अविरल अभिवादन, पृष्ठ : ५९)

'आत्म समर्पण', 'लाली मनहरू', 'जारी छ महासमरको यात्रा' कवितामा क्रान्तिकारी योद्धाको चर्चा गरिएको छ ।

### ४.५३.५ मार्क्सवादी सिद्धान्तमा अगाधनिष्ठा

कवि मार्क्सवादका अध्यता मात्र नभइ प्रयोगकर्ता पनि हुन् मार्क्सको भौतिकवादी दर्शन विश्वमा लोकप्रिय र चर्चित दर्शन हो । त्यही दर्शनलाई आदर्श मानेर जीवन शैलीमा लागु गर्ने कवि विष्टले मार्क्सवादी सिद्धान्तलाई निष्ठाका साथ कवितामा यसरी प्रस्तुत गरेका छन् :

द्वन्दात्मक एवम् ऐतिहासिक भौतिकवाद
मजबुत धातुको सुन्दर फ्रेममा
मालेमावादीमा लेन्स मिलाएको
बहुत भरपर्दो र बलियो मेरो चश्मा
दुरदर्शी र अदुरदर्शी / सूक्ष्मदर्शी र बृहत्दर्शी
ठोस वस्तुलाई ठोस रूपमै देखाउने
तरललाई तरलमै
मलाई मेरै चस्मा मन पर्छ ।
(चस्मा, पृष्ठ : ६६)

'चिन्ता', 'बारूदमय यी दिनहरू', 'गीत', कवितामा कविले मार्क्सवादी दर्शनलाई प्रस्तुत गरेका छन् ।

आन्तर्राष्ट्रवादी वर्ग चेतना, सुन्दर भविष्यप्रति आशा, शान्तिको चाहना, राष्ट्रप्रेम, आफन्तको स्मरण, द्वेध चरित्रप्रति आक्रोश, गरिबको यथार्थ चित्रण, चाडपर्वमा रहेका गलत प्रवृत्तिको विरोध, स्वतन्त्रता र मुक्तिको चाहना जस्ता स्वरहरू पनि यस सङ्ग्रह भित्र सङ्गृहीत छन् ।

### ४.५.४. भाषाशैली

कवि विष्ट जनयुद्धमा संलग्न कवि भएकाले उनले प्रयोग गर्ने भाषा विद्रोही, आक्रमक पूर्ण देखिन्छ । गद्य लयका कवि विष्टले गद्य कविता भित्र लयात्मकताको अन्तर्घुलन गराउने काम गरेकाछन् । कविले क्रान्तिमय नवीन बिम्ब र प्रतीकको प्रयोगले कविता अत्यन्त सुन्दर देखिन्छन् । क्रान्ति बिम्ब प्रतीकको प्रयोग गर्ने कवि विष्टले लालीगुराँसलाई क्रान्ति, परिवर्तन, स्वतन्त्रता र मुक्तिको प्रतीकका रूपमा यसरी प्रस्तुत गरेका छन् :

सिङ्गो सगरमाथाका काख र कोख भरिभरि
रक्ताम्य भएर फूल्नुपर्छ
गण्डकी, कोशी र कर्णाली मात्र होइन
मेची र महाकालीका तीरैतीर
नवीन बसन्तको बहार भएर फुल्नुपर्छ र खुल्नुपर्छ

गङ्गादेखि बोल्गासम्म
मिसिसिपिदेखि नाइलसम्म
तिमी
यो जमानाको अजम्मरी फूल भएर फुल्नपर्छ
हो तिमी
यो शताब्दीमा मुक्ति र स्वतन्त्रता भएर खुल्नुपर्छ
(ओ ! मेरो सुन्दर लालीगुराँसहरू, पृष्ठ ६२)

कवि विष्टले यस सङ्ग्रहमा आगो, क्रान्ति, बम, बन्दुक, लालीगुराँस, लालुपाते, बारूद, चस्मा, कालो अरिङ्गाल जस्ता क्रान्ति बिम्ब प्रतीक र डाइनोसर, व्याधिवृक्ष, काला अङ्ग्रेज जस्ता तानाशाहका बिम्बको प्रयोग गरेकाछन् । कवि विष्टले यस सङ्ग्रहमा शुभमुहूर्त, सविता, वृक्ष, अधिकसे अधिक, वात, ललकार्दै जस्ता तत्सम र आगन्तुक तरा, गार, गगर्‍यालो जस्ता स्थानीय भाषिकाको प्रयोग गरेकाछन् ।

भाषिक विचलन गर्ने शैली, नवीन बिम्ब प्रतीक र आफ्नै वाक्य गठन गर्ने शैली उनका कवितामा भिन्नै चाख र पाठकीय आकर्षण पाइन्छन् । कलात्मकताभन्दा दर्शनको प्रयोग गर्न खोज्नुले नै कविता भित्र जटिलता थपेकोछ । कोमलता भन्दा बढी कवि विद्रोह  र आक्रोशलाई व्यक्त गर्ने क्रममा कविता कतै भाषण र कतै नाराको झलक पाइन्छ । यो दोस्रो सङ्ग्रह भएपनि अझै साधनाको अभाव देखिन्छ । हुन त युद्धको बेला बन्दुक सिरानी राखेर शत्रुलाई छल्दै बाँच्नुपर्ने बेला यस्ता कविता आउनु पनि जनयुद्धकालीन साहित्यको ठुलो उपलब्धि मान्नुपर्छ ।

## ४.६ कवि जितमान पुन मगर र बृन्दक्षितिज मगरको 'आस्थाका पर्खालहरू' संयुक्त कवितासङ्ग्रहको विश्लेषण

### ४.६.१ शीर्षक  संरचना

शीर्षकले समग्र कविताको अभिधात्मक वा प्रतीकात्मक प्रतिनिधित्व गर्दछ । कवि जितमान पुन मगर र बृन्द क्षितिज  मगरका कविता सङ्ग्रहमा सङ्गृहीत कविताले अभिधात्मक वा प्रतीकात्मक दुबै रूपमा जनयुद्धलाई नै प्रतिनिधित्व गर्दछन् । कवि द्वय जनयुद्धमा लाम्बद्ध यात्री हुन उनले जनयुद्ध गर्दाका वीरता, शौर्य, त्याग, बलिदान, वर्ग बैरीप्रति आक्रोश, मुक्ति, स्वतन्त्रता, समानताका लागि विद्रोह, जातीय उत्पीडनप्रति विरोध, जनयुद्धको विजय, पराजय,

घृणा, आक्रोश, उत्साह निराशा, बम, बारुद, बन्दुक, गोली जस्ता युद्धकालीन विषय वस्तुलाई उजागर गर्ने शीर्षकहरू कवि द्वयले चयन गरेका छन् । कवि जितमान पुन मगरका कविता र वृन्द क्षितिज मगरका कविता गरी दुई खण्डमा विभाजित यस सङ्ग्रहमा बढि कविता वीर योद्धा र तिनको बलिदानी र शहासका विषयमा केन्द्रित भएर शीर्षक चयन गरेको पाइन्छ ।

दुई खण्डमा विभाजित यस सङ्ग्रहमा जितमान पुनका १० कविता र वृन्द क्षितिजका ४२ वटा कविता गरेर जम्मा ५२ वा कविता यस सङ्ग्रहमा सङ्गृहीत छन् । ११८ पृष्ठ सम्म फैलिएको यस सङ्ग्रहमा जितमानको 'अन्तिम सलाम छ कामरेड'बाट सुरु भई वृन्दक्षितिजको 'विरोध पत्र' कवितामा आइ टुङ्गिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत कवितामा आयामका दृष्टिले सबैभन्दा लामो कविता जितमान पुनको 'त्रिवेणी चौकी कब्जाको क्षण' ८७ हरफ र सबै भन्दा छोटो कविता 'सङ्कटकाल' १७ हरफमा संरचित रहेको छ ।

### ४.६.२ विषयवस्तु

कवि द्वय किसानबाट जनयुद्धमा संलग्न बफादार र कुशल छापामार हुन । जनयुद्धमा बन्दुक चलाउदा चलाउदै कलम चलाउन सिकेका कवि द्वय रगत, पसिना, श्रम,बन्दुक, बारुद, गोली र त्यसको गर्जन लेखेका छन् । वीरता, ुसुरता, शौर्य, बलिदान, वर्गबैरीप्रति आक्रोश, जातीय उत्पीडनको विरोध, अन्याय, अत्याचार, शोषण, दमनप्रति विद्रोह, समानता, स्वतन्त्रता, मानवता र सुन्दर भविष्यप्रति आशा, राष्ट्रप्रेमलाई नै कवि द्वयले कविताको विषयवस्तु बनाएका छन् ।

त्रिवेणी (डोल्पा) देखि पूर्व सोलु भिमरुक देखि बेनी गुम्चाल, चुरेदेखि हिमाल, महाकाली देखि कर्णाली, एन्डिजदेखी आयाकुचो हुदै येनानसम्म, जलजला, सिस्ने सम्मको भूगोललाई विषयवस्तु बनाएको यस कविताको मूल विषयवस्तु दस वर्षे जनयुद्ध र त्यसले निर्माण गरेको विषयवस्तु नै हो ।

### ४.६.३ मूलभाव

कवि द्वय जनयुद्धका इमानदार छापामार हुन । उनले समरयात्रामा गोलीको बर्षा र बमको धमाका, काडेतार काटदै अघिबढ्दा बारुदको धुवाले आँखा पिरो पार्दा अनुभूति समरयात्राको एउटै मार्चामा सहयात्री ढल्दा र उसको बन्दुक समात्दा कस्तो अनुभूति भयो । वर्गबैरीसँगको लुकामारी, रगतसँगको लुटिपुटि, बारुदी कुहिरोसंगको तछाडमछाड, पसिनाको

भेलसँगको पौडीवाज नै उनको कविता समिश्रण हो । कवि द्धयका कविताले विद्रोह, वीरता, शौर्य, त्याग, बलिदान प्रति उच्च भाव राष्ट्रप्रेम, वर्गबैरीप्रति आक्रोश, जातीय उत्पीडन, भविश्यप्रति आशा नै कविताका भाव रहेका छन् । जनयुद्ध लड्दाका अनुभव अनुभूति नै कवितामा सङ्गालिएको हुदा कविताको मूलभाव वर्गसङ्घर्ष नै भएपनि कविताका अन्य स्वरहरू पनि रहेकाछन् । जो तल चर्चा गरिन्छ ।

### ४.६.३.१. विद्रोहचेत

जनताको मुक्तिको लागि जनयुद्धमा लामबद्ध कवि द्वय मगर समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडनको अन्त्य र स्वतन्त्रता, समानता र मानवताका लागि आफ्नो जीवन आहूति दिने कुरामा प्रतिबद्ध कवि द्धय मगर वर्गीय मुक्तिको लागि विद्रोह अनिवार्य ठान्दछन् र विद्रोह उनीहरूका लागि जीवन पद्धति र अभिन्न अङ्ग समेत भइसकेको कुरा समेत गर्दछन् । विद्रोहको सङ्ग्राममा सहभागि कविले यो अन्तिम युद्ध भएकोले आफूसँग जे छ त्यही बोकेर उठ भनेर यसरि आह्वान गर्दछन् :

मजदुर औजार बोक
किसान खुकुरी बोक
देशभरि उठ आगो बालेर लौ उठ
विद्यार्थी कवि कलम बोक
कलाकार शक्ति सङ्गीत बोक
चारैतिर उठ ज्वाला बनेर उठ
जो जो सँग जे जे छ
त्यही अस्त्र लिई उठ
अन्तिम युद्ध हो यो आँधी बनेर उठिदेउ
(इतिहास, पृष्ठ : ५९)

कविले सिङ्गो वस्ति विद्रोहमा जुटेको बेला कलमले विद्रोहका गीत लेखनु पर्ने कुरा यसरि लेख्छन् :

सिङ्गो वस्ती
महाअभियानमा मार्च गरिरहेको बेला
तिम्रो कलमले पनि अब
केही जोखिमहरू उठाउनै पर्छ
अलि कति विद्रोहको गीत लेख्नै पर्छ ।

'सतिपोले', 'ओ खुनि शासक',' दुःख त विछोडको क्षण र मेरो घोषणा', 'एक आग्रह','श्रद्धाञ्जली गुम्चाल; रङ्गाउने सहयोद्धालाई' लगायत अन्य अधिकांश कविताको भावभूमि विद्रोह नै रहेको छ ।

**४.६.३.२. वीरता, त्याग र बलिदानप्रति उच्च भाव**

जनयुद्धमा नेपाली जनताले देखाएको वीरता, त्याग र बलिदान साऱ्है उच्च कोटीको छ । कवि द्धय मगरले एउटै मोर्चामा लड्दा लड्दै सहयोद्धा ढल्दा सहिदको रगत टीका लगाउदै सहिदको सपना पूरा गर्ने अठोट बोकेर अगाडि बढ्छन् । कवि द्धय सहिदलाई श्रद्धाका शब्दले, पुष्प गुच्छाले एक मिनेट मौनधारणले शोक धुन ले उनका सपना पुरा हुदैन बरु अठोट लिएर गहन मोर्चा समात्नु पर्ने कुरा यसरी उल्लेख गर्छन्

श्रद्धाको शब्दले मात्र हैन
पुष्पको गुच्छाले मात्र हैन
केवल भाव बिहवल मौन धारणले हैन
शोकाकुल शोक धुनले मात्र पनि होइन
अठोटले, हो भावुक हृदयको कठोर अठोट लिई
तिम्रा नवीन कल्पना र महान् योजना वोकेका
रक्त सिन्चित एक मुठ्ठी माटो उठाएर हातमा
गहन मोर्चाको जिम्मा बोकिरहेछु / बोक्नु पर्छ
(तिमीलाई लाख - लाख श्रद्धाञ्जली , पृष्ठ : २९)

कविले जीवन बदल्नलाई जीवन दिएका जिउँदा सालिकलाई सुन्दर समाज रचना गर्ने बहादुर हातलाई सबलाई सलामी चढाउछन् :

जीवनहरू बदल्नलाई जीवन दिएर

जीवन बाचिरहेका जनहृदयका
ए sss जिउँदा सालिक ।
सुन्दर समाजको रचना गर्न
उठेका तिम्रा विराट पाइलाहरू
रगतले इतिहास लेख्न
उठेका तिम्रा बहादुर हातहरूलाई
हामी सलामी चढाउँछौ
सिङ्गो वस्ती, सिङ्गो सडक
सलामी चढाउँछ ।

(अन्तिम सलाम छ कामरेड, पृष्ठ : २)

### ४.६.३.३. सुन्दर भविश्यप्रति मिठो आशा

कवि द्वयले वर्तमान समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडन, उच्च नीचको भेदभाव पूर्ण समाज, हत्या हिंशा, आतङ्क, प्रति असन्तुष्टि र विद्रोह गर्दै सुन्दर शान्त, समता स्वतन्त्रता, मानवता युक्त  साम्यवादी सुन्दर भविष्यप्रति आशा राख्दछन् । कविहरू अध्यारो, कुरूपता, नीचताका विरुद्धमा उज्यालो, सुन्दरता र उदात्ता मन पराउछन् ।

मधुरो - मधुरो सपनाको इन्द्रेणी
अपुरो - अपुरो विपनाको जवानी
तिम्रो हाम्रो यो जीवनको कहानी पुरा गर्न
कमनीय बिहानी बोलाइरहेछौ क्यारे !
नाका गाउँमा नयाँ बाटो खन्दैछौ अरे !

(वर्गसलाम : नाकावासीलाई, पृष्ठ : १०९)

फेरि विशाल र सुन्दर नेपाल बनाउने कविको सुन्दर आशा छ । कवि नयाँ युगको गीत गाउन कलाकारलाई आग्रह गर्दछन्

आऊ आऊ कलाकार मित्रहरू आऊ
अब हामी नयाँ युगको नयाँ गीत गाऔ
अब हामीले नयाँ रागको नयाँ सङ्गीत भरौं
आऊ आऊ कलाकार मित्रहरू आऊ

(एक आग्रह, पृष्ठ : ७०)

### ४.६.३.४. जातीय उत्पीडन

कविले तल्लो जात र उपल्लो जात, त्यही जातीय नाममा हुने अत्याचार, शोषण, दमनप्रति घोर आक्रोश व्यक्त गर्दछन् । सबै मानिस समान र वरावर हुन्छ जन्मजात कुनै ठुलो र सानो जात हुँदैन मान्छेको एउटै जात हो मान्छे भन्ने चिन्तन भएका कविले उच्च मालिक भएर तल्लो जात कुकुर सरह जीवन बाच्नु परेको नारकीय जीवनलाई कवितामा उतारेकाछन्

ए विष्ट साहेब !
क्रुर भेदभावको यन्त्रणा भित्र
म कतिन्जेल बाँच्ने ?
बर्वर कुरीतिको जातो मुनि
म कतिन्जेल पिसिने ?
(दलित, पृष्ठ : ३८)

### ४.६.३.५. स्वाधिनता र राष्ट्रप्रेम

देश र जनताका लागि जीवन आहूति दिन कटिबद्ध कवि आफ्नो देशको स्वाधिनता, अस्मिता र स्वाभिमानप्रति उत्पन्न संवेदनशील छन् । भारतीय विस्तारवादले देशको सीमानामा गरेको अन्याय, अत्याचार, मनपरि सीमा मिच्ने काम कविलाई मन पर्दैन कवि आफ्नो राष्ट्रलाई अत्यन्त माया गर्दछन् । राष्ट्रप्रति अत्यन्त श्रद्धा भाव व्यक्त गर्दछन् । कवि नेपाललाई पुनः विशाल गराउन टिस्टा र काँगडा चम्किने कुरा गर्छन् :

अब त सेताम्य सगरमाथा चढ्नु छ
निश्चिल निर्मल कोशीहरू तर्नु छ
एकचोटी टिस्टा लम्किनु छ
पुन : काँगडा चमिकनु छ ।
(वादशाह, पृष्ठ : १५)

'वर्गसलाम : नाकावासीलाई' 'ऊ त्यसरिनै चम्किरहने छ', 'हामी तालचरी', लगाएत धेरै कवितामा देशप्रेम झल्किरहेको छ ।

### ४.६.३.६. वर्ग दुश्मनप्रति घृणा र आक्रोश

वर्गीय मुक्ति, समता, स्वतनत्रता, मानवताका लागि युद्धमा वर्गसङ्घर्षमा सहभागी कवि वर्गसङ्घर्ष दबाउन वर्ग दुश्मनले गरेको आतङ्क, हत्या, हिंशा, बलात्कार, झुटा मुद्दा, धरपकड, पक्राउ, जेल चलानप्रति घृणा मात्र नभइ आक्रोश ओकलेका छन् । कवि साहू महाजन, सामन्तवादी चुसाह प्रवृत्तिप्रति कवि विमति देखाउछन् । समाजमा विद्यमान विकृति विसङ्गतिप्रति पनि आक्रोश व्यक्त गर्दछन् । कविले वर्गसङ्घर्ष दवाउने नाममा भएको आतङ्कको यथार्थ चित्रण यसरि उतारेका छन् :

लुटिएका कति अस्मिताहरू
पुछिए कति सिउदाहरू
रित्तए कति न्याना काखहरू
खोसिए कति बाबा आमाहरू
कति बने शवका सगरमाथाहरू
कतिको रगतको कर्णाली कोशीहरू
भयो वादशाह, अब त भयो
(वादशाह, पृष्ठ : १५)

कवि समान्तवादका अवशेष मुखिया, जिमालको चुसाह प्रवृत्तिप्रति कठोर असहमति व्यक्त गर्दछन् ।

ढुङ्गालाई
देवता मानेर पुज्ने
बूढो पुजारीसँग
मेरो कुरा मिल्दैन
काजी साव ले
उज्यालो लट्ठीसँग
मेरो गम्भिर मतभेद छ

मुखिया र जिम्वालको
जाली तमसुक पत्र ल्याप्चेसँग
मेरो कठोर असमति छ ।
(विरोध पत्र, पृष्ठ : ११६)

'आस्थाका पर्खालभित्र' मानवता, वैचारिक विचलन, युद्धको सन्त्रास विस्तावादको दादागिरी र त्यसको विरोध, विचारको अन्तरघुलन जस्ता स्वर पनि कवितासङ्ग्रहमा मुखरित गरेको पाइन्छ ।

### ४.६.४. भाषाशैली

कविद्वय जनयुद्धमा सहभागि कवि भएकोले युद्धको यथार्थ चित्रण हुने भाषाको प्रयोग गरेका छन् । जनयुद्धलाई यथार्थरूपमा चित्रण गर्न वीरता, सुरता, त्याग, बलिदान, आक्रोश, विद्रोह, अतङ्क, विजय, पराजय, उत्साह, निराशा, प्रेम, घृणा, बन्दुक, बारुद गोलीले युक्त युद्ध भाषाको प्रयोग गरिएको छ । स्थानीय शब्द, भाषिक विचलन, नवीन क्रान्ति बिम्ब र प्रतीकको प्रयोगले कवितामा आफ्नै शैली निर्माण गरेको पाइन्छ । कविद्वय मगर भएकोले नेपाली उच्चारण जस्तो गर्छन् त्यस्तै कविता लेखेका छन् । टाटे - टाटे (ताते - ताते) थप्प ( ठप्प) तक्क (ठक्क) छुवाछुट (छुवाछुत) करौटी (करौती) अछुट (अछुत) जस्तो कथ्य भाषाको प्रयोग गरेको पाइन्छ । जितमान पुन मगरले सतिपोलेलाई आतङ्कको प्रतीकको रूपमा यसरी प्रस्तुत गरेका छन्

हो, सतिपोले
केवल एउटा रात पर्खेर बस
मात्र दिन कुरेर पर्ख
तुफान आउने दिन/एउटा चट्याङ पर्ने रात
(सतिपोले, पृष्ठ २१)

क्षितिज मगरले ‘दलित’ लाई जातीय उत्पीडनको प्रतीकको रूपमा यसरी प्रस्तुत गर्छन्
ए विष्ट साहेब !
क्रुर भेदभावको यन्त्रणा भित्र

म कतिन्जेल बाँच्ने ?
बर्बर कुरीतिको जाँतो मुनि
म कतिन्जेल पिसिने ?
(दलित, पृष्ठ : ३८)

सङ्ग्रहमा कवि द्वयले तालचरि, बिहान, रातो योद्धा, सतीसाल, रातो तारा, झिमरुक, जलजला, बन्दुक, बारुद, गोली, शारदीय जून, मसाल, बसन्त, लालुपाते, गुराँस आदि क्रान्ति बिम्ब प्रतीकको प्रयोग गरेका छन् ।

प्रथम, द्वितीय र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको कविताको लय गद्य हो । बन्दुक र कलम दुबैको साधन गर्न निकै कठिन छ । कविहरूका काव्य साधनाको अभावमा कविता काचा र कतै भाषण गरे जस्तै लाग्छ । कलापक्षको अभाव र विचारको प्रधान्यता रहेको यी कवितामा कला र विचारको अन्तरघुलनको अभाव टड्कारो रूपमा देखिन्छ । पहिलो प्रयास र युद्धको बेला अध्यायन र साधना गर्न नपाउने कठिन अवस्था युद्धलाई उजागर गर्न आएका यी कविता सरल, सहज र राम्रा छन् ।

### ४.७. पुरण क्षेत्रीको 'जलजलाको नूतन सन्देश' कवितासङ्ग्रहको विश्लेषण

#### ४.७.१. शीर्षक संरचना

शीर्षकले समग्र कविताको अभिधात्मक वा प्रतीकात्मक रूपमा प्रतिनिधित्व गर्दछन् । कवि पुरण क्षेत्री जनयुद्धका छापामार भएकाले उनले जनयुद्ध लड्दाका विजय, पराजय, हाँसो, आँसु, आक्रोश, पीडा, शोक, शौर्य, निराशा, आशा, बलिदान, जीवन आदि घटनाक्रमलाई कवितामा उतार्ने प्रयास गरेका हुदा उनका कविता वर्गसङ्घर्षका प्रतिरूप भएकाले ती कविताका शीर्षकले पनि अभिधात्मक र प्रतीकात्मक रूपमा वर्गसङ्घर्षलाई प्रतिबिम्बित गर्दछन् । यस सङ्ग्रह भित्र सङ्गृहीत ५२ वटा कविताका शीर्षकले विद्रोह, क्रान्ति, बलिदानी, वीरता, आतङ्क, भविश्यप्रति आशा, क्रान्ति सन्देश, शोषण उत्पीडन, वर्ग विरोध जस्ता विषयलाई उजागर गरेको छ । सबै शीर्षक क्रान्तिमा केन्द्रित छन् ।

कवितासङ्ग्रहको आयामगत रूपमा हेर्दा ९४ पृष्ठ फैलिएको यस सङ्ग्रहमा सङ्गृहीत सबैभन्दा लामो कविता 'फेरि एउटा विधेयक स्वतन्त्रताका विरुद्धमा' ८६ हरफ र सबै भन्दा छोरो कविता 'हिमशिखरको सिरेटोमा' १७ हरफ रहेका छन् । 'शताब्दीकै पहिलो प्रत्याक्रमण

तिमीलाई' बाट सुरु भएर 'सगरमाथा तिम्रो जवाफ के छ ?' अन्तिम कविताका रूपमा आएको छ ।

### ४.७.२ विषयवस्तु

पुरण क्षेत्री जनयुद्धका छापामार मात्रै नभइ जनयुद्ध सिर्जित स्रष्टा पनि हुन् । एउटा हातले बन्दुक समात्दै अर्को हातले कलम समातेर शब्दहरू खेलाउने योद्धा हुन् । उनी जनयुद्धमा जहाँ पुगे, जे देखे, जस्तो भोगे ती घटनाहरूलाई काव्यात्मक रूपमा शब्दमा र मनमा दर्ता गर्दै गए । जनयुद्ध गर्दाका अनुभव अनुभूति हाँसो, आँसु, दुःख, पीडा, विजय, प्राजय, वीरता, शुरता, बलिदानी, आक्रोश, दमन, आतङक, वर्ग विरोधी, आक्रोश, उत्पीडन, विभेदकारी नीति, बारुद, बन्दुक, साम्राज्यवाद अन्याय, अत्याचार, ग्रामीण परिवेश र जीवनलाई विषयवस्तु बनाएर कविता लेखेकाछन् ।

गुम्चाल, धौलागिरि, थवाङ, बेनी, जलजला, सगरमाथा, सैलुङग, दिल्ली, पेरिस सम्मको भूगोल विषयवस्तुको रूपमा समेटेकाछन् । कविले विभिन्न विषयलाई उठाएता पनि कविताको मुख्य विषयवस्तु वर्गसङ्घर्ष नै रहेको पाइन्छ ।

### ४.७.३. मूलभाव

कवि पुरण क्षेत्री कुसल छापामार हुन । एउटा हातमा बन्दुक लिएर गोली, बारुदसँग खेल्ने र अर्को हातमा कलम लिएर शब्दसँग खेल्ने कुशल खेलाडी हुन । उनी जनयुद्धको बेला जुन ठाउँमा पुगे जे नमिलेको देखे, जे हुनु पर्ने चाहना गरे त्यसलाई शब्द मार्फत उतार्ने प्रयास गरे । जनयुद्धको बेला सबै भन्दा बढि उनीसँग लडाइ हार, विजय, वीरता, बलिदान, राज्य आतङ्क, शोषण, उत्पीडन, प्रतिरोध र आक्रोशहरू रहे उनले युद्ध लड्न बन्दुक, गोली, बारुद मात्र प्रयोग नगरि कलमलाई पनि उनले युद्धलड्ने हतियार बनाए जसको परिणाम स्वरूप उनका कवितामा विद्रोह, क्रान्ति, वीरता, शौर्य, उदात्ता, बलिदानी, आक्रोश, वर्ग विरोध, जातीय उत्पीडन, राष्ट्रप्रेम, साम्राज्यवाद र विस्तारवादप्रति आक्रोश यथास्थितिको विरोध, मुक्ति, स्वतन्त्रता र समान्ताका लागि विद्रोह सुन्दर भविश्यप्रति आशा गरेको पाइन्छ । यी कविता सङ्घर्षको भूमिमा जन्मिएका हुनाले कविताको मूलभाव वर्गसङ्घर्ष भएता पनि यस सङ्ग्रहमा देखिएका अन्य स्वर पनि रहेका छन् जसलाई तल चर्चा गरिन्छ ।

### ४.७.३.१ विद्रोहचेत

जनयुद्ध शोषण, दमन, अन्याय, अत्याचार, जातीय उत्पीडनका विरुद्ध सन्चालित युद्ध हो त्यही युद्धमा संलग्न कवि पुरण क्षेत्री वर्ग चेतना, वर्गवोध र विद्रोह चेत भएका कवि हुन । जनयुद्धमा संलग्न भएका कवि क्षेत्रीले वर्गीय मुक्ति, शोषण, दमन, र जातीय उत्पीडनबाट मुक्त हुन विद्रोह गर्ने कुरा कविता यसरी लेख्छन् :

जीवन शान्ति र प्रगतिजन्य भविश्यको लागि
ए मान्छे तिमी लड्नै पर्छ
जसरी
मानवता, मातृत्व, प्रेम र समानताको खातिर
जलजला, एण्डीज र चिङकाङशानले लड्यो
भियतनाम, चीन र पेरिसले लड्यो
तिमीले पनि रगत साक्षी राखेर
ए मान्छे तिमी लड्नै पर्छ
(ए मान्छे तिमीले लड्नै पर्छ, पृष्ठ : ३१)

शान्ति, प्रगति, मानवता, भातृत्व र प्रेमका लागि लड्नु पर्छ भन्दै कवि जताततै विद्रोह मात्र देखेको कुरा गर्दछन्

सुन्दर भावना समाजको लागि
संहार र भेदभावको विरुद्ध विद्रोह लेख्यो
जहाँ लेख्यो विद्रोह लेख्यो
जहाँ लेख्छ विद्रोह लेख्छ
जहिले लेख्छ विद्रोह लेख्छ
बलिदानको धरोहर नेपाल
जहाँ आज पर्यन्त सुदूर भविश्य ताक्दै
रगतको मसिले विद्रोह लेख्यो ।
(रगतको मसिले विद्रोह लेख्यो , पृष्ठ : ६०)

### ४.७.३.२ वीरता, शौर्य र बलिदानीप्रति उच्च भावना

जनयुद्धमा नेपाली जनताको ठुलो लगानी र योगदान छ । क्रान्ति रक्तपात विना असम्भव छ । रक्तपात विनाको क्रान्ति कोरा काल्पिनिक मात्र हो क्रान्तिको लागि वीरता, शौर्य र बलिदानको कोटा चुक्ता गर्नुपर्छ । कविले आफ्ना कवितामा बहादुर योद्धाको वीरता, शौर्य र बलिदानप्रति उच्च भावना यसरी राखेकाछन् :

अँध्यारोको साम्राज्य चिहानमा फेर्नेछौ
बिहानीमा आगमनका लागि
मेरा कमरेडले वाचा गर्दै
सिस्नेको कैदी मोर्चामा
रगत बगाएर जीवन उत्सर्ग गरे
कहिल्यै नअस्ताउने तारा बनी चम्किरहे

(वीर सहिद श्रद्धाञ्जली, पृष्ठ : ८५)

बिहानीको लागि रगत बगाउने योद्धालाई नअस्ताउने ताराको घोषणा गर्दै कविले सहिदको रगत खेर नजाने बरु अमर हुने भन्दै यसरी श्रद्धाञ्जली व्यक्त गर्दछन्:

जाँदैन खेर सहिदको रगत युद्धको भूमिमा
ढल्दैन आस्था गोलीले हानी वीरको छातीमा
दुश्मनको गोली पिएर अमर हुनेलाई
सम्मानमा तिम्रो अर्पण गर्छौ श्रद्धाञ्जली

(अर्पण गर्छौ श्रद्धाञ्जली, पृष्ठ : ९०)

### ४.७.३.३ वर्ग दुस्मनप्रति घृणा र आक्रोश

कवि वर्ग मुक्ति र वर्ग चेतना प्रति सचेत छन् । कवि आफ्नो वर्गको हित र मुक्तिको लागि जीवन बलिदान गर्न तयार छन् । भने वर्ग दुश्मनप्रति घृणा मात्रै होइन आक्रोशको आगो ओकलेका छन् । राज्य पक्षबाट वर्गसङ्घर्षलाई निस्तेज पार्न गरेको दमन, हत्या, बलात्कार, चोरी, तस्करी, झुटा मुद्दा, धरपकड, झुटा प्रचार प्रसारका विरुद्ध कविले यसरी आक्रोश ओकलेका छन्:

खारा र पाछावाङ्गमा गरिबहरूको
घरमा आगो झोस्दै खरानी बनाउने

नवालक दिलमाया झाँक्रीहरूलाई
जिउँदै आगोमा डढाउने
जनधन डकैती गर्ने
हो यस्तै यस्तै

(बेनी म्याग्दीको, पृष्ठ : ३६)

### ४.७.३.४ साम्रज्यवाद र विस्तारवादप्रति आक्रोश

कविलाई साम्रज्यवाद र विस्तारवादले विश्वमा गरेको अन्याय, अत्याचार, मनपरितन्त्र, आक्रमण, नाङ्गो सभ्यता र पुँजीवादप्रति कविले आक्रोश व्यक्त गरेका छन् । कविले साम्राज्यवाद मैमत्त साढेको रूपमा आएको भन्दै त्यसप्रति यसरी खनिन्छन् :

अहङ्कारको आगोमा डढिरहेको
एउटा मैमत्त साँढे आइरहेछ
दोस्रो भियतनामको प्रतिबद्धतामा
फरमान र क्षेप्यास्त्रलाई दुत्कार्दै
खरबौं शिरहरू विस्फोटको तयारीमा
गर्वको मुस्कान छरिरहेछन्
ए त्रासदीको मैमत्त साँढे
तिम्रो मृत्युको प्रतिक्षामा

(तिम्रो मृत्यूको प्रतिक्षामा, पृष्ठ : ५५)

कविले पुँजीवादी सभ्यता र यसको धरोहर दिल्ली प्रति यसरी घृणा व्यक्त गर्दछन् :

पुँजीवाद वा सभ्यताको धरोहर दिल्ली
बगैचा, चोक र सडकहरूमा
दिनको मध्यन्हमा मस्त जोडीहरू
पेन्टी र ब्रा पोजीसनमा अङ्गालोमा बाँधिरहेका हुन्छन्
दिनदहाडै मुख मैथुन चर्तिकलामा व्यस्त हुन्छ
हाय दिल्ली सभ्यता !

विकासको अनुपम नमुना
हाय पुँजीवाद दिल्ली र सभ्यता !
(दिल्ली, सभ्यता र पुँजीवाद, पृष्ठ : २५)

### ४.७.३.५ राष्ट्रप्रेम

राष्ट्र नरहे जनता नै रहन सक्छ र तसर्थ राष्ट्र सबै भन्दा माथि र उच्च हुन्छ । जनयुद्ध देश र जनताको लागि लडेको युद्ध त्यही युद्धमा सहभागि योद्धा क्षेत्री राष्ट्रको लागि जीवन आहूति दिन तयार छन् । आफ्नो रगत राष्ट्रलाई भेटी चढाउन तत्पर कविका कविता अन्याय, अत्याचार, शोषण, दमन, देश अतिक्रमणका विरुद्ध आक्रोश व्यक्त गर्दै राष्ट्र भाव पनि व्यक्त गर्दछन् :

राष्ट्रघातको पीडमा टुक्रिने
हजारौँ देशभक्त मुटुहरूको
आक्रोश कवितामा राष्ट्रप्रेमको मधुर कविता लेखदै
अतिक्रमणका विरुद्ध विद्रोहका
कवितामा फुल्छ, म भित्रको मान्छे
(कवितामा फुल्ने म भित्रको मान्छे, पृष्ठ : ३)

भविष्यप्रति राम्रो सम्भावना, जातीय उत्पीडनको विरोध, यथास्थितिवाद, मपाइँत्ववाद, अवसरवादको विरोध, स्वतन्त्रता, समानता र मुक्तिको लागि विद्रोह, द्वन्दवादी दर्शन युद्धको सन्त्रास, कृतिमताको, असमान्ताको, शून्यताप्रति विरोध, वीरता, बहादुरता जस्ता स्वरपनि कविताले व्यक्त गरेको छ ।

### ४.७.४ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । कविले यही भाषाका माध्यमबाट आफ्ना मनका भाव, विचार र भावनाहरूलाई एकीकृत गरेर अभिव्यक्ति दिन्छ । कवि पुरण क्षेत्री छापामार  कवि भएकाले उनको भाषामा वीरता, शुरता, शौर्य, त्याग, बलिदान, आक्रोश, घृणा अभिव्यक्त भएको पाइन्छ । भाषा कलात्मक भन्दा ठाडो आक्रमक पाइन्छ । हिन्दी, अङ्ग्रेजी र स्थानीय भाषिकाको प्रयोगका साथै स्थानीय भाषिकाका वाक्य गठन, भाषिक विचलन नवीन बिम्ब र

प्रतीकको प्रयोगले कवितामा आफ्नो पन निर्माण गरेको पाइन्छ । कविले गुम्चाललाई क्रान्ति र मुक्तिको प्रतीकको रूपमा चित्रण गरेका छन् :

अनि बलिदान भई गुम्चाल चम्किएका छौ
हो, गुम्चाल मुक्तिको झन्डा फराउँदै
तिमी वीरताको सन्देश गाइरहेकाछौ
युद्धको नियम घात प्रतिघातलाई राम्रोसँग चिनेका छौ
र त घायल बाघ बनी आक्रमणमा जुटेका छौं
जितमा हार र हारमा जित बुझेका छौ
अनि हजार पराजय पछाडिको अन्तिम विजय
निशाचर कालरात्री पछाडिको झलमल्ल दिनको
प्रतीक्षामा गुम्चाल तिमी अन्तिम युद्ध लड्दैछौ

(गुम्चाल, पृष्ठ : १५)

यस सङ्ग्रहमा कविले बिहानी, गुम्चाल, हिमनदी, राइफल, बुलेट, माइन, बन्दुक, बसन्तको खोजी, जलजला, क्रान्तिपथ, मालचरी, येनान, थवाङ बँदेल, सिंह, बाघ, गिद्ध, चिल, गरुड जस्ता क्रान्ति बिम्ब र प्रतीकको प्रयोग गरेकाछन् ।

प्रथम, द्वितीय र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको यस सङ्ग्रहमा सङगृहीत कविताको लय भने गद्य नै हो । सरल भाषाको प्रयोग गरेता पनि कलात्मकताको अभावको कारण कवितामा आक्रोश युक्त भाषण जस्तै लाग्छ । कविको काव्य साधनाको अभावमा कविता काचा छन् जसले गर्दा कवि अझै साधना गर्नुपर्ने देखिन्छ ।

सङ्ग्रहमा गुम्चाल र जलजलालाई क्रान्ति प्रतीकको रूपमा र बन्दुकलाई चेतनाको रूपमा मानवीकरण गरिएको छ । कवितामा क्रान्ति छ, आतङक छ, युद्धको सन्त्रास छ, वीरता र बलिदनी छ । कविले असत्यको ठाउँमा सत्य, अन्यायको ठाउँमा न्याए, असमान्ताको ठाउँमा समान्ता, शोषणका ठाउँमा मुक्ति, अँध्यारोको ठाउँमा उज्यालो, छर्ने प्रयास यस कवितासङ्ग्रबाट गरेकाछन् ।

## ४.८ गुलाफ मगर र उनको 'इतिहासको कठघराबाट' कवितासङ्ग्रहको विश्लेषण

### ४.८.१ शीर्षक संरचना

शीर्षक र कविताबिच अन्तरसम्बन्ध रहेको हुन्छ । शीर्षकले सम्पूर्ण कविताको प्रतिनिधित्व गर्दछ । गुलाफ मगरद्वारा लिखित 'इतिहासको कठघराबाट' कविता सङ्ग्रहमा

सङगृहीत कविताका  शीर्षकले अभिधात्मक तथा प्रतीकात्मक रूपमा वर्गसङ्घर्षलाई नै प्रतिनिधित्व गर्दछन् । 'इतिहासको कठघराबाट' कवितासङग्रहमा सङ्ग्रहीत शीर्षकले देशको यथार्थ वयान दिने ठाउँबाट राज्यले गलत प्रकारले वयान दिएको भन्दै कविले कविता मार्फत यथार्थ वयान दिने काम गरेकाछन् । वर्गसङ्घर्षसँग सम्बद्ध भूगोललाई शीर्षक बनाएर 'प्यारो जलजला', 'थवाङ र थवाङहरू', 'माडी नदी बगिरहेछ', 'सहिद गाउँ' 'कर्णाली' कविता रहेका छन् भने पसिनालाई र क्रान्तिलाई विषय बनाएर 'प्रिय भाई अलविदा',' वैनीको निष्कर्ष','प्रिय श्रीषा', 'लाहुरे दाजुलाई आह्वान', 'प्रिय जीवन सङ्गीनी', 'बावा आमालाई पत्र' कविता रहेका छन् भने राष्ट्र र क्रान्तिलाई शीर्षक बनाएर लेखिएका कविताहरू 'मुक्ति युद्धलाई अभिवादन', 'मुक्तिको खोजी', 'मेरो प्रतिक्षा गर', 'क्रान्ति', 'कोइली चरी', 'सन्देश', 'इच्छुक र कलम', 'इतिहासको कटघराबाट', 'त्यो रात', 'सदावार फूल', 'मेरो अतीत वर्तमान र भविष्य', 'सात वर्ष पछिको मिलन', 'हार्दैन जनमुक्ति सेना', 'ऐतिहासिक पहाड', 'मनोवैज्ञानिक आतङ्क', अभियानका दिनहरू मेरो देश हाँसे भो, एक्काइसौं शताब्दीको राँको, ए युग ! आदेश जारी गर, हिजो फूलेनन् आज फूल्दैछन्, वर्ग सलाम छ तिमीलाई, देश मुक्त पारौं, कस्तो अनिष्ट खवर ?, ए सर्वोच्चो अदालत, १९ भन्दा २० खाएन, म फूच्चे कवि, देश नहाँस्दा सम्म, पूर्वको रातो घाम, भन्नु केही छैन, सुन्दर फ्रेम, भरिपूर्ण नहुदा सम्म, माडी ,लुङरी र साम्यवाद, एकदिन शीर्षकमा वर्गसङ्घर्षलाई प्रतिबिम्बित गरेका कविता सङ्ग्रहीत छन् ।

४४ वटा कविता सङ्गृहीत भएको यस सङ्ग्रहको आयाम ९२ पृष्ठ सम्म फैलिएको छ । कविताका आयामगत रूपले हेर्दा सबै भन्दा लामो कविता 'म फुच्चे कवि हुँ', १०० हरफ र सबै भन्दा छोटो कविता 'भन्नु केही छैन' ११ हरफ सम्म रहेका छन् ।

### ४.८.२ विषयवस्तु

गुलाफ मगर जनयुद्धका कुसल छापामार, सांस्कृति कर्मीका साथै कवि हुन् । उनले जनता गीत लेख्ने र गाउँने मात्र नभई जनताका कविता लेख्ने कवि पनि हुन । जनताको मुक्तिका लागि वर्गसङ्घर्षमा होमिएका कवि मगरले जनयुद्ध लड्दा अनुभव अनुभूति, वीरता, शाहस, सौर्य, उदात्त, बलिदानी, वर्गप्रेम, राष्ट्रप्रेम, साम्राज्यवाद र समान्तवादको विरोध, नयाँ नेपालको चाहना, भविष्यप्रति आशा, ग्रामीण समाज र परिवेश उनका कविताका विषयवस्तु हुन् ।

कर्णाली देखि भेरी, थवाङ देखि सहिद गाउँ, माडी नदी देखि जलजलादेखि सगरमाथा हुँदै शैलुङ, जुगल सम्म, नारायणहिटी, सल्लेरी, रुमजाटार, अछाम, कपुरकोट र देश बाहिर

एण्डीज, पेरिस, क्ववा, इराक, अफगानिस्तान भारत सम्मका भूगोललाई विषयवस्तुको रूपमा समेटेका छन् ।

ग्रामीण जीवन र परिवेश जनयुद्ध लड्दाका तिता मिठा अनुभव र वर्गसङ्घर्ष नै यस कवितासङ्ग्रहको विषयवस्तु हो ।

### ४.८.३ मूलभाव

गुलाफ मगर सांस्कृतिक कर्मी, नेता र छापामार पनि हुन । एउटा हातमा बन्दुक र अर्को हातमा सारङ्गी बोक्ने गुलाफले वर्गीय मुक्तिका लागि कलम पनि समए । जनताको रक्षाको लागि बन्दुक, जनताका गीत गाउँन सारङ्गी र जनताका गीत, पीर मर्का लेख्न कलम समाते । गुलाफ जहाँ पुगे, जस्तो भोगे, देखे कलमले त्यही लेखे । देश र जनताको लागि जीवन बलिदान दिन पछि नपर्ने गुलाफ राष्ट्र प्रेम, वीरता, शौर्य, सहास, बलिदान नारीवादी स्वर, वर्गचेत, विद्रोह, भविश्यप्रति आशा, वर्ग विरोधीप्रति घृणा र आक्रोश, भावलाई आत्मसाथ गरेको छ । 'इतिहासको कटघराबाट' कवितासङ्ग्रहले समग्रमा भन्दा यो सङ्ग्रहको मूल भाव वर्गसङ्घर्ष नै भए पनि यसमा देखिएका मुख्य कवितागत स्वर पनि रहेकाछन् ।

#### ४.८.३.१. विद्रोहचेत

कवि स्वयम् जनयुद्धका कुशल छापामार हुन । जनयुद्ध सर्वहाराको मुक्ति, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनका विरुद्ध गरेको विद्रोह हो । त्यही विद्रोहमा संलग्न कवि भएकाले त्यही विद्रोहको प्रतिरूपका रूपमा यी कविता आएका छन् । जसरी राजनीतिमा विद्रोह गरियो त्यसैगरी कविले कवितामा विद्रोह ओकल्नेकाम गरेकाछन् ।

अन्धकार आकाशमा
डाइमन्ड फर्मेसन वनाई उड्न पर्नेछ
उजाड मरुभूमिहरूमा
प्यारालाल फर्मेशन बनाइ कुद्नु पर्नेछ
माथि नाका क्रश गर्दा
डिफन्स मिलाउनु पर्नेछ
यसरी मात्रै त्यो क्षितिज रेखा पार गर्दै

नयाँ संसार भेटिने छ ।

(क्रान्ति कोइली चरी, पृष्ठ : ११)

विद्रोह गरेर मात्र नयाँ संसार भेटिनेछ भन्दै कविलाई विद्रोह मन पर्ने भएकोले त्यहि भूमि फर्कने वाचा यसरी गर्छन्

जहाँ गाउँवस्तीहरू मसाल दन्काइरहेका छन्
जहाँ श्रमजीवी जनताले
न्यायका आवाज ओकली रहेकाछन्
जहाँ साँगुरो गल्लीहरूले स्वतन्त्रता पर्खिरहेकाछन्
हो मलाई त्यही भूमि मन पर्छ
त्यसैले
म छिटै तही भूमिमा फर्किनेछु
ए साथी मलाई नभुल्नु है ।

(मेरो प्रतीक्षा गर, पृष्ठ : ७)

### ४.८.३.२. शौर्य, साहस र बलिदानप्रति उच्च सम्मान

कविले जनयुद्ध लड्दा जनताले देखाएको शौर्य, साहस र आफ्नो जीवन बलिदान गर्ने कार्यलाई उच्च सममानका साथ कवितामा प्रस्तुत गरेकाछन् । आफ्नो वर्गीय मुक्तिका लागि नेपाली जनताले गरेको जीवन बलिदानको उच्च महिमागान गर्दै आफू पनि देशको लागि बलिदान दिन तयार भएको कुरा कवितामा व्यक्त गर्दछन् :

ऊ त्यो सानो रातो गाउँ
त्यो रक्ताम्यै पहादको फेदीमा
त्यही हो सहिद गाउँ
ए कामरेडहरू त्यहाँ जाऔ
सारा थकाई मेटिन्छ
असिम माया त्यही भेटिन्छ ।

(सहिद गाउँ, पृष्ठ : २८)

थकाइ मेटने, खुसीयाली र असीम माया पाइने ठाउँ सहिद गाउँ हो भन्दै कवि देशको लागि आफू बलि चढ्न पनि तयार भएको यसरी भन्छन्

बरु म बलिमा चढिदिन्छु मेरो देश हाँसे भो
बरु म जिउछु सहिद बनी साम्यवाद झुल्के भो ।
(मेरो देश हाँसे भो, पृष्ठ : ४६)

### ४८.३.३. देशप्रेमको भावना

देश र जनताको शोषण, दमन, उत्पीडनको विरुद्ध जीवनलाई बलिवेदीमा आहूति दिन तयार राष्ट्रप्रति बफादार सचेत नागरिक गुलाफ मगर राष्ट्रलाई सबैभन्दा माथि राख्छन् र राष्ट्रलाई अत्यन्त माया गर्दछन् :

तपाइँहरूकै सेवामा समर्पित रहन
मुग्लानपारि डलर लिन जाउँ ?
ब्रिटिस र सिङ्गापुरमा
कसैको लागि सिपाही बन्न जाउँ ?
अहँ ! हुदैन जाँदैन
तपाइँहरूको बहादुर छोरा हुँ भने
यो देशको माटोमा जन्मेको पुत्र हुँ भने
मलाई त्यसो गर्न दिदैन
मेरो स्वभिमानले
मलाई त्यसो गर्न दिदैन
मेरो इतिहासले
(बाबाआमालाई पत्र, पृष्ठ : ७८)

### ४.८.३.४. सुन्दर भविष्यप्रति आशा

कवि वर्तमान, अन्याय, अत्याचार, शोषण, दमन विभेदकारी नीतिप्रति विद्रोह गर्दै शान्त सुन्दर समतामूलक राष्ट्र र विश्व निर्माण गर्ने र हुने कुरामा विश्वस्त छन् :

म प्रार्थना गर्छु हे मार्क्स
मेरो विचारको भाग्य खुलिरहोस्
अरू दुईचार वर्षहरू
मेरा बाबा-आमाहरू बाचिरहुन ।
म सगरमाथामा रातो झन्डा गाडौ
विजयको झुल्के घामसँगै
गरिबको राज्य बनाई
लाखौ बृद्धा बाबा-आमाको दुःखमा
सदाको सुख लिएर आउनेछु ।
(बाबा-आमालाई पत्र,। पृष्ठ : ७९)

### ४.८.३.५. वर्ग दुस्मनप्रति घृणा र आक्रोश

कवि आफ्नो वर्गको हित र मुक्तिको लागि जीवन बलिदान दिन तयार हुन्छन् भने वर्ग दुस्मनप्रति भने घृणा र विद्रोहको आक्रोश पोखेका छन् । कविले वर्गीय मुक्तिका लागि सन्चालित वर्गयुद्धलाई निस्तेज गर्ने नाममा गरेको दमन, हत्या, बलात्कार, धरपकड, झुठ्ठा मुद्दा, गलत सूचना सञ्चारप्रति कवि आक्रोश पोख्दै भन्छन् :

न्यायपूर्ण युद्धको रणमा
नाकामा हुँदा तिम्रा आधुनिक हातहतियारहरू
नाकामा हुँदा तिम्रा नाइटभिजनहरू
चारैतिर सिक्रीले जेलिएको
र माइनहरूले घेरिएको
प्रत्येक रात कर्फ्यूको बलियो बन्धनले
कसिएका तिम्रा बेसक्याम्पहरू
एकाएक मसानघाटमा परिणत हुँदा
तिम्रो भन्नु के नै छ र ?
त्यसैले
घरकुरी बसेका वृद्धा आमा-बुबालाई
मेलापात गरिरहेका निहत्था जनतालाई
सामूहिक बलत्कारपछि अवला नारीलाई

गोली हानी हत्या गरेर
दोहोरो मुठभेडको संज्ञा दिदै
ससस्त्र आतङ्कारीहरू
........ जना मारिए भनेर
कायतापूर्वक जति सक्छौछिटो भन
सायद यो तिम्रो अन्तिम भनाइ हुन सक्छ

(इतिहासको कठघराबाट, पृष्ठ :२३/२४)

'प्यारो जलजला', 'थवाङ र थवाङहरू', 'इच्छुक र कलम', 'मनोवैज्ञानिक आतङ्क', 'वैनीको निष्कर्ष', 'ए ! सर्वोच्च अदालत', 'कर्णाली' कवितामा सरकारी दमन र त्यसको घृणा र आक्रोश व्यक्त गरेका छन् ।

### ४.८.३.६. साम्राज्यवादप्रति आक्रोश

कविले विस्तावाद र साम्राज्यवादको अन्याय, अत्याचार, हस्तक्षेप, अमानवीय व्यवहारप्रति आक्रोश व्यक्त गर्दै आफ्नो स्वतन्त्रता र मुक्तिको लागि सबै एकजुट भएर साम्राज्य विरुद्ध लड्नु पर्छ भन्दै कवि भन्छन् :

साम्राज्यवाद हाम्रो र तिम्रो सबैको
साझा एउटै दुश्मन हो
ए बगदाद !
ए वार्स्रा !
निरन्तर पड्किदै बढ अगाडि
तिम्रो विजय र स्वतन्त्रताको निम्ति
हाम्रो कोटी-कोटी रातो सलाम छ

(वर्गसलाम छ तिमीलाई, पृष्ठ : ५६)

नारी मुक्ति, विदेशी युवालाई स्वदेशमा फर्कन आह्वान, मुक्तिको चाहना, अतीतप्रति चिन्ता वर्तमानमा खुसियाली, भविष्यप्रति आशावादी, न्यायमा असमान्ता जस्ता स्वर पनि कविता भित्र समेटने काम कविले गरेकाछन् ।

### ४.८.४ भाषाशैली

'इतिहासको कटघराबाट' कवितासङ्ग्रहका कविता जनयुद्धमा जन्मिएर जनयुद्धमै हुर्केका हुदा यसमा प्रयोग भएको भाषामा आक्रोश, घृणा, विद्रोह, बम, बारुदको मिश्रण, वीर, सहास, र बलिदानी भावनाले ओतप्रोत रहेकाछन् । यी नै भाषिक विचलन स्थानीय भाषिकाको प्रयोग नवीन बिम्ब प्रतीकको प्रयोगले कवितामा नयाँपन दिएको छ । विभिन्न बिम्ब र प्रतीकको प्रयोग गर्ने कवि गुलाफ मगरले थवाङ्लाई क्रान्ति, बिम्ब र प्रतीकको रूपमा यसरी प्रस्तुत गर्छन् :

प्यारो र अजम्बरी गाउँ
थवाङ र थवाङहरू
आज धर्तीको कालो तुवालो हटाउन
रातदिन ज्वाला दन्काइरहेका छन्
निरन्तर प्रकाशपुञ्जझैँ ।
(थवाङ र थवाङहरू, पृष्ठ : १६)

यस सङ्ग्रहमा कवि मगरले माडी नदी, बारुद, धुवाँ, बम, गोली, विद्रोह, क्रान्ति, स्पार्टकस, जलजला, थवाङ, अजम्बरी गाउँ, तेजावको कुण्ड, हृदयको ताम्रपत्र, सतीसाल, चिङकाङशाङ, एन्डिज, लालयात्री, लाटोकोसेरो, रातो घाम, सर्प, भ्यागुता, गोही जस्ता बिम्ब प्रतीकको प्रयोग गरिएका छन् ।

प्रथम, द्वितीय र तृतीय दृष्टिबिन्दु र गद्य लयको प्रयोग गरिएको छ । युद्धको जटिल अवस्था साधना गर्न नपाइने कठिन अवस्थाले होला कवितामा व्यक्त भाव र विचारलाई कविताको कलात्मक पक्षले वोक्न सकेको छैन । कविता काँचा र साधनाको निकै अभाव देखिन्छ । कतै संस्मरण जस्तो अनुभूति हुन्छ भने कतै कवि भाषण गरि गरेको जस्तो लाग्छ । कविता क्रान्तिप्रति, आसक्ति, प्रचण्डपथ र मालेमावादलाई आत्मसाथ, प्रकृतिको मानवीकरण, प्रकृतिलाई नायकको रूपमा प्रस्तुत, साथी र घरपरिवारलाई भेट्दा खुसी र छुट्दा दुःखी हुने मानवीय प्रवृति, विद्रोह, सत्य न्यायको पक्षमा यो कृति बोलेको छ । कविले सगरमाथाको काखमा त्यही हो सहिद गाउँ भन्नुको साटो जलजलाको काखमा त्यही हो सहिद गाउँ भनेको भए अझ राम्रो र वास्तविकता ठहर हुने थियो ।

## ४.९ धनेश्वर पोखेलको 'विद्रोहको युग' कवितासङ्ग्रहको विश्लेषण

### ४.९.१. शीर्षक संरचना

धनेश्वर पोखेल लिखित 'विद्रोहको युग' कवितासङ्ग्रहका शीर्षकहरू सबैले वर्गसङ्घर्षलाई झल्काउँछन् । आवेग र आक्रोशलाई व्यक्त गर्दछन् । आफ्नो वर्गप्रति माया र निष्ठा व्यक्त गर्दै वर्ग शत्रुप्रति घृणा, निन्दा र आक्रोश व्यक्त गरेका छन् । शौर्य र उदात्त, बलिदानलाई उच्च गौरव गर्दै क्रान्तिमा लाम्बद्ध हुन आह्वान गरेका छन् शीर्षकहरूले । अभिधात्मक र प्रतीकात्मक शीर्षकको चयन गरेका पोखेलका यस सङ्ग्रहमा 'सतवरिया', 'थवाङ', 'प्युठान तिमी', 'प्रति', 'सन्देश', 'अजम्बरी योद्धा', 'म एउटा', 'अर्घाको', 'विद्रोहको युग', 'मरेको सिनो', 'युवा तिमी', 'युगको आह्वान', 'सुन्तली अझै आइन', 'बादशाहलाई चुनौती', 'जित तिम्रै हुनेछ', 'जीवन साथीलाई', 'क्रान्ति र ऊ', 'सहरले विद्रोह', 'नयाँ बादशाह', 'पाइला रोकिन हुन्न', 'यी मानवहरू', 'आउ हामी पनि', 'क्रान्ति निरन्तर', 'उल्टा मान्छेको कथा', 'सङ्कल्प', 'सिस्नेको भिडन्त', 'इतिहास आफै बोल्छ', 'कविसँग', 'गरिब मान्छे', 'माइलाको', 'त्यसैले यो त आधार क्षेत्र हो' शीर्षकका तिस वटा कविता सङ्गृहीत छन् ।

आयामगत दृष्टिकोणले हेर्दा ८० पृष्ठमा फैलिएको यस कवितासङ्ग्रहमा सबैभन्दा लामो कविता 'थवाङ' र छोटा कविता 'प्रति' र 'अजम्बरी योद्धा' रहेका छन् ।

### ४.९.२. विषयवस्तु

शोषित, पीडित, वर्गको मुक्ति अन्याय, अत्याचार र सामन्तवादको अन्त्य र नयाँ नेपालको निर्माणका लागि ने.क.पा. (माओवादी) ले वि.सं. २०५२ फाल्गुण १ गतेदेखि दीर्घकालीन जनयुद्धको घोषणा गऱ्यो । जुन वर्गसङ्घर्षमा शोषित, पीडित, सर्वहारा वर्ग पिछडिएका जाति, जनजाति, महिला सहभागी भए । दस वर्ष सम्मको जनयुद्धमा सरकार र माओवादी बिच ठुलाठुला लडाईहरू भए । जनयुद्ध दबाउने नाममा सरकार पक्षबाट 'किलोसेरा टु' 'सर्च एन्ड कट'जस्ता ठुलाठुला अप्रेसन भए जसले जनता दमन र अत्याचारको जातोमा पिसिन वाध्य भए । यही जनयुद्धमा प्रत्यक्ष संलग्न भएका कवि धनेश्वर पोखेलले युद्धकालीन त्याग, वीरता, साहस, बलिदानी, हत्या, हिंशा, दमन, अन्याय, अत्याचार, निरङ्कुश शासकीय चरित्रको उदगाङ्गो चित्रण गर्दै जनयुद्धका अनुभव अनुभूतिलाई कविता मार्फत व्यक्त गर्ने काम गरेका छन् । पोखेलका युद्ध कविता भएकाले उनका कवितामा बन्दुक र बारुदको समिश्रण पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताको मूल विषयवस्तु वर्गसङ्घर्ष नै हो । वर्गसङ्घर्ष हुँदाको यथार्थ चित्रण हो । बन्दुक र बारुदको सौन्दर्यता हो ।

### ४.९.३. मूलभाव

वर्गसङ्घर्षको मैदानमा जन्मिएका धनेश्वर पोखेल 'प्रगतिवादी साहित्यमा कि त वर्ग सङ्घर्षको प्रत्यक्ष अनुभूति हुनुपर्छ कि त विद्रोहको ।' भन्ने मान्यता राख्दै कविता लेखनमा अग्रसर पोखेलका कवितामा बन्दुकको आवाज र बारुदको गन्ध प्रष्टै आउँछ । 'कविताले राजनीति बोल्छन् । विचार र चेतना बोल्छन् ।' क्रान्तिका गीत गाउँछन् र जनयुद्धका यथार्थलाई सिर्जनात्मक प्रतिबिम्बन गर्छन् । सतवरिया अर्घा, लिस्ने, गाम, वेनी, मङ्गलसेनको युद्धलाई मात्रै नभई उनका कविताले समग्र वर्गसङ्घर्षलाई नै विषयवस्तु बनाएर वर्गसङ्घर्षलाई नै मूलभावका रूपमा व्यक्त गर्ने काम कविले गरेका छन् । मुक्तिका लागि साहित्य, क्रान्तिका लागि कला र युद्धको लागि कलम समात्नु पर्छ , यसको सार यही हो । यस सङ्ग्रहको मूलभाव भूमि वर्गसङ्घर्ष भएपनि यसका अन्य कवितागत स्वर पनि रहेका छन् :

### ४.९.३.१. विद्रोहचेत

धनेश्वर पोखेलको कवितासङ्ग्रह 'विद्रोहको युग' मा वि.सं. २०५८ देखि २०६२ सम्मका कविता सङ्गृहीत छन् । जुन बेला सरकार र माओवादी बिच ठुलाठुला लडाई भए 'दरबार हत्याकाण्ड' जस्तो विध्वंशक घटना घट्यो । जनता आफ्नो वर्गीय मुक्तिको स्वतन्त्रताका लागि वीरता, शाहस र बलिदानी दिंदै जनयुद्धमा सहभागी हुँदै गए । अर्कोतर्फ सरकर जनयुद्ध दबाउने नाममा दमन, अत्याचार गर्दै आफ्नो निरङ्कुश चरित्र देखाउँदै गयो । विद्रोह नै सर्वहाराको अधिकार हो भन्ने बुझेका कविले आफ्ना कविता मार्फत शोषित पीडित सबै वर्गलाई विद्रोह गर्न आह्वान गर्दै भन्छन् :

चक/डस्टर समाउनेहरू डस्टर लिएर उठ
कैची काइयो खेलाउनेहरू कैची लिएर उठ
गाडी चलाउनेहरू हैण्डील लिएर उठ
खाली हात हुनेहरू मुड्की लिएर उठ
जे-जे समाउनेहरू सबै लिएर उठ !!!
(विद्रोहको युग, पृष्ठ : ३४)

प्रस्तुत कवितामा कविले घरेलु हरियारको रूपमा आफूले प्रयोग गरेका सामग्रीहरू लिएर उठ भनेर आह्वान गरेका छन् । त्यस्तै कविले अहिलेको समय विद्रोहको भएकोले सबै विद्रोहमा लामवद्ध भएको कुरा यसरी भन्छन् :

पूर्व सैलुङमा
राता मान्छेहरू, दुन्दुभी बजाउँदै
शीरमा रातो कम्पन बाँधेर इन्कलाबको नारा घन्काउँदै
लेफ्ट राइटको तालमा सडकमा ओर्लिए
पश्चिम चुरेका वस्तीहरूबाट
राता मान्छेहरू बिद्रोहको विगुल फुक्दै
काँधमा राइफल बोकेर
मार्चपासको तालमा मैदानमा खनिए ।

(आऊ हामी पनि विजयको गीत गाउँ, पृष्ठ : ६०)

### ४.९.३.२. बलिदानप्रति उच्च भावना

क्रान्तिमा बलिदान अनिवार्य सर्त हो । बलिदान बिना न त क्रान्ति नै हुन्छ न क्रान्ति सफल हुन्छ । तसर्थ बलिदानी क्रान्तिका लागि आवश्यक कोटा हो । कवि पोखेलले आफ्ना कवितामा जनयुद्धमा बलिदान दिने महान् सहिदप्रति उच्च भावना यसरी व्यक्त गरेका छन् :

सुन्दर हराभरा र ज्वाजल्यमान बनाउन
तिमीले आफ्ना होनहार सपुतहरूलाई युद्धमा होमेर
युद्धको नियमलाई दह्रोसँग आत्मसात गर्दै
निसङ्कोच आफ्नो बलिदानको कोटा चुक्ता गरी रहेछौ- प्यूठान

(प्युठान ! तिमी कालजयी भएर उठ, पृष्ठ : २३)

जस्तोसुकै अवस्था पनि सहिदले देखाएको बाटो अँगाल्दै बलिदानको कोटा बुझाउनुपर्ने भन्दै कवि भन्छन् :

सुदूर भविष्यको क्षितिजमा नपुग्दै
कीर्तिमानको कोसेढुङ्गाहरू थप्न
हाम्रो यात्रा बिचमै रोकिन सक्छ
त्यो बाभ्mो धर्तीको एक टुक्ता
हाम्रो एकमुठी रगतले सिचिनुपर्छ
महान् सपुतहरूले देखाएको रक्तिम पाइला पच्छाउँदै
हामीले निसन्देह बलिदानको कोटा बुभ्mाउनु पर्छ ।
(सन्देश, पृष्ठ :२६)

### ४.९.३.३. शौर्य र उदात्त चरित्रको उद्घाटन

कविले आफ्नो कवितामा उत्साह, त्याग, बलिदानी र उदात्त चरित्रको निर्माण गर्ने काम गरेका छन् । क्रान्ति नै नायक भएका उनका कवितामा युवाको शक्तिलाई उच्च स्थानमा राख्दै क्रान्ति नायकका रूपमा युवालाई उभ्याउँदै उनको शौर्य र उदान चरित्र उद्घाटन यसरी गर्दछन् :

तिम्रो साथमा संसार फेर्ने तागत छ
तिम्रो हातमा संसार बनाउने कला छ
तिम्रो मुटुमा धर्ती रङ्गाउने रगत छ
तिम्रो टाउकोमा दुनियाँ बदल्ने मगज छ
नयाँ युगका संवाहक तिमी
तिम्रो सुन्दर छातीमा सगरमाथा भ्mैँ हाँसीरहने
महान् बलिदानी भाव छ ।
(जित तिम्रै हुनेछ, पृष्ठ : ४६)

'युवा तिमी', 'क्रान्ति र ऊ', 'यी मानवहरू', 'क्रान्ति निरन्तर लम्कने छ' आदि कवितामा यस्तै उत्साह, त्याग र बलिदानी भावहरू व्यक्त गरिएको छ ।

### ४.९.३.४. वर्ग दुस्मनप्रति घृणा र आक्रोश

वर्गीय समाजमा कविले जीवन, मृत्यु, हाँसो, आँसु समेत वर्गीय हुन्छ भन्दै आफ्नो मुक्ति र अर्को वर्गप्रति घृणा र आक्रोश व्यक्त गर्दै यसरी भनेका छन् :

रक्त आहालमा पौडेर वंश उपहार गर्दै
मध्यरातमा गुथेको कथित पगरीलाई
म कसरी परम्पराको निरन्तरता हो भनु ?
दिन दहाडै मान्छे खाने मान्छेरूपी, ब्वाँसाहरूको नायकलाई
म कसरी वादशाहको संज्ञा दिउँ ?

(नयाँ बादशाह, पृष्ठ : ५४)

'सतवरिया', 'मरेको सिनो', 'उल्टा मान्छेको कथा', 'माइलाको', 'अर्घाको लडाइ' आदि कवितामा वर्ग दुश्मनप्रति घृणा र आक्रोश व्यक्त गरिएको पाइन्छ ।

**४.९.३.५. जातीय उत्पीडनको विरोध**

जनयुद्ध जातभात, छुवाछुतको अन्त्य गरेर सबै जातजातिलाई समानता र स्वतन्त्रता दिनका लागि पनि भएको हो । यहाँ सबै मान्छेहरू बराबर हुनुपर्छ जातको नाममा ठुलो सानो सामन्ती संस्कार हो । यसको अन्त्य गर्दै एउटै जात मान्छे निर्माण गर्नुपर्छ भन्ने मान्यता राख्जे कविले देशमा चलेको जातीय उत्पीडनको विरोध यसरी गर्छन् :

तोड-दासता र उत्पीडनका जन्जिरहरू
चुडाल-नेल र हत्कडीका फलामे साङ्लाहरू
च्यात-सामन्ती संस्कृतिका काला पर्दाहरू
भत्काउ-रगतले ठडिएका स्वघोषित सम्राटका दरबारहरू
जलाउ-छुवाछुत र जातभातका पौराणिक कलाग्रन्थहरू
उठ ! ए मानव भएर मानवता नपाएका दलितहरू

(युगको आह्वान, पृष्ठ : ३९)

सामाजिक चेतना, द्वन्द्ववादको प्रयोग, परिवर्तनकारी चेतना र वर्गसङ्घर्षको सौन्दर्यले ओतप्रोत यी कविता वर्गयुद्धका साक्ष हुन् । आफ्नो वर्गको मुक्ति र स्वतन्त्रताको लागि आफ्नै ज्यानको प्रवाह नगरेर युद्धमा सहभागी भई जीवन अर्पण गर्नु महान् मान्छेका लागि यो नै सबैभन्दा महान् सौन्दर्य केही छैन यहाँ । यहाँ यो नै सुन्दर हो । यो नै सौन्दर्यता हो ।

### ४.९.४ भाषाशैली

कविता लेख्ने माध्यम भाषा हो । यही कवितालाई काव्यात्मक भाषामा ढालेर त्यसभित्र विचारको मिश्रण गर्ने सबैको आआफ्नै शैली हुन्छ । यही शैलीले नै कविहरूमा भिन्नता ल्याउँछ । कविताभित्र दर्शनको प्रयोग गर्नु, यथार्थ चित्रण, विकृति, विसङ्गति प्रति व्यङ्ग्य, भावना, वर्गपक्षधरता, आवेग र आक्रोस उनका कवितामा पाइन्छ । कवितामा विचार, भावना हुँदाहुँदैपनि उनका कवितामा काव्यात्मक पक्ष कमजोरका कारण कविता नारा र भाषणको रूप लिन पुगेका छन् । युद्धको बेला कविताको साधना गर्न नपाउनु र सिकारु कविता लेखन भएकोले यस्तो हुनु स्वभाविकै हो । अधिकांश कविता सिकारु र काँचा छन् जो कविताको भट्टिमा खार्न आवश्यक छ ।

गद्य र लोकलयको प्रयोग गरी सरल र सहज भाषामा लेखिएका कवितामा प्रथम, द्वितीय र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कवि पोखेलले आफ्ना कविता क्रान्ति बिम्बलाई यसरी प्रस्तुत गर्दछन् :

कलम समाउनेहरू कलम लिएर उठ
बन्दुक खेलाउनेहरू बन्दुक लिएर उठ
(विद्रोहको युग, पृष्ठ : ३४)
यो राता मान्छेको सङ्गीत हो
यो क्रान्तिको लोक धुन हो ।
(आऊ हामी पनि विजयको गीत गाऊँ, पृष्ठ : ६०)

'विद्रोहको युगमा' सतवरिया, थवाङ, कालिगढ, रक्तबीज, सारङ्गी, बादसाह, राता मान्छे, क्रान्ति, आगो, हुरी, रगत, पुल, बन्दुक, गोली आदि जस्ता क्रान्ति बिम्ब र प्रतीकको प्रयोग गरिएको छ भने कतिपय ठाउँमा नेपाली उखानको पनि प्रयोग गरिएको छ ।

## ४.१० कवि वीरबहादुर के.सी.को 'राता फूलहरू' कवितासङ्ग्रहको विश्लेषण

### ४.१०.१ शीर्षक संरचना

वीरबहादुर के.सी. द्वारा लिखित 'राता फूलहरू' कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविता र ती कविताका शीर्षकले क्रान्तिलाई प्रतिनिधित्व गर्दछ । 'राता फूलहरू' सङ्ग्रहको

नामबाट पनि त्यो कुरा प्रष्ट हुन्छ । 'राता फूलहरू' प्रतीकात्मक शीर्षक हो जसले 'राता मान्छेहरू', 'क्रान्तिमा संलग्न मान्छेहरू', 'सुन्दर मान्छेहरू' भन्ने अर्थ दिन्छ र यस सङ्ग्रह भित्र यही क्रान्तिलाई उजागर गर्ने कविताहरू सङ्कलन पनि रहेको छ । यस सङ्ग्रहभित्र 'विस्तारवादले च्याप्दै आयो', 'आस्था मलाई प्यारो लाग्छ', 'मेजर अप्रेसन पचास सालको', 'तिम्रो साहदतमा', 'नरिसाउँ ठुस्केर मसँग', 'जनयुद्धले नवम् वर्ष प्रवेश गर्दा', 'कामै नगरेर माम खानेहरू सुध्रिए', 'रक्तरञ्जित रातो झन्डा फहराउँदै', 'पैतलाबाट रगत बग्न सक्छ', 'थानकोट नाका काट्लास', 'नेपाल आमाको अस्मिता बचाउनलाई', 'डम्फु मेरै बजाइयोस् सधैं', 'कसरी पेटभरी स्वाभिमानको खाना खान सक्छु ?', 'वारेन्टका राता पुर्जी', 'सोचेको पनि थिइन कमरेडले जेल हाल्ने कुरालाई', 'इतिहास गन्हाएको वुस', 'लाली गुराँसका फूलहरू', 'वर्गीय मुक्ति आन्दोलनमा', 'जलजला र सिस्नेका शिशुहरू', 'लालबस्ती निर्माण गर्दा', 'सहिद पङ्क्तिमा कमरेड गङ्गा', 'तिम्रो स्मृतिमा', सौर्यमण्डलबाट दुईवटा पिण्ड लोभ हुँदा', 'तिम्रो आत्ममा नवीन चेतहरू फूर्नुपर्छ', 'यहाँ सकुनीले चाल चल्दैछन्', 'यहाँ कसैको पार्टी सदस्यसम्म चपाइयो', 'पातीले बारेको झुपडी भए पुग्छ', 'इदी अभिन र सुहार्तोको इतिहाससँग मिलाउनेछ', 'खबरदार', 'बहुदलको शाब्दिक अर्थ त्यही हो ?', 'लडाँइको मैदानबाट छोरालाई सन्देश' ३१ वटा कविता सङ्गृहीत छन् । कविताका शीर्षक प्रतीकात्मक र अभिधात्मक छन् ।

सङ्ग्रहको संरचनात्मक आयामलाई हेर्दा ७६ पृष्ठसम्म फैलिएको यस सङ्ग्रहमा सबैभन्दा लामो कविता 'वर्गीय मुक्ति आन्दोलनमा' १०५ हरफ र छोटो कविता 'रक्तरञ्जित रातो झन्डा फहराउँदै' ३१ हरफमा फैलिएका छन् ।

### ४.१०.२ विषयवस्तु

वीरबहादुर के.सी. युद्धमा संलग्न कवि हुन् । उनले जनयुद्ध पूर्व र रोल्पा तत्कालीन सरकारले गरेको दमन, हत्या, रोमियो अप्रेशन, जनयुका तितामिठा अनुभव, कम्युनिस्ट नाममा खोल ओडन परम्परा प्रतिविरोध, कालकोठरी भित्रका तिता अनुभव, भारतीय विस्तारवादको हस्तक्षेप, जनयुद्धमा संलग्न समुदायको, वीरता, त्याग, शौर्य, उदात्ता, बलिदान र वर्ग विरोधीप्रति कठोर विरोध र घृणा गर्ने काम उनका कविताले गरेका छन् ।

विचारयुक्त कविता लेख्न रुचाउने के.सी. विद्रोह गर्ने र वर्ग सचेत बनाउने र नयाँ दुनिया निर्माण गर्न काव्यात्मक कसरतमा जुट्दै जनयुद्धका विकसित घटनाक्रमहरूलाई कवितामा यथार्थरूपमा चित्रण गरेका छन् । उनका कविताको मूल विषयवस्तु दस वर्षे जनयुद्ध र त्यसको विकसित घटनाक्रम नै हो ।

### ४.१०.३ मूलभाव

कवि वीरबहादुर के.सी. जनयुद्ध सिर्जन कवि हुन् । उनले जनयुद्ध पूर्वको दमन र जनयुद्धकालीन दमन, हत्या, आतङ्क, शोषण, भर्सना र जनयुद्धमा संलग्न जनसमुदायको वीरता, त्याग, बलिदान, उच्चतम सम्मान, जातीय उत्पीडनको विरोध जेलजीवनको भोगाइ, जेलमा गरिएको अमानवीय व्यवहार, कम्युनिस्टका नाममा खोल ओड्ने प्रवृत्तिको विरोध, राष्ट्रवाद आदि कविताका भाव भूमि भए पनि  यस सङ्ग्रह रहेका कविताको मूलभाव भनेको वर्गसङ्घर्ष नै हो । यस सङ्ग्रहको मूलभाव वर्गसङ्घर्ष भएपनि यसका अन्य स्वर पनि रहेका छन् जसलाई सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ ।

#### ४.१०.३.१. क्रान्तिचेत

२०४६ मा बहुदलको आगमन पश्चात रोल्पामा भएको रोमियो अप्रेशन सर्वसाधारणलाई खसी, कुखुरा काटेर रगतमा हात चोप्न लगाएको घटना, संयुक्त जनमोचाका कार्यकर्तामाथि लगाएको झुटा मुद्दा, रोल्पालाई सरकारले गरेको सौतेनी व्यवहार, स्थानीय सामन्तवादले गर्दा कविमा क्रान्तिचेत जाग्रित भएको छ-

त्यो अत्याचारी सत्ता सामु
दार्बोट झुक्दै झुकेन
जनबल डग्दै डगेन
त्यसैले
दार्बोटले सुसेली बजाइरह्यो
निरन्तर क्रान्तिका पथमा
जनतालाई सचेत बनाई उठायो

(मेजर अप्रेसन पचास सालको, पृष्ठ : ६)

दार्बोटमा गरेको दमनका अगाडि जनबल नडगेर क्रान्तिको सुसेली बजाएको कुरा कवि कविता लेख्छन् साथै उनले वस्तीहरू वर्गीय युद्धमा जुटिसकेको कुरा यसरी लेख्छन् :

पिपियाङदी र भिरुवाङ अनि मोरिया पनि
हिँडिसके युद्धको बिगुल फुकेर
गाउँघरका सबै वर्गीय आत्महरूलाई
युद्धको महान् मोर्चामा
समावेश गराउँदै तिम्रो सिउँदोमा
रातापूलहरू फुलाउँदै
(तिम्रो स्मृतिमा, पृष्ठ : ५२)

### ४.१०.३.२. आमूल परिवर्तनका लागि जीवन बलिदान गर्ने प्रति उच्च सम्मान

ने.क.पा. (माओवादी) ले पुरातनपन्थी समाजलाई ध्वंस गरेर नयाँ वैज्ञानिक समाज निर्माण तथा आमूल परिवर्तनका लागि सञ्चालित जनयुद्ध र त्यस जनयुद्धमा सहभागी जनसमुदायको आमूल परिवर्तन गर्न गरिएको बलिदानलाई कविले उच्च सम्मानका साथ यसरी प्रस्तुत गरेका छन् :

मैले अभिवादन गर्छु प्रिय सहिदहरूलाई
तिम्रो यो अजय जीवनलाई
तिम्रो सहादतमा
रोदन होइन बैरीप्रति
घृणा र आक्रोश छायो
मुटुको गहिराइमा बिद्रोह सल्कायो ।
(तिम्रो सहादतमा)

### ४.१०.३.३. जातीय उत्पीडनको विरोध

कविले जातीय छुवाछुत, जातीय उत्पीडनप्रति कडा आक्रोश व्यक्त गर्दै, सबै मान्छे समान हुनुपर्ने यो मानिस मानिसप्रतिको असमानताको अन्त्यको लागि विद्रोह गर्नुपर्ने कुरा यसरी व्यक्त गर्दछन् :

म तिमीलाई निवेदन गर्छु
अब तिमीले लुहासँग होइन
सामन्ती संस्कारसँग

पौँठे जोरी खेलेर
फलाम खेलाउने ती बलिया हातले
मान्छे मान्छेबीचको उँचता र नीचताका
पर्खालहरूलाई ढलाएर
तिमीले आफ्नो पहिचान दिनुपर्छ
तब मात्र
तिम्रो जीवनले काचुली फर्नेछ ।
(तिम्रो आत्मामा नवीन चेतहरू फुर्नुपर्छ, पृष्ठ : ५८)

### ४.१०.३.४. साम्राज्यवाद र विस्तारवादप्रति आक्रोश

कविले साम्राज्यवाद र विस्तारवादले नेपाल लगायत विश्वमा गरेको, अन्याय, अत्याचार, दादागिरीप्रति कविता मार्फत आक्रोस यसरी व्यक्त गर्दछन्-

विस्तारवादी शासकले
कहिले महली सागरबार
कहिले कोइलावासबाट
कहिले टनकपुर र महाकालीबाट सन्धिबार
च्याप्दै आइरहेछ नेपाललाई
(विस्तारवादले च्याप्दै आयो, पृष्ठ : २)

साम्राज्यवादका विरुद्ध सबै एकजुट हुनुपर्ने भन्दै कवि भन्छन् :

प्रजातन्त्रको दुहाई दिएर
आफ्नो आत्मरति लिए पनि
साम्राज्यवादी बुस विरुद्ध
न्याय र मुक्ति चाहने सबैखाले अवयवहरूले
ठुलाठुला लडाई लड्नुपर्ने बेला सृजना भयो ।
(इतिहास गन्हाएको बुस , पृष्ठ : ३६)

### ४.१०.३.५. जेल जीवनका तिता मिठा अनुभव

कवि १२ वर्ष जेल सजायभोग्न विवश छन् । यही जेल सजायको बेला उनी ठाउँठाउँमा सरुवा भएका छन् । जेलभित्र उनलाई शारीरिक र मानसिक यातना दिइयो जसलाई उनी यसरी लेख्छन् :

नेपाली जनतालाई
लडाइको मोर्चामा मार्चपास गर्न
शासकहरूले वाध्य बनाएको बेला
मैले जेल मोर्चाबाट थकित भएर
शासक सामु
कसरी नकारात्मक बन्न सक्छु ?

(पातीले बारेको झुपडी भए पुग्छ, पृष्ठ : ६५)

### ४.१०.३.६. राष्ट्रप्रेम

कवि एक सचेत नागरिक भएको हैसियतले राष्ट्रपति बफादार हुनु स्वभाविकै हो । उनी आफ्नो राष्ट्र बनाउने, बदल्ने र राष्ट्रको रक्षा गर्ने कुरामा  अत्यन्त संवेदनशील छन् । उनका कविता राष्ट्रवादले ओतप्रोत छन् । उनी भन्छन् :

विस्तारवादी जल्लादले
बानेश्वर परेड खेल्दा
निरोले बासुरी बजाएर रोम जल्दा रमाए सरी
तिमीले पनि विदेशी कुकार्यलाई स्वागत गर्‍यौ
आफ्नै मातृभूमिको दिन दहाडै चीरहरण हुँदा
राष्ट्रले आक्रोशको ज्वाला
सलबलाइरहेको बेला
तिमी कुर्सीको मोहमा रमाउनु प्रजातन्त्र हो ?

(वारेन्टका राता पुर्जी  पृष्ठ : २९/३०)

कवितासङ्ग्रहमा नारीवादी स्वर, कम्युनिस्टका खोल ओडेका प्रति आक्रोश, वर्ग दुस्मन प्रति घृणा र आक्रोश जस्ता स्वरहरू देखिन्छन् ।

### ४.१०.४ भाषाशैली

कविताको भाषा विशिष्ट प्रकारको हुन्छ । कविले आफूले वर्गसङ्घर्ष र जेल जीवन भित्रका अनुभव, अनुभूतिलाई काव्यात्मक रूपमा व्यक्त गर्ने काम गरेका छन् । कविता क्रान्तिप्रति स्पष्ट धारणा भविष्यप्रति आशावादी हुँदै आफूले भोगेको यथार्थ वर्गासङ्घर्ष व्यक्त गर्न कविले कतै संस्मरणात्मक त कतै नाराका रूपमा कविता लेखेका छन् । गद्य लयमा लेखिएका यो कविता सङ्ग्रहमा कविले राता फूललाई क्रान्तिको प्रतीकको रूपमा यसरी प्रस्तुत गर्दछन् :

मैले फागुन एकलाई
सुनौंला सपनालाई साकार पार्ने
क्रान्तिको अजेय शक्ति लिएर
राता फूलहरू फूलाएको दिन ठान्दछु ।
(जनयुद्धले नवम वर्ष प्रवेश गर्दा, पृष्ठ : १४)

'राता फूलहरू' कविता सङ्ग्रहमा काल भैरव, शब्दहरूको कात्रो, काला नाग, कागको धोती, क्रान्ति, लालवस्ती, मालाचरी, ऐनान, रातफूलहरू जस्ता क्रान्ति बिम्ब प्रतीकको प्रयोग गरिएको छ । प्रथम र तृतीय दृष्टिबिन्दु प्रयोग गरिएको यो कविता सङ्ग्रह के.सी.को प्रथम सङ्ग्रह भएकोले कविता लेखनको थुप्रै साधनाको आवश्यकता देखिन्छ । कतिपय ठाउँमा कविता भन्दा सस्मरण जस्तो लाग्छ भने कतिपय कविता भाषण गरेको जस्तो पनि लाग्छ । उनको कविता लेखनको सीप, क्षमता र कलाको विकास हुँदै जाओस् यही कामना ।

## ४.११ कवि यज्ञबहादुर डाँगीको 'तिम्रो हत्या पछि' कवितासङ्ग्रहको विश्लेषण

### ४.११.१ शीर्षक संरचना

कवि यज्ञबहादुर डाँगीद्वारा लिखित 'तिम्रो हत्यापछि' कवितासङ्ग्रहमा सङ्गृहित सबै कविता र ती कविताका शीर्षकले विद्रोहको प्रतिनिधित्व गरेका छन् । 'तिम्रो हत्यापछि' सङ्ग्रहको नामबाटै यो कुरा प्रष्ट हुन्छ । तिम्रो हत्यापछि हामी चुप लागेर बस्न नहुने विद्रोह गर्नुपर्ने कुरालाई उजागर गरिएको छ । यस सङ्ग्रह भित्र सङ्गृहित शीर्षकहरू 'तिम्रो हत्यापछि',

'आँसु', 'काठमाडौं', 'सडकहरू', 'नदेख्दा सपना', 'तातो निधार', 'कवि इच्छुकसँग', 'मृत्युसँग', 'जेल', 'परिचय', 'पृष्ठभूमि', 'हतियार', 'क्रुद्ध समय', 'धुलो', 'म्याद', 'निडर हातहरू', 'सुस्त सुस्त', 'समय', 'आगामी वर्षसँगै', 'यस वर्ष', 'ती नामहरू विरुद्ध', 'नयाँ मान्छेहरू', 'यात्रा जारी छ मेरो', 'देशका वेगजान नदीहरू', 'म माघे थारू', 'के नगर्नु गऱ्यौ हामीले', 'म कदापी मर्दिन', 'शान्तिको कुरा नगर', 'आगो', 'यस अर्थमा महान् छन् तिनीहरू', 'ऊ', 'हत्या', 'ऐक्यवद्धता', 'छाती', 'हार्दिक श्रद्धाञ्जली' शीर्षकका ३५ वटा कविताहरू सङ्गृहीत छन् । शीर्षकहरू अभिधात्मक र प्रतीकात्मक दुबै प्रकारका छन् भने अधिकांश शीर्षकहरू छोटा र थोरै शीर्षकहरू मात्र लामा छन् ।

सङ्ग्रहको संरचनात्मक आयामलाई हेर्दा ६६ पृष्ठमा फैलिएको छ । गद्य शैलीलाई अङ्गालिएर लेखिएका यी कविताहरू को आयामलाई हेर्दा सबै भन्दा लामो कविता 'यात्रा जारी छ मेरो' ९० हरफ र सबैभन्दा छोटो कविता 'म्याद' र 'निडर हातहरू' ११ हरफरमा फैलिएका छन् ।

### ४.११.२ विषयवस्तु

जनयुद्धले स्थानीय सामन्तवाद, शोषण, दमन, अन्याय, अत्याचार र तास खेल्ने, जाँड रक्सी खाने, गाउँमा, सहरमा दादागिरी गर्ने, चेलीबेटी बेचबिखन, चोरी, तस्करी जस्ता विकृतिको मात्र अन्त्य गरेन जनयुद्धमा संलग्न योद्धाहरूले जनयुद्ध गर्दाका तितामिठा अनुभव, अनुभूतिलाई कला मार्फत उतार्ने काम पनि गरे ।

जनयुद्ध एउटाको मात्र कार्य होइन । यो त नेपाली समुदायको त्याग, तपस्या, वीरता, बलिदानी, उदात्ता, शाहस, लगानीको प्रतिफल हो । जनसमुदायको त्यही सुन्दर सौन्दर्यलाई यथार्थ रूपमा उतार्ने काम गरेका छन्  कवि यज्ञबहादुर डाँगीले । यही दसवर्षे जनयुद्धका विविध विषयवस्तु नै यस सङ्ग्रहको विषयवस्तु हो ।

### ४.११.३ मूलभाव

कवि यज्ञबहादुर डाँगी स्वयम् जनयुद्धका प्रत्यक्ष भोक्ता हुन् । जनयुद्ध गर्दा उनी जहाँ पुगे, जे नमिलेको देखि, जे नपुगेको देखे त्यसलाई कवितामार्फत पूरा गरे । जहाँ अन्याय, अत्याचार, शोषण, दमनद्वारा विरूप समाज देखे । त्यसका विकृतिहरूको चिरफार गर्दै त्यसको विरुद्ध धावा बोल्दै स्वस्थ र सुन्दर समाज निर्माणका लागि युद्ध मात्र नभई सिर्जना समेत गर्न पुगे । उनका कविता वर्गीय पक्षधरता, जनयुद्धमा जनताले देखाएको पराक्रम, त्याग, बलिदानीको सुन्दर चित्रण जातीय उत्पीडन समाज भएका विकृति, विसङ्गतिको चिरफार गर्दै

नयाँ समाज निर्माणको चाहना भए पनि यी कविताको मूलभाव भने वर्गसङ्घर्ष नै । कविताको मुख्य भावभूमि वर्गसङ्घर्ष भएता पनि कविता सङ्ग्रहमा अन्य स्वर पनि देखिएका छन् :

### ४.११.३.१. विद्रोहचेत

कवि स्वयम् जनयुद्धमा संलग्न योद्धा हुन् । अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडनका विरुद्ध सञ्चालित जनयुद्ध वर्गीय मुक्तिको पक्षधरता लागि भएको थियो । त्यही वर्गयुद्धमा संलग्न कविले जनयुद्ध जनसमुदायले गरेको विद्रोहका साथै वर्गीय हितका लागि विद्रोहमा लाग्न आग्रह गर्दै भन्छन्-

बम भएर पड्किनु पर्छ- मै हुँ भन्ने खराब चट्टानहरूमा
गोली भएर बज्रनुपर्छ- मै हुँ भन्ने दुष्ट छातीहरूमा
हुरी भएर आउनुपर्छ- मै हुँ भन्ने घमण्डी महलहरूमा

कविले खराब, दुष्ट र घमण्डीहरूका विरुद्ध बम, गोली र हुरी भएर विद्रोह गर्नुपर्छ भन्दछन् साथै बच्चाहरू पनि क्रान्तिको खेल विजय भएको खेल खेलेको कुरा यसरी भन्छन् कवि :

धुलाको बारुद बनाएर
निगालाका बन्दुक चलाएर
कयौँ सहिद भए
सयौँ घायल भए
तर पराजय भएको
खेल खेलेनन् कदापि
(यस वर्ष, पृष्ठ : ३५)

### ४.११.३.२. बलिदानप्रति उच्च भाव

जनयुद्धमा जनसमुदायको ठुलो त्याग, वीरता, शौर्य, उदाता, बलिदानी भएको छ । कविले आफ्नो कवितामा बलिदान दिने वीर योद्धाप्रति अत्यन्त उच्च भाव प्रकट गर्दै कविता लेखेका छन् । उनी भन्छन् :

तिम्रो हत्यापछि
चेत पलायो हामीमा
चुपचाप बस्नु
या सहेर बस्नु
एकदम खतरा भयो
हामीलाई ।

(तिम्रो हत्यापछि, पृष्ठ : १)

निर्दोष व्यक्तिको हत्यापछि चेतना खुलेको कुरा गर्दै कवि इच्छुक चट्टान च्यातेर कवितामा टुसाउने कुरा यसरी गर्दछन् :

कवितामा अन्तर्गत बीज
चट्टान च्यातेर
टुसाउने छ सुन्दर बिरुवा
र मौलाउने छ यस धरतीमा
म भरोसाका साथ भन्दैछु यो
कवि इच्छुक ।

(कवि इच्छुकसँग, पृष्ठ : १२)

### ४.११.३.३. जातीय उत्पीडनको विरोध

मान्छेको जात ठुलो सानो नभई मान्छेको जात केवल मान्छे हुनु हो । यही जातीय विभाजनले एक मान्छेले अर्को मान्छे माथि गरेको शोषण, अन्याय, अत्याचार कविलाई मन पर्दैन । उनले यस्तो जातीय विभाजन र शोषणको विरोध गर्दै भन्छन् :

कुरो नै गर्ने हो भने
जमिन माथिको स्वामित्व हरण गर्नु पर्ने हो हामीले
या त जग्गामा जोत्नेको
यो पो अधिकार खोज्नु पर्ने हो हामीले
केही न केही स्वाद चखाइदिनुपर्ने हो हामीले

त्रिखण्डी मागेर केवल

के नगर्ने गऱ्यौ हामीले ?

(के नगर्ने गऱ्यौं हामीले, पृष्ठ : ४९)

### ४.११.३.४. वर्ग दुश्मनप्रति घृणा र आक्रोश

कवि डाँगीले आफ्नो वर्गको पक्षपोषण गर्दै विरोधी वर्गप्रति घृणा र आक्रोश व्यक्त गर्ने काम गरेका छन् ।

वर्ग- दुश्मनद्वारा

पिटिएको छु

लुटिएको छु

केही छैन मसँग ।

(हतियार, पृष्ठ : २४)

समाजमा देखिएका विकृति, विसङ्गति, सबै ठाउँ युद्धमय भएको र जनताको जित सुनिश्चित देख्ने कवि यज्ञबहादुर डाँगी नयाँ युगका मान्छेहरू नयाँ चेतना लिएर, नयाँ नेपाल निर्माणमा जुट्नुपर्ने, कानमा तेल हालेर बस्ने नभई, जुर्मुराएर विद्रोहमा लाग्नुपर्ने, भोका नाङ्गा, दरिद्र, शोषित, उत्पीडित सबै वर्गसङ्घर्षमा जुटेर सुन्दर देश निर्माण गर्नुपर्ने सन्देश कविताबाट दिए पनि कविताको मूलभाव भने वर्गसङ्घर्ष नै रहेको छ ।

### ४.११.४. भाषाशैली

कविको भाषा काव्यात्मक भाषा हो । यही काव्यात्मक भाषामा आफ्नो अनुभव, अनुभूति, भावना,र विचार  मिश्रण गरेर अत्यन्त कलात्मक रूपमा कविता लेख्न सफल कवि डाँगीले जनयुद्धलाई यथार्थ रूपमा उतार्ने काम गरेका छन् । सरल, सहज र कलात्मक भाषाको प्रयोग गर्न सिपालु डाँगीले जनयुद्धलाई आफ्नै तरिकाबाट व्यक्त गरेका छन् । बिम्ब र प्रतीकको कलात्मक संयोजन र काव्यात्मक भाषाभित्र विचारको घुलनले आफ्नो छुट्टैपना सिर्जना गर्न सफल कविले, आफ्ना कवितामा यसरी बिम्बको प्रयोग गरेका छन् :

बम भएर पड्किनुपर्छ- मै हुँ भन्ने दुष्ट छातीहरूमा
गोली भएर बज्रनुपर्छ- मै हुँ भन्ने दुष्ट छातीहरूमा
(आँसु, पृष्ठ : ४)

कवि एकलव्यको मिथकीय बिम्बलाई यसरी प्रस्तुत गर्छन् :

एकलव्यको बूढी औँला
बन्न सक्दैनन् कदापी
निडर निडर हातहरू ।
(निडर हातहरू, पृष्ठ : २९)

कवि डाँगप्ले 'तिम्रो हत्यापछि' कविता सङ्ग्रहमा बम, गोली, हुरी, सडक, शालिक, धुलो, काला माखुरा, सुखानी, आगो जस्ता क्रान्ति, बिम्ब र प्रतीकको प्रयोग गरिएका छन् । प्रथम र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएर, लेखिएको यस सङ्ग्रहको लय विधान भने गद्य हो । गद्य, लय भएतापनि आन्तरिक कवितात्मक लय भने बलियो देखिन्छ ।

यज्ञबहादुर डाँगीले 'राजनैतिक कविता' लेखेपनि सस्ता नारा लेखेका छैनन् । वर्गीय मुक्तिका सुन्दर सपनाहरू कलात्मक रूपमा लेख्दै आफूलाई प्रगतिवादी कविको रूपमा राष्ट्रिय स्तरमा आफ्नो स्थान सुरक्षित गर्न सफल देखिन्छ नै ।

## ४.१२ गणेश शाही 'प्रतीक' को 'सङ्घर्षका डोबहरू' कवितासङ्ग्रहको विश्लेषण

### ४.१२.१ शीर्षक संरचना

शीर्षक र कविताबीच अन्तरसम्बन्ध रहेको हुन्छ । शीर्षकले सम्पूर्ण कविताको प्रतिनिधित्व गर्दछ । कवि गणेश शाही 'प्रतीक' का सम्पूर्ण कविता जनयुद्ध गर्दाका तिता, मिठा, अनुभव अनुभूति हुन् । तसर्थ कविले जसरी वर्गयुद्ध व्यक्त गरेको छ त्यसैलाई अभिधा र प्रतीकात्मक रूपमा शीर्षकहरू वर्गसङ्घर्षलाई आत्मसाथ गरेको पाइन्छ । शीर्षकले विद्रोह, भविष्यप्रति मिठा आशा, आतङ्क, युद्धको सन्त्रास बलिदानप्रति उच्च भाव व्यक्त गरेको पाइन्छ । कवितामा सङ्गृहित शीर्षकहरू क्रमशः 'सलाम नयाँ बिहानीलाई', 'शुभकामना', 'मैले मन खुसी साथ मुर्दावाद भन्न पाउनुपर्छ', 'लालीगुँरासका राता थुङ्गाहरू', 'कथा गरिबको', 'वर्तमान विरुद्ध', 'देश साइरन बजाउने छ', 'युद्ध यात्रामा आमाको सन्देश', 'खबरदार ! आस्था

मर्ने छ', 'कवि इच्छुक', 'कर्णालीका भोका पेटहरू', 'जनयुद्धकी नारी', 'जेलवाङ्को सपना', 'विजय भए खेलाडीहरू', 'श्रद्धाञ्जली', 'ओ मेरो प्रिय मान्छे', 'राता योद्धाहरू', 'खबरदारीमा प्रतिप्रश्न खबरदारीको', 'फेरी सिस्नेकोकाखमा', 'शुभकामना सहर र सडक' , 'कथित राष्ट्रवाद मुर्दावाद', 'सम्बोधन आमालाई', 'यात्रा जारी राख', 'मेरो प्रिय झिम्रुक', 'हुइकिरहेको हावाहुरीमा', 'बन्दुक र सपनाहरू', 'धुलो र यात्रा', 'चाहान्छु म मेरो देश', 'नयाँ भविष्य', 'मेरो देश' 'पश्चाताप', 'वाईसिएल', 'प्रिय लाल मधेस', 'अनुरोध', 'समय र म', 'नयाँ सपना', 'यसबेला', 'गजब छ बा', 'अन्तिम समरमा', गरि ३९ वटा कविता रहेका छन् । सङ्ग्रहको आयाम हेर्दा ७० पृष्ठमा फैलिएको यस सङ्ग्रहको सबै भन्दा लामो कविता 'नयाँ भविष्य' ६६ हरफ र छोटो कविता 'कथा गरिबको ' १८ हरफ रहेको छ । 'सलाम नयाँ बिहानलाई' देखि सुरु भएको यस सङ्ग्रहमा 'अन्तिम समरमा' आएर अन्त्य भएको छ ।

### ४.१२.२ विषयवस्तु

गणेश शाही 'प्रतीक' इमान्दार छापामार हुन् । एउटा हातमा बन्दुक र अर्को हातमा कलम लिएर युद्धरत ‘प्रतीक’ उज्यालो मन पराउछन् । सुन्दरता मन पराउछन् । वर्गीय मुक्ति मन पराउछन् । अँध्यारोको विरोध गर्दछन् । कुरूपतालाई घृणा गर्छन् र शोषणको विरोध गर्छन् । पार्टी र क्रान्तिप्रति बफादार योद्धा 'प्रतीक' गोली र बारुदसँग खेल्छन् र बारुदका कविता लेख्छन् । दस वर्षे जनयुद्धमा एउटा छापामारले गोली र बमको धमकाबिच के कस्तो अनुभव गऱ्यो ? सहयोद्धालाई एउटै मोर्चामा गुमाउदाको परिस्थिति के अनुभूत गऱ्यो ? राज्य आतङ्क, युद्ध त्रासद छापामार र जनता कसरी भोगे ? गरिबी, भोगमरी, वीरता, त्याग, बलिदानी, वर्ग वैरीप्रति आक्रोश, राष्ट्रप्रेम, भविष्यप्रति मिठा आशा नै 'प्रतीक' का कविताको विषयवस्तु हो । देश, रगत, परिश्रम, र विद्रोहको समिश्रण यस कविता सङ्ग्रहको विषयवस्तु हो ।

### ४.१२.३ मूलभाव

दुनिया बदल्ने अभिभारा बोकेका छापामार 'प्रतीक' युद्धको सङ्गीन घडीमा बन्दुक र बारुदसँग मात्र हातेमालो गाँसेनन् । कलम र शब्दलाई पनि सहयोद्धा कामरेडको रूपमा विकास र विस्तार गर्छन् । युद्धमा एउटा छापामारले बन्दुक र कलम चलाउने कुशलता देखाउनु महान् कार्य अवश्य नै हो । कठिन कार्यको वाफजुद बन्दुक, बारुद, रगत, पसिना, आतङ्क र मिठा

भविश्यको आशा गर्दै कवि जुन मोर्चामा पुग्छन् घटनाहरूलाई कलम मार्फत काव्यात्मक रूपमा दिनेकाम गर्दछन् । कवि 'प्रतीक' कवितामा विद्रोह, बलिदानप्रति उच्च भाव, राष्ट्रप्रेम, वर्गवैरीप्रति आक्रोश, सुन्दर भविश्यप्रति आशा गर्दै व्यक्त गरेका छन् । कविताको मूलभाव वर्गसङघर्ष नै हो त्यसका अतिरिक्त कवितामा कविले अन्य स्वर मुखरित गरेको पाइन्छ जसलाई तल सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ ।

### ४.१२.३.१ विद्रोहचेत

जनयुद्ध शोषण, दमन, उत्पीडनको विरुद्ध गरिएको एउटा विद्रोह हो । त्यही विद्रोह संलग्न कवि वर्गीय मुक्ति, नेपालीहरूको नारकीय जीवनबाट गुणस्तरीय जीवन, जातीय उत्पीडनका लागि विद्रोहमा होमिएका कवि 'प्रतीक' ले नेपाली जनतालाई अन्याय अत्याचार, शोषण, र राज्यको आतङ्कका विरुद्धमा विद्रोह गर्नु पर्ने कुरालाई शङ्खघोष गर्दै आफ्ना कविताद्धारा विद्रोह ओकलेका छन् । कवि सङ्घर्षमा त्याग बलिदान दिएर संसार जित्न आह्वान यसरि गरिरहेकोछन् :

सङ्घर्षको आधिवेहरी चलिरहेछ
त्याग, समर्पण, र बलिदान
उर्जा बनेर क्रान्तिको
सल्किरहेछ चिराग
जित्नको लागि सिङ्गो संसार
आह्वान गरिरहेको छ यसबेला
वर्गसङ्घर्षको अन्तिम समरमा
(अन्तिम समरमा, पृष्ठ : ७०)

कविले भोका पेटहरू एकीकृत हुदै उठेकाछन् मुक्तिको लागि अन्तिम विद्रोह गर्दैछन् भनेर यसरि भन्छन् :

एकीकृत गर्दै भोका पेटहरू
सिस्ने जलजला उठेको छ
पूर्व शैलुङ उठेको छ
अनि उठेको छ
आफ्नो विवशता बोकी

हाम्रै सैपाल
आखिर आह्वान एउटै हो मुक्तिको
अन्तिम विद्रोहको
अन्तिम विजयको ।
(कर्णालीका भोका पेटहरू, पृष्ठ : १९)

### ४.१२.३.२. राष्ट्रिय स्वाधिनता र राष्ट्रप्रेम

देश र जनताको लागि जीवन आहूति दिन तयार कवि 'प्रतीक' राष्ट्रलाई सबै भन्दा माथि राख्दछन् । आफ्नो राष्ट्रमाथि कसैको सांस्कृतिक, आर्थिक, भौगोलिक हस्तक्षेपका विरुद्ध आक्रोश ओकल्ने कवि 'प्रतीक' ले देशलाई अगाध प्रेम गर्दछन् । उनका कवितामा स्वाधिनता र देश प्रेमले ओतप्रोत देखिन्छन् । कवि राष्ट्रवादका नाममा असमान सन्धि सम्झौता गर्ने प्रति यसरि आक्रोश व्यक्त गर्छन् :

देशभक्त राष्ट्रवादका नाउँमा
देशका सीमा र साँधहरूमा सौदाबाजी गर्ने
नदीनालाहरू विक्रिवितरण गर्ने
स्वाभिमान र इज्जतलाई
लिलाम कपडा ठान्ने
कथित तिम्रो राष्ट्रवाद र देशभक्ति कदम प्रति
स्वाभिमानी नेपालीको मूर्दावाद
(कथित राष्ट्रवाद मूर्दावाद, पृष्ठ : ३६)

### ४.१२.३.३. वीरता, त्याग र बलिदानप्रति उच्च भाव

युद्ध आफैमा भयावह हुन्छ । दुश्मनसँग लुकामारी खेल्नुपर्ने, रगतसँग लुटपुटिनुपर्ने, कडा मेहनत र परिश्रम गर्न पर्ने त्यस्तो कार्यमा पनि नेपाली जनताले देखाएको वीरता, त्याग र जीवनको बलिदानलाई कविले उच्च सम्मानका साथ ग्रहण गर्दै सहिदहरूको नयाँ जीवन पाएको र रगतले इतिहास लेखेको भन्दै भन्छन् :

कसाइखानाका मालीसँग
जीवन पाउन आजादीको

स्विकार्‍यो सहजै मृत्यू
लेख्यो रातो रगतले इतिहास
ऊ त्यही साहसिक योद्धा
कर्मठ लडाकु, आजादीको इतिहास
नयाँ युगको महान् सहिद

(कवि इच्छक, पृष्ठ : १७)

'लालीगुराँसका राता थुङ्गा', 'श्रद्धाञ्जली' कवितामा बलिदानीप्रति उच्चभाव व्यक्त गरिएको छ ।

## ४.१२.३.४. सुन्दर भविष्यप्रति आशा

कवि वर्तमान अन्याय, अत्याचार, शोषणयुक्त कालरात्री, विभेद पूर्ण यथास्थितिवादी समाजका विरुद्ध असन्तुष्टि व्यक्त गर्दै सुन्दर भविश्यप्रति आशावादी रहेको देखिन्छन् । उनी नयाँ युगको बिहानीलाई सलाम गर्छन् :

चुक घोप्टिएको रातको
साम्राज्य तोडेर
झुल्किएको हो बिहान
भालेहरूका डाँकहरूसँगै
खुलेको हो बिहान
नयाँ युगको नयाँ बिहानलाई
रातो सलाम

(सलाम नयाँ बिहानीलाई, पृष्ठ : १)

'यात्रा जारी राख', 'नयाँ भविश्य', 'समय र म', न'याँ सपना', कवितामा कविले सुन्दर भविष्यप्रति आशा स्पष्ट रूपमै देखिन्छ ।

## ४.१२.३.५. जातीय उत्पीडनको विरोध

कवि हिन्दू ब्राह्मणवादी समाजको विरुद्धमा उभिएकाछन् । धर्म र जातिका नाममा हुने सम्प्रदायिकता र छुवाछुत जस्तो विभेदकारी चिन्तन र समाजको उनी विरोध गर्दै सबै मानिस बराबर हुन र सबैलाई समान्ता हुनुपर्छ भन्दै कवितामा यसरी बोल्छन् :

छुवाछुत र भेदभावमा

पिल्सिरहेको छ यो समाज
र मुक्त आकाशमा
कावा खान चाहन्छ वर्गविभेद समाज
तर,
समयको माग
युगको आह्वान
जालजेल र षडयन्त्रका जाल बुनिरहेछन्
केहि मानिसहरू
जालजेल, षडयन्त्रका तानाबाना बुनेर त के भयो र ?
समानताको दीयो बनी सल्किरहेको छ मेरो देश ।

(मेरो देश, पृष्ठ : ५३)

नयाँ सपना, नयाँ भविश्य कवितामा जातीय उत्पीडनको विरोध गरेकाछन् वर्गवैरीप्रति आक्रोश, नारीवाद, स्वतन्त्रता, समानता र मुक्तिका लागि सङ्घर्ष, विस्तारवाद विरुद्ध आक्रोश, द्वन्दवादी दर्शनको प्रयोग यस कवितासङ्ग्रहबिचका अन्य स्वरहरू हुन् ।

## ४.१२.४ भाषाशैली

भाषा अभिव्यक्ति माध्यम हो । कवि एउटा युद्धयात्री भएकोले र त्यही युद्धलाई शब्दमा उतार्ने काम गर्दा युद्धजन्य वीरता, सौर्य, त्याग, बलिदान, वर्गशत्रुप्रति घृणा र आक्रोश, विद्रोह, बन्दुक, गोली र बारुद जन्य भाषाको प्रयोग गरेकाछन् । कवि विजय र पराजय, उत्साह र निराश, प्रेम र घृणा, आक्रोश र नैराश्य भाषाको प्रयोग गरेकाछन् । स्थानीय भाषिका, भाषिक विचलन, नवीन बिम्ब, प्रतीकको प्रयोगले कवितामा आफ्नोपन निर्माण गरेका छन् । क्रान्ति, बिम्ब र प्रतीकको प्रयोग गर्ने प्रतीकले नयाँ बिहानीलाई परिवर्तनको प्रतीकको रूपमा यसरी प्रस्तुत गर्छन् :

चुक घोप्टिएको रातको
साम्राज्य तोडेर
झुल्किएको हो बिहान

भालेहरूका डाँकाहरूसँग
खुलेको हो बिहान
नयाँ युगको नयाँ बिहानलाई
रातो सलाम ।

(सलाम नयाँ बिहानीलाई, पृष्ठ : १)

सङ्ग्रहमा कवि 'प्रतीक'ले बिहानी, भाले, लालीगुराँस, बन्दुक, गोली, बारुद, क्रान्ति, बम, कर्णाली, जलजला, सिस्ने, शैलुङ, जेलवाङ, रातो योद्धा, सडक, झिम्रुक, लालमधेस आदि क्रान्ति बिम्ब प्रतीकको प्रयोग गरिएका छन् ।

प्रथम, द्वितीय र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको कविता सङ्ग्रहमा गद्य छन्दको प्रयोग गरिएको छ । कविताको भाषा काव्यात्मक हुन्छ तर कविले कवितमा कला पक्ष र भाव पक्षमा सुन्दर संयोजन गर्न नसकेको हुदा कविता सुन्दर हुन सकेका छैनन् । कला पक्षको अभावमा कविता पढ्दै जाँदा कता कता ठाडो भाषण पढे जस्तो लाग्छ । साधनाको अभाव र युद्धमा एउटा हातमा बन्दुक र अर्को हातमा कलम समात्नुपर्ने कठिन कार्य भएको हुदा कविता काचा देखिएका हुन । कविको पहिलो प्रयास भएकोले कविता यति काचा हुन स्वाभाविकै हो तापनि परिष्कार परिमार्जन टड्कारो देखिन्छ ।

## ४.१३ कवि हीरामणि दुःखीको 'जून पस्किने यात्रामा' कवितासङ्ग्रहको विश्लेषण

### ४.१३.१ शीर्षक संरचना

शीर्षक कविता भित्र प्रवेश गर्ने द्वार हो । जसले समग्र कविताको प्रतिनिधित्व गर्दछ । कवि हीरामणिद्वारा लिखित 'जून पस्किने यात्रामा' सङ्गृहीत कविताका शीर्षकले जनयुद्ध पछिको यथार्थ, वर्तमान समयका जटिलता, प्रचण्डपथ , श्रमिकको परिश्रम , राष्ट्रियतालाई विशेष रूपमा उठाउने काम गरेको पाइन्छ । यस सङ्ग्रहमा सहर र सपना , जुलुस र कविता , 'समायोजन', 'खैराते मास्टर', 'खाल्डो र स्वाभिमान', 'रिक्सावाल', 'आगो खोज्दै छ मान्छे', 'मुक्त हलिया', 'हराउँदै छ मेरो देश', 'जून पस्किने यात्रामा', 'समयका अनुहारहरू– एक', 'समयका अनुहारहरू–दुई', 'सहर पसे पछि', 'सालिक', 'मध्यरातको खोजी', 'आह्वान', 'नौटङ्की', 'मेरोदेश', 'सम्झौता', 'मैले बाटो विराएको छैन', 'महराजको वुद्धवचन', 'सलाम', 'यी त हुन रक्तबीज', 'दसले नब्बे चलायो' २४ वटा कविता र 'प्रजातन्त्र', 'धर्ती' हल्लिएको छ'

'देशलाई ऐले ठुलो घाउ लागेको छ', 'उठ ए ! ज्युँदो मान्छे' 'बन्दुकको नालबाट शासक बोलेको छ' 'प्रचण्डपथ –१', 'प्रचण्डपथ–२', 'अझै पनि भा छैन' 'अभियान', 'इच्छुक' गरी दसवटा गजल पनि  सङ्गृहीत छन् ।
संरचनागत रूपमा हेर्दा यस सङ्ग्रहको आयाम ७० पृष्ठ सम्म फैलिएको छ । कविता र गजल खण्ड गरी दुई खण्डमा विभाजित यस सङ्ग्रहमा 'मेरोदेश' सबै भन्दा लामो ५५ हरफ र सबैभन्दा छोटो दसले नब्बे चलायो ' १२ हरफको कविता सङ्गृहीत छन् । गजल ४ सेर देखि आठ सेर सम्म को आयाममा संरचित  छन् ।

### ४.१३.२ विषयवस्तु

'जून पस्किने यात्रामा' विशेष गरि २०५६ देखि २०६५ सम्मका  कविता र २०५४ देखि २०५९ सम्मका गजलहरू सङ्गृहीत छन् । अधिकांश कविता जनयुद्ध पछि वा दोश्रो जनआन्दोलन  पछि सिर्जना गरिएको हुँदा समसामयिक अवस्थालाई नै विषयवस्तु बनाएको पाइन्छ । जनयुद्व, जनयुद्वपछिको अवस्था, राष्ट्रियता, रिक्सा चलाएर जिविकोपार्जन गर्ने श्रमिक देखि मुक्त हलियाको पीडालाई नै कविताको विषयवस्तु बनाएको पाईन्छ । गजलमा जनयुद्व लडदाका अनुभव, अनुभूति एवम् राष्ट्रियता लाई मुख्य विषयवस्तु बनाएको पाइन्छ ।
पहाड, सहर, काठमाडौं, नालापानी, अङ्ग्रेज, हिन्दुस्तानसम्मको भूगोललाई विषयवस्तु बनाएको यस सङ्ग्रहमा सङ्गृहीत कविता र गजल को मूलविषय जनयुद्व र समसामयिकतालाई नै बनाएको पाइन्छ ।

### ४.१३.३ मूलभाव

'जून पस्किने यात्रामा' कविले कविता र गजल सम्युक्त सङ्ग्रहका रूपमा प्रकाशित गरेका  छन् । गजल जनयुद्वको भावभूमिमा रहेर जनयुद्ध गर्दाको वीरता, त्याग, बलिदान र आतङ्क , आक्रोश, दमन, प्रतिकार राष्ट्रियतालाई लिएर लेखिएको छ भने कविता वर्गसङ्घर्षकै भावभूमिलाई समेटदै जनयुद्धको पछिको अवस्थालाई चित्रण गर्ने काम भएको छ । जनयुद्धमा भएको त्याग, वीरता, उदारता, बलिदानको वर्तमान समयमा मूल्याङ्कन गर्ने काम भएको छ । कविले शान्ति प्रक्रिया पछिको समसामयिक राजनीतिक अवस्था, राष्ट्र प्रेम, गरिबहरूको यथार्थता, क्रान्तिकारीहरूमा देखापरेको वैचारिक विचलन, भविष्यप्रति चिन्ता, विजयप्रति विश्वास, सर्वहारा वर्गको मुक्तिको स्वर दिन खोज्नु नै यस सङग्रहको मूलभाव भूमि हो । यस सङ्ग्रहमा देखिएका स्वरलाई सङ्क्षिप्त रूपमा तल चर्चा गरिन्छ ।

### ४.१३.३.१. क्रान्तिचेत

कवि हीरामणि दुःखी वर्गसङ्घर्षमा लामबद्ध योद्धा हुन । वर्गीय मुक्ति,अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडनका विरुद्ध सन्चालन भएको जनयुद्धमा संलग्न कवि समतामुलक , समाज निर्माणमा कटिवद्ध कवि दुःखी अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडन का विरुद्ध बन्दुक लिएर मात्र लडेनन । कलमका सहायताले पनि वर्गीय मुक्ति समतामुलक समाजका लागि क्रान्ति आवश्यक चिज हो भन्दै सबैलाई क्रान्ति गर्न आह्वान गरे । कवि प्रचण्डपथ  यस्तो विचार हो जसले सबै लाई एक जुट बनाएर उत्पीडन र आतङ्कका विरुद्ध क्रान्ति गर्न सिकाउँछ भनेर यसरी भन्छन् :

प्रचण्ड पथको नयाँ दर्शन सिकाउँदै छ ।
र आह्वान गर्दछ दुनियाका उत्पीडन हरूलाई
उठ, जाग र मुठी कस सङ्कल्पको
महाआतङ्कका विरुद्ध
बाँकी दुनियाँ एक जुट बन भन्दै ।

(मेरोदेश, पृष्ठ : ४७)

कविले रातो रगत भएका जिउँदा मान्छेलाई खुडा–खुर्पा, भाला तरवार लिएर उठ भनेर यसरी भन्छन् :

उठ ए ! ज्युँदा मान्छे तातो रगत भएकाहरू
खुँडा – खुर्पा , भाला–तरवार, लिई जुट समरमा अरू

(उठ ए :ज्यूँदा मान्छे , पृष्ठ : ६४)

मुक्तहलिया', 'आह्वान', 'सालिक' धर्ती हल्लिएको छ । 'बन्दुकको नालबाट शासक बोलेको छ' ,'अभियान' आदिमा कवितामा कविले क्रान्तिमा लामवद्ध हुनु पर्ने कुरा उठाएका छन् ।

### ४.१३.३.२. राष्ट्रप्रेम

कवि जनता र देश प्रति अत्यन्त संवेदनशील देखिन्छन् । उनी परतन्त्र, विदेशी हस्तक्षेपको विरुद्ध उभिएर सार्वभौम, स्वाधिन, स्वतन्त्र राष्ट्रको काममा गर्दै देशको उन्नति, प्रगति र विकासप्रति कवि अन्यन्त चिन्तित देखिन्छ । कवि स्वतन्त्र रूपमा स्वविवेकले नचली विदेशी मस्तिष्क ले चलेको देख्दा साह्रै चिन्तित देखिन्छन् । कवि राष्ट्रको मुटु काठमाडौं भएको

र त्यस मुटुलाई चलाउने मस्तिष्क सीमा बाहिर भएको भन्दै देशको यथार्थप्रति चिन्तित हुँदै वास्तविकतालाई यसरी लेख्छन् :

खाल्डो भित्र देशको मुटु छ
मुटु चलाउने मस्तिष्क भने
सीमा बाहिर छ ।
सीमा बाहिर बसेको मस्तिष्कले
खाल्डो भित्रको मुटु चलाउँछ
यस्तै छ मेरो देश को हालत
मेरो मातृभूमिको विवशता
सत्य
यही हो मेरो देशको अवस्था

(खाल्डो र स्वाभिमान, पृष्ठ : ९ )

कवि दसौँ हजार पटक सहिद बन्न तयार भएको तर देश विलाउँदै गएको हेर्न नसक्ने भन्दै यसरी भन्छन् :

म माटोको कसम खाएर भन्छु
म फेरि दसौँ हजार पटक
सहिद बन्न तयार छुँ
तर मेरा सपना मर्न दिदैँन
त्यसका लागि
म अर्को नालापानी उठाउन  तयार छु
तर देश विलाउँदै  गरेको
कसरी हेर्न सक्छु ?

(हराउँदै छ मेरो देश, पृष्ठ  : २१)

'खैराँते मास्टर' 'मेरादेश' 'देशलाई अहिले ठुलै एउटा घाउ लागेको छ' आदि कविता राष्ट्र प्रेमको भावनाले ओतप्रोत देखिन्छ ।

### ४.१३.३.३. भविष्यप्रति आशा

देश युद्वबाट शान्ति प्रक्रियाको चरणसम्म आइपुग्दा कविले देखेको सपना अर्थात वर्गीय मुक्ति, समतामुलक समाज,नयाँ नेपालको निर्माण भएको छैन । तसर्थ कवि वर्तमान अवस्थाप्रति सन्तुष्ट छैनन् । उनी आउने समय सुन्दर, शान्त, वर्गीय मुक्ति, समतामुलक समाज लिएर आउने कुरामा आशावादी देखिन्छन् । कवि वर्तमान समयमा क्याप्टेन भीमकाय सुमुन्दको छाल, तुफान, ज्वारभाटा र चट्टानलाई छिचोलेर जहाजलाई बन्दरगाह उतार्ने अर्थात देशलाई सुन्दर शान्त, वर्गीयमुक्ति स्थानमा पुऱ्याउनेमा कवि यसरी आशाव्यक्त गर्दछन् :

म विश्वस्त छुँ
मेरो प्रिय क्याप्टेन
हाम्रो प्रिय युगनायक
भीमकाय सामुन्द्रिक छाल र तुफानहरू
ठुल्ठुला ज्वारभाटाहरू
र यमानका चट्टानहरू
छिचोल्दै पन्छाँउदैं
अघि बढ्नेछ र जहाजलाई
बन्दरगाहमा उतार्ने छ ।

(जून पस्किने यात्रामा )

“समयका नयाँ अनुसार' 'सहर र सपना' 'आगो खोज्दै छ मान्छे' आदि कवितामा कविले भविष्यप्रति आशा राखेको पाइन्छ ।

### ४.१३.३.४. गरिब जनतनको यर्थाथ चित्रण

कविले कवितामा विद्रोह, राष्ट्रप्रेम, वर्गप्रेम, वर्गमुक्ति, भविष्यप्रति आशा मात्र व्यक्त गरेका छैन । सदियौँ देखि आफ्नो परिश्रम बेचेर बाँच्न विवश गरिबहरूको यथार्थ जीवन चित्रण पनि कविता गरेका छन् । सदियौं देखि जमदारको घरमा हलिया बसेको हलीलाई सरकारले हलियाबाट मुक्ति त गर्छ तर उसँग जोत्नलाई जमिन, हलो, गोरु कही हुदैंनन । जमदारका घरबाटबाट मुक्ति हुनु मात्र हलिया मुक्ति होइन उसले जोत्ने जमिन,हलो,र गोरु पनि ऊसँग मुक्त हुनु पर्छ भन्ने कुरा कवितामा कवि व्यक्त गर्दछन् । सरकारले गरेको हलिया मुक्तिप्रति कवि यसरी व्यङग्य गर्दछन् :

ए हलिया ! के तिमी मुक्त भयौ ?

हो हजुर मुक्त भएँ

मुक्त हुदाँ खाना, नाना र छाना पायौ त ?

अहँ त्यो त पाएन हजुर'

त्यसो भए त्यहाँ पनि मुक्त भएछौ ।

(मक्तहलिया, पृष्ठ :१७)

कविले रिक्सावालको वास्तविक दिनचर्यालाई सरल, सहज र यथार्थ रूपमा यसरी प्रस्तुत गर्दछन् ।

पसिना धेरै बगाउनेहरू

तल्लो कोटी पार्छन रे

पसिना न बगाउनेहरू

माथिल्लो कोटीमा पर्छन

हजुर  म तल्लो कोटीको

किन कि म रिक्सावाल

(रिक्सावालः पृष्ठ : १३)

**४.१३.३.५. समसामयिक अवस्थाको चित्रण**

कविले शान्ति प्रक्रिया पछिको राजनीतिक अवस्थालाई कवितामा उतार्ने काम गरेका छन् । दस वर्ष जनयुद्ध सञ्चालन गरेको पार्टी, जसले युद्धबेला धेरै सपना नारा र आश्वासनहरू बाँडेको थियो । शान्ति प्रक्रियामा आए पछि ती नारा, सपना, आश्वासन पुरा गर्न नसक्ने, युद्ध पछिको जुन जनउभार हो त्यो आफ्नो हुन सक्ने वा नसक्ने नेतृत्वले सहिरूपमा पार्टीलाई अवतरण गर्न सक्ने नसक्ने, यति मात्रै नभई शान्ति प्रक्रिया पछि क्रान्तिकारीहरूमा आएको विचलनलाई पनि कविले कवितामा उतार्ने काम गरेका छन् । कवि  जो हिजो गाउँमा सपना बाँडथ्यो आज त्यो सहर पसको छ । त्यसले गाउँमा सपनाहरूलाई विपना बनाएर गाउँमा आउने कुनै सङ्केत देखेका छौ, भनेर यसरी सोध्छन् :

जहाँबाट उसले सपना देखने गर्थ्यो

र सपना बाँडने गर्थ्यो आश्वात पार्दै

हो अहिले सपनाहरू

विपना बनेर गाउँ पसेको देख्न

आतुर छ मेरो गाउँ

ए बटुवा

के तिमीले सपनाहरू
गाउँमा आउने केही सङ्केत पाएका छौं ।
(सहर र सपना, पृष्ठ : ३ )

कवि वर्तमान अवस्थामा मञ्च र जुलुस दुबै आफ्नो हुनु पर्छ भन्छन्

जुलुस पनि तिम्रै हुनुपर्छ
मञ्च पनि तिम्रै हुनु पर्छ
(जुलुस र कविता, पृष्ठ : ५ )

क्रान्तिकारीहरूमा वैचारिक विचलन आइरहेको बेला जे जस्तो कठिनाइ, अप्ठयारो आए पनि आफूले बाटो नविराएको कुरा यसरी गर्दछन् ।

बरू म तिम्रो बधशालामा रेटिन तयार भएँ
अहँ म तिम्रो पिसाबलाई कदापि जल भनेर पिउन सकिनँ
मैले मेरो बाटो हिँडनु उचित देखेँ
मैले मेरो बाटोमा आफ्नो सन्तानको मुक्ति देखें
मैले अभिजात वर्गको साथ त्याग्नु अन्याय हैन
अहँ मैले कदापी बाटो विराएको छैन् ।
(मैले बाटो विराएको छैन, पृष्ठ : ५२ )

### ४.१३.३.६. बलिदानप्रति उच्च भावना

कवि क्रान्ति विना परिवर्तन नहुने जीवन बलिदानविना पनि क्रान्ति सम्भव नहुने कुरा कविलाई पूर्ण रूपमा बोध भएकोले कवि राष्ट्रको निम्ति वर्गीयमुक्तिको लागि आफू स्वयम् बलिदान दिन तयार छन् । जसले आफ्नो राष्ट्र र वर्गीय मुक्तिकोलागि जिउ ज्यानको माया मोह नमानेर बलिदान दियो ती योद्धाप्रति कविले  उच्च सम्मानको भाव व्यक्त गर्दै ती महान् योद्वालाई यसरी सलाम गर्न पुग्छन् :

माटोमा अमृत फलाउन
पसिनाको नदी बगायो
पिजडाको भोटे ताल्चा खोल्न

द्वारपाले सँग लड्दा लड्दै
माटोमा उसले रगत बगायो
मेरो उसैलाई सलाम छ ।
(सलाम, पृष्ठ : ५५ )

वर्गवैरीप्रति आक्रोश , प्रचण्डपथ , धोकाप्रति आक्रोश जस्ता अन्य स्वर पनि यस सङ्ग्रह भित्र रहेका छन् । वर्गसङ्घर्षको भावभूमि रहेर यस सङ्ग्रहमा कविले समसमायिक राजनैतिक अवस्था, विद्रोह, भविष्यप्रति आशा गरिबको वास्तविकतालाई पनि समावेश गर्ने काम गरका छन् ।

**४.१३.४.भाषाशैली**

भाषा अभिव्यक्तको माध्यम हो । कविताको भाषा काव्यात्मक हुन्छ । कवि दुःखी जनयुद्ध सिर्जित कवि भएको ले उनले जनयुद्धलाई नजिकबाट भोग्ने काम गरेका छन् । जनयुद्धका कवि भएकाले उनको भाषा विद्रोही, वर्गदुश्मनप्रति आक्रोश, आशावादीका साथै सरल सहज गद्य भाषाशैलीको पनि प्रयोग गरेका छन् । उनका कविता गद्य भाषामा लेखिएता पनि कविता भित्र लयको अन्तरघुलन गर्ने काम गरेका छन् । नवीन विम्ब, प्रतीकको प्रयोग गर्ने शैली र कवितालाई खारेर ,माझेर कलात्मक रूपमा प्रस्तुत गर्न सक्ने सीपका कारण कविता अत्यन्त राम्रा छन् । कवि दुःखीले वर्गीय चेतनाले युक्त बिम्ब प्रतीकलाई यसरी प्रस्तुत गर्दछन् :

तिनै कमैयासँग मिसिएर
सडकमा तल्लोका डढेलो सल्काउँछु र
सबै मुखियाहरूसँगै
तिनका मतियारलाई
खरानी बनाएर
मुक्त पार्छु
(मुक्तहलिया, पृष्ठ : १९)

'जून पस्किने यात्रामा' सपना ,जुलुस, खैराते मास्टर, खाल्डो, रिक्सावाल, आगो, हलिया, जून, समयको ऐना , सालिक, तुफान, वुद्ध , बन्दुक, क्रान्ति आदि बिम्ब प्रतीकले कवितालाई सुन्दर बनाएको पाइन्छ । स्थानीय भाषिकाको प्रयोग, भाषिक विचलनले कवितालाई सुन्दर बनाएको छ ।

दुःखीका गजलले समाजिक परिवेश, राजनैतिक अवस्था आमुल परिवर्तनको आवाज उठाए पनि गजलमा क्रान्ति बिम्ब र क्रान्तिलाई उजागर गर्ने भाषा प्रयोग गरे पनि उनका गजल सार्है काँचा छन् । कवि दुःखीले गजल लेख्न अझै साधन गर्नु पर्ने देखिन्छ । गजलको नियमलाई पालन नगरी केही गजलहरू लेखिएको छ ।  जसले गर्दा दुःखी अझै गजल लेखनमा काँचा र अपरिपक्व देखिन्छन् । गजलमा हुनुपर्ने गेयात्माकता भन्दा बढि नारा र आक्रोश नै देखिन्छ । कवितासङ्ग्रह भित्र गजल पनि छाप्ने लोभले उनले 'जून पस्किने यात्रामा' कवितामा प्राप्त गरेको जुन उच्याई छ ,त्यसलाई भत्काउने काम गरेको पक्कै हो ।

## ४.१४ कवि कृष्ण सेन 'इच्छुक'को 'बन्दी आवाज' कवितासङ्ग्रहको विश्लेषण

### ४.१४.१. शीर्षक संरचना

जनयुद्व साहित्यमा कविता लेखनको नेतृत्वदायी भूमिका निर्वाह गरेका कृष्ण सेन 'इच्छुक' ले आफ्नो कविता लेखनको सुरुवात 'भोलिप्रति' (२०३३) कविता 'मातृभूमि' साप्ताहिकमा प्रकाशित गरेर औपचारिक कविता लेखनको यात्रा सुरु गरेकाहुन् । सेन जनयुद्वका सर्वश्रेष्ठ कवि हुन उनले जनयुद्वलाई कवितामा सजीव रूपमा उतारेका छन् । अझ यसो भनौ सेनले कलमलाई शक्तिशाली हतियार बनाए छन् । शब्दहरूलाई डाइनामाइट बनाएर सबैका मन मुटु र मस्तिष्कमा विस्फोट गराएकाछन् । कवि सेनको 'बन्दी आवाज' विशेष गरेर जेल जीवनका अनुभव, अनुभुतिलाई विषयवस्तु बनाएर लेखिएको कविता भए पनि वर्गसङ्घर्ष , सर्वहाराको शोषण, दमन, जातीय, उत्पीडन, नारी जीवनको चित्रण, अन्तर्राष्टवादी वर्गचेतना आदि विषयलाई नै यस सङ्ग्रहका कविताका शीर्षकले प्रतिनिधित्व गरेको पाइन्छ । यस सङ्ग्रह भित्र 'माछो' 'माछो– भ्यागुतो', 'नवजात छोरीसँग', 'काले', 'बालबन्दी मिर्ची','प्यारो मदेशप्रति', 'तिम्रो र हाम्रो संसार','एउटा गाउँलेको डायरी', 'पोखरी र कारागार', 'जेरुसेलम', 'यात्रामा हिँडदा हिडँदै', 'सिंहदरबार अघि नारा लाइरहेकी फूलमती','पिपलको बोट', 'कारागारको छत माथी चढेर', 'अजम्बरी सपना', 'मेरी छोरी', 'कैदी', 'दिदी शान्तालाई', 'कमैया दुःखीरामलाई प्रश्न', 'अस्वीकार', 'चिनियाँ कवि चेङ च्हूप्रति',  'जेरुसेलम', 'आदिवासी दिवस र भिखारीदास सदा', 'कोशी टप्पु', 'आङ सान सु की', 'म अहिले निराश छैन', 'मेरो देशको शिशु प्रजातन्त्र', 'भविष्य', रोगी देश', 'उत्तरतिर', 'यस क्षण', 'लालमटियाको सम्झना','प्युठान म पनि तिमीसँगै छु', 'कसरी भनुँ', 'सहिद'समेत ३५ वटा कविता संरचित छन् । यस सङ्ग्रहमा सङ्गृहीत कवितामा आयामका दृष्टिले सबैभन्दा लामो कविता 'यस क्षण' हो । जसमा १७६ हरफ संरचित छ भने सबै भन्दा छोटो कविता 'कसरी भनुँ' ६ हरफमा संरचित भएको छ । यही कविता नै

सेनको अन्तिम कविता हो । 'बन्दी आवाज' सेनका विभिन्न पत्र पत्रिकामा प्रकाशित कविताको सङ्ग्रह हो जो सेनको मृत्यु पछि 'इच्छुक रचनावली' भाग –२ मा सङ्गृहीत छ ।

### ४.१४.२. विषयवस्तु

कृष्ण सेन 'इच्छुक' ले लामो समय सम्म जेल जीवन बिताए । जेलले उनलाई कवि बनायो , त्यही जेलमा नै कवि सेनले आफ्नो जीवन अन्त्य गरे । कवि सेनको जेल बसाइकै क्रममा 'शोकान्जली''बन्दी र चन्द्रागिरी' मात्रै होइन 'बन्दी आवाज' पनि त्यसकै प्रतिफल हो । 'बन्दी आवाजमा' जेल बाहर जेल भित्रका अनुभव, अनुभूति भए पनि बढि जेल जीवन भोगाइका तिता मिठा अनुभव अनुभूति छन् । नेपाली जनताले भोग्न परेको गरिबी जीवन, नारी जीवनको चित्रण, राष्ट्र प्रेम, जातीय उत्पीडन, बालबालिकाको चित्रण, जनयुद्वमा राज्य तर्फबाट भएको दमन, हत्या, आतङ्क, बलात्कार, अन्तर्राष्ट्रिवादी वर्गचेतना, नै 'बन्दी आवाज' भित्र सङ्गृहीत कविताको विषयवस्तु हो ।

सिहंदरबार, कोशी, मधेश, लालमटिया, प्युठान हुदैं जेरुसलेम, चीन, वर्मा, सम्मको भूगोललाई पनि समेटेका छन् ।

### ४.१४.३.मूलभाव

कवि कृष्ण सेन 'इच्छुक' कलम वर्गसङ्घर्ष र जनयुद्धमा केन्द्रित हुँदै समाजको अन्याय, अत्याचार, शोषण, दमन, जस्तो अँध्यारो युगको अन्त्य गरी स्वस्थ्य , शान्त, समतामुलक, स्वतन्त्र, सुन्दर युगको सिर्जना गर्न समर्पित छ । कवि 'बन्दी आवाज' मा आफू जेल बस्दाको अनुभवलाई मात्र मुख्य विषय बनाएकाछन् । मजदुर, किसान , श्रमिक, कमैया, हली, आदिवासी, माथि भएको श्रमशोषण विरुद्व क्रान्तिचेत, शोषक , सामन्त , ठुलाठालु, जमिन्दार, पुँजीपति, मालिक, राजा, महाराजाहरूले सर्वहाराहरू माथि गरेको शोषण, दमन, अन्याय, अत्याचाराको विरोध गर्दै मुक्तिका लागि जनयुद्वमा संलग्न हुनु पर्ने, राज्यले जनता माथि गरेको अन्याय अत्याचार, हत्या, बलात्कार, त्रासद वातावरणको सिर्जना, नारीले भोग्न परेको जीवन, बालबालिकाको अवस्था, राष्ट्रप्रेम मात्र नभई अन्तर्राष्ट्रियवादी, वर्गचेतना, जातीय उत्पीडन आदि यस सङ्ग्रह भित्रका कविताको भाव भए पनि सङ्ग्रहको मूलभाव भनेको आमूल परिवर्तन नै हो । सङ्ग्रहमा सङ्गृहीत कविताले व्यक्त भावलाई बुँदागत रूपमा तल चर्चा गरिन्छ ।

### ४.१४.३.१. मुक्तिको महान् आदर्श र क्रान्तिकारी दृढता

कवि कृष्ण सेन इच्छुक सर्वहाराको मुक्तिको समर यात्रामा लामबद्धछन् । उनी जनताको मुक्तिको लागि आफ्नो ज्यान बलिदान दिने विचार मात्र राख्दैनन् बलिदान समेत दिएका छन् । कवि सेन जस्तो सुकै कठिन अवस्था आए पनि उनी क्रान्तिकारी विचारमा दृढता छन् । त्यसको ज्वलन्त प्रमाण हो ज्यानको आहूति दिनु । कविले आफ्ना कवितामा पनि मुक्तिलाई महान् आदर्श ठान्दै क्रान्तिकारी विचारलाई दृढताका साथ प्रस्तुत गरेका छन् :

नयाँ प्रभातका उज्याला प्रकाशहरूलाई
बेपत्ता पारेर जतिसुकै लुकाऊ
नरसंहारको ताण्डव –नृत्य नाच
या विभत्स मृत्यु उत्सव मनाऊ
कतै मन्द सास पनि तुफान बन्ला
मुटुका धड्कनहरूलाई धुलीसान् तुल्याऊ
तर पनि पर्दैन कहिल्यै
हाम्रो आस्थाको अजम्बरी सपना

(अजम्बरी सपना, पृष्ठ : १४१ )

'अहिले म निराश छैन' 'यात्रामा हिडदा हिडदै' मा मुक्ति र क्रान्तिकारी विचारलाई प्रस्तुत गरेका छन् ।

### ४.१४.३.२. जनयुद्धमा त्याग, वीरता र बलिदानप्रति उच्च भावना

ने.क.पा. (माओवादी) ले २०५२ फाल्गुण १ गते देखि सदियौं पहिले देखि सामन्त, पुँजीपति, जमिनदार, जिमुवाल, मुखियाले, गरिबहरू माथि गर्दै आएको अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडनको अन्त्य गरि, शान्त, सुन्दर, स्वतन्त्र, समतामुलक , समाज निर्माणको लागि दीर्घकालीन जनयुद्ध सञ्चालन गर्‍यो । उक्त जनयुद्धमा नेपाली जनताको ठुलो त्याग गरे वीरताका सार्थ वर्गसङ्घर्ष गरे । सो सङ्घर्ष रक्तपात पूर्ण भएकोले थुप्रै नेपाली आमाको सपुतहरूले आफ्नो ज्यानको माया नगरी बलिदान पनि दिए । देश र जनताका निम्ति जनयुद्धमा लामबद्ध भई त्याग गर्ने वीरताका साथ लड्ने, बलिदान दिने महान् योद्धाप्रति कवि उच्च सम्मान व्यक्त गरेका छन् :

तिनै प्रियजनहरूको सम्झनामा
गाउँको नाम नै

सहिद गाउँ भएको छ ।
र सहिदको हार्दिक सम्मानमा
निर्माण भएका छन्
असङ्ख्य गेट र स्मारकहरू
डाँडा , थुम्का लेक र पहाडहरूका नाम
सहिदहरूका नाममा फेरिएका छन् ।

(एउटा गाउँलेको डायरी , पष्ठ : १२३)

'सहिद' प्यारो प्यारो मदेशप्रति' 'सिंहदरबार अगाडि नारा लगाई रहेकी फूलमती' आदि कवितामा यही भाव व्यक्त गरिएका छ ।

**४.१४.३.३. राष्ट्रप्रेम**

कवि कृष्ण सेन 'इच्छुक' राष्ट्रप्रेमको भावले ओतप्रोत कवि हुन् । उनी राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र स्वाभिमानप्रति अन्यन्त सचेत छन् । कवि अरूको हस्तक्षेप र दासता स्वीकारदैनन्, वरु देशका लागि आफ्नो शरीर चढाउन तयार हुन्छन् र चढाएका पनि छन् । राष्ट्र प्रेमलाई प्रस्तुत गर्न जस्तो भाव कवितामा दिए त्यसै गरि राष्ट्रलाई आफ्नो शिर उपहार पनि दिए । राष्ट्रलाई अत्यन्त माया गर्ने कवि सेन जातीय स्वाभिमान र सार्वभौम अस्थित्वका लागि सधैं सङ्घर्षरत छन् । उनका कविता पनि यी भाव व्यक्त गरेका छन् ।

म कुनै केदी होइन
केवल देशलाई अतिशय माया गर्ने
एक देश भक्त
म कुनै कैदी होइन
सधैँ जनताको हिताकाङक्षा
म एक राजबन्दी हुँ ।

(कैदी, पृष्ठ : १४५)

'प्यारो मदेश' 'कोशी टप्पु' 'रोगी देश ' 'लालमटियाको सम्झना ' प्युठान म पनि तिमीसँगै छु ' आदि कवितमा राष्ट्र प्रेम भावना व्यक्त गरिएको छ ।

### ४.१४.३.४. बाल स्नेह

कवि बालबालिकाप्रति अति सवेदनशील छन् । बालबालिका सबैका प्रिय हुन्छन् । बालबालिका शान्त, मायालु, निष्कपट, निस्वार्थी र अबोध हुन्छन् । यी बालबालिका भविष्यका राष्ट्रका खम्बा हुन् । यही बाल्यावस्थालाई कविले चित्रण गर्दै बालहरू माथि स्नेह पोख्ने काम गरेका छन् । कविले आमा बाबुसँगै जेल परेकी मिर्ची अपराधी नभए पनि जेल सजाय भोग्न विवश स्थितिलाई यसरी चित्रण गर्दछन् :

भुत्ती खेल्दै
जब ऊ बोल्न थाल्छे
मिठो तोते बोली
म उसको अज्ञात भविष्य सोच्दछु
कुन अभियोगमा बन्दी छे ?
त्यो अबोध मिर्ची
र कुन अपराधको
ऊ दण्ड भोग्दै छे
म आहत बन्दछु ।

(लालबन्दी मिर्ची, पृष्ठ : ११६ )

'नवजात छोरीसँग' 'मेरी छोरी' कवितामा बाल स्नेह व्यक्त गरिएको छ ।

### ४.१४.३.५. नारीको यथार्थ जीवन चित्रण

कवि इच्छुकले नेपाली नारीले भोग्नु परेको पीडा, घृणा, उपेक्षा, उत्पीडनलाई कवितामा यर्थाथ रूपमा चित्रण गरेका छन् । कविले कवितामा जस्तो सुकै काम गरेर भए पनि बाँच्न सक्ने क्षमता, विद्रोही नेपाली नारीको वीरता, त्याग र बलिदानलाई पनि कविले कवितामा चित्रण गरेका छन् । कविले वर्गचेतना विहिन र वर्गचेतनायुक्त दुबैथरी नारीको चित्रण गरेका छन् । यस सङ्ग्रहमा 'नवजात छोरीसँग' 'लालवन्दी मिर्ची' 'मेरी छोरी' 'दिदी शान्तालाई' 'आङ्सान सुकी ' वर्गचेतना विहिन नारी चित्रण गरेका कविता हुन । यी कविता नारी पात्रलाई माध्यम बनाएर वर्तमान समाजका बारेमा कविले आफ्नो दृष्टिकोण राखेका छन् भने वर्गचेतना युक्त नारीका रूपमा 'सिंहदरबार अघि नारा लगाईरहेकी फूलमती ' मा कविले कमैया मुक्तिको स्वर उराल्दै दुधे बालकलाई काखमा च्यापेकी फूलमती आफ्नो मुक्तिका लागि आन्दोलित भएको यर्थाथ यसरी प्रस्तुत गर्दछन् :

कमैयाहरूको जुलुसमा नारा लाउँदै
सोचिरहन्छै फूलमती
कमैया मुक्तिका लागि
जुलुसमा हिँडदै सोध्छे उसले
बाबा र आमाहरूले पहिले
किन निकालेनन् यस्तै जुलुस?

(सिंहदरबार अघि नारा लाइरहेकी फूलमती, पृष्ठ : १३५)

### ४.१४.३.६. बन्दी जीवनको अनुभूति र मुक्तिको चाहना

कवि कृष्ण सेन 'इच्छुक'को जीवन लामो समय सम्म जेलमा बित्यो । जेल जीवन भनेको नारकीय जीवन हो जहाँ चिसो र अँध्यारो छिँडीमा मानसिक र शारीरिक यातना भोग्दै बाँच्नु पर्दछ । कवि सेनको जेल जीवन झन साह्रै कष्टकर थियो, भन्ने प्रमाण उनको जेल भित्रै नृसंस तरिकाले हत्या गर्नुबाट प्रष्ट हुन्छ । पटक पटक जेल पर्नु, जेल सरुवा हुनु, मानसिक र शारीरिक यातना भोग्दाका नमिठा अनुभवलाई कविले कवितामा व्यक्त गर्दै यस्तो नारकीय जीवनबाट मुक्ति भएर सुन्दर र स्वतन्त्र जीवन बाँच्न कवि चाहेका छन् :

खेलाइँदैछु क्रुरताको कुनै क्रुर खेल
मजा मानी – मानी
सोच्छु – आकाश खसिदिए हुन्थ्यो
कसरी सहनु यो बर्बर यातना ?:
बरु प्रलय भइदिए हुन्थ्यो
सोच्छु यसै गरी सधैं भरि
यो यातनाको कालो रात कति रहला ?

(यस क्षण, पृष्ठ : १९१ )

कवि स्वतन्त्रता सबै भन्दा सुन्दर हुन्छ । सुनकै पिँजडामा राखे पनि त्यो बन्धन नै हो भनेर स्वतन्त्रताको सुन्दरता यसरी पोख्छन् :

कति प्यारो हुन्छ
उन्मुक्तको तीव्र चाहना
कति सुन्दर लाग्छ

स्वतन्त्रताको उत्कृष्ट भावना
त्यो बन्दी भएर बाँच्नेले जान्दछ
स्वतन्त्र उडने पंक्षीलाई
सुनकै पिजरा भित्र पनि
त्यो उनका लागि बन्धन नै हुन्छ ।

(कारागारको छतमाथि चढेर, पृष्ठ :१३८)

'कसरी भनुँ' 'कैदी' 'पोखरी र कारागार ''पीपलको बोट' कवितामा यस्तै भाव व्यक्त गरिएको छ ।

### ४.१४.३.७. नेपाली जनताको दु:ख, पीडा, गरिबी, र जातीय उत्पीडनको प्रस्तुति

कविले नेपाली जनताको यर्थाथ जीवन कवितामा उतार्ने काम गरेका छन् । उनले नेपाली जनताले पाएका दु:ख, पीडा, गरिब हुनु पर्ने वास्तिविकता कवितामा प्रस्तुत गरेका छन् । श्रमिक, किसान, मजदुर, आदिवासी ज्यामी, कमैयाको दु:ख, पीडा र उनीहरू दिनहुँ परिश्रम गरे पनि भोकै र नाङ्गै बस्नु पर्ने यर्थाथता र शोषक, सामान्त, साहू, महाजन, जमिनदार, ठुलाठालु, परिश्रम नगरेर मिठामिठा खाने र सुकिला कपडा लगाउने, श्रमजीविहरूको पसिनामा मोजगर्नेहरूको कार्य प्रति कवि आक्रोश व्यक्त गर्दै विद्रोह गर्नु पर्ने कुरा गर्दछन् । जातीय रूपमा हुने शोषण छुवाछुत जस्ता प्रथाको घोर विरोध पनि गर्छन । कवि सेनले सामन्तले जातीय रूपमा कसरी शोषण गर्छन् भन्ने एउटा उदाहरण हेरौं :

आज सम्म तिमीले मलाई
जे जे आदेश दियौ
ती सबैलाई मैले शिरोपर गरेँ
तिम्रो इच्छाले म अछुत बनेँ
तिम्रो इच्छाले म दलित बनेँ
तिम्रो इच्छाले म अपहेलित बनेँ
तिम्रो इच्छा मै मेरो इच्छा बन्यो
मेरो मालिक !

(अस्वीकार, : पृष्ठ : १५३ )

कविले शोषणको अन्त्य भएर खेत जोत्नेको भयो कि ? भएन भनेर कमैया दु:खीरामलाई यसरी प्रश्न गर्छन :

रत्नगर्भा फाँटहरू
के अब पसिना बगाउनेका भए ?
अइज्जत जस्तै
जेलिएको शोषणको अवसान भएर
तिम्रो रगतमा
ब्रह्मलुट मचाउनेहरू
के अब रसातलमा गए ?
दुःखीराम !
तिमीसँगसोध्न मन लागिरहेछ एउटा प्रश्न
के अब 'खेत कसको – जोत्नेको भयो '

(कमैया दुःखीरामलाई प्रश्न, पृष्ठ : १५१)

'काले' 'तिम्रो र हाम्रो संसार' 'सिंहदरबार अघि नारालाई रहेकी फूलमती' 'आदिवासी दिवस र भिखारीदिवस सदा' आदि कविता नेपाली जनताको दुःख पीडा र गरिबीलाई कविले प्रस्तुत गरेका छन् ।

**४.१४.३.८. अन्तर्राष्ट्रिवादी वर्गचेतना**

संसारका सर्वहाराहरूले भोग्नु परेको पीडा, दुःख र आभाव एकै प्रकारको हुन्छ । उनीहरूको विचार पनि एउटै हुन्छ, तसर्थ संसारका उत्पीडित,शोषित, अन्यायमा परेकाहरूको एउटै वर्ग हुन्छ , त्यो वर्ग हो सर्वहारा वर्ग कविले राष्ट्रिय मात्र नभई अन्तराष्ट्रिय सर्वहारा शोषित,पीडित, उपेक्षितहरूलाई कवितामा चित्रण गर्दै उनीहरूको आन्दोलनलाई समेत समर्थन गरेका छन् :

भीषण अत्याचारको आततायी किल्ला ?
खरानी भित्रको रापिलो भुङ्ग्रो जस्तै
निभ्दैन कहिल्यै स्वाधिनताको तातो आगो
जो मुटु भित्र रापिलो भएर सल्केको छ ।
र जारी छ
र जारी रहने छ
तिम्रो सतत मुक्ति यात्रा

त्यो म जान्दछु ।

(जेरुसलेम, पृष्ठ : १२९ )

कविले एउटा पर्यटकले हाम्रो देश बभ्न्नु र कामरेडले हाम्रो देश बभ्न्नुमा कति अन्तर छ, भनेर यसरी भन्दछन् :

कति फरक छ ।
तिमी र ती अर्नेस्टोमा
कति फरक छ
एउटा पर्यटक र एउटा कामरेडमा
कति फरक छ
तिम्रो र ली अर्नेस्टोको भ्रमणमा
म त दुई भ्रमण
र दुई दृष्टिकोणहरूको बिचमा
तुलना र विवेचना गरिरहेछु

(चिनियाँ कवि चेङ च्हु प्रति, पृष्ठ : १६१ )

'जेरुसेलम' 'आङ सान सु की ' कवितामा यस्तै भाव व्यक्त गरिएको छ ।

यथास्थितिवादको विरोध, राज्यआतङ्क, त्रासद वातावरणको चित्रण, भविष्यप्रति आशा स्वतन्त्रताको खोजी, प्रजातन्त्रप्रति चिन्ता यस सङ्ग्रह भित्र रहेका कविताका भाव भए पनि आमूल परिवर्तन नै कविले मूल भावको मियो बनाएका छन् ।

### ४.१४.४ भाषाशैली

कृष्ण सेन इच्छुक जनयुद्धका अग्रणी कवि हुन । उनले जेललाई नै कविता सिर्जनाको कर्म थलो बनाएकाछन्, त्यसैको उपज हो, 'बन्दी आवाज' कवितासङ्ग्रह पनि । कवि 'इच्छुक' साधनारत कवि भएकाले उनी कविता लेख्दा शब्दलाई खारेर काट्छाट गर्दै कविता लेख्छन् । पट्क पट्क परिष्कार गर्ने उनको विशेषता नै रहेको छ । उनी कविताको काव्यात्मक भाषा प्रयोग गर्दा द्वेत अर्थ लाग्ने, छलकपटी जाली, जेली भाषा भन्दा स्पष्ट र यथार्थवादी भाषाको प्रयोग गर्दछन् । नवीन बिम्ब, प्रतीकको प्रयोग गर्ने इच्छुक गद्य कवि भएपनि अनुप्रासको प्रयोग,शब्दहरू कुदेर राख्ने शील्पी भएकाले उनका गद्य कविता लयात्मक छन् । नवीन बिम्ब

प्रतीकको प्रयोग गर्ने इच्छुकले सम्पूर्ण गरिबको प्रतीकको रूपमा दुःखीरामलाई यसरी प्रस्तुत गरेका छन् :

दुःखीराम !
तिमीसँग सोध्न मन लागिरहेछ एउटा प्रश्न
के अब 'खेत कसको- जोत्नेको' भयो ?
(कमैया दुःखीरामलाई प्रश्न : पृष्ठ १५१)

युगको भाले, आगो, सहिद गाउँ, फूलमती, अजमरी सपना, भिखारीदास, औँसीका अँध्यारा जून, लालीगुराँस, लामखुट्टेको रक्त उत्सव,जागरणको पहिलो बिहान,जस्ता बिम्ब प्रतीकको प्रयोग तत्सम,आगन्तुक, स्थानीय भाषिकाको समेत प्रयोग गरे पनि 'बन्दी आवाज' भित्रका कविताबाट कवि इच्छुकले मार्क्सवादीहरू नारा लेख्छन् भन्ने कुरालाई असह्य बनाइदिएका छन् ।

## ४.१५ कवि ऋषिराम खड्का 'निर्माण'को 'घाम उदाएको देश' कवितासङ्ग्रहको विश्लेषण

### ४.१५.१ शीर्षक संरचना

शीर्षक कविता भित्र पस्ने प्रवेश मार्ग हो । यहीबाट कविता भित्र पुग्ने काम हुन्छ । ऋषिराम खड्का 'निर्माण' को कवितासङ्ग्रह 'घाम उदाएको देश' मा सङ्गृहीत कविता र तिनका कविताका शीर्षक वर्गसङ्घर्षसँग सम्बन्धित छन् । 'घाम उदाएको देश' ले नयाँ मुक्ति पाएको देश, 'चेतना युक्त देश' 'उज्यालो देश' भन्ने कुरा बुझाउछ भने यस भित्रका सबै कविताका शीर्षकले वर्गयुद्धलाई नै प्रतिबिम्बित गर्नेकाम गरेका छन् । शीर्षकहरू प्रतीकात्मक र अभिधात्मक रूपमा रहेका छन् । 'यसपाली काठमाण्डौ' 'मदेश' 'अर्मा' 'बेनी' ले वर्गसङ्घर्ष र भौगोलीक विषयलाई लिएका छन् भने 'गणतन्त्र' 'घाम उदाएको देश' 'साम्राज्य चिरेर' 'बसन्त आयो' शीर्षकमा नयाँ नेपाल निर्माणको कुरा उल्लेख छ भने 'अविचलित स्वरहरू' 'साथीहरू' 'जाग्राम वसेका मनहरू' 'नमर्ने मान्छेहरू ' 'लालसलाम' 'कसले के के सिके' 'हाम्रो अभियान' 'न्याय' 'उजुरी' 'सङ्कल्प' 'समय र समीक्षा' 'सहिद' 'शोक र विरोध' 'यो मिल्ने बेला हो ' 'एउटा मान्छे, युगका अप्सराहरू' 'जे भो राम्रै भो ' 'भो ! अब बन्दुक नपट्काऊ' 'बसन्त आयो'

'नरक भित्र' 'बाटो किन विरायौ?' 'शालिक र मान्छे ' शीर्षकमा वर्ग सङ्घर्षको प्रतिबिम्ब रहेको छ ।

तिसवटा कविता रहेको प्रस्तुत कवितासङ्ग्रहमा ६४ पृष्ठ  छन् । कविताको आयामगत रूपमा हेर्दा सबै भन्दा लामो कविता 'न्याय' ८३ हरफ देखि सबै भन्दा छोटो कविता 'बाटो किन विरायौ ?' २५ हरफ सम्मका कविता सङगृहीत छन् ।

### ४.१५.२ विषयवस्तु

कवि ऋषिराम खड्का 'निर्माण' जनयुद्धले सिर्जना गरेका कवि हुन् । उनी जनयुद्धमा सम्मिलित एक मुक्तियोद्धा हुन् । बन्दुक, बारुद, ग्रिनेड, विद्रोह, क्रान्ति, राष्ट्रिय स्वाधिनता, राष्ट्र प्रेम मात्र नभई, हिमाल देखि मधेस, मेची देखि काली, कर्णाली देखि भेरी, थवाङ, अर्मा, बेनी, महत, सिस्ने, काठमाडौँ, जेलवाङ, आदि सम्मको भूगोललाई विषयवस्तुको रूपमा समेटेको पाइन्छ ।

ग्रामीण परिवेश, जीवन भोगाइका अनुभव अनुभूति जनयुद्ध लडदाका तितामिठा अनुभव अनुभूति नै यस कविताका विषयवस्तु हुन् ।

### ४.१५.३ मूलभाव

कविले ऋषिराम खड्का 'निर्माण' मुक्तिमार्गका योद्धा हुन् । उनी दस वर्षे जनयुद्धका बफादार लडाकु हुन् । देश र जनताको निम्ति सधैं जीवन उत्सर्ग गर्न प्रतिबद्ध कवि 'निर्माण' कवितामा राष्ट्रिय स्वाधिनता, देशभक्ति, गणतन्त्र प्राप्ति, मुक्ति, स्वतन्त्रता, त्याग, बलिदानी, शौर्य, क्रान्ति, एकता, नारीवाद, समाजिक विभेदकारी नीतिको विरोध, युद्ध त्रासदीको चित्रण र भविष्यप्रति आशावादी, शासकीय अत्याचारका भावहरू शसक्त रूपमा मुखरीत गरिएको छ । कवि जनयुद्ध लडाकु भएकोले र सम्पूर्ण कविता वर्गसङ्घषर्मा सम्बन्धित भएकाले कविताको मूलभाव वर्गङ्घर्ष भएपनि कवितामा मुखरित भएका स्वर निम्न प्रकार छन् ।

#### ४.१५.३.१. राष्ट्रिय स्वाधिनता र देशभक्तिपूर्ण भावना

कविले देशमा लागेको घाउ, देशको स्वाधिनता र देश प्रेम पूर्ण भावले कविता ओतप्रोत देखिन्छन् । असमान सन्धि, सम्झौता, बलपूर्वक मिचिएका सीमा, सुगौली सन्धिले गुमाएको

हाम्रो माटो, सामाजिक, आर्थिक, राजनैतिक हस्तक्षेप, एकपक्षीय रूपमा लगाएका बाध र देश डुवान, विस्तारवादी नीतिको विरोध गर्दै कविले राष्ट्रिय स्वाधिनता र देशभक्तिपूर्ण भावना व्यक्त गर्दै भन्छन् :

कालापानी नालापानी लड्ने
धेरै बलभद्र भएको
आगोले नजल्ने चट्टानी मान्छेहरू रहेको
हो, त्यो देश मेरो हो ।

(घाम उदाएको देश, पृष्ठ : १४)

कविले कालापानी र नालापानीको वीरताको चर्चा गर्दै यस्तो चट्टानी मान्छेहरू जन्मने देश आफ्नो हो भनेका छन् । कविले आफ्नो देशको सीमा मिचिदा, कालो सन्धि हुँदा मलाई न्याय छ भनेर कसरी जुलुस लगाऊँ भन्दै प्रश्न गर्छन् :

उजाड मेरो आकाशमा
बाजाहरूको रजाई चल्छ
मैले औला उठाउदा-उठाउदै
सुस्ताको मेरो जग्गा मिचिन्छ
आँखा बन्द गरेर मेरो अस्मिताबाट
सुटुक्क प्यारो महेशपुर लुटिन्छ
मरणभित्र नझुकेको
मेरो अदम्य साहसलाई
कालो सन्धिमा बेचिन्छ
मेरो उर्वरा माटोलाई
पैशाको खोस्टोमा जोखिन्छ
यहाँ म कसरी जुलुस लगाउँ,
मलाई न्याय छ भनेर ?

(न्याय, पृष्ठ : २७)

### ४.१५.३.२. क्रान्तिचेत

कवि स्वयम् क्रान्तिकारी योद्धा हुन् । उनी स्वयम् अन्याय, अत्याचार, शोषण, दमनको विरुद्ध वर्गसङ्घर्षमा जीवनको उत्सर्ग गर्ने प्रतिबद्धताका साथ सामेल व्यक्ति हुन् त्यसै उनका कवितामा विद्रोह गर्ने अधिकारको रूप हो भन्ने कुरा झल्काउछ तसर्थ उनले आफ्नो मुक्तिको लागि सबैलाई विद्रोह गर्न आग्रह समेत गर्दछन् :

कति सिकञ्जा भित्रै मृत्यू बाँच्ने
ग्वोयबल्सको कर्णाली खोस्नेलाई
इदी अमिनको झुटको नारकीय तख्ता पल्टाउनलाई
बरु आउ तिमी हामीसँगै लडौ ।

(गणतन्त्र, पृष्ठ : ४)

### ४.१५.३.३. सुन्दर देश निर्माणप्रति आशावादी

कवि वर्तमान अन्याय, अत्याचार, भ्रष्ट, विभेदकारी नीतिप्रति असन्तुष्टि व्यक्त गर्दै स्वस्थ, समानतामूलक, न्यायपुर्ण सुन्दर संसार निर्माण गर्न कवि तलिन छन् :

विजयको जुलुसलाई स्वागत गर्न माला उनेर बस्नू
अबिरको जोरजाम गर्नू
हामी विजय जुलुस लिएर
जितका सागरसँग आउँला

(चिट्ठी, पृष्ठ : ५३)

### ४.१५.३.४ युद्ध त्रासदीको चित्रण

कवि खड्काले जनयुद्ध गर्दाका अनुभव अनुभूतिलाई सजीव रूपमा चित्रण गर्ने क्रममा युद्धले सिर्जना गरेको भयावह, डरलाग्दो त्रासद समयको पनि चित्रण गरेकाछन् । सरकारले जनयुद्ध दबाउने नाममा माओबादी नेताको टाउकाको मूल्य तोक्ने, विभिन्न नामका अप्रेसन मात्र गरेन सहरमा कर्फ्यु समेत जारी गरि सर्वसाधारण जनतालाई सन्त्रासको वातावरण सिर्जना गऱ्यो । साँझ सवेर सुत्नुपर्ने, वाहिर निक्लन नपाउने, दिसा पिसाब समेत कोठा भित्र गर्नुपर्ने कम त्रासको वातावरण थिएन कविले त्यही त्रासदीलाई कवितामा यसरी चित्रण गरेका छन् :

पैतला चिराचिरा भई फाटेकाछन्
एक जोडा जुत्ता र एकसरो लुगा सम्ममा पनि
कर्फ्यू छ
चारैतिर त्रासदै त्रासद छ
सबै थोकमा सङ्कटकाल छ ।
(चिट्ठी, पृष्ठ : ५२)

### ४.१५.३.५ नारीवादी स्वर

जनयुद्धमा पुरुष मात्र सहभागी भएनन् नारी पनि सहभागी भए । नेपाली नारीले नालापानी पछि वीरता प्रदर्शन गर्दै लडेको युद्ध हो जनयुद्ध । आफ्नो वर्गीय मुक्ति, स्वतन्त्रता र समान्ताका लागि नेपाली नारीहरू आफ्नो जीवन उत्सर्गको महान् कार्यमा देखाएको बहादुरी र इमान्दारिताको चित्रण गर्दै कवि भन्छन् :

बरु ! सुकुटी झैं चोयामा उनिए
बरु ! माछी झैं बल्छीमा परे
बरु ! दाउरा झैं चुल्होमा बले
बरु ! भारमाथि सुकेका चाना झैं सुके
यो युगको सृष्टि गर्ने
महिला छापामार
(युगका अप्सराहरू, पृष्ठ : ४४)

बलिदानप्रति उच्च सम्मान, वीरता शौर्य र उदात्ताको भावना, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, राष्ट्रघातीप्रति घृणा व्यक्त गर्दै देशप्रति माया, आमूल परिवर्तन गर्ने लक्ष्य जस्ता अन्य स्वर पनि कवितामा ध्वनित छन् ।

### ४.१५.४ भाषाशैली

भाषा कविता सिर्जन गर्ने माध्यम हो । कविले, समाजिक परिवेश, जनयुद्ध गर्दा अनुभव अनुभूतिलाई यथार्थ रूपमा काव्यात्मक रूप दिएर यथार्थ रूपमा उतार्ने काम गरेका छन् । भाषिक विचलन स्थानीय भाषिकाको प्रयोग, नयाँ बिम्ब र प्रतीकले कवितामा नयाँपन दिएको

छ । विभिन्न बिम्ब प्रतीक प्रयोग गर्ने कविले 'मधेसलाई अन्यायको प्रतीकको रूपमा यसरी प्रस्तुत गर्छन् ।

एक न एक दिन प्रिय मधेस
तिम्रो मुक्ति हुनै पर्नेछ ।
(मधेस, पृष्ठ : ३९)

कवि खड्काले यस सङ्ग्रहमा थवाङ, ग्रहण, जून, घाम उदाएको देश, ऐजेरु, चमेरा, सगरमाथा, मधेश, सतीसाल, क्रान्तिलाई स्वयम्बर, क्रान्तिको रातो सिन्दूर, अर्मा, कर्फ्यू, बन्दुक, बारुद, बुद्ध, बसन्त, शालिक, तिहार जस्ता बिम्ब र प्रतीकको प्रंयोग गरेकाछन् ।

प्रथम, द्वितीय, तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको यस सङ्ग्रहमा गद्य लयको प्रयोग गरिएको छ । नेपाली उखान र टुक्का पनि प्रयोग गरेको यो सङ्ग्रह कविको साधनाको कारण कविताहरू काँचा देखिन्छन् । यसले गर्दा कवि अझै साधना गर्नु पर्ने प्रष्ट देखिन्छ । विचार आदर्श र भावना सशक्त रूपमा व्यक्त भएको यस सङग्रह असत्य, अन्याय, कुरूपका विरुद्ध सत्य न्याय र सुन्दरता स्थापनाको पाइलो भने अवश्य हो नै ।

## ४.१६ कवि कल्पना बुढाथोकीको 'क्रान्तिको लम्बे यात्राबाट' कवितासङ्ग्रहको विश्लेषण

### ४.१६.१ शीर्षक/संरचना

शीर्षक कविताको महत्वपूर्ण तत्व हो । शीर्षकले नै सम्पूर्ण कविता रचनाको प्रतिनिधित्व गर्दछन् । कवि कल्पना बुढाथोकीद्वारा लिखित 'क्रान्तिको लम्बे यात्राबाट' कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको शीर्षक चयनलाई हेर्दा यस सङ्ग्रहभित्र २५ वटा कविता सङ्गृहित छन् । अभिधात्मक र प्रतीकात्मक शीर्षकहरू राखिएका यस सङ्ग्रहमा 'क्रान्तिको लम्बेयात्रा', 'लालरक्षक वन', 'आउ हाम्रो सहयात्री वन', 'युगयुगसम्म बाँचिरहने छौ', 'रातासिपाहीहरू', 'खबरदार ? धोकेबाजहरू', 'जायज छ तिम्रो आन्दोलन', 'उठ ए गण्डकका वस्तीहरू', 'महान् बन्यौ कुमाख तिमी', 'काली गण्डकी तिम्रो काखबाट', 'प्रतीक्षामा बसे येनान वस्ती', 'परदेशी युवाहरूलाई आह्वान', 'फर्केर हेर्दा', 'मितेरी गाँसौं गण्डकका बनमारासँग', 'मेरो कलम', 'यात्रा', 'ऊ त फर्किएन', 'नयाँ नेपाल', 'बिगुल फुक्दैछन्', 'आस्थाका स्तम्भहरू', 'हाम्रो आफ्नै डेमोक्रेसी छ', 'म बलिदान दिन सक्छु', 'ए बालुवाटारका कुम्भकर्णहरू', 'सलाम गौर तिमीलाई', 'उनीसँग नाता जोडेपछि' नामक शीर्षकहरू रहेका छन् । यस सङ्ग्रहमा रहेका

कविताका शीर्षकले जनयुद्ध समयको आवेग, आक्रोश, त्याग वीरता, बलिदानी, राष्ट्रियता, नयाँ नेपाल निर्माणको चाहना, वर्गसङ्घर्षमा लाग्न आह्वान, गरेका छन् । कविताका शीर्षक एकाध बाहेक धेरै लामा  रहेका छन् ।

आयामगत  दृष्टिकोणले हेर्दा यस कवितासङ्ग्रह ३९ पृष्ठसम्म फैलिएको छ । गद्य छन्दमा लेखिएका सम्पूर्ण कविता आयामका दृष्टिले सबैभन्दा छोटो कविता 'राता सिपाहीहरू' १९ हरफ रहेको छ भने सबैभन्दा लामो कविता 'परदेशी युवालाई आह्वान' ६३ हरफमा फैलिएको छ ।

### ४.१६.२ विषयवस्तु

कवि कल्पना बुढाथोकी जनयुद्धमा संलग्न स्रष्टा हुन् । उनले दस वर्षे जनयुद्धका क्रममा थुप्रै ठाउँमा गएर नयाँ नेपाल निर्माणका लागि युद्ध लडेकी छन् । यही दस वर्षे जनयुद्धको उकाली, ओराली, भोक, प्यास, दमन, अत्याचार, बन्दुकलाई सिरान हालेर सुत्नुपर्ने कष्टकर जीवन, गरिब वर्गका दुःख पीडा, नारीवर्ग स्वयम् युद्ध भोग्दाको अनुभव, अनुभूति गर्दै वर्गसङ्घर्षमा कवि निरन्तर अगाडि बढिरहेकी छन् ।

समानता, न्याय, स्वतन्त्रता र साम्यवादी समाज स्थापना गर्न सङ्घर्षरत कविका कविताको मूल विषयवस्तु जनयुद्ध नै हो । देशमा दसवर्षे भीषण लडाई हुँदा राज्य पक्षबाट भएको तीब्र अन्याय, अत्याचार र तीब्र दमनका कारण प्रतिरोधमा उब्जिएका आक्रोश, आवेग र पीडाजन्य भाव कविमा उब्जिएका छन् । युद्धमा छोराछोरी गुमाउनुको नाबालक हुनको, सिन्दूर पुछिनुको, अङ्गभङ्ग हुनको, प्रेयसी गुमाउनुको पीडा सामन्तवाद र साम्राज्यवादलाई खबरदारी नै यस कवितासङ्ग्रहका विषयवस्तु हुन् ।

### ४.१६.३ मूलभाव

'क्रान्तिको लम्बे यात्राबाट' कवितासङ्ग्रहमा सङ्गृहित सबै कविता दस वर्षे जनयुद्ध लड्दाका निर्मम सङ्घर्ष, साहस, वीरता, बलिदान, आवेग, आक्रोश, नयाँ नेपाल निर्माणको आशालाई उजागर गरेका छन् । सर्वहारा वर्गको विजय र सामन्तवादको पराजय देखाउने यी कविताको उद्देश्य हो । समग्रमा भन्नुपर्दा यस सङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव वर्गसङ्घर्ष नै हो । कविताको मूलभावमा वर्गसङ्घर्ष भएतापनि कवितामा अन्य स्वर पनि देखिन्छन्  :

#### ४.१६.३.१. विद्रोहचेत

दस वर्षे जनयुद्धमा ठुलाठुला युद्धहरू भए । जनताहरू आफ्नो वर्गीय हित र वर्गीय मुक्तिको लागि जीवनको बलिदान दिन समेत पछि परेनन् जसले त्याग, वीरता, शौर्यको नयाँ कीर्तिमान खडा गऱ्यो र सर्वहारा वर्गको मुक्तिको लागि विद्रोह नै एक विकल्प हो भन्ने चेतना सबैमा जागृत भयो । त्यही विद्रोहमा सम्मिलित भएकी कविले आफ्नो वर्ग मुक्तिको लागि विद्रोहमा सहभागी हुन आफ्ना कविता मार्फत आह्वान गरेकी छन् :

यदि तिमीसँग भावना छ भने
मुटू साँच्चै नै दुःख छ भने
छाती चिराचिरा हुन्छ भने
आउ समाऊ मसाल
उठाउ झन्डा विद्रोहको

(आउ हाम्रो सहयात्री वन, पृष्ठ : ४)

प्रस्तुत कवितामा कविले देशमा भएको अन्याय, अत्याचार, दमनको विरुद्ध मसाल समात्न र लालझन्डा उठाउन आग्रह गरेकी छन् । कविले यहाँ लाल बन्न आग्रह गर्दै लेख्छिन् :

ओ साथी
अन्याय र अत्याचारको
विरोध गर्दैछौ रे
मालेमावाद र प्रचण्डपथको
झन्डा फहराउँदैछौ रे
क्रान्तिको घेराभित्र
गोलबन्द हुँदै छौ रे
रक्त वस्तीहरूमा
विद्रोहको मसाल सल्काउँदैछौ रे
मेरो लाखलाख शुभकामना छ
तिमी लाल रक्षक बन ।

(लालरक्षक बन, पृष्ठ : ३)

**४.१६.३.२. बलिदानको भावना**

बलिदान बिनाको युद्ध कोरा हुन्छ । वास्तविक युद्ध हुँदैन । नेपाली जनताले आफ्नो वर्गमुक्तिको बलिदान दिन समेत पछि परेनन् । जनयुद्धमा जनताले दिएको बलिदानको उच्च मूल्याङ्कन गर्दै कवि भन्छिन् :

तर गौर
हामी त्यहाँदेखि टाढा भएपनि
शोकाकुल भएर शिर झुकाई
श्रद्धाञ्जली गरिरहेका थियौँ

(सलाम गौर तिमीलाई, पृष्ठ : ३७)

गौरमा भएको २७ जना योद्धाको बलिदानको उच्च सम्मान गर्दै आफू पनि बलिदानी दिन तयार भएको कवि भन्छिन् :

न्यायको खडेरी परेका पाखा वस्तीहरू
रगतले रक्ताम्य भएको बेला
रगतको मूल्य फिर्ता लिन
शोषित पीडितहरूलाई
न्याय दिलाउन
म बलिदान दिन सक्छु ।

(म बलिदान दिन सक्छु , पृष्ठ : ३४)

### ४.१६.३.३. नयाँ नेपाल निर्माण गर्ने चाहना

जनयुद्ध विशेष गरेर सामन्तवादी राज्यसत्ता अन्त्य गरे नयाँ नेपाल निर्माण गर्ने लक्ष्य सहित भएको थियो । त्यही लक्ष्य सहभागी कविले नयाँ नेपाल निर्माणको चाहना कविता मार्फत यसरी व्यक्त गर्छिन् :

जनताको विजयको सन्देश नयाँ बोकी

आज फेरि अर्को नयाँ भिन्नै उत्साहले
जनताको इच्छाको एउटा बिम्ब बनी
एउटा नयाँ पहिचान लिइ विश्व रङ्मञ्चमा
सगर्व शिर ठाडो पारी उभिएको छ ।
(नयाँ नेपाल, पृष्ठ : २७)

### ४.१६.३.४. राष्ट्रिय भावना

कविले कविता युद्धका अनुभव मात्र व्यक्त गरेकी छन् । आफ्नो राष्ट्रप्रति उच्च भावना व्यक्त गर्दै लेख्छिन्-

यदि बहादुरी देखाउने भए
आफ्नै आमाको रक्षामा
बगाऊ अमूल्य रगत
देखाऊ अदम्य साहस
भिजाऊ माटो पसिनाले
बचाऊ अस्तित्व आमाको
(परदेशी युवालाई आह्वान, पृष्ठ : १६)

कवितामा कविले रगत र पसिना आफ्नै माटोमा बगाउन आह्वान गरेकी छन् र हामी हाम्रो देश आफै बनाउन सक्छौ कसैको सहयोग चाहिँदैन भन्दै भन्छिन् :

भो चाहिदैन मोरियार्टी
तिम्रो देशको कालो डलर
हाम्रो देशलाई सिङ्गार्ने
हाम्रा बलिया पाखुरा छन्
हामीले आफ्नै पौरखले
निर्माण गरेको सत्ता छ ।
(हाम्रो आफ्नै डेमोक्रेसी छ, पृष्ठ : ३२)

प्रतिक्रियावादीलाई खबरदार, त्याग, वीरता, आवेग आक्रोश वर्गसङ्घर्षमा लाग्न आग्रह जस्ता कविका स्वरहरू देखिन्छन् ।

### ४.१६.४. भाषाशैली

भाषा कविता सिर्जनाको माध्यम हो । कविताको भाषा कलात्मक हुन्छ । अभिधा भन्दा व्यञ्जनात्मक हुन्छ । कविताको भाषा प्रतीकात्मक हुन्छ । 'क्रान्तिको लम्बे यात्राबाट' कवितासङ्ग्रहमा सरल, सहज भाषाको प्रयोग गरिएको छ ।

प्रथम र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको यस सङ्ग्रहमा क्रान्ति बिम्ब प्रतीकको प्रयोग गरिएको छ । क्रान्ति बिम्ब प्रतीकलाई कविले यसरी प्रयोग गरेकी छन् :

रक्तरञ्जित बस्तीहरूमा
विद्रोहको मसाल सल्काउँदैछौं रे
(लालरक्षक बन, पृष्ठ : ३)
नयाँ युगका राता सिपाहीहरू
चिङकाङसान पहाडझैं अडिक छन्
(राता सिपाहीहरू; पृष्ठ : ६)

कविले 'क्रान्तिको लम्बे यात्रामा' रक्ताम्य भूमि, रक्तरञ्जित, विद्रोह, लालरक्षक, राता सिपाही, चिङकाङसान, सतीदेवी, राताफूल, येनान, कुम्भकर्ण जस्ता बिम्ब प्रतीकको प्रयोग गरेकीछिन् ।

गद्य लयमा लेखिएका यी कविताहरूमा युद्धको बेला आफूले भोगेको आवेग र आक्रोश सशक्त रूपमा ओकल्ने काम गरिएको छ । युद्धको बेला बन्दुक, बारुद र गोलीसँगै बढि खेल्नु पर्ने र कविता लेखनको साधन गर्न नपाउने समस्या र कविता लेखनको प्रारम्भिक समय भएकोले कविता एकदमै काँचा छन् । काव्यात्मक भाषा र बिम्ब प्रतीक र विशिष्ट समायोजनको अभावका कारण कवितामा आवेग बढि देखिन्छ जसले नारा लेखनको आभास झल्काउने काम गर्दछ । प्रगतिवादी साहित्य लेखन सरल भाषामा हुनुपर्दछ भन्दैमा काव्यात्मक भाषालाई बिर्सनु भने पटक्कै हुँदैन जसले कलालाई कला बनाउने काम गर्दछ ।

# परिच्छेद- पाँच
# उपसंहार

कविता सर्वप्राचीन विधा हो । कविता पूर्व पश्चिम दुबैतिर अत्यन्त लोकप्रिय विधा हो । सुवानन्द दासको 'पृथ्वीन्द्रोदय'(१८२७) बाट प्रारम्भ भएको नेपाली कविता प्रथामिककालीन वीरधारा, भक्तिधारा, माध्यामिककालीन शृङ्गारिक धारा आधुनिककालीन परिष्कारवादी धारा, स्वच्छन्दतावादी प्रगतिवादी धारा, प्रयोगवादी धारा, समसामयिक धारा हुँदै अगाडि बढिरहेको छ । कविताको विकासक्रममा कविताले थुप्रै मोडहरू पार गर्दै अगाडि बढेको पाइज्छ । यसरी अगाडि बढ्ने क्रममा नेपाली राजनीतिक परिवर्तनले कविता लेखनमा पनि समसामायिक परिवर्तन ल्याउने काम गरेको पाइन्छ । १९९७, २००७, २०१७, २०३६, २०४६, २०५२ र २०६२।०६३ सालहरू नेपाली राजनीति र कविता लेखनमा परिवर्तन ल्याउने राजनीतिक घटना, परिघटना हुन् ।

वि.सं. २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना २००७ सालमा प्रजातन्त्रको उदयसँगै नेपाली कवितामा पाश्चात्य समाजमा बहुचर्चित प्रगतिवाद भित्रिएको हो । लक्ष्मीप्रसाद देवकोटाको 'गरिब' (१९९१), 'मुनामदन' खण्डकाव्य (१९९२), सिद्धिचरण श्रेष्ठको 'जुनकिरी' (१९९२) गोपालप्रसाद रिमालका 'आमाको सपना' 'जङ्गी निशाना हाम्रो' आदि कविताले प्रगतिवादको पृष्ठभूमि निर्माण गरेको भएपनि कृष्णचन्द्र सिंह प्रधानको प्रगतिवादी सैद्धान्तिक घोषणासँगै आएको 'भन्ज्याङनिरै' (२००८) कवितासङ्ग्रह पहिलो प्रगतिवादी कवितासङ्ग्रह हो । नेपाली प्रगतिवादी कविताको विकासक्रमलाई नेपाली राजनीतिक घटनाक्रमले प्रभावित पारेको छ । प्रजातन्त्रको उदयसँग सुरुवात भएको प्रगतिवादी कविता लेखन राम्रोसँग परिपक्व हुन नपाउँदै २०१७ सालमा प्रजातन्त्रको अन्त्य भई पञ्चायती व्यवस्थाको सुरुवात भयो । त्यस पछि प्रगतिवादी कविता लेखनको विकासक्रमको बढ्दो मुनालाई निमोठने प्रयास गरियो । दमनका बाबजुद पनि प्रगतिवादी कविता लेखनमा सक्रियता देखिन्छ । पञ्चायती व्यवस्थाको सुरुवातमा पञ्चायती व्यवस्थाको दमनको कारण कविहरू केही निष्क्रिय, केही पलायन, र केही कविहरू सक्रिय रहेको पाइन्छ । पञ्चायती व्यवस्थाको उत्तरार्धमा भने प्रगतिवादी कविहरूको सक्रियता बढी देखिन्छन् । वि.सं. २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुर्नवहालीसँगै प्रगतिवादी कविता लेखनको विकास तीब्र रूपमा अगाडि बढेको पाइन्छ । देशमा प्रजातन्त्रको पुन स्थापना भएपनि देशमा बढ्दो महङ्गी, भ्रष्टाचार, विकृति, विसङ्गति, सांसद किनबेच, राष्ट्रघाती सन्धि सम्झौता जस्ता घृणित कार्यले कवि तत्कालीन विकृति विसङ्गतिप्रति आक्रोश व्यक्त गर्दै सुन्दर भविष्यप्रति आशावादी बन्दै कविहरू अगाडि बढिरहेका बेला संयुक्त

जनमोर्चा नेपालले तत्कालीन सरकारसँग राष्ट्रियता, जनतन्त्र जनजीविकाको सवाललाई लिएर ४१ सूत्रीय मागहरू राखी पूरा गर्न निस्चित समय दियो । सरकारले ती मागहरूप्रति बेवास्ता गर्दै संयुक्त जनमोर्चा नेपालका कार्यकर्ता माथि दमन, पक्राउ, वारेन्ट काट्ने काम मात्र गरेन रोल्पामा रोमियो अप्रेसन समेत गऱ्यो । २०५१ को मध्यावधि चुनावको बहिष्कार गर्दै जनअभियान, जनश्रमदान, सिज र साकु अभियान गर्दै स.ज.मो. नेपालले देशमा भएको अन्याय, अत्याचार, शोषण, दमन, जातीय उत्पीडन, साहू, महाजन, जिमुवाल, मुखिया जस्तो छोटे सामन्तको अन्त्यगरी समतामूलक, स्वतन्त्र, समुन्नत नयाँ नेपाल निर्माण गर्न दीर्घकालीन जनयुद्धको तयारी गऱ्यो र वि.सं. २०५२ फाल्गुण १ गते ने.क.पा. (माओवादी) को नामबाट दीर्घकालीन जनयुद्धको घोषणा गऱ्यो । जनयुद्धको घोषणासँगै रोल्पा, रुकुम, सल्यान, प्युठान, दाङका ग्रामीण वस्तीमा जनयुद्ध दबाउने नाममा सरकारले दमन, हत्या, बलात्कार, लुटपाटका शृङ्खलाबद्ध घटनाहरू घटाउँदै गयो भने २०४६ सालमा प्राप्त मौलिक अधिकारहरू २०५२ फाल्गुण १ गतेदेखि क्रमशः गुम्दै गए । २०५८ जेठ १९ गते राजा वीरेन्द्रको सपरिवारको अन्त्य हुने गरी गरिएको दरबार हत्याकाण्ड, २०६१ माघ १९ गतेदेखि देशमा सङ्कटकालको सुरुवात भयो जस्ले देशभित्र पनि जनताहरू स्वतन्त्रपूर्वक हिड्डुल, लेखपढ, वाक्स्वतन्त्रता पूर्णरूपले गुमाए । प्रगतिवादी पुस्तक प्रतिबन्धित भए, कविहरू वेपत्ता मात्र पारिएन कृष्ण सेन 'इच्छुक' को निर्ममतापूर्वक जेल भित्र हत्यासम्म गरियो । २०६३।०६४ को जनआन्दोलन, गणतन्त्रको घोषणा, संविधान सभाको चुनाव जस्ता घटना, परिघटनाले प्रगतिवादी कवितालेखनमा ठुलो प्रभाव पारेको देखिन्छ ।

२०५२ फाल्गुण १ गतेदेखि सञ्चालित जनयुद्ध एउटा व्यक्तिको सोच र लगानी मात्र होइन । हजारौँ, हज्जार नेपालीहरूको लगानीको प्रतिफल हो । जुन जनयुद्धमा करिब १३ हजार व्यक्तिले आफ्नो जिउ, ज्यान उत्सर्ग गरेका छन् । उक्त युद्धमा अङ्गभङ्ग, घाइतेहरूको लेखाजोखा छैन । यस्तो युद्धमा बालक, युवादेखि बृद्धसम्म सहभागी थिए । यो युद्धले सामन्तको हत्या, लुटपाट, राज्यसँगको लडाइँ, भौतिक संरचनाको नष्ट, हिंसा आतङ्क मात्र सिर्जना गरेन उक्त युद्धमा संलग्न योद्धाहरूले जनयुद्धमा बारुद, बन्दुक, गोलीसँग खेल्दाको अनुभव, राज्यतर्फबाट हुने दमन, अत्याचार, हत्या, बलात्कार, त्रासदी, आतङ्क विरुद्ध आक्रोश पोख्न कलमको सहारा लिएका छन् । जनयुद्धमा संलग्न योद्धाहरूले साहित्यका विभिन्न विधामा आफ्ना अनुभव, अनुभूति व्यक्त गर्न कलम चलाए पनि कविता विधामा कलम चलाउने स्रष्टाहरू नै बढी छन् ।

जनयुद्धको सुरुवातसँगै प्रगतिवादी कविता लेखनमा एउटा नयाँ मोड देखापऱ्यो । जनयुद्ध र युद्धकालीन परिवेशलाई लिएर कविहरू कविता लेख्न थाले जसले नेपाली युद्ध

साहित्यको भण्डारलाई सम्पन्न बनाउने काम भयो । जनयुद्धको उद्गम थलोको रूपमा परिचित राप्तीमा पनि थुप्रै स्रष्टाहरूले युद्ध साहित्य लेखनीमा अग्रसरता देखाए । जुन युद्ध साहित्यका लागि ठुलो योगदान सावित भएको छ । 'सिद्धगादी चरित्र' (१८९९) अज्ञात कविबाट सुरुवात भएको राप्तीको कविता लेखन विभिन्न मोडहरू पार गर्दै अगाडि बढिरहेको बेला युद्ध कविता लेखनमा राप्तीको ठुलो योगदान सवित भएको छ । कृष्ण सेन 'इच्छुक' ले नै युद्ध कविता लेखनको नेतृत्व गरेका छन् । राप्तीमा 'इच्छुक'को 'इतिहासको यस घडीमा' (२०५६) जनयुद्धकालीन कविता लेखनको पहिलो कविता कृति हो । त्यसै गरी उनका 'बन्दी र चन्द्रागिरि' (२०५७) 'बन्दी  आवाज' (२०६५) प्रकाशित छन् । यसैगरी यज्ञबहादुर डाँगी, हीरामणि दुःखी, लोकेन्द्र विष्ट मगर, धनेश्वर पोखेल, वीरबहादुर के.सी., गणेश शाही 'प्रतिक', कल्पना बुढाथोकी, मणि थापा, गुलाफ मगर, ऋषिराम खड्का, जितमान पुन मगर, वृन्द क्षितिज मगर, पुरण क्षेत्रीले कविता कृति प्रकाशन गरेको पाइन्छ भने फुटकर रूपमा कविता लेख्ने कविहरूमा मोहलाल चन्द, वन्धु चन्द, लोकेन्द्र गिरी, भीमबहादुर भारती, भीम 'कुमाखी', नदीराम के.सी., डिल्ली मल्ल 'विवश', हेमन्तप्रकाश वली, नेत्रविक्रम चन्द 'विप्लव', टीकाराम 'उदासी', उदय जि.एम., सुषमा शर्मा घिमिरे, तिलक मल्ल, कुलानन्द गिरी, लेकाली खड्का, अजयदीप, हीरालाल के.सी., हुकम बुढाथोकी, गङ्गामुक्ति पुन, हीरासिंह वस्नेत, तर्कबहादुर नेपाली, डम्बर बुढा मगर, कुश्मा महरा, वीरेन्द्र शाही, सूर्यप्रकाश घर्ती शालिकराम थापा, सुशिला बुढाथोकी, मनकुमारी बुढा मगर, तारा जि.एम., बालिका सुनार लगायत थुप्रै कविहरू देखिन्छन् । यी कविहरूका  कविता कृतिहरूमा, मुख्य रूपमा परिवर्तन, न्यायपूण समाजको स्थापना, जनयुद्ध र जनयुद्धकालीन परिवेशको चित्रण, विद्रोहचेत, त्रासदीको चित्रण, क्रान्तिकारी योद्धाको वीरता, शौर्य, बलिदानप्रति उच्च सम्मान, राष्ट्रप्रेम, जातीय उत्पीडनको विरोध, सुन्दर भविष्यप्रति आशा, विस्तारवाद र साम्राज्यवादप्रति आक्रोश, नेपाली समाजको यथार्थ चित्रण, नारीवादी स्वर, जेल जीवनका अनुभव अनुभूति आदि  कवितागत प्रवृत्तिका पाइन्छन् ।

अध्ययन र साधनको कमिले कवितामा कलात्मकता भन्दा ठारो भाषा र राजनीति लेखिनु, भावनाले भन्दा रहर र लेख्नु पर्छ भन्ने धारणाले कविता लेखिनुले जनयुद्धका कविताकृतिमा केहि कम्जोरि देखिए पनि एउटा हातमा बन्दुक अर्को हातमा कलम लिएर मृत्युसँग लुकामारी खेल्दै कविता लेख्नु कम गाऱ्हो काम होइन । यस्तो कठिन कार्यसँग जुध्दै आफूले भोगेका अनुभव अनुभूतिलाई कवितामार्फत प्रस्तुत गर्ने सिर्जनशील मनहरू जसले नेपाली युद्ध साहित्यको भण्डारलाई भरिलो बनाउने प्रयास गऱ्यो ती सबै धन्यवादका पात्र अवश्य छन् नै ।

# सन्दर्भग्रन्थसूची

**पुस्तक**


- अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचना**, काठमाडौं : लेकाली प्रकाशन, २०५६ ।
- किरण, **सङ्घर्षको दर्शन**, काठमाडौं : नेपाल जनदिशा प्रकाशन, २०६३ ।
- गौतम, देवीप्रसाद, **प्रगतिवाद परम्परा र मान्यता**, प्रथम संस्करण, श्रीमती मुना गौतम, २०४९ ।
- चैतन्य, **मार्क्सवादी कलादृष्टि र समीक्षा**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि., २०६४ ।
- चापागाई, निनु, **मार्क्सवादी चिन्तनमा सौन्दर्य**, ललितपुर : साझा प्रकाशन, २०६४ ।
- थापा, मोहनहिमांशु, **साहित्य परिचय**, पाँचौ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६ ।
- पौडेल, गोपीन्द्र, **सौन्दर्यबोध र समीक्षा विविध** काठमाडौं : उर्मिला पौडेल, २०५९ ।
- पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७ ।
- पौडेल, हेमनाथ, **प्रगतिवादी दृष्टिमा कवि र कविता**, काठमाडौं : पैरवी प्रकाशन; २०६५ ।
- पाण्डेय ताराकान्त, **अर्थभ्रान्तिको उत्तरचेतनाको विरुद्ध**, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।
- मध्यपश्चिमाञ्चल साहित्य परिषद् (सम्पादन), **मध्यपश्चिमका कविता**, काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५१ ।
- लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।
- वर्मा, जलेश्वर, **मार्क्सवादको मूल सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौं : सिर्जनशील प्रकाशन, २०५८ ।
- सुवेदी, **अशोक, नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत** शारदा सुवेदी 'वर्षा'/विकास आचार्य, २०६२ ।

- सुवेदी, अशोक (सम्पादन) **आस्था र निष्ठाका सतीसाल कृष्ण सेन 'इच्छुक'** (स्मृति-ग्रन्थ), अशोक सुवेदी, २०६४ ।
- शर्मा, सुकुम, **कवि इच्छुक : कविता सन्दर्भमा**, काठमाडौं : विश्व साहित्य प्रकाशन, २०६० ।
- श्रेष्ठ, कृष्णदास, **मार्क्सवादी चिनारी पुस्तकमाला**, चौथो संस्करण, काठमाडौं, पैरवी प्रकाशन, २०६४ ।
- ज्ञवाली, ईश्वरचन्द्र, **वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य**, प्रगतिशील अध्ययन केन्द्र, २०६६ ।
- ज्ञवाली, ईश्वरचन्द्र, ढकाल घनश्याम.... (सम्पा.), **इच्छुक स्मृति-ग्रन्थ,** अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति, २०६५ ।


## पत्रपत्रिका


- किरण **'कामरेड कृष्ण सेन इच्छुकका व्यक्तित्वका पाटाहरू'**, नौलो बिहानी, (वर्ष ११, अङ्क १, २०६५) पृ १३-१६ ।
- ढकाल,घनश्याम **'समकालीन प्रगतिवादी साहित्यका बारे'**,रातो फिल्को (वर्ष- १ अङ्क- २, २०६६) पृ. ६२-८५ ।
- दुःखी हीरामणि, **'जनयुद्ध सिर्जित लालस्रष्टाहरू'**, नवचेतना (मासिक, वर्ष- १२, अङ्क- ३, २०६३ मङ्सिर)
- प्रचण्ड, **'इच्छुक जस्तै आँखामा राख्दा नबिझाउने बन'** नौलो बिहानी, (मासिक, वर्ष- ११, अङ्क- १, २०६५) पृ. ३-९ ।
- मल्ल, डिल्ली विवश, 'रू' **क्रान्तिको लम्बे यात्राबाट जन्मिएका कविताहरू**, जनउभार (साप्ताहिक, वर्ष- १०, अङ्क- १५, २०६४, फाल्गुण १२) पृ. ६ ।
- शर्मा, रमणकुमार, **'प्रगतिवादी कविता र यसको विकास',** जनउभार (साप्ताहिक, वर्ष- ११, अङ्क- २८, २०६६, जेठ १७) पृ. ४ ।